"बालमैत्री शासनः बालअधिकारको सम्मान"

# नेपालमा बालबालिकाको स्थिति, २०७४

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, पुल्चोक,
ललितपुर

"बालमैत्री शासन: बालअधिकारको सम्मान"

# नेपालमा बालबालिकाको स्थिति, २०७४


नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक

ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

**प्रकाशन मितिः**

४ मङ्सिर, २०७४ (नोभेम्वर २०, २०१७) अन्तर्राष्ट्रिय बालअधिकार दिवस

**प्रतिः** २०००

**सर्वाधिकारः**

केन्द्रीय बालकल्याण समिति, ललितपुर

**सम्पादनः** तारक धिताल

**लेखन तथा संयोजनः** ज्ञानेन्द्र कुमार श्रेष्ठ

**सहयोगः** रामबहादुर चन्द, नमुना भुसाल, आत्माराम थापा, सुनीता शाह, केशब चालिसे, लोचन रेग्मी, श्रृजना खड्का, देबि प्रसाद डोटेल, बिपना श्रेष्ठ, प्रतिमा नेपाल, राजु बराल, मिना के.सी., मुक्तिनारायण श्रेष्ठ, पूजा अर्याल, चित्र पौडेल, धिरज प्रसाई

**मुद्रणः** देवि प्रिण्टिङ प्रेस, शंखमूल, काठमाडौं

माननीय विक्रमबहादुर थापा
मन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

पत्र संख्या :

चलानी नं. :

नेपाल सरकार

फोन नं.: ४२००२८०
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

निजी सचिवालय
सिंहदरवार, काठमाण्डौ

नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रीज्यूको निजी सचिवालय, सिंहदरबार, काठमाडौं

## शुभ-कामना

नेपाल सरकार बालबालिकाको विषयमा गम्भीर रहँदै आएको छ । नेपालले बालअधिकारसम्बन्धी महासन्धि र यसका दुईवटा ऐच्छिक सन्धिपत्रहरुलाई निशर्त अनुमोदन गरेर बालअधिकार प्रतिको प्रतिवद्धता जाहेर गरीसकेको छ । बालअधिकारसम्बन्धी महासन्धिलाई संयुक्त राष्ट्रसंघले सन् १९८९ मा पारित गरेको दिन पारेर हरेक वर्ष नोभेम्बर २० का दिन मनाइने अन्तर्राष्ट्रिय बालअधिकार दिवसले सबैलाई बालअधिकारका निम्ति क्रियाशिल रहन झक्झक्याई रहन्छ र यस अवसरमा सम्पूर्ण बालबालिकाको उज्वल भविष्यको कामना गर्दछु । यसै सन्दर्भमा केन्द्रीय बालकल्याण समितिले विगत एक दशक भन्दा अघीदेखि प्रत्येक वर्ष प्रकाशन गर्दै आएको नेपालमा बालबालिकाको स्थिति सम्बन्धी प्रतिवेदन *नेपालमा बालबालिकाको स्थिति, २०७४* प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ ।

बालबालिका संग सम्बन्धित तथ्य तथ्याङ्क समेटेर प्रकाशित यस प्रतिवेदनले बालबालिकाको स्थितिमा के कति प्रगति भए भन्नेबारे एकीकृत जानकारी दिन्छ । बालअधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख हुँदै नेपालको संविधान, २०७२ ले बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतका समग्र अधिकारलाई मौलिक हकका रुपमा अंगीकार गरेको छ । संविधान अनुसार प्रथम पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट गठित स्थानीय सरकारबाट बालबालिकाको विषयलाई स्थानीय विकासको मूलप्रवाहीकरणमा समाहित गर्दै लाने अवसर रहेकोछ । यसका लागि सबैको सक्रियता अपरिहार्य छ ।

विद्यमान ऐन, नियम तथा नीतिहरुको अधिनमा रही केन्द्रीय बालकल्याण समितिले बालबालिकाको विकास र संरक्षणका लागि उल्लेखनीय कार्य गर्दै आइरहेको छ । आगामी दिनहरुमा यस निकायको सवलीकरणमा सरकारको थप ध्यान पुग्नुपर्ने आवश्यकता रहेको छ ।

अन्तमा बालबालिकासम्बन्धी यस स्थिति प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति, त्यहाँका पदाधिकारीहरु र कर्मचारीहरुलाई धन्यवाद दिँदै सबै बालबालिकाले समग्र अधिकारको उपभोग गर्न पाउन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०७४ मङ्सिर ४ गते ।

विक्रमबहादुर थापा

(विक्रमबहादुर थापा)
मन्त्री

माननीय कान्ता भट्टराई
राज्यमन्त्री
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

पत्र संख्या : ०६४।६५
चलानी नं. : ६५

नेपाल सरकार

फोन नं.: ४२००६००
फ्याक्स: ४२००११६
वेभसाइट: www.mowcsw.gov.np
इमेल: mail@mowcsw.gov.np

**निजी सचिवालय**
सिंहदरवार, काठमाण्डौ

## शुभ-कामना

नेपाल सरकारले बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरे पश्चात बालअधिकारको सम्बर्द्धन र संरक्षणका लागि प्रशस्तै कार्यहरु गर्दै आएको छ । शिक्षा, स्वास्थ्य लगायत बालबालिकासंग सम्बन्धित विभिन्न सूचकहरुमा उल्लेख्य सुधार भएको देखिएको छ । केन्द्रीय बालकल्याण समिति लगायत ७५ वटै जिल्लामा जिल्ला बालकल्याण समितिहरु बालअधिकार तथा बालसंरक्षणको लागि निरन्तर क्रियाशील रहँदै आएका छन् ।

केन्द्रीय बालकल्याण समितिले प्रत्येक वर्ष नेपालमा बालबाबालिकाको स्थिति प्रतिवेदन प्रकाशन गर्ने गर्दछ । अन्तर्राष्ट्रिय बालअधिकार दिवसका दिन पारेर नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन तयार गरी प्रकाशन गर्न लागेकोमा मलाई गर्व महशुस भएको छ ।

विभिन्न क्षेत्रहरुमा विषयगत रुपमा छरिएर रहेको बालबालिका सम्बन्धी तथ्याङ्क तथा सूचनाहरु एकीकृत गरी बालबालिकाको सूचनामूलक राष्ट्रिय प्रतिवेदन तयार गर्नु चुनौतिपूर्ण विषय हो । यस चुनौतिको सामना गर्दै यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने कार्यमा विभिन्न प्रकारले सहयोग पुऱ्याउनु हुने यस समितिका पदाधिकारी, कार्यकारी निर्देशक र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । बालअधिकारको विषयलाई अभियान कै रुपमा अगाडि बढाउन सबैको सहयोगको अपेक्षा सहित, सम्पूर्ण नेपाली बालबालिकाको उज्ज्वल भविष्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मितिः- २०७४ मङ्सिर ४ गते ।

कान्ता भट्टराई
(कान्ता भट्टराई)
राज्यमन्त्री

नेपाल सरकार
# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

पत्र संख्याः

च.नं.:

सिंहदरबार, काठमाडौं
फोन : ४२४१८१६, ४२४१८६८
४२४१६१३, ४२४१७२८
फ्याक्स : ४२४१५१६

## शुभकामना

संयुक्त राष्ट्रसंघले बालअधिकार महासन्धि १९८९ लाई पारित गरेको दिन २० नोभेम्बरलाई अन्तर्राष्ट्रिय बालअधिकार दिवसका रुपमा नेपालमा पनि मनाउँने गरिदै आएको सन्दर्भमा सम्पूर्ण बालबालिकाको हक हित संरक्षणका लागि सबैको क्रियाशिलता बढोस् भन्ने कामना गर्दछु। केन्द्रीय बालकल्याण समितिले बालबालिकासम्बन्धी सूचना, तथ्य, तथ्याङ्क र विवरणहरुलाई संकलन, समायोजन र प्रशोधन गरी विसं. २०६३ सालदेखि वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेको र यस वर्ष पनि निरन्तरता दिँदै अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा **नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७४** सार्वजनिक गर्न लागेकामा खुशी लागेको छ। यो प्रतिवेदन नीति निर्माण देखि कार्यक्रम संचालन गर्नेसम्मका सबै निकाय, संघसंस्थाका लागि उपयोगी हुनेछ।

सन् १९९० सेप्टेम्बर १४ मा नेपालले बालअधिकार महासन्धि १९८९ लाई अनुमोदन गरेपछि बालअधिकारका विषयमा थुप्रै प्रगति भएका छन्। महासन्धिको अनुमोदन भएलगत्तै बालबालिकाको विषयलाई महत्व दिँदै बालबालिका सम्बन्धी ऐन २०४८ निर्माण भई बालबालिकाको हरेक पक्षलाई सम्बोधन गर्नका लागि विशिष्टीकृत निकायका रुपमा केन्द्रीय बालकल्याण समितिको व्यवस्था भएको छ। देशको मूल कानून नेपालको संविधानले बालअधिकारलाई मौलिक हक अन्तर्गत राखेर बालबालिकाको विषयलाई विषेश महत्व दिएकोछ। बालअधिकार सम्बन्धी महासन्धिले निर्धारण गरेका बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताका सबै पक्षलाई आत्मसात् गर्दै सोही अनुरुप नीति, योजना तथा कार्यक्रम पनि कार्यान्वयनमा रहेका छन्। यद्यपी अपेक्षित उपलब्धि हासिल गर्न र गुणस्तरीयताको पक्षमा भने अझै सुधार गर्नुपर्ने र प्रभावकारी कार्यान्वयनको आवश्यकता देखिन्छ।

नेपाल सरकारले बालबालिकाको समग्र विकास, सर्वोत्तम हीत र बालअधिकार सुनिश्चितताका लागि निरन्तर प्रयास गर्दै आइरहेको छ। बिगतमा भन्दा हालका वर्षहरुमा बालबालिकाको स्थितिमा सकारात्मक परिवर्तन हुँदै आएको छ। नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले बालबालिकाको हीत संरक्षण एवं विकासका कार्यक्रमहरुलाई आगामी दिनमा अझ बढी प्रभावकारी एवं परिणाममुखी बनाउँदै लैजानेछ।

अन्त्यमा, यस प्रतिवेदन प्रकाशित गर्ने केन्द्रीय बालकल्याण समिति, यस कार्यमा निरन्तर सहयोग, सल्लाह तथा सुझाव प्रदान गर्ने पदाधिकारीहरु, कार्यकारी निर्देशक, कर्मचारी, बालबालिकाको अधिकार संरक्षण तथा प्रर्वद्धनमा क्रियाशिल सबै निकाय तथा संघसंस्थाहरुको क्रियाशिलता, सहयोग र योगदानको प्रशंसा गर्दछु। साथै आगामी दिनहरुमा बालअधिकारको संरक्षण र प्रवर्द्धनार्थ यस्ता कार्यले निरन्तरता पाउनुका साथै बालअधिकारका लागि क्रियाशिल रहन हौसला मिलिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

(डइन्द्र प्रसाद उपाध्याय)
सचिव

मितिः-२०७४ मङ्सिर ४ गते।

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

# Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति.........................

## शुभकामना

केन्द्रीय बालकल्याण समितिले बालबालिकासम्वन्धी ऐन, २०४८ को दफा ३२ को उपदफा (५) बमोजिम बालअधिकारका विविध क्षेत्रहरुसंग सम्बन्धित सूचना, जानकारी र तथ्यांकहरु संकलन गरी हरेक वर्ष राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्दै आइरहेको सिलसिलामा यो वर्षको अन्तर्राष्ट्रिय बालअधिकार दिवस (नोभेम्वर, २०) को अवसरमा **नेपालमा बालबालिकाको स्थिति, २०७४** सार्वजनिक गर्न लागिएकोमा खुशी लागेको छ ।

नेपालले बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन पश्चात् महासन्धि अनुरुपका सूचक बमोजिमका खण्डीकृत तथ्यांक संकलन, सूचना जानकारी व्यवस्थापन गर्नुपर्ने चुनौति हामीमाझ रहेको सन्दर्भमा यस कार्यले केही हदसम्म भएपनि सोको सम्बोधन गरेको छ भन्नेमा म विश्वस्त छु ।

'बालमैत्री शासन: बालअधिकारको सम्मान' भन्ने मूल नाराका साथ यो वर्षको राष्ट्रिय बालदिवस मनाइएको सन्दर्भमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक स्वरुप अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट बालमैत्री शासन प्रणाली अंगाली बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्न जरुरी छ । बालमैत्री शासनसहितको बालअधिकार सम्मत समाज निर्माणार्थ हरेक क्षेत्र र वर्गबाट बालबालिकाको लागि समय, सोच र स्रोतको उचित लगानीको सम्भावनाहरु प्रशस्त गरोस् भन्ने शुभेच्छा समेत प्रकट गर्न चाहन्छु ।

बालबालिकाको समग्र स्थितिको आधारमा कुनै पनि राष्ट्रको सम्बृद्धिको तह मापन गर्न सकिन्छ । यस प्रतिवेदनमा समाविष्ट बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागितासम्बन्धी विविध सूचकहरुको तथ्यांकीय प्रस्तुतीले नेपालमा बालबालिकाको अवस्थाको आंकलन गर्न सहज हुनेछ । यसको आधारमा जुन-जुन क्षेत्रमा बालबालिकाको अवस्था सन्तोषजनक रहेको छ, त्यस क्षेत्रसंग सम्बन्धित कार्यक्रम, आयोजना/परियोजना, अभियानलाई निरन्तरता दिनुपर्दछ भने कमजोर अवस्थिति झल्काउने सूचकहरुमा सकारात्मक सुधार ल्याउन एकीकृत रुपमा ठोस कदम चाल्नु नितान्त आवश्यक हुन्छ । यसको लागि सबै तहका सरकारले बलियो कार्यादेश तथा पर्याप्त मानवीय, प्राविधिक र आर्थिक स्रोतसहितको आवश्यक संरचनाको निर्माण गरी योजना तर्जुमादेखि श्रोत विनियोजनसम्म बालसंवेदनशीलतालाई अझ बढावा दिनुपर्ने हुन्छ । साथै, बालबालिकासंग सम्वन्धित तथ्यांक, सूचना र जानकारीको अभिलेख राख्ने उचित प्रबन्ध पनि तीनै तहको सरकारले मिलाउनु पर्दछ ।

यस प्रतिवेदन तयार गर्न निरन्तर क्रियाशिल यस समितिका कार्यकारी निर्देशक, कर्मचारीहरु तथा यसकार्यमा सहयोग पुऱ्याउने बालबालिकाका निम्ति क्रियाशिल सबै निकाय तथा संघसंस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय बालबालिका !

मिति:-२०७४ मंसिर ४ गते ।

(बबिना श्रेष्ठ)
अध्यक्ष

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्राक्कथन

बालबालिका समाजका अत्यन्त संवेदनशील समूह भएकोले तुलनात्मक रुपमा उनीहरुलाई थप विशेष संरक्षणको आवश्यकता पर्दछ । बालबालिकाले उचित पालनपोषण, स्याहार, संरक्षण र शिक्षादीक्षा पाएको खण्डमा तीक्ष्ण क्षमता भएको सक्षम नागरिक बन्छन् भन्नेमा दुईमत छैन । भनिन्छ, बाल्यकाल भविष्यको गोरेटो कोर्ने स्वर्णीम समय हो । तर तिनै कलिला बालबालिका विभिन्न किसिमका दुर्व्यवहार, यातना, शोषण, हत्या, अपहरण लगायतका दुःखद् घटनाबाट गुज्रिरहेका छन्, जसले मानव सभ्यतामै प्रश्न चिन्ह खडा गर्दछ ।

केन्द्रीय बालकल्याण समिति बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपालना गर्ने नेपाल सरकारको एक विशिष्टीकृत निकाय हो । सोही सन्दर्भमा बालबालिकासम्बन्धी उपलब्ध भएसम्मका सूचना, तथ्य, तथ्याङ्क, सञ्चार माध्यममा बालबालिकासम्बन्धी प्रकाशित/प्रसारित समाचार आदिलाई एकीकृत गरी यस समितिले विगतका वर्षहरुमाझैं "**नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७४**" तयार पारेको छ । संयुक्त राष्ट्र संघले सन् १९८९ मा बालअधिकारसम्बन्धी महासन्धिलाई पारित गरेको दिनको स्मरणमा मनाइने अन्तर्राष्ट्रिय बालअधिकार दिवस (नोभेम्बर २०)को अवसरमा सार्वजनिकीकरण गरिएको यस प्रतिवेदनले नेपालमा बालअधिकारको क्षेत्रमा भएका केही उपलब्धिसहित हाल बालबालिकाको समग्र अवस्थाबारे झलक दिएको छ । जुन यस क्षेत्रमा कार्यरत सरोकार वाला निकाय संघसंस्थाका साथै आम नेपाली नगरिकलाई उपयोगी हुने देखिन्छ ।

नेपालको संविधानले बालबालिकाको विकास, संरक्षण र सहभागिताका पक्षलाई मौलिक हकको रुपमा अङ्गीकार गरेको छ । सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदुर्व्यवहारबाट बालबालिकालाई जोगाउने बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ को मुख्य उद्देश्य रहेको छ । तथापि बालबालिकामाथि भएका विभिन्न किसिमका घटनासम्बन्धी तथ्यांक यस प्रतिवेदनमा समावेश गर्नुपर्ने अवस्थाले अझै पनि बालसंरक्षणको क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको महसुस हुन्छ ।

मुलक नयाँ संरचनामा रुपान्तरित भइरहँदा स्थानीय तहले असल शासनको अभ्यासलाई प्राथमिकता दिऊन् भन्ने हेतुले यस वर्षको राष्ट्रिय बालदिवस "**बालमैत्री शासनः बालधिकारको सम्मान**" भन्ने मूल नाराका साथ मनाइएको स्मरणीय छ । बालअधिकार संरक्षण, सम्वर्द्धन र परिपूर्तिका लागि हरेक निकाय, संस्था र व्यक्ति संवेदनशील भई बालबालिकाप्रति उत्तरदायी हुनैपर्दछ । नेपाल संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएकोले महासन्धिमा उल्लेख गरिएका बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकार का सबै पक्ष र बालबालिकाको गैरविभेदीकरण, सर्वाङ्गिण विकास, सर्वोत्तम हित, अर्थपूर्ण सहभागिताजस्ता सिद्धान्तलाई आत्मसात् गर्न अझै विस्तृत योजना तथा कार्यक्रम सहित कार्यान्वयन पक्षलाई जोड दिनु पर्ने आवश्यकता रहेको छ ।

बालअधिकारको क्षेत्रमा भएका प्रयास र प्राप्त भएका उपलब्धिहरु सह्रानीय छन् तर पर्याप्त भने हुन सकेका छैनन् । बालबालिकाको विषय हामी सबैसँग सम्बन्धित भएको हुँदा सबै पक्षबाट उत्तिकै चासो र सक्रियता बढाउन सकेमा मात्र नेपालमा बालअधिकार सुनिश्चित हुनेछ । बालबालिकाका सम्बन्धमा हालसम्म भएका प्रयास र उपलब्धिहरुलाई हेर्दा हामी सही दिशातर्फ उन्मुख छौं, बाटो बिराएका छैनौ तर विलम्ब भने अवश्य भएको छ । अतः बालअधिकार संरक्षण, प्रवर्द्धनको गति बढाउन हामी सबैको क्रियाशिलता बृद्धि गर्न जरुरी छ । खण्डीकृत सूचनाको अभाव जताततै रहेको अवस्थामा उपलब्ध भएसम्म बालबालिकासम्बन्धी तथ्य तथ्याङ्क संकलन, संयोजन, विश्लेषण गरी यो प्रतिवेदन तयार र प्रकाशन गर्न सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यबाद छ ।

धन्यवाद !

(**तारक धिताल**)
कार्यकारी निर्देशक

# सारसङ्क्षेप

- नेपालको संविधानले बालअधिकारको विषयलाई उल्लेख्य स्थान दिएको छ ।
- नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार उमेरअनुसार उचाइ नपुगेका/पुड्कोपना भएका पाँच वर्षमूनिका बालबालिका ३६ प्रतिशत रहेको, उमेरअनुसार तौल नपुगेका पाँच वर्षमूनिका बालबालिका २७ प्रतिशत रहेको र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका पाँच वर्षमूनिका बालबालिका १० प्रतिशत रहेको देखिएको छ। यसैगरी पाँच वर्षमूनिको बाल मृत्युदर (प्रति हजारमा) ३९, शिशु मृत्युदर-जन्मेदेखि एक वर्षसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) ३२, नवजात शिशु मृत्युदर-जन्मेदेखि २८ दिनसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) २१ र कूल प्रजनन् दर २.३ रहेको छ ।
- काठमाडौ उपत्यकालाई सडक बालबालिकामुक्त बनाउने अभियान कार्य निरन्तर सञ्चालन भइ आर्थिक वर्ष २०७३/०७४ सम्ममा काठमाडौं उपत्यकामा ५९३ बालक (९०.४%) र ६३ जना बालिका (९.६%) गरी जम्मा ६५६ जना बालबालिकाको उद्धार गरी उनीहरुको व्यवस्थापन प्रक्रिया भैरहेको छ । उद्धार गरिएका बालबालिकामध्ये सबैभन्दा बढी १० देखि १४ वर्ष उमेर समूहका ४७% छन् भने १५ देखि १८ वर्ष समूहका ३८.४% छन् र १० वर्षमूनिका करिब १५ प्रतिशत रहेको पाइएको छ ।
- केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ बर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशत बालबालिकाको बालविवाह भएको देखिएको छ ।
- आर्थिक वर्ष २०७३/०७४ मा हराएका भनी सूचित भएका बालबालिका २,७७२ जना (बालक १,०४७ र बालिका १,७२५) मध्ये ७२० (बालक ३५३ र बालिका ३६७) जनाबालबालिका फेला परेका विवरण प्राप्त भएको छ भने अन्यको खोजी जारी छ ।
- आर्थिक वर्ष २०७३/०७४ मा बाल हेल्पलाइन १०९८ (दश नौ आठ) बाट जोखिमपूर्ण अवस्थामा रहेका २,४१० जना बालबालिकाको उद्धार, राहत, मनोपरामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गरिएको छ ।
- प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा जबरजस्ती करणीको अपराधका जम्मा १,१३१ मुद्दाहरुमध्ये १८ वर्षसम्मका

७४३ जना बालबालिका जबरजस्ती करणीको अपराधबाट पीडित भएको देखिएको छ । यसमध्ये २११ जना बालबालिका १० वर्षमूनिको रहेको देखिन्छ ।

- केन्द्रीय बालकल्याण समितिले २०७४ असार मसान्तसम्ममा भुकम्प प्रभावित १४ जिल्लाका जिल्ला बालकल्याण समितिमार्फत सङ्कलन गरेको जोखिममा परेका जम्मा ४७,५७० बालबालिकामध्ये ४८.३ प्रतिशत बालक र ५१.७ प्रतिशत बालिका रहेका छन् । जोखिममा परेका कूल बालबालिकामध्ये बालकल्याण समितिमार्फत कार्यक्रम अवधिभरमा जम्मा १५,०३४ जना बालबालिकालाई र अन्य विकासका साझेदार संस्थाहरुबाट ८,२२२ जना बालबालिकालाई सहयोग प्रदान गरिएको छ ।
- सशस्त्र द्वन्द्वबाट प्रभावित २० जिल्लाका १८,६६५ बालबालिका तथा नव युवाहरुमध्ये २०७४ असार मसान्तसम्ममा केन्द्रीय बालकल्याण समितिले जम्मा १०,४९९ जना बालबालिका तथा निजका परिवारलाई सहयोग गरेको छ । जसमध्ये ८,६७३ जनालाई शैक्षिक सहयोग, ७८० जनालाई मनोसामाजिक परामर्श, ७२३ जनालाई आयमूलक कार्यका लागि सहयोग गरेको छ ।
- अल्पसंख्यक र आदिबासी बालबालिकाको शिक्षामा पहुँचको सन्दर्भमा २०७२ सालमा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा ९,७७,३६५ बालबालिका भर्ना भएकोमा २०७३ सालमा ९,७३,४१३ बालबालिका भर्ना भएको देखिन्छ । जनसंख्या बृद्धिदर घट्दै आएको अवस्थामा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने बालबालिकाको संख्यामा पनि केही कमी भएको हुन सक्ने अनुमान गर्न सकिन्छ ।
- २०७३ साल साउन महिनादेखि यस वर्षको साउन महिनासम्म ३२ वटा कारागारमा जम्मा ७९ जना साना बालबालिका निजका बाबु, आमा वा अभिभावकसंगै रहेको जानकारीमा आएको छ । गत आर्थिक वर्षसम्ममा ३४ वटा कारागारमा कूल ९३ जना बालबालिका आश्रित रहेका थिए ।
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय पञ्जीकरण विभागको अभिलेख अनुसार आर्थिक वर्ष २०७३/०७४ मा जम्मा ७,२१,३२६ जना बालबालिकाको जन्मदर्ता भएको देखिएको छ भने यो संख्या गत आर्थिक वर्षमा ६,००,७९६ रहेको थियो । उक्त विभागको वेबसाइटमा प्रत्येक दिन जन्मदर्ता भएका बालबालिकाको संख्या अद्यावधिक गर्ने गरिएको छ । नेपाल सरकारले २०८० सालसम्म सत् प्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको छ ।

- गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार नेपालमा हाल बेलडाँगी र शनिश्चरेस्थित भुटानी शरणार्थीहरुको क्याम्प र सो बाहिर रहेका समेत गरी आ.व. २०७२/०७३ मा १७ वर्षसम्मका बालक ३,१७५ र बालिका ३,०१७ गरी जम्मा ६,१९२ जना भुटानी शरणार्थी बालबालिका रहेका थिए भने आ.व. २०७३/०७४ मा बालक १,७६९ र बालिका १,६६७ गरी जम्मा ३,४३६ जना बालबालिका रहेको पाइएको छ ।
- शिक्षा विभागको २०७३ सालको प्रतिवेदनअनुसार आधारभूत तहमा विभिन्न प्रकारका अपाङ्गता भएका ६४,६६० (३१,१३५ बालिका) बालबालिका भर्ना भएको देखिन्छ जुन जम्मा भर्ना भएका बालबालिकाको १.०८ प्रतिशत हुन आँउछ । यो संख्या अघिल्लो वर्षको भन्दा १,२६० ले बढी हो ।
- आर्थिक वर्ष २०७३/०७४ मा संघीय तथा स्थानीय विकास मन्त्रालयबाट बालपोषण तथा दलित र अपाङ्गता भएका गरी जम्मा ४,२७,४२० जना बालबालिकाका लागि जम्मा रु. ७९,३३,१२,७७३ रकम विनियोजन भएको छ । आर्थिक वर्ष २०७२/०७३ मा सामाजिक सुरक्षा भत्ता वितरण गरिएको बालबालिकाको संख्या ४,६६,०७४ रहेको थियो ।
- आर्थिक वर्ष २०७३/०७४ मा जम्मा २३५ वटा बालबिजाइँसम्बन्धी मुद्दाहरु मध्ये १६२ (६८.९ प्रतिशत) मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी ७३ अर्थात ३१.१ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । यस आ.व.मा फैसला भएका १६२ वटा मुद्दाहरुमध्ये ११९ (७३.५ प्रतिशत) मुद्दाहरुमा बालबालिका दोषी ठहर भएका छन् ।
- यस आर्थिक वर्ष १४ प्रकृतिका २३५ वटा बालबिजाइँसम्बन्धी मुद्दामा ३४७ (३ बालिका) बालबालिका प्रतिवादी रहेका छन्, जसमध्ये सबैभन्दा बढी ११५ वटा मुद्दा जबरजस्ती करणी तथा थप १२ वटा जबरजस्ती करणी उद्योगका रहेका छन् ।
- २०७४ साल असार मसान्तसम्ममा विभिन्न ४६ जिल्लाहरुमा ५६७ आवसीय बालगृह सञ्चालनमा रहेका छन् । यी बालगृहहरुमा जम्मा १६,५३६ बालबालिका (बालक ८,३१८ र बालिका ८,२१८) ले संरक्षण पाएका छन् ।
- आर्थिक वर्ष २०७२/०७३ मा ६ जिल्लामा २९ बालिका र ९ बालक गरी कूल ३८ जना बालबालिकाले आत्महत्या गरेको जानकारीमा आएकोमा यस आर्थिक वर्ष २०७३/०७४ मा ७ जिल्ला (दोलखा, बाँके, काठमाडौं, सिन्धुली, भक्तपुर, काभ्रे र गोरखा) मा १९ बालिका र १३ बालक गरी कूल ३२ जना बालबालिकाले आत्महत्या गरेको जिल्ला बालकल्याण समितिहरुको अभिलेखबाट प्राप्त भएको छ ।

- आर्थिक वर्ष २०७३/७४ को शैक्षिक सत्रमा समुदायमा आधारित बालविकास केन्द्र ३०,४४८ र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र ५,६४५ गरी जम्मा ३६,०९३ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको पाइन्छ। गत आर्थिक वर्षमा भन्दा यस आर्थिक वर्षमा संस्थागत विद्यालयमा आधारित १०२ वटा बालविकास केन्द्र बढेको देखिन्छ।
- शिक्षा विभागको तथ्याङ्कअनुसार प्राथमिक विद्यालयमा खूद भर्नादर २०७१ सालमा ९६.२ प्रतिशत रहेकोमा २०७२ सालमा ९६.६ प्रतिशत हुँदै २०७३ सालमा ९६.९ प्रतिशत पुगेको देखिन्छ। निम्न माध्यमिकस्तरमा खूद भर्नादर ८०.९ प्रतिशत (गत वर्ष ७७.७) देखिन्छ भने माध्यमिक (कक्षा ९ र १०) स्तरमा ५९.८ (गत वर्ष ५८.६) प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १८.२ (गत वर्ष १६.४) प्रतिशत देखिन्छ।
- २०७३ सालमा देशभरमा प्राथमिक तहमा २०,८६,१६५ छात्रा र २०,४९,०८८ जना छात्र गरी जम्मा ४१,३५,२५३ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने २०७२ सालमा २१,६५,३८६ छात्रा र २०,९९,५५६ छात्र गरी जम्मा ४२,६४,९४२ विद्यार्थी भर्ना भएका थिए। प्राथमिक तहमा खूद भर्नादर बढेको देखिन्छ, तर भर्ना भएका बालबालिकाको संख्यामा भने केही कम भएको देखिन्छ। जन्मदरमा आएको कमीको कारण यस्तो स्थिति रहेको अनुमान गरिएको छ।
- २०७२ सालमा भन्दा २०७३ सालमा एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या ८,२३८ जना बढेको देखिन्छ। तर जिपिए ३.६ देखि ४.० सम्मको तहमा उत्तीर्ण हुने विद्यार्थीको संख्या भने ४,१७० जनाले कमी आएको देखिन्छ। कक्षा ५ र ८ मा सिकाई उपलब्धिमा देखिएको घट्दो गुणस्तर जस्तै एस.इ.इ. को उच्चतम अङ्क वा श्रेणी ल्याउनेको गुणस्तर पनि खस्केको देखिएको छ। विशेषगरी २०७२ साल बैशाखको भूकम्पको कारण भौतिक संरचनामा पुगेको क्षति र पठन-पाठनमा परेको असर एवम् महिनौंसम्मको अघोषित नाकाबन्दी र मधेश आन्दोलनका कारण विद्यालय बन्द हुन पुगी पठन-पाठनमा परेको असरको कारण लगायतबाट विद्यालयस्तरमा सिकाई उपलब्धिमा कमी आएको हुन सक्ने अनुमान गरिएको छ।
- शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७२ मा कूल विद्यालयको संख्या ३४,८३७ रहेकोमा २०७३ मा बन्द भएका वा गाभिएका विद्यालयहरुको कारण कूल विद्यालय संख्या जम्मा ३४,७३९ कायम हुन आई ९८ वटा विद्यालयहरु घटेको देखिन्छ।
- सूचना तथा सञ्चार मन्त्रालयबाट इजाजतपत्र प्राप्त कूल ७४० एफएम रेडियोहरुमध्ये ५९६ नियमित प्रसारणमा रहेका छन्। सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूहको अनुसार दैनिक अधिकतम २४ घण्टासम्म सञ्चालन भइरहेका यी एफएमहरुको सरदर

दैनिक प्रसारण अवधि १४ घण्टा रहेको छ । एफएम रेडियो स्टेसनहरुमा प्रतिदिन सरदर १५ मिनेट बालबालिकाका लागि छुट्ट्याइने गरेको अनुमान छ ।

- केन्द्रीय बालकल्याण समिति तथा ५७ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण अनुसार निर्वाचन आचारसंहिता विपरित तीनै चरणमा सम्पन्न भएको स्थानीय तह निर्वाचनमा निर्वाचन पूर्व ४,७०४ जना, निर्वाचनको दिन १३९ जना र निर्वाचन पश्चात १,८१८ जना गरी कूल ६,६६१ जना बालबालिकाको प्रयोग भएको देखिन्छ ।
- बालबालिकासंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने सात वटा मन्त्रालयहरुका लागि आर्थिक वर्ष २०७२/०७३ मा ३५.५५ प्रतिशत बजेट विनियोजन भएकोमा आ.व. २०७३/०७४ मा २.५ प्रतिशतले कमी भई ३३.०४ प्रतिशत हुन आएको देखिएको थियो भने उक्त मन्त्रालयहरुबाट बालबालिकासम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेट पनि २.५ प्रतिशतले नै कमी आएको देखिएको थियो । तर आ.व. २०७४/०७५ मा उक्त मन्त्रालयहरुका लागि १८.७६ प्रतिशत मात्र बजेट विनियोजन गरेको देखिएको छ र मन्त्रालयस्तरमा बालबालिकासम्बन्धी कार्यक्रमका लागि ४.८५ प्रतिशत मात्र बजेट विनियोजन भएको देखिएको छ ।

# विषयसूची


सारसङ्क्षेप

**परिच्छेदः १ परिचय** ...... १

१.१ पृष्ठभूमि

१.२ नेपालमा बालबालिकासम्बन्धी संवैधानिक र कानूनी व्यवस्था ...... १

१.२.१ नेपालको संविधान (२०७२) मा बालबालिकासम्बन्धी व्यवस्था ...... १

१.२.२ बालबालिकासम्बन्धी कानूनी व्यवस्था ...... ५

१.३ राष्ट्रिय मानव अधिकार आयोग र बालबालिका ...... ६

१.४ बालअधिकार महासन्धि र यसको ऐच्छिक सन्धिपत्र र नेपालको प्रतिवेदन ...... ६

१.५ बालबालिकासम्बन्धी योजना, नीति, कार्यक्रम तथा संरचनागत व्यवस्था ...... ७

१.५.१ योजना तथा कार्ययोजना ...... ७

१.५.२ राष्ट्रिय नीति ...... ८

१.५.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवा सुविधाहरु ...... ९

१.५.४ संरचनागत व्यवस्था ...... १३

१.६ राष्ट्रिय वार्षिक विकास बजेट र केही मन्त्रालयहरुको बालबालिकासम्बन्धी बजेट स्थिति ...... १४

१.७ दीगो विकास लक्ष्यहरु र बालबालिका ...... १५

१.८ आम सञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसासम्बन्धी घटना ...... १८

**परिच्छेदः २ बालबचावट** ...... २४

२.१ परिचय ...... २४

२.२ गर्भ र जन्मको अवस्था ...... २४

२.३ शिशु तथा बाल मृत्युदर र खोप ...... २५

२.४ पोषण ...... २८

२.५ एचआईभी/एड्स प्रभावित तथा संक्रमित बालबालिका ...... २९

**परिच्छेदः ३ बालसंरक्षण** ...... ३१

३.१ परिचय ...... ३१

३.२ बालश्रम ...... ३१

३.३ सडक बालबालिका ...... ३४

३.४ बालविवाह ...... ३७

३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनःएकीकरण ...... ४०

३.५.१ पृष्ठभूमि ...... ४०

३.५.२ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना (बालबालिका खोजतलास तथा समन्वय केन्द्र १०४) ...... ४०

३.५.३ हिंसा/जोखिममा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनःस्थापना (निशुल्क बाल हेल्पलाइन फोन नं. १०९८) ...... ४३

३.५.४ हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचविखनबाट प्रभावित बालबालिका ...... ४५

३.६ विपद् र बालबालिका ४९
३.६.१ भूकम्पबाट प्रभावित बालबालिका ४९
३.६.२ बाढी तथा पहिरोबाट प्रभावित बालबालिका ५२
३.७ सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका ५३
३.८ अल्पसंख्यक र आदिबासी बालबालिका ५५
३.९ अभिभावकसँगै कारागारमा रहेका बालबालिका ५७
३.१० जन्मदर्ता ५८
३.११ धर्मसन्तान ५९
३.१२ शरणार्थी बालबालिका ६०
३.१३ अपाङ्गता भएका बालबालिका ६१
३.१४ सडक दुर्घटना र बालबालिकाको अवस्था ६३
३.१५ सामाजिक सुरक्षा र बालबालिका ६४
३.१६ बालन्याय ६६
३.१७ बालसुधार गृह ६९
३.१८ बालबालिकाको स्याहार ७०
३.१८.१ बालगृह ७१
३.१८.२ धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिका ७२
३.१९ बालबालिकाको गोपनीयता ७६
३.२० शारीरिक सजाय र हेपाई ७६
३.२०.१ शारीरिक तथा मानसिक दण्ड सजाय ७७
३.२०.२ हेपाई वा बुलिङ ७८
३.२१ बालबालिका र आत्महत्या ७९
३.२२ निर्वाचन र बालबालिका ७९

**परिच्छेदः ४ बालविकास** ८५
४.१ परिचय ८५
४.२ प्रारम्भिक बालविकास ८५
४.३ विद्यालयस्तरको शिक्षा ८७
४.४ अनिवार्य र निःशुल्क शिक्षा ९१
४.५ एस.इ.इ. परीक्षाको स्थिति ९१
४.६ विद्यालयको संख्या ९३

**परिच्छेदः ५ बालसहभागिता** ९५
५.१. परिचय ९५
५.२ बालबालिकाको बिचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति ९५
५.३ बालक्लब ९६

**परिच्छेदः ६ निष्कर्ष** ९६
**तालिकाहरु**

# तालिका


| | | |
|---|---|---|
| तालिका १ | : | सातवटा मन्त्रालयहरुको बजेट र सो अन्तर्गत बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको स्थिति |
| तालिका २ | : | बालबालिका संग सम्बन्धित दीगो विकास लक्ष्यहरु - सूचक, स्थिति र परिलक्ष्य (सन् मा) |
| तालिका ३ | : | आ.व. २०७३/०७४ मा भएका बालअधिकार हननका घटना र प्रभावित बालबालिका |
| तालिका ४ | : | बालयौन दुर्व्यवहार र बलात्कारबाट पीडित बालबालिकाको जिल्लागत विवरण |
| तालिका ५ | : | खोप पाउने एक वर्षमुनिका बालबालिकाको प्रतिशत (आर्थिक वर्ष २०७०/७१ र २०७१/७२) |
| तालिका ५(क) | : | खोप पाउने बालबालिकाको प्रतिशत (आर्थिक वर्ष २०६७/०६८ र २०७२/०७३) |
| तालिका ६ | : | बालबालिका हराएको फेला परेको र खोजतलास जारी रहेको स्थिति २०७३/०७४ |
| तालिका ७ | : | उमेर समूहअनुसार हराएका बालबालिकाको संख्या |
| तालिका ८ | : | बेवारिस अवस्थामा फेला परेका तथा परिवारमा पुनःस्थापना गरिएका बालबालिकाको संख्या |
| तालिका १९ | : | बाल हेल्पलाइनमार्फत आर्थिक वर्ष २०७३/७४ मा गरिएको सहयोग |
| तालिका १० | : | आ.व. २०७३/०७४ मा जबरजस्ती करणी अपराधबाट पीडित बालिकाको संख्या |
| तालिका ११ | : | आ.व. २०७३/०७४ मा जबरजस्ती करणी उद्योग अपराधबाट पीडित बालिकाको संख्या |
| तालिका १२ | : | बेचविखनमा परेका बालबालिकाको विवरण |
| तालिका १३ | : | भूकम्प प्रभावित १४ जिल्लामा जोखिममा रहेका बालबालिकाको संख्या |
| तालिका १४ | : | २०७४ असार मसान्तसम्म भूकम्प प्रभावित जिल्लाहरुमा जि.बा.क.स.मार्फत् सहयोग गरिएको बालबालिकाको संख्या |
| तालिका १५ | : | शहीद प्रतिष्ठानअन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या |
| तालिका १६ | : | प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका |
| तालिका १७ | : | प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा दलित बालबालिका |
| तालिका १८ | : | प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजाति बालबालिका |
| तालिका १९ | : | २०७४ साउन मसान्तसम्म कारागारमा आश्रित बालबालिकाको संख्या |
| तालिका २० | : | भुटानी शरणार्थी बालबालिकाको संख्या |
| तालिका २१ | : | सवारी दुर्घटनामा परेका उमेरगत मृत्यु भएका व्यक्तिको संख्या |
| तालिका २२ | : | आ.व. २०७३/०७४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या |

तालिका २३ : बालबिजाइँसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण
तालिका २४ : प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत विवरण
तालिका २५ : बालबिजाइँका मुद्दाहरुमा फैसलासम्बन्धी विवरण
तालिका २६ : बालसुधार गृहमा रहेका बालबालिका
तालिका २७ : प्रदेश अन्तर्गतका बालगृह र बालबालिकाको विवरण
तालिका २८ : धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिका
तालिका २९ : प्रारम्भिक बाल विकास केन्द्र
तालिका ३० : प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण
तालिका ३१ : उत्तीर्ण, दोहोर्‍याउने तथा विद्यालय छाड्ने दर
तालिका ३२ : शैक्षिक तहका आधारमा विद्यार्थी संख्या, २०७३/०७४
तालिका ३३ : सिकाई उपलब्धि
तालिका ३४ : शैक्षिक सत्र २०७३/०७४ सम्म सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको तहगत/क्षेत्रगत विवरण
तालिका ३५ : धार्मिक विद्यालयहरुको संख्या

**ग्राफ :**

ग्राफ १ : वार्षिक कूल बजेटमा सातवटा मन्त्रालयहरुबाट बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको प्रतिशत
ग्राफ २ : आमसञ्चार माध्यममा प्रकाशित बालहिंसाको घटना, २०७३/०७४
ग्राफ ३ : बालविवाह र बालबालिका
ग्राफ ४ : बालश्रम र बालबालिका
ग्राफ ५ : अनलाइनमार्फत् बालयौन दुर्व्यवहार
ग्राफ ६ : कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी संख्या
ग्राफ ७ : कक्षा ५ को सिकाई उपलब्धि
ग्राफ ८ : कक्षा ८ को सिकाई उपलब्धि

**सन्दर्भ सामग्रीहरु**

**अनुसूचि**

# परिच्छेदः १

# परिचय

## १.१ पृष्ठभूमि

वि.सं २०१३ सालबाट शुरुवात योजनाबद्ध विकासको थालनीसंगै नेपालले बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत केही बालकेन्द्रीत कल्याणकारी कार्यको पहल गरेको देखिन्छ । यद्यपी यसभन्दा अघि देखि बनेका ऐनहरुमा पनि बालबालिकाका पक्षमा केही राम्रा कुराहरु पनि उल्लेख भएको पाइन्छ । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बरमा (भदौ २९, २०४७) अनुमोदन गरेपछि महासन्धिले प्रत्याभूत गरेका प्रावधानहरु अनुरुप नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार गर्दै बालबालिकालाई सबै प्रकारका हिंसा, शोषणबाट मुक्त राखी आधारभूत बालअधिकारको सुनिश्चितताका लागि गरिएको प्रयास र लगानीबाट बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भइरहेको छ । यी प्रयासहरुलाई एकीकृत गर्दै नतिजामूलक ढङ्गबाट थप प्राथमिकता दिन आवश्यक देखिएको छ । २०७२ असोज ३ गते संविधान सभाबाट जारी गरिएको नेपालको संविधानले बालबालिकाको विकास, संरक्षण, सहभागिता र बाँच्न पाउने कुरालाई मौलिक हकका रुपमा अंगीकार गर्दै बालबालिकाको सर्वोत्तम हितको व्यवस्था गरेको छ । बालबालिका केन्द्रीत सबै प्रकारका तथ्याङ्कहरुको उपलब्धता हुन नसकेता पनि मूलतः यो प्रतिवेदन आर्थिक वर्ष २०७३/०७४ का गतिविधि, तथ्य तथा सूचना एवम् प्राप्त भएसम्मका पछिल्ला तथ्याङ्कहरुका आधारमा तयार गरिएको छ ।

## १.२ नेपालमा बालबालिकासम्बन्धी संवैधानिक र कानूनी व्यवस्था

### १.२.१ नेपालको संविधान (२०७२) मा बालबालिकासम्बन्धी व्यवस्था

नेपालको संवैधानिक इतिहासमै पहिलोपल्ट अघिल्लो अन्तरिम संविधानमा मौलिक हकअन्तर्गत राखिएको बालबालिकाको हक अधिकारलाई यस संविधानले अझ थप व्यवस्थित गरेको छ । संविधानको धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत बुँदा (ञ) को सामाजिक न्याय र

समावेशीकरणसम्बन्धी नीतिअन्तर्गतको उपबुँदा (५) मा बालबालिको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने भन्ने व्यवस्था उल्लेख भएको छ । यस संविधानमा बालअधिकारका मूलभूतः सिद्धान्तहरुसहित बालअधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अंगीकार गरिएकोले बालअधिकारको दृष्टिकोणबाट यो संविधान अत्यन्तै प्रगतिशील देखिन्छ ।

धारा ३९ः बालबालिकाको हक

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ३९ को बालबालिकासम्बन्धी विषेष व्यवस्थाका अतिरिक्त अन्य ११ वटा धाराहरु प्रत्यक्ष वा परोक्ष रुपमा बालबालिकाको विकास र संरक्षणसँग सम्बन्धित छन् । संविधानको भाग-२ मा नागरिकता शीर्षकअन्तर्गत धारा ११(४) मा नेपालको नागरिक ठहर्ने उपशीर्षकमा भनिएको छ : नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक

नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ ।

धारा १८ मा समानताको हकअन्तर्गत रहेका देहायका उपधाराहरु पनि बालबालिकासँग सम्बन्धित छन् :

१. सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

२. सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

३. राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

   तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । स्पष्टीकरणः यस भाग र भाग ४ को प्रयोजनका लागि “आर्थिक रूपले विपन्न” भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

४. पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

धारा २९ मा व्यवस्था गरिएको शोषणविरुद्धको हकअन्तर्गत देहायका उपधाराहरुले पनि बालबालिकालाई समेट्दछ :

१. प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

२. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

३. कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन ।

४. कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन ।

५. उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

धारा ३०(१) मा व्यवस्था गरिएको स्वच्छ वातावरणको हक अन्तर्गत भनिएको छः प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । यो धारालाई पनि बालबालिकासँग समेत सम्बन्धित रहेको मान्न सकिन्छ ।

धारा ३१ मा शिक्षा सम्बन्धी हकअन्तर्गत देहायवमोजिमका उपधाराहरु बालबालिकासँग सम्बन्धित छन् :

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक अन्तर्गत देहाय वमोजिमका व्यवस्था गरिएको छ :

१. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुनेछ ।

धारा ३८. महिलाको हक :(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुनेछ ।

धारा ४३ मा सामाजिक सुरक्षाको हक शीर्षकमा भनिएको छ : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

संविधानको भाग-४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरू उल्लेख गरिएको छ । तीमध्ये देहायका नीतिहरु बालबालिकासँग समेत सम्बन्धित देखिन्छन् :

(झ) श्रम र रोजगारसम्बन्धी नीती :

(३) बालश्रमलगायत श्रमशोषणका सबै रुपको अन्त्य गर्ने ।

(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति :

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्याङ्कन गर्ने ।

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने ।

### १.२.२ बालबालिकासम्बन्धी कानूनी व्यवस्था

बालबालिकासम्बन्धी ऐन २०४८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५१ जस्ता बाल केन्द्रित केही विशेष ऐनहरु रहेका छन् भने मुलुकी ऐन लगायत बालबालिकासँग सरोकार राख्ने प्रावधानहरु समावेश भएका नेपालका ४० वटाभन्दा बढी ऐन-नियमहरु रहेका छन् । यी ऐन-नियमहरुलाई समय सापेक्ष बनाउन संशोधन पनि हुँदै आएको छ । उदाहरणका लागि आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन २०४९, बालन्याय (कार्यविधि) नियमावली २०६३, आपत्कालीन बालउद्धार कोष (सञ्चालन) नियमावली २०६७, अन्तरदेशीय धर्मपुत्र तथा धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ जस्ता ऐन वा नियमहरु बलबालिकाको हक र हितका विषयमा प्रत्यक्ष रुपमा जोडिएका छन् । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५, जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐन २०३३, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ पनि बालबालिकाको हक र हितको विषयसँग प्रत्यक्ष रुपमा सम्बन्धित छन् । त्यसैगरी कानूनी सहायता ऐन २०५४, कारागार ऐन २०१९, चन्दा ऐन २०३०, चलचित्र निर्माण, प्रदर्शन र वितरण ऐन २०२६, चिठ्ठा ऐन २०२५, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८, जीवनाशक विषादी ऐन २०४८ तथा दैवी प्रकोप उद्धार ऐन २०३९ मा पनि बालबालिसँग सरोकार राख्ने केही प्रावधानहरू छन् । निर्माण व्यवसाय ऐन २०५५, निर्वाचन अपराध र सजाय ऐन २०४७, मदिरा ऐन २०३१, मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित र निषेध ऐन २०५५, लागू औषध नियन्त्रण ऐन २०३३, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ र यसको नियमावली, संस्था दर्ता ऐन २०३४, शिक्षा ऐन २०२८, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६३ र यसको नियमावली २०६४ तथा चिया बगानसम्बन्धी (श्रम) नियमावली २०५० पनि बालबालिकासंग सम्बन्धित छन् ।

## १.३ राष्ट्रिय मानव अधिकार आयोग र बालबालिका

राष्ट्रिय मानव अधिकार आयोगमा आर्थिक वर्ष २०७३/०७४ मा बालअधिकार हननका १४ वटा उजुरी दर्ता भएको जानकारी रहेको छ । यसमा मूलतः विद्यालयमा शारीरिक सजाय दिइएको, शिक्षाको अधिकारबाट वञ्चित भएको, विद्यालय तथा इँटाभट्टामा मृत्यु भएको र स्वास्थ्यसम्बन्धी रहेका छन् । आयोगमा दर्ता भएका र जानकारीमा आई प्रक्रियामा राखेका गरी १९ वटा घटनामा निर्णय गरेको, ११ वटा घटनाको उजुरी खारेजी गरेको र ५ वटा उजुरी तथा घटना तामेलीमा राखेको जानकारी आएको देखिन्छ ।

## १.४ बालअधिकार सम्बन्धी महासन्धि तथा यसका ऐच्छिक सन्धिपत्रहरु र नेपालको प्रतिवेदन

नेपालले २०४६ सालको जनआन्दोलनलगत्तै, २०४७ भदौ २९ गते अनुमोदन गरेको बालअधिकारसम्बन्धी महासन्धिले बालबालिकाको सर्वोत्तम हित, दीर्घजीवन र विकास, भेदभाव विहिनता, विचार र भावनाको कदर जस्ता मूल सिद्धान्तमा आधारित भएर ४० सारभूत हकअधिकारहरू सुनिश्चित गरेको छ । महासन्धिमा रहेका कूल ५४ धाराहरुमध्ये ४० धाराहरुले बालबालिकाको अधिकारको ब्याख्या गरेका छन् । बाँकी १४ धाराहरु कार्यान्वयन र अनुगमनसँग सम्बन्धित छन् ।

महासन्धिमा उल्लेखित प्रावधानहरुको थप व्याख्या गर्दै बालअधिकारसम्बन्धी महासन्धिअन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरु पनि जारी भएका छन् ः

१) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नतासम्बन्धी इच्छाधिन आलेख, २०००

२) बालबालिकाको बेचबिखन, यौन शोषण र अश्लील चित्रणसम्बन्धी इच्छाधिन आलेख, २०००

३) बालअधिकार हननको उजुरीबारे सञ्चार कार्यविधिसम्बन्धी इच्छाधिन आलेख, २०११

उपर्युक्त इच्छाधिन आलेखहरुमध्ये पहिलो र दोस्रोलाई नेपालले अनुमोदन गरी सकेको छ । नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरुसँग नेपालको कानूनी प्रवधानहरु बाझिएको हदसम्म नेपाली कानूनी प्रावधानहरु अमान्य हुने व्यवस्था रहेको छ । त्यस्तो अवस्थामा ती अन्तर्राष्ट्रिय कानूनका प्रावधानहरु नेपाल कानून सरह लागू हुने व्यवस्था गरिएको छ । त्यसैले नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानूनी प्रावधान मान्ने-नमान्ने वा पालना गर्ने नगर्ने भन्ने राज्यको इच्छामा निर्भर गर्दैन । ती कानूनहरुको परिपालना गर्नु राज्यका सबै अङ्गको दायित्व हो ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि महासन्धिको धारा ४४ बमोजिम सदस्य राष्ट्रको हैसियतले हरेक पाँच वर्षमा पठाउनुपर्ने प्रतिवेदन

ढिलो गरी एकै पटक तेश्रो, चौथो र पाँचौ संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो । सो प्रतिवेदनमाथिको छलफल सन् २०१६ को मे महिना (२०७३ जेठ ४ देखि २१ गतेसम्म) मा संयुक्त राष्ट्र संघको बालअधिकार समितिको बहत्तरौं सत्रमा सम्पन्न भएको थियो । उक्त समितिले राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न परिचालन गर्दै आएको बजेट सीमित भएको टिप्पणी गर्दै बालबालिकाको सर्वोत्तम हित समेटिने गरी विद्यमान बालबालिकासम्बन्धी ऐनमा सुधार गर्न समेत सुझाव दिएको छ । समितिले बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरुमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको समूल अन्त्य गर्न कानूनी व्यवस्था गर्नुपर्ने लगायतका थुप्रै सिफारिस गरेको छ ।

सं.रा.सं.मा नेपालले पठाएको बालबालिकासम्बन्धी महासन्धिको तेस्रो, चौथो र पाँचौ आवधिक राष्ट्रिय प्रतिवेदन तथा इच्छाधिन आलेखहरुको प्रतिवेदनमाथि बालअधिकार समितिले गरेको समापन टिप्पणीहरु समेटेर केन्द्रीय बालकल्याण समितिले पुस्तक प्रकाशन गरेको छ । सं.रा.सं.को बालअधिकार समितिले नेपालको संविधान २०७२ मा बालअधिकारका विषयहरु समावेश भएकोमा प्रशंसा गरेको छ । समापन टिप्पणीमा मुख्यतयाः बालअधिकारसम्बन्धी महासन्धिमा समावेश गरिएका बालबालिकाको परिभाषा, परिचय, विभेद तथा हिंसा, सर्बोत्तम हित, बालबालिकाको विचारको कदर, बालबालिका विरुद्धका हिंसा र क्रुर यातना, दुर्व्यवहार र बेवास्ता, यौनशोषण तथा दुर्व्यवहार, हानिकारक अभ्यास जस्ता विषयमा केन्द्रित भई सुधारात्मक उपाय अपनाउनु पर्ने लगायत बालबालिकासम्बन्धी खण्डीकृत सूचना व्यवस्थापनको विषयलाई प्राथमिकता दिइएको छ । केन्द्रीय बालकल्याण समितिद्वारा समापन टिप्पणीबारे जानकारी तथा सम्बन्धित विषयगत टिप्पणीलाई यथोचित रुपमा सम्बोधन गर्न सम्बन्धित विषयगत मन्त्रालयहरुका प्रतिनिधिसंगको बृहत छलफल कार्यक्रमको आयोजना समेत गरिएको थियो । समापन टिप्पणीको सारांश र टिप्पणीसंग सम्बन्धित हुने मन्त्रालय तथा निकायको विवरण अनुसूचि १ मा दिइएको छ ।

## १.५ बालबालिकासम्बन्धी योजना, नीति, कार्यक्रम तथा संरचनागत व्यवस्था

### १.५.१ योजना तथा कार्ययोजना

चौधौं योजना (२०७३/७४-०७५/७६) मा बालबालिका तथा किशोरकिशोरीको हक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण गर्ने सोच र बालबालिका विरूद्ध हुने सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, क्षति वा दुर्व्यवहारबाट बालबालिका र किशोरकिशोरीलाई संरक्षण गर्ने लक्ष्य लिएको छ । यस योजनाले लिएका उद्देश्यहरुमा - १) बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु, र २) बालबालिका र किशोरकिशोरीउपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु

रहेका छन् । यी उद्देश्यहरुको प्राप्तिका लागि देहायानुसारका रणनीतिहरु र कार्यनीतिहरु अवलम्बन गरिएका छन् :

**रणनीतिः**

१. बालबालिकालाई गर्भावस्थादेखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने ।

२. बालबालिका र किशोरकिशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने ।

३. बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।

४. सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने ।

५. सडक बालबालिकाको उद्धार, संरक्षण, नियन्त्रण गर्ने ।

बालबालिकासम्बन्धी छुट्टै कार्ययोजना तय गर्ने क्रममा नेपाल सरकारले बालबालिकासम्बन्धी प्रथम कार्ययोजनाको रुपमा सन् १९९० को दशकको लागि बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना र दोस्रो कार्ययोजनाको रुपमा सन् २००४-२०१४ को लागि दशवर्षे कार्ययोजना तयार गरी लागू गरिसकेको छ । तेस्रो कार्ययोजना तयारी क्रममा रहेको छ । साथै, शिक्षा, स्वास्थ्य, किशोरकिशोरी लगायत मानव ओसारपसार सम्बन्धी राष्ट्रिय कार्ययोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

### १.५.२ राष्ट्रिय नीति

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समग्र बालअधिकारलाई समेट्दै प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नुलाई बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्देश्यका रुपमा उल्लेख गरिएको छ । नीतिका अन्य उद्देश्यहरू देहायबमोजिम छन्ः

- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
- बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
- आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,
- बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन् ।

### १.५.३ बालबालिका प्रत्यक्ष लाभान्वित हुने केही प्रमुख कार्यक्रम तथा सेवासुविधाहरु

शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रहरु लगायत बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित हुने कार्यक्रम तथा सेवासुविधाहरुबाट बालबालिका लाभान्वित हुने क्रम बढ्दो छ। बालश्रम निवारण कोष, आपत्कालिन बालउद्धार कोष लगायत बालगृह, बाल सुधार गृह, द्वन्द्व पीडित बालबालिकाका लागि सहयोग, सडक बालबालिका मुक्त अभियान कार्यक्रम, विद्यालय बिमुख किशोरीको बहुआयामिक विकास जिल्लास्तरीय कार्यक्रम, “सुनौला हजार दिन आयोजना-पोषणका लागि समुदायको क्रियाशिलता” आयोजना, सामुदायिक रेखदेखमा सङ्कटापन्न बालबालिकाको पारिवारिक संरक्षण सेवा, बालविवाह, बालयौन शोषण विरुद्धका सचेतना कार्यक्रम, एकीकृत बालस्वास्थ्य एवम् पोषण कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम, निःशुल्क औषधी तथा उपचार सेवा जस्ता व्यवस्थाहरुबाट बालबालिका लाभान्वित भएका छन् भने विद्यालय दिवा खाजा कार्यक्रम, निःशुल्क विद्यालय पाठ्यपुस्तक वितरण, २५ भन्दा बढी विविध किसिमका छात्रवृत्तिहरु (आवासीय र गैरआवासीय), निजामति कर्मचारीका सन्ततीका लागि छात्रवृत्ति लगायतका कार्यक्रमहरुबाट बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यसैगरी गैरसरकारी संस्था लगायत विभिन्न विकासका साझेदार संस्थाहरुबाट समेत बालबालिका प्रत्यक्ष र अप्रत्यक्ष रुपबाट लाभान्वित हुने विभिन्न कार्यहरु भइरहेका छन् । यससम्बन्धी मन्त्रालयगत विवरण अनुसूचि २ मा दिइएको छ ।

**बालकेन्द्रीत सेवाहरु बारे केन्द्रीय बालकल्याण समितिले** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको समन्वय र अन्य सरकारी तथा गैरसरकारी निकायहरुको सहयोगमा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन बमोजिम काठमाडौं उपत्यकालाई सडक बालबालिका मुक्त बनाउने अभियान सञ्चालन गरिरहेको छ र यो अभियान अन्य प्रमुख शहरहरुमा विस्तार गर्ने कार्यक्रम रहेको छ । बालअधिकार संरक्षणसम्बन्धी व्यापक चेतना जागरण गर्ने, सम्बद्ध मन्त्रालयहरुसँग बालअधिकारका विषयमा समन्वय तथा सहजीकरण गर्ने कार्यलाई पनि समितिले निरन्तर अघि बढाइरहेको छ। आपत् तथा जोखिममा परेका बालबालिकाको उद्धार तथा उनीहरुलाई सहयोग, बालगृह अनुगमन, बालबालिकासम्बन्धी घटना व्यवस्थापन, सरोकारवाला निकायको क्षमता अभिबृद्धि, बालबालिका खोजतलास समन्वय केन्द्र निःशुल्क फोन नं. १०४ सञ्चालन तथा व्यवस्थापनजस्ता कार्यलाई पनि निरन्तरता दिइएको छ। जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, संरक्षण, सहयोगका लागि बाल हेल्पलाइन नं. १०९८ (दश नौ आठ) सञ्चालन तथा व्यवस्थापन सहयोग र सुदृढीकरण, धार्मिक संघ संस्थामा आवासीय रुपमा रहेका बालबालिकाको तथ्याङ्क संकलन तथा अनुगमन, बालविवाह रोकथाम तथा न्यूनीकरण, बालबालिका बेचविखन तथा ओसारपसार रोकथाम तथा न्यूनीकरण, कर्णाली अञ्चललगायत पिछडिएका क्षेत्रमा बालअधिकार

सचेतना अभिवृद्धि कार्यक्रम जारी रहेको छ । यसैगरी, स्थानीय तहमा बाल अधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा, बालबालिका सम्बन्धी घटना व्यवस्थापनको विषयमा सहजीकरण गरिरहेको छ ।

संघीय संरचनाको बर्तमान परिवर्तित परिप्रेक्ष्यमा बालबालिकाको विषयलाई स्थानीय विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने लक्ष्यका साथ बालअधिकारको दृष्टिकोणबाट स्थानीयतहको योजना तर्जुमा विधिबारे गत आर्थिक वर्षमा सातवटा प्रदेशका २६ जिल्लाका तत्कालिन २६० स्थानीय निकाय तथा जिल्लास्थित कार्यालयका ९८८ जना कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमूखीकरण गरिसकिएको छ र यो प्रयास निरन्तर रहनेछ । यसैगरी बालबालिकासम्बन्धी विविध घटना लगायत खासगरी बालहिंसाको घटना व्यवस्थापन व्यवस्थित गरी बालसंरक्षण विषयलाई सरल र छिटो छरितो तरिकाले सम्बोधन गर्नका लागि जिल्लास्तरमा तालिम सञ्चालन गर्ने कार्य चलिरहेको छ । यो प्रयास स्थानीय तहसम्म सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

बालसंरक्षण र बालसंवेदनशीलता अभिवृद्धि सम्बन्धी प्रदेश - १ का विभिन्न सरकारी निकायहरुका लागि २०७३ पौष ५ र ६ गते दुई दिने कार्यशालाको आयोजना गरिएको थियो । यस कार्यशालाबाट १० बुँदे घोषणापत्र समेत जारी गरी बालसंरक्षण र बालसंवेदनशीलताप्रति जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला बालकल्याण समिति, जिल्ला विकास समिति, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय लगायतका कार्यालय प्रमुख तथा प्रतिनिधिहरुबाट देहाय बमोजिमका १० वटा बुँदाहरुमा प्रतिवद्धता जाहेर गरिएको छ :

१. *बालविवाह, बालयौनशोषण र बालबालिका प्रतिको दुर्व्यवहार, बालश्रम, सडक बालबालिका, राजनैतिक क्रियाकलाप लगायत कुनै पनि बहानामा हुने बालबालिकाको प्रयोग, सीमानामा सामान ओसारपसार कार्यमा बालबालिकाको प्रयोग, कुलत, अनुशासनका नाममा बालबालिकालाई दिइने सजाय, अभिभावक विहीन, जोखिममा रहेका बालबालिका लगायतका बालसंरक्षण सम्बन्धी सरोकारका विषयहरुलाई नियन्त्रण, न्यूनीकरण तथा व्यवस्थापन गर्ने,*

२. *विभिन्न अवस्थाबाट पीडित, प्रभावित हुन पुगेका बालबालिकालाई तत्काल संरक्षण तथा बालमैत्री सेवा प्रवाह गर्ने,*

३. *बालबालिकाको उमेर अनुसारको संवेदनशीलताका अतिरिक्त बालिकाहरुको विशेष आवश्यकता, शारीरिक, मानसिक अपाङ्गता भएका बालबालिकाको विशेष आवश्यकता, यौनिक अल्पसंख्यकहरुको विशेष आवश्यकतालाई ध्यान दिई सेवा प्रवाह गर्ने,*

४. *बालअधिकार प्रवर्द्धन तथा बालबालिकाप्रति हुने हिंसा दुर्व्यवहार विरुद्ध अभिभावक तथा समुदायलाई बालबालिका प्रतिको दायित्व निर्वाह लगायतका सम्बन्धमा स्थानीय तहसम्म पुग्ने गरी स्थानीय भाषामा समेत सचेतना अभिवृद्धि अभियान सञ्चालन गर्ने,*

५. *बालसंवेदनशीलता अभिवृद्धिका लागि सबैतहका निकायहरुमा सचेतना, क्षमता अभिवृद्धि, विद्यमान संरचनाहरूको सुदृढीकरण, बालबालिका परिलक्षित सेवासुविधाको प्रवाह, कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् योजना तर्जुमादेखि श्रोत विनियोजनसम्म बालसंवेदनशीलतालाई बढाउने,*

६. *जिल्लामा बालबालिकाको हित संरक्षणका लागि उपलब्ध सरकारी तथा गैरसरकारी श्रोतहरुको एकीकृत परिचालनका लागि आवश्यक समन्वय गर्ने*

७. *बालबालिकाप्रति संवेदनशील भई बालअधिकारको संरक्षण प्रवर्द्धन गर्न गरिएका असल अभ्यासहरुलाई विस्तार गर्ने,*

८. *बालअधिकार प्रवर्द्धन गर्नुका साथै कुनै पनि सार्वजनिक समाचार, टिप्पणीमा बालबालिकाको गोपनीयताको अधिकारलाई उच्च प्राथमिकतामा राख्न सञ्चार माध्यमसँग सहकार्य गर्ने,*

९. *बालबालिकासम्बन्धी सूचना, तथ्याङ्क, जानकारीलाई एकीकृत र व्यवस्थित गर्ने,*

१०. *बालअधिकारको संरक्षणका लागि राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखी आआफ्नो क्षेत्रमा क्रियाशील हुन आह्वान गर्ने ।*

विस्तृत अनुसूचि ३ मा दिइएको छ ।

२०७२ साल बैशाख १२ गतेको भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरुका बालबालिकाका लागि सहयोग तथा घटना व्यवस्थापनसम्बन्धी कार्यक्रम २०७२ साल असारदेखि चलिरहेको छ । यसबाट ४७,५७० बालबालिकाको विवरण संकलन भई प्राथमिकताका आधारमा २०७४ साल असार मसान्तसम्म जिल्ला बालकल्याण समितिहरु मार्फत् जम्मा १५०३४ जना र विकासका साझेदार संस्थाहरुबाट ८,२२२ जना गरी कूल २३,२५६ जना बालबालिका प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यसमध्ये जिल्ला बालकल्याण समितिबाट सोझै २,६५१ जनाले र साझेदार संस्थाहरुबाट १५७९ जनाले दुवै वर्षहरुमा सहयोग पाएका थिए ।

२०५२ देखि २०६२ सालसम्म चलेको आन्तरिक द्वन्द्वबाट प्रभावित बालबालिकाको सहयोगार्थ शान्ति तथा पुनर्निर्माण मन्त्रालय, शान्ति कोष सचिवालयको आर्थिक सहयोगमा २०७२ साल पुसदेखि ताप्लेजुङदेखि बझाङसम्म जम्मा २० जिल्लामा सञ्चालनमा रहेको परियोजना २०७४ असार मसान्तमा सम्पन्न भएको छ । यसबाट जम्मा १०,४९९ जना बालबालिका तथा परिवार प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् ।

केन्द्रीय बालकल्याण समितिबाट बालबालिकासम्बन्धी विविध प्रकाशनहरु गर्ने क्रममा आ.व. २०७३/०७४ को अवधिमा निम्न सामग्रीहरु प्रकाशित भएका छन्ः

१. विपद् र बालबालिकाः तनाब कम गराउने क्रियाकलाप
२. बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सहयोगी पुस्तिका २०७३
३. आवासीय बालगृहहरुको विवरण
४. स्थानीय तह र बालसंरक्षण
५. ईट्टा उद्योग र बालश्रम (हाते पुस्तिका)
६. बालश्रम मुक्त सामग्री तथा सेवा प्रयोग गर्ने सम्बन्धी (हाते पुस्तिका)
७. घटना व्यवस्थापन प्रक्रिया (हाते पुस्तिका)
८. सडक बालबालिकाका लागि संचालित सम्पर्क गृह कार्यसञ्चालन पुस्तिका
९. सडक बालबालिकाका लागि सञ्चालित सामाजिकीकरण केन्द्र कार्यसञ्चालन पुस्तिका
१०. सञ्चार माध्यममा प्रकाशित बालबालिकासम्बन्धी विभिन्न घटनाहरुको विश्लेषण चौमासिक रुपमा (२०७३ साउनदेखि २०७३ कार्तिकसम्म)
११. सञ्चार माध्यममा प्रकाशित बालबालिकासम्बन्धी विभिन्न घटनाहरुको विश्लेषण चौमासिक रुपमा (२०७३ मङ्सिरदेखि २०७३ फागुनसम्म)
१२. जिल्ला बालकल्याण समितिः संक्षिप्त जानकारी
१३. बालबालिकासँग सम्बन्धित केही तथ्याङ्कहरु पहिले र अहिले
१४. बालदिवससम्बन्धी (हाते पुस्तिका)
१५. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन
१६. सं.रा.सं.मा नेपालले बुझाएको बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदनहरुमाथिको समापन टिप्पणी
१७. बालश्रम तथा दुर्व्यवहारबाट बचौं र बचाऔं
१८. सञ्चार माध्यममा प्रकाशित बालबालिकासम्बन्धी विभिन्न घटनाहरुको विश्लेषण वार्षिक अंक (२०७३ साउनदेखि २०७४ असारसम्म)
१९. निर्वाचनमा बालबालिकाको प्रयोग नगरौं (हाते पुस्तिका)
२०. धार्मिक संस्थामा आवासीय रुपमा आश्रित बालबालिकासम्बन्धी अध्ययन
२१. बालमैत्री विकास अवधारणा र अभ्यास
२२. नेपाल सरकारका विभिन्न मन्त्रालय र मातहत निकायबाट बालबालिकालाई प्रत्यक्ष सहयोग पुग्ने गरी संचालित कार्यक्रमहरुको चिनारी

केन्द्रीय बालकल्याण समितिले यस वर्षदेखि बालबालिकासंग सम्बन्धित हरेक क्षेत्रको सूचना तथा जानकारी एकीकृत एवम् व्यवस्थित गर्ने र यसप्रति चासो राख्ने सबै व्यक्ति तथा संस्थाहरुका लागि

जानकारी दिने उद्देश्यले नेपालमा बालबालिकासम्बन्धी विविध तथ्य, प्रतिवेदन र जानकारीमूलक सूचना सामग्रीहरु समाविष्ट बालबालिकासम्बन्धी ई-पोर्टल निर्माण गरेको छ । विस्तृत जानकारी अनुसूचि ४ मा दिइएको छ ।

केन्द्रीय बालकल्याण समितिले नेपाल पत्रकार महासंघसंगको सहकार्यमा आ.व २०७३/०७४ देखि बालअधिकार संरक्षण तथा सम्वर्द्धनको विषयमा रिपोर्टिङ्ग गर्नुहुने उत्कृष्ट पत्रकारहरुलाई सम्मान गर्ने उद्देश्यका साथ **बालसंवेदनशील राष्ट्रिय पत्रकारिता पुरस्कार** स्थापना गरेको छ । उक्त पुरस्कारबाट छापा माध्यम र रेडियो पत्रकारिता माध्यममा बालअधिकार संरक्षण तथा सम्वर्द्धनको विषयमा उत्कृष्ट कार्य गर्ने ९ जना पत्रकारहरुलाई पुरस्कृत गरिएको थियो । **बालसंवेदनशील सामुदायिक रेडियो राष्ट्रिय पुरस्कार** समेत स्थापना गरी एउटा सामुदायिक रेडियोलाई सम्मान गरेको थियो । आगामी वर्षमा यो निरन्तर रहनेछ ।

### १.५.४ संरचनागत व्यवस्था

नेपाल सरकारले मन्त्रालयस्तरदेखि विभाग, जिल्ला, नगर र गाउँस्तरसम्मका संस्थागत संरचनामा बालबालिका विषय सम्बोधन गर्नका लागि विभिन्न व्यवस्था गरेको छ । केन्द्रीय बालकल्याण समिति लगायत ७५ वटै जिल्लामा जिल्ला बालकल्याण समिति रहेका छन् । केन्द्रीय बालन्याय समन्वय समिति र सबै जिल्लामा जिल्ला बालन्याय समन्वय समितिहरू क्रियाशील रहेका छन् । यसैगरी नेपाल प्रहरी प्रधान कार्यालयमा महिला तथा बालबालिका सेवा निर्देशनालय र ७५ वटै जिल्लामा महिला तथा बालबालिका सेवा केन्द्र क्रियाशील छन् । बालअधिकार हननका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारवाही गर्न तथा बालबालिकाको आपतकालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित बाल हेल्पलाइन निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकीकृत सेवालाई ११ जिल्लामा विस्तार गरिएको छ । जसबाट ६० भन्दा बढी जिल्लाका घटनालाई सम्बोधन गर्न सकिएको छ । हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालनमा रहेको छ र यो ५६ जिल्लामा विस्तार भैसकेको छ । विविध किसिमका बालबिजाइँमा परी कानूनी सजाय भोग्नु परेका बालबालिकाका लागि भक्तपुर, कास्की र मोरङ जिल्लामा बाल सुधार गृह सञ्चालन भइरहेका छन् भने नेपालगञ्जमा निर्माणाधिन अवस्थामा रहेको छ । बालबालिकासम्बन्धी कार्यमा केन्द्रित रही विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र हजारौं गैरसरकारी संस्थाहरु काम गरिरहेका छन् । यसैगरी देशभर करिब २३ हजार बालक्लबहरु सक्रिय रहेका छन् । यस अतिरिक्त, बालसंरक्षणमा विशेष जोड दिन गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उप-समितिहरु पनि क्रियाशील रहेका छन् ।

### १.६ राष्ट्रिय वार्षिक विकास बजेट र केही मन्त्रालयहरुको बालबालिकासम्बन्धी बजेट स्थिति

संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, सन् १९८९ लाई अनुमोदन गरे पश्चात् बालबालिकाको अधिकार संरक्षणका लागि कानून, नीति, योजना, संस्थागत संरचना, कार्यक्रम एवम् बजेट व्यवस्थापनमा निरन्तर सुधार हुँदै आएको छ । नेपालको राष्ट्रिय प्रतिवेदनमाथि संयुक्त राष्ट्रसंघको बालअधिकार समितिले सन् १९९६ देखि बालबालिकासम्बन्धी खण्डीकृत सूचनाको व्यवस्था हुनुपर्ने, बालबालिकासंग सम्बन्धित कार्यक्रमहरुमा बजेट बढाउनु पर्ने सुझावहरु दिँदै आएको छ ।

सरकारी स्तरबाट राष्ट्रिय वार्षिक बजेटमा बालबालिकासम्बन्धी कार्यक्रमको बजेट विश्लेषण गर्ने गरेको देखिँदैन । विगतका केही वर्षदेखि नेपालमा नागरिक समाजले वार्षिक रुपमा बालबालिका केन्द्रित बजेटको विश्लेषण गर्दै आएको छ । विगतका वर्षमा बालबालिकाका निम्ति प्रमुख मानिएका ६ मन्त्रालयहरुको बजेटलाई विश्लेषण गर्दै आइएकोमा यस वर्ष गृह मन्त्रालयसमेत थप गरी ७ वटा मन्त्रालयको[१] बजेटहरुको विश्लेषण गरेको देखिन्छ । यस विश्लेषणमा अर्थ मन्त्रालयले प्रत्येक आर्थिक वर्षहरुमा प्रकाशन गर्ने रातो किताबलाई मुख्य आधार मानेको छ । आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्मको वार्षिक बजेटको विश्लेषणमा कूल वार्षिक बजेटमध्ये ७ वटा मन्त्रालयहरुमा विनियोजित बजेट र सो अन्तर्गत बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको स्थिति तालिका १ मा प्रस्तुत गरिएको छ ।


तालिका १ः सातवटा मन्त्रालयहरुको बजेट र सो अन्तर्गत बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको स्थिति

| आर्थिक वर्ष | कूल बजेटमा ७ वटा मन्त्रालयको बजेट प्रतिशत | बालबालिकासम्बन्धी बजेट प्रतिशत |
|---|---|---|
| २०७०/०७१ | ३८.८१ | १६.९२ |
| २०७१/०७२ | ३५.४८ | १४.२० |
| २०७२/०७३ | ३५.५५ | १५.१२ |
| २०७३/०७४ | ३३.०४ | १२.६२ |
| २०७४/०७५ | १८.७६ | ४.८५ |

*स्रोतः नेपालको बजेटमा बाल संवेदनशीलताः एक विश्लेषण - २०१७, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)*

१ *शिक्षा, स्वास्थ्य, संमास्थावि, मबासक, श्रम तथा रोजगार, शान्ति तथा पुनर्निर्माण र गृह मन्त्रालय ।*

ग्राफ १ः वार्षिक कूल बजेटमा सातवटा मन्त्रालयहरुबाट बालबालिकासम्बन्धी कार्यक्रममा विनियोजित बजेटको प्रतिशत




नेपाल सरकार बालबालिकाको विकास र अधिकारप्रति संवेदनशील हुँदाहुँदै पनि बालबालिकासंग सम्बन्धित कार्यक्रमका लागि विनियोजन गरिएको बजेटको अंशभार भने उत्साहवर्द्धक देखिएको छैन ।

## १.७ दीगो विकास लक्ष्यहरु र बालबालिका

सहस्राब्दी विकास लक्ष्यहरु अनुसार सन् २०१५ सम्मका लागि तोकिएका सूचक तथा परिलक्ष्यहरुमा प्राथमिक शिक्षा र शिक्षामा छात्रा र छात्रको अनुपात, पाँच वर्षमूनिको बाल मृत्युदर, शिशु मृत्युदर, नवजात शिशु मृत्युदरमा उल्लेखनीय सुधार भएको थियो । सहस्राब्दी विकास लक्ष्यहरुपछि सन् २०३० सम्मका लागि तयार भएको दीगो विकास लक्ष्यहरुमा बालबालिकासम्बन्धी सूचक र परिलक्ष्यहरु निम्नानुसार प्रस्तुत राहेको छ :

सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्यको समयावधि लगत्तै विश्वमा दीगो विकास लक्ष्य (सन् २०१६ - २०३०) निर्धारण गरिएको छ। जस अन्तर्गत तय गरिएका १७ वटा लक्ष्यहरुमध्ये बालबालिकासम्बन्धी मुख्य सूचक, स्थिति र परिलक्ष्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २ः बालबालिकासंग सम्बन्धित दीगो विकास लक्ष्यहरु - सूचक, स्थिति र परिलक्ष्य (सनूमा)

| लक्ष्य र सुचकहरु | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० | श्रोत |
|---|---|---|---|---|---|---|
| १.२.१ गरिबीको रेखामुनी रहेको जनसंख्या | २१.६e | १७.१ | १३.८ | १०.५ | ४.९ | NPC(2016) |
| १.३.१ सामाजिक सुरक्षामा खर्च हुने जम्मा बजेट | ११f | १२.१ | १२.९ | १३.७ | १५ | MOF (2015) |
| २.१.१ कुपोषण | ३६.१a | २७.३ | २०.६ | १४ | ३ | NPC (2016) |
| २.२.१ तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका | २७e | २२.६ | १७.८ | १३ | ५ | NDHS(2016) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.२.२ | उमेर अनुसार उचाइ नपुगेका पाँच वर्षमुनिका बालबालिका | ३६e | ३२ | २६.७ | २२.३ | १५ | NDHS(2016) |
| २.२.३ | उचाइ अनुसार तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका | १0e | ९.१ | ७.४ | ५.८ | ३ | NDHS(2016) |
| २.२.६ | रक्त अल्पता लागेका पाँच वर्षमुनिका बालबालिका | २२.६ | १८.२ | १४.८ | ११.५ | ६ | |
| २.२.७ | न्यूनतम खानाबाट प्राप्त हुने आहार उपभोग गरिरहेका ६ देखि २३ महिनासम्मका बालबालिका | ३२.३ | २५.८ | २१ | १६.१ | ८ | |
| ३.१.१ | मातृ मृत्युदर (प्रति १ लाख जन्मदरमा) | २५८a | १४५ | १०६ | ८६ | ६९ | NDHS(2011) |
| ३.१.२ | दक्ष प्रसुतिकर्ताद्धारा जन्मदर | ५८s | ६८.५ | ७३ | ७९ | ९० | NDHS(2016) |
| ३.२.१ | पांच वर्षमुनिका मृत्युदर (प्रति १००० जन्मदरमा) | ३९s | ३० | २८ | २६ | २२ | NDHS(2016) |
| ३.२.२ | शिशु मृत्युदर (प्रति १००० जन्मदरमा) | २३s | २० | १७ | १४ | १० | NDHS(2016) |
| ३.३.६.१ | झाडापखालाका घटना (प्रति १००० मा पांच वर्षमुनिका बालबालिका) | ५०१g | ३६७ | २६७ | १६७ | ० | MoHP-DoHS(2014) |
| ३.३.६.२ | अन्तिम दुई हप्तामा झाडापखाला लागेका पांच वर्षमुनिका बालबालिका) | १२g | ८.८ | ६.४ | ४ | ० | MoHP-DoHS(2014) |
| ३.८.१.६ | एन आइ एस द्वारा सञ्चालित सम्पूर्ण खोप (Measles, BCG, OVP3, DPT3, HepB3 etc) प्राप्त गरिसकेका १२ देखि १३ महिनाका बालबालिका । | ८४.५c | ८८.६ | ९१.७ | ९४.८ | १०० | CBS(2014) |
| ४.१.१ | प्राथमिक विद्यालयमा खुद भर्नादर | ९६.६a | ९८.५ | ९९ | ९९ | ९९.५ | MoF (2014) |
| ४.१.२ | प्राथमिक शिक्षा पूरा गरिसकेका बालबालिका | ८७.५a | ९०.७ | ९३.१ | ९५.५ | ९९.५ | MoF (2014) |
| ४.१.३ | एक कक्षामा भर्ना भइ निरन्तर कक्षा ८ सम्म गएका बालबालिकाको अनुपात | ७६.६a | ८१.५ | ९२ | ९३ | ९५ | MoF (2014) |
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म गएका बालिका | १.०४a | १.०३ | १.०२ | १.०१ | १ | MoF (2014) |
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा १२ सम्म गएका बालिका | १.१a | १.०४ | १.०३ | १.०२ | १ | MoF (2014) |
| ४.१.९ | सिकाई उपलब्धि/प्राप्ताङ्क (गणित, नेपाली र अंग्रेजी) | ५५.६b | ६०.८ | ६४.६ | ६८.५ | ७५ | NPC(2016) |
| ४.१.१० | माध्यमिक शिक्षामा जम्मा भर्ना (कक्षा ९देखि १२) | ५६.७c | ७२ | ९० | ९५ | ९९ | MoE(2016) |
| ४.२.१ | पूर्व प्राथमिक शिक्षाका लागि अनुदान (संख्या,"०००) | ५०६a | १०३८ | १४३७ | १८३५ | २५०० | MoF (2014) |
| ४.२.२ | दिवा खाजा कार्यक्रम | १७ | ३१ | ४१ | ५१ | ६८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२.३ | पूर्व बालविकास शिक्षामा उपस्थित (जम्मा भर्ना) | ८१.0c | ८५.८ | ८९.४ | ९३ | ९९ | MoE(2016) |
| ४.३.१ | प्राविधिक र व्यवसायिक शिक्षामा छात्राको भर्ना अनुपात | ०.५३ | ०.६६ | ०.७५ | ०.८४ | १ | |
| ४.३.२ | स्नातक तहसम्म भर्ना भएका छात्राको अनुपात | १.०५g | १.०४ | १.०४ | १.०३ | १.०२ | UGC(2015) |
| ४.३.३ | छात्रवृत्ति प्राप्त गरेका जम्मा विद्यार्थी प्रतिशत | ३७a | ३८.३ | ३९.३ | ४०.३ | ४२ | MoF (2014) |
| ८.७.१ | जोखिमपूर्ण अवस्थामा काम गरेका बालबालिका | ३0d | २२ | १६ | १० | ० | NPC(2016) |
| १०.४.३ | सामाजिक सुरक्षा प्राप्त गरेका जनसंख्या (प्रतिशत) | १८h | १८.५ | १८.९ | १९.३ | २० | NPC (2016) |
| ११.१.१ | सुकुम्बासी एवम् ऐलानी बस्तीमा बसोबास गर्ने जनसंख्या (हजारमा) | ५००a | ४०० | ३२५ | २५० | १२५ | NPC (2016) |
| १६.२.१ | विगत एक महिनाभित्र मानसिक वा शारीरिक सजाय भोगेका १ देखि १४ वर्ष सम्मका बालबालिका (प्रतिशत) | ८१.७b | ६० | ४४ | २७ | ० | CBS(2014) |
| १६.२.३ | मानव बेचविखनमा परेका बालबालिका संख्या | ६४c | ४७ | ३४ | २१ | ० | NHC(2014) |
| १६.९.१ | जन्मदर्ता (पाँच वर्षमुनिका जन्मदर्ता गरिएका बालबालिका) | ५८.१ | ६६ | ७९ | ८६.९ | १०० | |

*स्रोतः राष्ट्रिय योजना आयोग, २०७३/०७४*

### १.८ आमसञ्चार माध्यममा प्रकाशमा आएका बालहिंसासम्बन्धी घटना

बालबालिकासम्बन्धी घटनाहरु विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रकाशित हुने क्रम बढ्दो छ । केन्द्रीय बालकल्याण समितिले २०७२ सालदेखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका बालबालिका सम्बन्धी विभिन्न घटनालाई विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ । २०७३ साल साउनदेखि २०७४ असार मसान्तसम्म छापा माध्यम अन्तर्गत केन्द्रीयस्तरबाट प्रकाशन हुने दैनिक पत्रपत्रिकाहरु, अनलाईन पोर्टलहरुका समाचारलाई प्रमुख आधार बनाई बालसंरक्षणसँग सम्बन्धित घटनाहरुलाई समेटेर विश्लेषण गरिएको छ । भौगोलिक विकटता र सामाजिक परिवेशका कारण सञ्चार माध्यमसम्म जानकारीमा नआएका वा सञ्चार माध्यमले समेट्न नसकेका कतिपय घटनाहरु अझैं ओझेलमा नै रहेका हुनसक्छन् । सङ्कलित बालअधिकार हननका विभिन्न घटना र प्रभावित बालबालिकाको संख्या देहाय बमोजिम प्रस्तुत गरिएको छ । जसले बालबालिकाको अवस्थाका केही पक्षहरुको झलक दिन्छ ।

#### (१) घटना संख्या र बालबालिका

यस आ.व. २०७३/०७४ मा सञ्चार माध्यमबाट प्रकाशमा आएका विभिन्न २ सय ५१ वटा घटनाहरुलाई विश्लेषण गरिएको छ। उक्त घटनाहरुमा ४ सय १२ जना बालबालिका प्रभावित भएका

छन् । सबैभन्दा बढी यस आ.व.को अन्तिम अवधि (२०७३ चैतदेखि असार मसान्तसम्म) मा ९२ वटा घटनाहरुमा १ सय ६९ जना बालबालिका पीडित भएका छन् ।

तालिका ३ः आ.व. २०७३/०७४ मा भएका बालअधिकार हननूका घटना र प्रभावित बालबालिका


| अवधि | घटना संख्या | प्रभावित बालबालिका |
|---|---|---|
| साउनदेखि कार्तिक | ८७ | १२६ |
| मङ्सिरदेखि फागुन | ७२ | ११७ |
| चैतदेखि असार | ९२ | १६९ |
| **जम्मा** | **२५१** | **४१२** |

जम्मा ४ सय १२ जना पीडित बालबालिकामध्ये ३० प्रतिशत (१ सय ७२ जना) बालक र ७० प्रतिशत (२ सय ४० जना) बालिका रहेका छन् ।

(२) **घटनाको प्रकृतिः**

प्रकृतिका आधारमा २ सय ५१ वटा घटनाहरुबाट प्रभावित ४ सय १२ जना बालबालिकालाई विभिन्न नौ वटा समूहमा वर्गीकरण गरिएको छ । जस अन्तर्गत बलात्कार, मृत्यु/हत्या, आत्महत्या, बालविवाह, बालश्रम, कुपोषण, गर्भपतन, शारीरिक दण्ड सजाय, ओसारपसार र अपहरण रहेका छन् ।

ग्राफ २ : आमसञ्चार माध्यममा प्रकाशित बालहिंसाको घटना, २०७३/०७४




यस आ.व. २०७३/७४ मा सबैभन्दा बढी बलात्कारको घटनाबाट २३ प्रतिशत (९६ जना) बालिका पीडित भएका छन् । त्यसैगरी बालविवाह १६ प्रतिशत (६६ जना), आत्महत्या १६ प्रतिशत (६४ जना) मृत्यु तथा हत्या १२ प्रतिशत (४९ जना), कुपोषण १२ प्रतिशत (४७ जना), गर्भपतन

७ प्रतिशत (३०जना), बालश्रम ६ प्रतिशत (२५ जना), र शारीरिक दण्ड तथा सजाय ४ प्रतिशत (१८ जना) रहेका छन् ।

**(क) बालयौन दुर्व्यवहार र बलात्कार**

यस अवधिमा विभिन्न सञ्चार माध्यममा ९६ जना बालिका बलात्कार भएका घटनाहरु प्रकाशमा आएका छन् । यसमध्ये अन्तिम चौमासिकमा ५० प्रतिशत (४८ जना) बालिका र दोस्रो चौमासिक ३० प्रतिशत (२८ जना) र प्रथम चौमासिकमा २० प्रतिशत (२० जना) बालिका बलात्कार भएका छन् । बलात्कारका घटनाहरुमध्ये सामूहिक बलात्कारबाट २४ प्रतिशत (२२ जना) बालिका पीडित भएको समाचार प्रकाशमा आएका छन् । उमेर समूहको आधारमा सबैभन्दा सानो १५ महिने बालिका बलात्कार भएको पाइएको छ, यसैगरी सबैभन्दा बढी संख्यामा १० देखि १७ वर्ष उमेरका ५५ प्रतिशत (५२ जना), ५ देखि १० वर्ष उमेरका ३३ प्रतिशत (३३ जना) तथा ५ वर्षभन्दा मुनिका १२ प्रतिशत (११ जना) बालिका बलात्कृत भएका छन् भने उमेर नखुलेका ६ प्रतिशत रहेको छ । यस्ता घटनाहरु ४६ जिल्लामा घटेको अभिलेख गर्न सकिएको छ ।

**तालिका ४: बालयौन दुर्व्यवहार र बलात्कारबाट पीडित बालबालिकाको जिल्लागत विवरण**

| **जिल्ला** | **बालबालिका संख्या** |
|---|---|
| सिन्धुली | ७ |
| झापा, दोलखा र भक्तपुरमा ५/५ जना बालिका | १५ |
| सप्तरी | ४ |
| काठमाडौं, धादिङ, नवलपरासी, लमजुङ, जाजरकोट, धनुसा र रौतहटमा ३/३ जना बालिका | २१ |
| पाँचथर, कैलाली, उदयपुर, चितवन, कञ्चनपुर, खोटाङ, उदयपुर ताप्लेजुङ ललितपुर नुवाकोट कास्की धनुषा मुस्ताङ, पर्सा, बारामा २/२ जना बालिका | ३० |
| रुकुम, बाग्लुङ, रामेछाप, महोत्तरी, सिराहा, मोरङ, काभ्रे, रुपन्देही, ईलाम, सूर्खेत, बाँके, बझाङ, दाङ, पाल्पा, बैतडी, सोलुखुम्बु, संखुवासभा, सुनसरी, र रोल्पामा १/१ जना बालिका | १९ |
| **जम्मा** | **९६** |

सो घटनाहरुलाई विश्लेषण गर्दा बालिकाहरुमध्ये सबैभन्दा बढी छिमेकीबाट ४५ प्रतिशत (४३ जना) बलात्कृत भएका छन् । त्यसैगरी चिनजानको व्यक्तिबाट २९ प्रतिशत (२८ जना), आफ्नै बुबाबाट १३ प्रतिशत (१२ जना), शिक्षकबाट ७ प्रतिशत (७ जना) र घरेलु श्रमिकलाई मालिकबाट ६ प्रतिशत (६ जना) बालिका बलात्कृत भएका छन् ।

९६ जना बालिका पीडित भएका घटनाहरुमा पीडकका रुपमा १ सय २१ जना व्यक्तिहरु रहेको देखिएको छ । जसमध्ये १८ वर्षमुनिका ३४.७ प्रतिशत (४२ जना) बालक बलात्कारमा संलग्न

भएको देखिन्छ। यस अवधिमा ९ जना बालकले मोबाइलमा अश्लील सामग्री देखाएर बालिकालाई बलात्कार गरेको घटना समेत पाइएको छ।

(**ख**) **मृत्यु, हत्या, दुर्घटना र आत्महत्या**


यस आ.व.को अवधिमा विभिन्न कारणले गर्दा ४९ जना बालबालिकाको मृत्यु भएको घटना प्रकाशमा आएका छन्। अन्तिम चौमासिकमा मात्रै ३० जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने दोस्रो चौमासिकमा १३ जना र पहिलो चौमासिकमा ६ जनाको मृत्यु भएको छ।

मृत्यु भएका ४९ जना बालबालिकामध्ये मध्ये ५९ प्रतिशत (२९ जना) बालबालिकाको हत्या भएको छ भने ४१ प्रतिशत (२० जना) बालबालिकाको सडक दुर्घटनाबाट मृत्यु भएको देखिन्छ। लैङ्गिकरुपमा हेर्दा ५५ प्रतिशत (२७ जना) बालक र ४५ प्रतिशत (२२ जना) बालिकाको मृत्यु भएको छ। उमेर समूहको आधारमा विश्लेषण गर्दा ५ वर्ष सम्मको १० प्रतिशत (५ जना), ६ देखि १० वर्षको ३७ प्रतिशत (१८ जना) र ११ देखि १८ वर्षको ५३ प्रतिशत (२६ जना) बालबालिकाको मृत्यु (हत्या र सडक दुर्घटना) भएको देखिन्छ।

लैङ्गिक रूपमा विश्लेषण गर्दा आत्महत्या गर्नेमा बालिका बढी रहेको पाइएको छ। जसमा बालक ३६ प्रतिशत (२३ जना) र बालिका ६४ प्रतिशत (४१ जना) रहेका छन्। जिल्लागत रुपमा हेर्दा सिरहा, पर्सा, झापा, ताप्लेजुङ, रुकुम, संखुवासवा, बागलुङ र गोरखा लगायतका जिल्ला रहेका छन्। जसमा ११ देखि १४ वर्ष उमेर समूहका ९ बालिका र ४ बालक गरी १३ जना (२० प्रतिशत) बालबालिका, १५ देखि १६ वर्ष उमेर समूहका १४ बालिका र ९ बालक गरी २३ जना (३६ प्रतिशत) बालबालिका  र १७ देखि १८ वर्ष उमेर समूहका १८ बालिका र १० बालक गरी जम्मा २८ जना (४४ प्रतिशत) गरी ६४ जना बालबालिकाले आत्महत्या गरेको देखिन्छ। आत्महत्या गर्ने ती बालबालिकाहरु मध्ये एक जना बालकले मोबाइलमा फिल्म हेरेर त्यसबाट प्रभावित भई आत्महत्या गरेको पनि बताइएको छ।

(**ग**) **बालविवाह**

सुचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने स्वरुपमा परिवर्तन आएको देखिन्छ। विगतमा मागी बालविवाह हुने गरेकोमा हाल भागी बालविवाहका घटनाहरु बढ्दै छन्। नेपाल सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागु गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ। यद्यपि विभिन्न प्रयासहरु



ग्राफः ३ बालविवाह र बालबालिका

हुँदा हुँदै पनि बालविवाहका घटनाहरुमा कमी आएको देखिदैन । तर यस्ता घटनाहरु अत्यन्त न्यून रुपमा मात्रै औपचारिकरुपमा प्रकाशमा आउने एवम् कानूनी प्रक्रियामा जाने गरेको पाइन्छ ।


यस आर्थिक वर्षको अवधिमा विभिन्न जिल्लामा ६६ वटा बालविवाह भएका घटनाहरु प्रकाशमा आएका छन् । बालविवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबैले उमेर नपुग्दै विवाह गरेको घटना सबै भन्दा बढी पाइएको छ । जस अन्तर्गत सबैभन्दा बढी ७० प्रतिशत अर्थात २३ जोडी बालबालिकाले (४६ जना) बालबालिकासँगै विवाह गरेका छन् । त्यसैगरी बालिका र वयस्क पुरुषबीच २३ प्रतिशत (१५ जना) विवाह भएको छ भने ७ प्रतिशत (५ जना) अनमेल (बृद्धसँग) विवाह भएको छ ।

(घ) **गर्भपतन**

१८ वर्षभन्दा कम उमेरमा गराउने गर्भपतन बालविवाहसँग पनि जोडिन्छ । उमेर नपुगेरै विवाह गरेको कारण बालिकाहरुको स्वास्थ्यस्थितिमा समस्या देखापर्न गई गर्भपतन गर्नु परेको पाइएको छ । विभिन्न सञ्चार माध्यममा प्रकाशित घटना अनुसार ३० जना बालिकाले यस अवधिमा गर्भपतन गराएका छन् । विश्व स्वास्थ्य संगठनले गर्भपतन गर्ने तोकेको समयावधि भित्र अर्थात सुरक्षित गर्भपतन ५६ प्रतिशत (१७ जना) र उक्त अवधि वाहेक असुरक्षित गर्भपतन गराउने बालिका ३४ प्रतिशत (१३ जना) रहेका छन् । यसैगरी १५ वर्षमूनिका २७ प्रतिशत (८ जना) र १६ देखि १८ वर्ष सम्मका ७३ प्रतिशत (२२ जना) बालिकाले गर्भपतन गराएका छन् । डोटी जिल्लाको जिल्ला स्वास्थ्य कार्यालयका अनुसार आ.व. २०७३/७४ को साउनदेखि बैशाख महिनासम्म २० वर्षभन्दा कम उमेर समूहका ४७ जनाले गर्भपतन गराएका छन् ।

(ङ) **बालश्रम**

नेपाल सरकारद्वारा बालश्रममुक्त समाज निर्माणका लागि विभिन्न ऐन कानूनको व्यवस्थाका साथै अनुगमन तथा नियमनमा जोड दिएको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनैपनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ ।



ग्राफः ४ बालश्रम र बलाबलिका

यस आर्थिक वर्षमा बालश्रमसम्बन्धी २५ वटा घटनाहरु सञ्चार माध्यममा आएका छन् । जुन बालश्रमको व्यापकताको तुलनामा अत्यन्त न्यून देखिन्छ । उक्त अवधिको अन्तिम चौमासिकमा सबैभन्दा बढी १३ जना बालबालिकालाई बालश्रमिकको रुपमा प्रयोग गरिएको छ भने दोस्रो चौमासिकमा ८ जना र पहिलो चौमासिकमा  ४ जना बालबालिकालाई बालश्रममा प्रयोग गरिएको छ ।

बालबालिकालाई श्रममा प्रयोग गरिएको प्रकृतिलाई हेर्दा घरेलु तथा होटलमा श्रमिकको रुपमा सबैभन्दा बढी ५६ प्रतिशत (१४ जना) रहेको छ भने ईट्टा उद्योगमा ३६ प्रतिशत (९ जना) र सुपारी तस्करीको रुपमा ८ प्रतिशत (२ जना) रहेका छन् । बालश्रमिकको रुपमा प्रयोग गरिएका बालबालिकामा बालक ४४ प्रतिशत (११ जना) र बालिका ५६ प्रतिशत (१४ जना) रहेका छन् । उमेर समूहका आधारमा १० वर्ष मूनीको १२ प्रतिशत (३ जना), ११ देखि १४ वर्षको ५६ प्रतिशत (१४ जना) र १५ देखि १८ वर्षको ३२ प्रतिशत (८ जना) रहेका छन् ।

**(च) शारीरिक सजाय**

विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरूमा बालबालिकालाई उनीहरूको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ। विद्यालयमा बालमैत्री शिक्षण पद्दतिबाट अध्ययन/अध्यापन गराइने उद्देश्यले शिक्षा मन्त्रालय/विभागबाट आवश्यक नीति तथा निर्देशिकाहरु जारी भएतापनि विद्यालयका शिक्षक तथा कर्मचारीहरु बालअधिकारको सवालमा संवेदनशील नभएको कारण उनीहरूबाट बालबालिका शारीरिक तथा मानसिक सजायका पीडित हुन पुगेका घटनाहरू प्रकाशमा आउने गरेका छन् ।

यस अवधिमा विभिन्न सञ्चार माध्यममा १८ वटा घटनाहरू प्रकाशमा आएका छन् । सबैभन्दा बढी दोस्रो चौमासिकको अवधिमा ११ जना बालबालिका शारीरिक सजायबाट पीडित भएका छन् भने प्रथम चौमासिक अवधिमा ४ जना र अन्तिम चौमासिकमा ३ जना बालबालिका शारीरिक सजायबाट पीडित भएका छन् । जसमध्ये पाल्पा जिल्लामा गम्भीर प्रकारको सजाय पाएका २ जना बालक रहेको पाइएको छ । समग्र घटना हेर्दा ८३ प्रतिशत (१५ जना) बालक र १७ प्रतिशत (३ जना) बालिका रहेका छन् । विद्यालयमा दिइने शारीरिक दण्ड सजाय कार्यमा संलग्न शिक्षकको लैङ्गिक प्रतिशत हेर्दा १६ प्रतिशत (३ जनालाई) महिला शिक्षकबाट बालबालिकाले सजाय पाएको देखिन्छ भने पुरुष शिक्षकबाट ८४ प्रतिशत (१५ जना) बालबालिका पीडित भएका छन् ।

विद्यालयका प्रधानाध्यापकबाट गम्भीर सजाय पाएका एक जनालाई टाउकोमा चोट लागि बेहोश

भएपछि अस्पताल भर्ना गर्नुपरेको तथा अन्य दुईजनालाई शिक्षकले शरीरमा निलडाम हुनेगरी पिटेको घटना बाहिर आएको छ । यी घटनाहरुलाई अध्ययन गर्दा सामुदायिक तथा निजी विद्यालय दुवैमा शारीरिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा काठमाडौं र पाल्पा जिल्लामा बालबालिकालाई सजाय दिएको समाचार प्रकाशमा आएका छन् । यस अवधिमा शारीरिक सजाय पाएका बालबालिकामध्ये २ जना बालक सामुदायिक विद्यालय र बाँकी १६ जना संस्थागत (निजी) विद्यालयको शिक्षकबाट पीडित रहेको पाइएको छ ।

(छ) **अपहरण**

यस आर्थिक वर्षको अवधिमा १७ जना बालबालिकाको अपहरण गरेका घटनाहरु प्रकाशमा आएका छन् । यसमध्ये २ जनाको अपहरणपछि हत्या गरिएको छ भने अन्य १४ जनाको अपहरणपश्चात मुक्त गरिएको छ र एक जनाको अवस्था अज्ञात रहेको जानकारी रहेको छ । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो ५ वर्षको बालकको अपहरण पश्चात हत्या गरिएको छ । उमेर समूहको आधारमा ४ जना बालबालिका १० वर्ष (१ जना बालिका) मूनीका थिए भने ११ वर्षदेखि १४ वर्षका ६ जना (१ जना बालिका) र सोभन्दा माथि ७ जना बालबालिका (३ जना बालिका) रहेका छन् । अपहरण भएका बालबालिकामध्ये ७० प्रतिशत बालक (१२ जना) तथा ३० प्रतिशत बालिका (५ जना) रहेका छन् ।  उक्त घटनाहरुमध्ये काठमाडौं उपत्यका भित्र ७ जना र उपत्यका बाहिर १० जना रहेका छन् ।

आमसञ्चार माध्यमले बालबालिकाको विषयवस्तुलाई स्थान दिँदै आएका छन् र बालबालिकामाथि हुने कतिपय अपराधहरु उजारगर पनि गर्दै आएका छन । आमसञ्चार माध्यममा बाल संवेदनशीलताको अझ अभिवृद्धिका लागि २०७२ माघमा केन्द्रीय बालकल्याण समितिको पहलमा प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघ तथा नेपाल सरकार सूचना विभागले संयुक्त रुपमा बालसंवेदनशील पत्रकारिता निर्देशिका २०७२ तर्जुमा गरिएको छ । उक्त बाल संवेदनशील पत्रकारिता निर्देशिका प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसँगको परामर्शमा जारी गरेको बाल संवेदनशील पत्रकारिता निर्देशिका, २०७२ को अङ्गका रुपमा रहने भएको छ (**विस्तृत विवरण अनुसूचि ५**) ।

# परिच्छेदः २

## बालबचावट

### २.१ परिचय

यस परिच्छेदमा बालअधिकारसम्बन्धी महासन्धिमा बालबचावटसँग सम्बन्धित दीर्घ जीवन र विकास (धारा ६), स्वास्थ्यसम्बन्धी अधिकार (धारा २४) अन्तर्गत  मूलतः गर्भ र जन्मको अवस्था, बाल्यकालमा हुने रोगका जोखिम र खोप, शिशु तथा बाल मृत्युदर, बाल पोषण, एचआईभी/एड्स संक्रमित तथा प्रभावित बालबालिकाजस्ता विषयहरू समावेश गरिएका छन् ।

### २.२ गर्भ र जन्मको अवस्था


पुत्र मोहले बढ्दै छ गर्भपतन

सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति, २०६० र सुरक्षित गर्भपतन सेवा प्रक्रिया, २०६० अनुसार अवाञ्छित वा गर्भवती महिलाको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन सकिने व्यवस्था गरिएको छ । त्यसैले १२ हप्तासम्मको कुनैपनि गर्भ, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ र गर्भपात नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्दछ वा गर्भवती महिलाको स्वास्थ्य शारीरिक वा मानसिक रुपले खराब हुन सक्दछ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भन्ने अधिकार प्राप्त चिकित्सकको राय भएमा वा भ्रूण विकलाङ्ग र बाँच्न सक्ने नदेखिएमा गर्भवती महिलाले चाहेको खण्डमा गर्भपतन गराउन पाउने कानूनी प्रावधान रहेको छ। तर मुलुकी ऐनको एघारौं संशोधन २०५९ मा ज्यानसम्बन्धीको महल २८ नम्बरमा गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई गैरकानूनी कार्य मानिएको छ । यो व्यवस्थाले नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह र छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जातिको भ्रुणको हत्याको परिपाटीलाई रोक्ने प्रयत्न

गरेको छ। यो प्रावधान विपरित अभ्यास गर्ने चिकित्सकलाई कानूनको दायरामा ल्याई कारवाहीसमेत हुने व्यवस्था छ । गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गर्नेगराउनेलाई ३ देखि ६ महिनासम्म र लिङ्ग पहिचान गरी गर्भपतन गराउनेलाई ६ महिनादेखि २ वर्षसम्म कैद हुनसक्ने व्यवस्था गरिएको छ ।

बालबालिकालाई जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने उद्देश्यका साथ स्वास्थ्य र शिक्षासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालित छन् । साथै बालबालिकालाई लक्षित गर्दै पोषण र सुनौला हजार दिनजस्ता बालस्याहारका कार्यक्रम लागू गरिएका छन् ।

गर्भवती महिला र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियमलगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ । सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ। प्रसुति पूर्व र प्रसुति पश्चात् प्रदान गरिनुपर्ने स्वास्थ्य सेवा पनि सञ्चालनमा रहेको छ। नेपाल जनसांङ्ख्यिक स्वास्थ्य सर्भेक्षण (सन् २०१६) अनुसार तालिम प्राप्त प्रसुतिकर्ताको सहयोगमा सुत्केरी भएको प्रतिशत ५८ पुगेको छ। अघिल्लो वर्ष यो प्रतिशत ५५.६ थियो। आर्थिक सर्वेक्षण २०७३/०७४ अनुसार २४सै घण्टा अत्यावश्यक प्रसुति सेवा प्रदान गरिएका जिल्लाहरु ७३ पुगेको छ जबकी यो संख्या ०६९/०७० मा २६ जिल्लामा र २०७२/०७३ मा ६९ जिल्लामा मात्रै रहेको थियो ।

### २.३ शिशु तथा बाल मृत्युदर र खोप

नेपाल सरकारले बाल स्वास्थ्यसम्बन्धी नीति र कार्यक्रममा दिएको प्राथमिकताको कारण शिशु र बाल स्वास्थ्यमा सुधार आएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य तथा सर्भेक्षण (सन् २०१६) अनुसार पाँच वर्षमूनिको बाल मृत्युदर (प्रति हजारमा) ३९, शिशु मृत्युदर-जन्मेदेखि एक वर्षसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) ३२, नवजात शिशु मृत्युदर-जन्मेदेखि २८ दिनसम्मको शिशुको मृत्युदर (प्रति हजारमा) २१ र कूल प्रजनन् दर २.३ रहेको छ।

स्वास्थ्य सेवा विभागको पछिल्लो वार्षिक प्रतिवेदन (२०७३) का अनुसार देशभरमा ८ केन्द्रीय अस्पताल, ३ क्षेत्रीय अस्पताल, ३ उप-क्षेत्रीय अस्पताल, १० अञ्चल अस्पताल, ७५ जिल्ला जनस्वास्थ्य अस्पताल, २ सय २ प्राथमिक स्वास्थ्य सेवा केन्द्र, ३ हजार ८ सय ३ स्वास्थ्य चौकी, १२ हजार ६ सय ६० प्राथमिक स्वास्थ्य आउटरिच क्लिनिक तथा १६ हजार १ सय ३४ विस्तारित खोप केन्द्रहरु सञ्चालित छन् । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको संख्या ४९ हजार ५ सय २३ रहेको छ। बालबालिकाको सुरक्षित जन्म, खोप लगायत मातृ शिशु स्वास्थ्यसँग सम्बन्धित

अवस्थामा सुधार तथा बालबालिकाको मृत्युदर न्यूनीकरण गर्नमा स्वास्थ्य स्वयम् सेविकाको भूमिका महत्वपूर्ण रहँदै आएको छ ।

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७१/७२ मा ०-२८ दिनसम्मका ३२ हजार १ सय ९ नवजात शिशुहरुलाई स्वास्थ्य संस्थाबाट स्वास्थ्य उपचार सेवा प्रदान गरेको जानकारीमा आएको छ। यसैगरी १४ लाख १३ हजार १ सय ११ झाडापखालाको घटना दर्ता भएका थिए भने झाडापखालाको नयाँ दर्ताको घटना क्रमशः घट्दै गएको पाइन्छ। स्वासप्रश्वास समस्याका २२ लाख ८ हजार २ सय २१ घटना दर्ता हुन आएको देखिन्छ। गम्भीर स्वाशप्रस्वाश संक्रमणमा पाँच वर्षमुनिका नयाँ बिरामी बालबालिकाका प्रति हजारमा ७ सय ६५ जना भेटिएका छन् । अघिल्लो आर्थिक वर्षमा त्यस्ता स्वासप्रस्वास सम्बन्धी नयाँ बिरामी बालबालिकाको संख्या ९ सय ५१ जना रहेको थियो । शिशुको शारीरिक बृद्धि अनुगमनमा दर्ता भएका बालबालिकाको प्रतिशत ९७ पुगेको देखिन्छ । यसैगरी पाँच वर्षमूनिका बालबालिकामध्ये पहिलो पटक झाडापखालाबाट प्रभावित बालबालिका आर्थिक वर्ष २०७१/७२ मा प्रति हजारमा ५ सय २ जना भेटिएका थिए भने अघिल्लो आर्थिक वर्षमा यो संख्या ६ सय २९ रहेको थियो ।

बालबालिकाका लागि दिइने खोप कार्यक्रम राष्ट्रियस्तरमा उच्च प्राथमिकतामा रहेको छ। खोपको प्रभावकारी सञ्चालन गर्ने देशहरुमा नेपाल पनि एक हो । कूल जनसंख्यामा कुनै पनि किसिमको विभेदविना ९७ प्रतिशत जनसंख्याको खोपमा पहुँच पुगेको देखिन्छ । यस आर्थिक वर्षसम्ममा पूर्ण खोपको घोषणा भएको जिल्लाको संख्या ६ पुगेको छ भने सन् २०१७ सम्ममा देशका सबै जिल्लाहरु पूर्ण खोप पाएको जिल्ला घोषणा गर्ने प्रतिबद्धता सरकारले जनाएको छ। नेपाललाई सन् २०१४ को मार्च २७ तारिखका दिन पोलियोरहित मुलुकको रुपमा मान्यता दिईएको छ। गत तिन आर्थिक वर्षमा खोप पाएका बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५ः खोप पाउने एक वर्षमुनिका बालबालिकाको प्रतिशत
(आर्थिक वर्ष २०७०/०७१ देखि २०७२/०७३)

| क्र.सं. | खोप | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ |
|---|---|---|---|---|
| | बिसिजी (१ वर्षमूनिका) | ९९ | ९४ | ८७ |
| | डिपिटी-हेपB-हिप३ (१ वर्षमूनिका) | ९२ | ९१ | ८२ |
| | ओपिभी३ (१ वर्षमूनिका) | ९२ | ९० | ७९ |
| | दादुरा/रुबेला (१ वर्षमूनिका) | ८८ | ८५ | ७७ |

| | | | | |
|---|---|---|---|---|
| | जापानिज इन्सेफ्लाइटिस् (१२-२३ महिना) | ४३ | ५३ | ६३ |
| | राष्ट्रिय खोप कार्यक्रममा तय गरिएका दिनहरुमा पूर्ण खोप पाएका (१ वर्षमूनिका) | – | ७३ | ६६ |

*स्रोतः स्वास्थ्य मन्त्रालय, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण (सन् २०१६)*

माथिको तालिकाबाट खोप पाउने बालबालिकाको प्रतिशत किन घट्न गयो भन्नेतर्फ नीति निर्माता र कार्यक्रम सञ्चालकहरुको गम्भीर ध्यानाकर्षण हुन अति जरुरी देखिएको छ।

नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्भेक्षण सन् २०१६ अनुसार एक देख दुई वर्ष मुनिका बालबालिकामा विभिन्न खोपको स्थिति तलको तालिकामा दिइएको छ।

तालिका ५कः खोप पाउने १२-२३ महिनाको बालबालिकाको प्रतिशत (आर्थिक वर्ष २०६७/०६८ र २०७२/०७३)

| क्र.सं. | खोप | २०६७/०६८ | २०७२/०७३ |
|---|---|---|---|
| | बिसिजी (१२ देखि २३ महिनासम्मका) | ९३ | ९८ |
| | डिपिटी-हेपB-हिप३ (१२ देखि २३ महिनासम्मका) | ९१ | ८६ |
| | ओपिभी३ (१२ देखि २३ महिनासम्मका) | ९२ | ८८ |
| | दादुरा/रुबेला (१२ देखि २३ महिनासम्मका) | ८८ | ९० |
| | राष्ट्रिय खोप कार्यक्रममा तय गरिएका दिनहरुमा पूर्ण खोप पाएका (१२ देखि २३ महिनासम्मका) | ८७ | ७८ |
| | कुनै पनि खोप नपाएका बालबालिका प्रतिशत (१२ देखि २३ महिनासम्मका) | ३ | १ |

*स्रोतः स्वास्थ्य मन्त्रालय, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण (सन् २०१६)*

आ.व. २०६७/०६८ को तुलनामा बिसिजी खोपबाहेक अन्य खोपहरु पाएका बालबालिकाको प्रतिशत आ.व. २०७२/०७३ मा कम देखिएको छ। तर कुनै पनि खोप नपाएका बालबालिकाको प्रतिशत भने घटेर १ मात्र रहेको देखिन्छ।

## २.४ पोषण

नेपाल सरकार बालबालिकाको पोषण स्थिति सुधारका लागि विगत चार दशकभन्दा बढी समयदेखि प्रयासरत रहँदै आएको छ । पोषण स्थिति सुधार गर्नु राष्ट्रिय सरोकारको विषय भएको छ र यस अनुसार विभिन्न कार्ययोजना, नीति तथा रणनीति, कार्यक्रम र परियोजनाहरु सञ्चालनमा रहेका छन् । विगत धेरै समयदेखि राष्ट्रिय भिटामिन 'ए', बालबालिकाको बृद्धि अनुगमन तथा परामर्श, आइरनको कमीबाट हुने एनिमिया नियन्त्रण र रोकथाम, आयोडिनको कमिको रोकथाम, जुका नियन्त्रण, पोषणयुक्त खानेकुरा वितरण जस्ता कार्यक्रमहरु व्यापक रुपमा कार्यान्वयनमा रहेको छ भने विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम बिस्तार हुँदैछ । सरकारी र गैरसरकारी क्षेत्रबाट पोषण पुनर्स्थापन केन्द्र/सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ । केन्द्रस्तरमा सुनाकोठीमा र अन्य १८ वटा अस्पतालमा यो सेवा उपलब्ध छ ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार उमेरअनुसार उचाइ नपुगेका/पुड्कोपना भएका पाँचवर्षमूनिका बालबालिका ३६ प्रतिशत रहेको, उमेरअनुसार तौल नपुगेका पाँचवर्षमूनिका बालबालिका २७ प्रतिशत रहेको र ख्याउटेपना (उचाई अनुसार तौल नपुगेका) भएका पाँचवर्षमूनिका बालबालिका १० प्रतिशत रहेको देखिएको छ । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०१६ ले बालबालिकाको पोषणको अवस्थामा सुधार देखाएता पनि विभिन्न अध्ययन तथा पत्रपत्रिकामा प्रकाशित समाचार तथा सूचनालाई हेर्दा बालपोषणमा अपेक्षित सुधार आएको देखिदैन ।

विभिन्न जिल्लाबाट पत्रपत्रिकामा प्रकाशित कुपोषण भएका बालबालिकासम्बन्धी समाचारहरु


देश

कुपोषणको जोखिम बढ्यो

परिवारकै ३ कुपोषित

जहाँ 'सुनौलो हजार दिन' त्यहीँ कुपोषण

नयाँ पत्रिका

ग्रामीण भेगका अधिकांश बालबालिकामा कुपोषण



३ हजार बालबालिका कुपोषित

समाचार नागरिक ५

हुम्लाका ७ सय ७३ बालबालिकामा शीघ्र कुपोषण

देश

कुपोषणको जोखिम बढ्यो

परिवारकै ३ कुपोषित

## २.५ एचआईभी/एड्स प्रभावित तथा संक्रमित बालबालिका

एचआईभी/एड्सबाट प्रभावित र संक्रमित मानिसहरुको अधिकार र संरक्षणप्रति नेपाल सरकार संवेदनशील रही आएको छ । विकासका साझेदार संस्थाहरुसंगको संयुक्त प्रयासमा एचआईभी/एड्ससम्बन्धी कार्यको थालनी जनचेतना जागरण र उपचारको कार्यक्रमबाट शुरु भएको थियो । यसै प्रयासदेखि नै बालबालिकासंग सम्बन्धित कार्यक्रमहरु पनि सञ्चालन हुँदै आएको देखिन्छ । आमाबाट नवजात शिशुमा एचआईभी/एड्स संक्रमण नियन्त्रण गर्नको लागि संक्रमण रोकथाम अर्थात प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रान्समिसन (पी.एम.टी.सी.टी.) कार्यक्रम सञ्चालनमा रहेको छ ।

आर्थिक वर्ष २०७१/०७२ को स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनका अनुसार नेपालमा सन् २०१४ सम्म एचआईभी/एड्स संक्रमितको संख्या ३९,२४९ रहेकोमा यस आर्थिक बर्ष २०७२/०७३ को वार्षिक प्रतिवेदनका अनुसार सन् २०१५ सम्म नेपालमा एचआईभी/एड्स संक्रमितको संख्या ३९,३९७ रही एक वर्षको अवधिमा १४८ जना एचआईभी/एड्स संक्रमितको संख्या बढेको देखिन्छ । जसमध्ये ४ प्रतिशत अर्थात १ हजार ५ सय ८९ (बालकः ८ सय १५ र बालिका ७ सय ७४) बालक ५१.४६ प्रतिशत र बालिका ४८.५४ प्रतिशत) १४ वर्ष सम्मका बालबालिका रहेका छन् । बाँकी ९६ प्रतिशत संक्रमित १५ वर्ष उमेरभन्दा माथिका छन् ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको २०७२ असारसम्मको प्रतिवेदनअनुसार एचआईभी संक्रमित व्यक्तिहरुको दर्ता भएको संख्या २६ हजार ७ सय २ रहेको छ । जसमध्ये पुरुष १६ हजार ७ सय ५ रहेका छन् भने महिला ९ हजार ९ सय ३८ र अन्य ५९ जना रहेका छन् । उक्त प्रतिवेदन अनुसार १४ वर्षसम्मका बालबालिकाको दर्ता भएको संख्या १ हजार ९ सय ६७ रहेको

छ। जसमध्ये १ हजार १ सय ७८ जना बालक (६० प्रतिशत) र ७ सय ३९ जना बालिका (४० प्रतिशत) रहेका छन्।

एचआईभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि विशेष ध्यान दिई उनीहरुको मानव अधिकारको संरक्षण र प्रवर्द्धनतर्फ उन्मुख हुने क्रममा एचआईभी/एड्सबाट प्रभावित र संक्रमित बालबालिकाका लागि नगद हस्तान्तरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७० तर्जुमा गरिएको छ। यो निर्देशिकाअनुसार कार्यक्रम कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउनको लागि केन्द्रीयस्तरमा स्वास्थ्य मन्त्रालयको योजना तथा बैदेशिक सहायता महाशाखाका प्रमुखको संयोजकत्वमा सरकारी र विकासका साझेदार संस्थाको प्रतिनिधित्व हुने गरी ११ जनाको समिति र जिल्लामा जिल्ला जनस्वास्थ्य प्रमुखको संयोजकत्वमा सरकारी कार्यालय र एचआईभी/एड्सबाट प्रभावित र संक्रमित व्यक्तिहरु संलग्न संस्थाहरुको संजालको प्रतिनिधित्व हुने गरी गठन गरिने सात सदस्यीय जिल्लास्तरीय समिति सक्रिय रुपमा कार्यरत छन्। यसैको आधारमा २०७१ सालको शुरुदेखि एचआईभी/एड्सबाट संक्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य र पोषणमा सहयोग पुर्‍याउने उद्देश्यले प्रति महिना रु. १०००। नगद हस्तान्तरण गर्ने गरिएको छ। साथै, उक्त समितिबाट नगद सहयोगको उपयोगिताको अवस्थाबारे अनुगमन समेत गर्ने गरेको छ। यसरी नगद हस्तान्तरण वा सहयोग गर्ने कार्यक्रम हालसम्म ४५ जिल्लामा विस्तार गरिएको छ[1]।

नगद सहयोगलाई कार्यक्रमको प्रभावकारिता र दीगोपनाका लागि अन्य स्याहार तथा सहयोग कार्यहरुसंग समन्वय गर्ने गरिएको छ। २०७४ साल भाद्र महिनासम्म नगद हस्तान्तरण कार्यक्रममा जम्मा १,५५५ जना बालबालिकाको नाम समावेश गरिएको छ। यो संख्या गतवर्षसम्ममा ४२ जिल्लामा १,३३९ रहेको थियो। यस वर्षमा १,५५५ मध्ये १,३२७ जनाले प्रत्येक महिना सहयोग पाइरहेका छन् भने १३७ जनाको १८ वर्ष उमेर पूरा भइसकेको, ४४ जनाको मृत्यु भइसकेको, २७ जनालाई सामुदायिक स्याहार केन्द्रबाट परिवारमा स्थानान्तरण गरिसकेको र २० जनालाई फलोअप गर्न नसकिएको जानकारीमा आएको छ।

---

1 अछाम, अर्घाखाँची, बझाङ, बाग्लुङ, बैतडी, बाँके, बर्दिया, भक्तपुर, चितवन, डडेलधुरा, दैलेख, दाङ, धनुषा, धादिङ, डोटी, गोरखा, गुल्मी, झापा, कैलाली, कञ्चनपुर, कपिलबस्तु, कास्की, काठमाडौं, काभ्रेमलाञ्चोक, ललितपुर, लमजुङ, मकवानपुर, महोत्तरी, मोरङ, नवलपरासी, पर्सा, पर्वत, प्युठान, रौतहट, रोल्पा, रुपन्देही, सर्लाही, सुनसरी, सुर्खेत, सप्तरी, सिरहा, तनहुँ, नुवाकोट, पाल्पा र स्याङ्जा।

# परिच्छेदः ३

## बालसंरक्षण

### ३.१ परिचय

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ अनुसार बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पार्ने खालका कार्य वा व्यवहारबाट उनीहरुलाई संरक्षण गर्ने, बालबालिकामाथि आइपर्ने कुनै पनि जोखिम तथा हानि, क्षतिबाट जोगाउनेजस्ता विषयहरु यस परिच्छेदमा समावेश गरिएको छ । बालअधिकारसम्बन्धी महासन्धिको संरक्षणसम्बन्धी धारा ४, आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता, नाम र राष्ट्रियता वा पहिचान (धारा ७ र ८), अभिभावकबाट अलग्याउन नहुने (धारा ९), पारिवारिक पुनर्मिलन (धारा १०), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम (धारा ३२), लागू औषध दूर्व्यसन (धारा ३३), यौन शोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), युद्ध र सशस्त्र द्वन्द्व (धारा ३८), पीडित बालबालिकाको पुनःस्थापना (धारा ३९), बालन्याय (धारा ४०) लगायतका विषयहरुमा उपलब्ध भएका तथ्य-तथ्याङ्क प्रस्तुत गरिएको छ ।

### ३.२ बालश्रम

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ लाई अनुमोदन गरेपछि बालअधिकारप्रति संवेदनशील हुँदै बालश्रम मुक्त समाज निर्माणका लागि बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ जारी गरेको छ, जसले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । तर १४ देखि १६ वर्षसम्मकालाई जोखिमपूर्ण भनी उल्लेख गरिएका बाहेकका खासखास क्षेत्रमा हल्का र विशेष सुविधा तथा निगरानीका आधारमा काममा लगाउन सकिने व्यवस्था गरेको छ। १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ (नं. १३८), र निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ । बलपूर्वकको श्रम उन्मूलन सम्बन्धी महासन्धि २००१ (नं. १२९), अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमति सम्बन्धी महासन्धि २००१ (नं. १४४) मा पनि नेपालले हस्ताक्षर गरेको छ । बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ अनुसार नेपालमा १४ वर्ष उमेर नपुगेका बालबालिकालाई काममा लगाउन पाइँदैन, यस विपरीत कसैले काममा लगाएमा ३ महिनासम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । १४-१६ वर्ष उमेर समूहका बालबालिकालाई हल्का खालका काममा लगाउँदा आमाबाबु वा अभिभावकको स्वीकृति लिनुपर्ने, त्यसको जानकारी श्रम कार्यालयलाई दिनुपर्ने, दिनको ६ घण्टाभन्दा बढी तथा रातिमा काममा लगाउन नहुने लगायतको व्यवस्था गरेको छ तर १६ वर्षभन्दा मूनीकालाई जोखिमपूर्ण श्रममा भने लगाउन नहुने स्पष्ट व्यवस्था गरेको छ । यस विपरीत कसैले जोखिमपूर्ण काममा लगाएमा १ वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।


चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) को आधारपत्रमा बालश्रमसम्बन्धी नीति, कानून र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरी बाल श्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ भन्ने उल्लेख हुनुले बालश्रम राष्ट्रिय प्राथमिकतामा परेको पाइन्छ । तर यससम्बन्धी पर्याप्त बजेट विनियोजन र ठोस कार्यक्रम सञ्चालन हुन भने अझै पनि सकिरहेको देखिदैन ।


बालबालिकालाई
कृषि मजदुरको रूपमा प्रयोग

नेपालमा खासगरी रोजगारको अनौपचारिक क्षेत्र (रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैंचा कारखाना, जरी कारखाना, इँटाभट्टा, भरिया, आदि) लगायत घर-घरमा पनि बालबालिकालाई श्रममा लगाइने गरेको पाइएको छ । उमेर ढाँटेर बालबालिकालाई जोखिमपूर्ण काममा समेत संलग्न गराइएका घटनाहरु पनि प्रकाशमा आएका छन् ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ का अनुसार १ लाख ४ हजार ७ सय १४ जना बालबालिका (बालकः ५६ हजार २ सय ६७ र बालिका ४८ हजार ४ सय ४७) कामकाजमा संलग्न रहेको पाइएको छ । बहुक्षेत्रीय

कल्स्टर सर्वेक्षण (MICS) २०१४ का अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ । ५ देखि ११ वर्ष उमेर समूहका कम्तिमा १ घण्टा कामकाजमा संलग्न २७.९ प्रतिशत (बालकः २९.९ र बालिकाः २६.५) बालबालिका रहेको देखाएको छ । १२ देखि १४ वर्ष उमेर समूहका कामकाजमा संलग्न १४ घण्टाभन्दा कम ४४.२ प्रतिशत (बालकः ४३.४ र बालिकाः ४४.८) १४ घण्टाभन्दा बढीः १५.२ प्रतिशत (बालकः १२.३ र बालिकाः १७.६) बालबालिका रहेको देखिएको छ । यस वर्ष केन्द्रीय तथ्याङ्क विभागबाट नेपाल श्रमशक्ति सर्भेक्षणको कार्य थालनी भई सकेको छ । यस सर्भेक्षणबाट बालश्रमसम्बन्धी अद्यावधिक सूचना प्राप्त हुनेछ ।



हाल अन्य बालश्रमसम्बन्धी नयाँ वृहत्त अध्ययन भएको पाइएको छैन । तर अधिकांश श्रम क्षेत्रहरुमा बालबालिका संलग्न भएको भने व्यवहारमा देखिन्छ । घटनाका तुलनामा बालश्रमसम्बन्धी उजुरीहरु पनि न्यून रहेका छन् भने सञ्चार माध्यममा पनि केही विशेष घटनाहरु मात्र समेटिएको देखिन्छ । यस आर्थिक वर्षमा बालश्रमसम्बन्धी २५ वटा घटनाहरु सञ्चार माध्यममा आएका छन् । तर सञ्चार माध्यमबाट प्रकाशमा आएका यस्ता घटनाले राष्ट्रियस्तरको तथ्याङ्कको प्रतिनिधित्व गर्न कठिन हुन्छ । यसले केही स्वरुपमात्र इङ्गित गर्दछ । तर पनि प्रकाशित घटनालाई मात्र विश्लेषण गर्दा घरेलु तथा होटलमा श्रमिकको रुपमा सबैभन्दा बढी ५६ प्रतिशत (१४ जना) रहेको छ भने ईट्टा उद्योगमा ३६ प्रतिशत (९ जना) र सुपारी तस्करीको रुपमा ८ प्रतिशत (२ जना) रहेका छन् । बालश्रमिकको रुपमा प्रयोग गरिएका बालबालिकामा बालक ४४ प्रतिशत (११ जना) र बालिका ५६ प्रतिशत (१४ जना) रहेका छन् । उमेर समूहका आधारमा १० वर्ष मुनिको १२ प्रतिशत (३ जना), ११ देखि १४ वर्षको ५६ प्रतिशत (१४ जना) र १५ देखि १८ वर्षको ३२ प्रतिशत (८ जना) रहेका छन् ।

वयस्कको तुलनामा बालबालिकालाई काममा लगाउन सहज हुने र थोरै तलबमा लामो समयसम्म पनि श्रममा लगाउने सकिनेलगायतका कारण बालश्रमको प्रयोग भइरहेको देखिन्छ भने बालश्रमप्रति अझै पनि समाजमा सचेतीकरण नपुगेको तथा बालश्रमलाई सामाजिक रुपमा स्वीकार गरिएको एवम् कठिन अवस्थाका बालबालिकाका लागि वैकल्पिक कार्यक्रमको अभाव लगायतका कारण समेतले

कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिन्छ। वैदेशिक रोजगारीका कारण श्रमशक्तिको अभाव भएका बेला नाइके वा ठेकेदारहरूले विभिन्न आर्थिक प्रलोभन देखाई बालबालिकालाई विकल्पको रूपमा प्रयोग गर्ने गरेका छन् । दशकौंदेखि नेपालमा बालश्रमविरुद्ध चेतना जागरण र सहयोगका कार्यक्रमहरु सरकारी र विकासका साझेदार संस्थाहरुबाट चलिनै रहेको छ। यसैको फलस्वरुप केही महानगर र नगरमा बालश्रम न्यूनीकरणका लागि उल्लेख्य प्रयास भएका छन् र वडा, बजार तथा नगरलाई बालश्रम मुक्त बनाउने क्रमको थालनी समेत भएको पाइन्छ। बालश्रमको समस्या उल्लेख्य रुपमा न्यूनीकरण नभएको एवम् श्रमको प्रयोजनका लागि समेत बालबालिकाको ओसारपसार हुने गरेका घटनाहरु प्रकाशमा आएका छन्। बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा लघु अध्ययन भएको देखिए पनि बिस्तृत अध्ययनको खाँचो भएको छ।


ललितपुरका तीन वडा बालश्रम मुक्त हुने

श्रम कार्यालय, बागमती, काठमाडौंमा यस आर्थिक वर्षभरीमा ३२ वटा बालश्रमसम्बन्धी उजूरी परेकोमध्ये १९ वटा उजुरीको समाधान भएको र १३ वटा उजूरी कारवाहीमा रहेको छ, सम्पन्न भएको कारवाहीबाट कूल रु १ लाख २५ हजार क्षतिपुर्ति भराइएको एवम् जरिवाना बापतको रु १ लाख ६५ हजार राजश्वमा दाखिला गरिएको जानकारी प्राप्त भएको छ।

आ.व. २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १४० मा निकृष्ट प्रकारका बालश्रम निवारणसम्बन्धी निरन्तरता दिँदै बालश्रम निवारणको १० वर्षे गुरुयोजना आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइनेछ भन्ने उल्लेख भएको छ। तर यो गुरुयोजनाले अन्तिम स्वरुप भने अझै प्राप्त गर्न सकेको छैन।

### ३.३ सडक बालबालिका

सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारमा पुनर्एकीकरण, पारिवारिक सहयोग, मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गर्न विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरुले राज्यलाई जिम्मेवार बनाएको छ। यस कार्यका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन २०७२ जारी भई कार्यारम्भ भएको छ भने सो को समन्वयका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिवको संयोजकत्वमा अन्य सम्बन्धित निकायका प्रतिनिधित्व सहितको उच्च स्तरीय सडक बालबालिका संरक्षण तथा समन्वय समिति समेत रहेको छ।

सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ अनुसार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिले “बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्न हुँदैन” भन्ने उद्घोषका साथ काठमाडौं महानगरपालिका, महानगरीय प्रहरी कार्यालय, उपत्यकाका जिल्ला बालकल्याण समितिहरु महिला तथा बालबालिका कार्यालयहरू बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बाल हेल्पलाइन १०९८ लगायत केही गैरसरकारी संस्थाहरुसँगको समन्वयमा सडक बालबालिका व्यवस्थापन अभियान सञ्चालन गरिरहेको छ । विभिन्न सम्पर्क गृह र सामाजिकीकरण केन्द्रहरु मार्फत् सडक बालबालिकाको उद्धार, संरक्षण मनोबिमर्श सेवा, सामाजिकीकरण, पारिवारिक पुनर्मिलन, पुनःस्थापना तथा पुनर्एकीकरणका कार्यहरु प्रभावकारी रुपमा काठमाडौ उपत्यकामा भइरहेको छ ।






सरोकारवाला निकाय, संस्था तथा सडक बालबालिका समेतसँग छलफल पश्चात आवश्यक पूर्व तयारी गरी २०७३ बैशाख २७ गतेबाट सडक बालबालिका उद्धार कार्य शुरु भएपछि २०७४ असार महिनाको अन्त्यसम्ममा ५९३ बालक (९०.४%) र ६३ जना बालिका (९.६%) गरी जम्मा ६५६ जना बालबालिकाको उद्धार गरी उनीहरुको व्यवस्थापन प्रक्रिया भइरहेको छ । उद्धार गरिएका बालबालिकामध्ये सबैभन्दा बढी १० देखि १४ वर्ष उमेर समूहका (४७ %) छन् भने १५ देखि १८ वर्ष समूहका (३८.४%) छन् र १० वर्षमूनिका करिब १५ प्रतिशत रहेको पाइएको छ । यसैगरी जातिगत आधारमा उक्त कूल बालबालिकामध्ये करिब ४७ प्रतिशत आदिवासी जनजाति, ३१.५ प्रतिशत बाहुन/क्षेत्री, १७ प्रतिशत दलित, ५.३ प्रतिशत मधेशी पाइएको छ । उद्धार गरिएका कूल बालबालिकामध्ये ४७८ जना (७२.८६%) साक्षर वा विद्यालय बीचैमा छोडेको पाइएको छ भने बाँकी २७.१४ प्रतिशत निरक्षर तथा विद्यालय कहिल्यै नगएको देखिएको छ । बाबुआमाको स्थितिको सन्दर्भमा ४४७ जना (७२.७%) बालबालिकाको आमाबाबु दुवै जीवित रहेको, ७४ जनाको (११.२८%) आमाबाबु दुवैको मृत्यु भइसकेको पाइएको छ । यसमध्ये ५२ जनाको

(७.९२%) आमाको मात्र मृत्यु भएको र ८३ जनाको (१२.६५%) बाबुको मात्र मृत्यु भएको देखिएको छ ।

उद्धार गरिएका बालबालिका विभिन्न ५९ जिल्लाहरुबाट आएको भेटिएको छ । जसमध्ये काठमाडौं, काभ्रे, सिन्धुपाल्चोक,  धादिङ, मकवानपुर, सिन्धुली, रामेछाप, सर्लाही, दोलखा र नुवाकोट गरी १० जिल्लाका बालबालिका करिब ५६.५ प्रतिशत पाइएको छ । कूल बालबालिकामध्ये भारतका जम्मा १८ जना बालबालिका उद्धार गरिएकोमा सबैजनालाई निजका परिवारमा पुनर्स्थापना गरिसकिएको छ ।




आर्थिक वर्ष २०७३/०७४ सम्ममा जम्मा ६५६ जना बालबालिका उद्धार गरिएको छ । उद्धार गरिएका बालबालिकाहरुमध्ये ११७ जना सम्पर्क गृहहरुमा रहेको, १४१ जना सामाजिकीकरण केन्द्रमा रहेको, १८३ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ । उद्धार गरिएका २४ जना बालबालिकाले विभिन्न प्रकारका सीपमूलक तालिम लिइरहेका छन् भने १९ जना बालबालिकाले विभिन्न सीपमूलक तालिम प्राप्त गरी कुनै न कुनै काममा संलग्न भएका छन् । सडकमा बस्न नपाइने भएपछि केही बालबालिका आफ्नो परिवारमा बसेको, केही साथीहरुको समूह बनाएर भाडामा कोठा लिएर बसेको, केही ठूला व्यक्तिहरु अन्य रोजगारीमा लागेको समेत जानकारीमा आएको छ ।

उद्धारपश्चात् सामाजिकीकरण केन्द्रमा रही तालिम लिन तयार भएकाहरुलाई केबाकसको सिफारिसमा किड्स साङ्ग्रिला होमले निःशुल्क तालिम प्रदान गरिरहेको छ । २०७४ असार मसान्तसम्म परिवार पत्ता नलागेका आठ जना बालबालिका (बालक ५ र बालिका ३) लाई बालगृहमा पुनर्स्थापना

गरिएको छ। उद्दारपश्चात् बालबालिकालाई तपसिल अनुसारका सम्पर्क गृह, सामाजिकीकरण केन्द्र र लागू औषध पुनर्स्थापना केन्द्रहरुसँग समन्वयात्मक रुपमा कार्य भइरहेको छ। यस कार्यमा

भ्वाईस अफ चिल्ड्रेन, ग्वार्को, ललितपुर (सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र), बाल वातावरण केन्द्र नेपाल, नयाँपाटी, काठमाडौं (सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र), सिपिसियस, गोदावरी, ललितपुर (सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्र), युसेप नेपाल, सानोठिमी, भक्तपुर (सामाजिकीकरण केन्द्र), रक्षा नेपाल, सतुङ्गल, काठमाडौं (सामाजिकीकरण केन्द्र), एपिसी नेपाल, कालिमाटी, काठमाडौं (सम्पर्क गृह), र सोबर रिकभरी पुनर्स्थापना केन्द्र, बौद्ध, काठमाडौं (लागू औषध पुनर्स्थापना केन्द्र) संग सहकार्य भइरहेको छ।

काठमाडौं उपत्यकामा सडक बालबालिका मुक्त अभियान कार्यक्रम सञ्चालन पश्चात् सडकमा आश्रित रहने बालबालिकाको संख्यामा उल्लेख्य कमी आएको देखिएको छ। काठमाडौं उपत्यकाका अतिरिक्त नेपालका अन्य केही शहरी क्षेत्रहरुमा पनि सडक बालबालिका रहेकाले यो कार्यक्रम विस्तार हुने क्रममा छ। भरतपुर, चितवनमा नेपाल प्रहरीको सक्रियतामा स्थानीय रुपमा सडक बालबालिकाको उद्दार गरी ४० जना बालकलाई संरक्षण प्रदान गरिएको छ।

पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बालअधिकारसम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसंगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन हुन सकेकोले नै उपत्यकामा सकारात्मक परिणाम देखा परेको हो। यद्यपि, सडक बालबालिकाको पुनर्स्थापना कार्य चुनौतीपूर्ण रहँदै आएको छ।

आ.व. २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १४१ मा अनाथ तथा सडक बालबालिकाको उद्धार, पालनपोषण र पुनर्स्थापनाका लागि समुदायमा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ भन्ने उल्लेख भएको छ।

### ३.४ बालविवाह

"केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२" द्वारा साविक मूलुकी ऐनको व्यवस्थालाई संशोधन गरी विवाहको न्यूनतम् उमेर २० वर्ष तोकिएको छ। बाल विवाह विकासशील मुलुकका लागि समस्याको विषय नै बनेको छ। बाल विवाह उच्च रहेका मुलुकहरुमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ। दक्षिण एशियामा बंगलादेश र भारतपछि नेपाल तेश्रो स्थानमा पर्दछ। केही समुदायहरुमा प्रचलित कु-परम्परा, सचेतनाको कमी र हालका वर्षहरुमा बालबालिकाबीच प्रेम विवाह हुनाले यो

एउटा गम्भीर चुनौतिको रुपमा देखिएको छ । बालबालिकाउपर हुने हिंसाविरुद्धको दक्षिण एशियाली पहलले नेपाललगायत सार्क मुलुकहरूमा बालविवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५-२०१८) समेत कार्यान्वयनमा रहेको छ । दिगो विकासका लक्ष्यहरुको कार्यसूची (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।


प्रहरीको पहलमा बालविवाह रोकियो

बालविवाहविरुद्ध उत्रँदै बाल क्लबहरू

सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति (२०७२) को कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ। राष्ट्रिय रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीयस्तरसम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालय बाहिर रहेका बालिका र उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरुको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यस अनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ ।


नौ वर्षीया विवाह गर्न खोज्ने मण्डपबाटै पक्राउ

विभिन्न सञ्चार माध्यमहरुमा यस आर्थिक वर्षको अवधिमा विभिन्न जिल्लामा ६६ वटा बालविवाह भएका घटनाहरु प्रकाशमा आएका छन् । जसमध्ये बालक र बालिका दुबैले उमेर नपुग्दै विवाह गरेको घटना सबै भन्दा बढी ४६ (७० प्रतिशत) पाइएको छ भने बालिका र वयस्क पुरुषबीच २३ प्रतिशत (१५ जना) विवाह भएको छ । ७ प्रतिशत (५ जना) अनमेल (बृद्धसँग) विवाह समेत भएको जानकारीमा आएको छ। बालविवाहका घटनाहरुमध्ये अभिभावकद्वारा गराइएको विवाह ५२ प्रतिशत (३४ जना) र भागी विवाह ४८ प्रतिशत (३२ जना) रहेको छ । बालविवाहका

घटनाहरुलाई जिल्लागत रुपमा हेर्दा कर्णाली क्षेत्रका जिल्लाहरु र तराईका जिल्लाहरुमा बढी बालविवाह हुने गरेको देखिन्छ ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ। यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत हुन आउँछ। १० देखि १४ वर्ष उमेर समूहमा हुने विवाह प्रायः नगन्य अवस्थामा पुग्नुलाई भने सकारात्मक दिशातर्फ उन्मूख भएको मान्न सकिन्छ ।

नेपाल बहुक्षेत्रीय क्लस्टर सर्भेक्षण, २०१४ का अनुसार १५ वर्षदेखि ४९ वर्षसम्मका महिलामा गरिएको सर्वेक्षण अनुसार नेपालमा १५ वर्ष नपुग्दै वा चाँडो विवाह गर्नेको संख्या १४,१६२ (१५.५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी १५ वर्षदेखि १९ वर्षसम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५ प्रतिशत) देखिएको छ ।

बालन्याय समन्वय समिति सचिवालयका अनुसार यस आर्थिक वर्ष २०७३/०७४ मा बालविवाहका ५ वटा मुद्दा अदालतमा दर्ता भएको र त्यसमा ७ जना बालक प्रतिवादीको रुपमा रहेको पाइएको छ।


बारामा बालविवाह मुक्त वडा घोषणा

बालविवाहका घटनाका सम्बन्धमा प्रहरीमा ज्यादै कम परिमाणमा उजुरी दर्ता हुने गरेको देखिन्छ । बालविवाहको उजुरी नै नहुने समस्या पनि बालविवाह न्यूनीकरणका लागि प्रमुख चुनौतिका रुपमा रहेको छ । उजुरी नै ज्यादै कम पर्ने भएकोले यस अपराधका सन्दर्भमा कारवाहीको प्रक्रिया पनि उल्लेखनीय रुपमा अघि बढेको पाइदैन। सम्बन्धित प्रभावित क्षेत्रमा समुदायले बुझ्ने गरी बालविवाहका नकारात्मक पक्षहरुलाई स्पष्ट गराउदै जानु आवश्यक छ ।

नेपालमा बालविवाहविरुद्ध सरकारी तथा गैरसरकारी क्षेत्र र बालक्लबमार्फत स्वयम् बालबालिका समेत क्रियाशील हुँदै आएका छन् । परिणामस्वरुप समुदायमा कतिपय हुन लागेका बालविवाह रोक्नुका साथै बालविवाह भएको अवस्थामा भोज बहिष्कार समेत गरेको जानकारी पाइएको छ। सबैको सहकार्यमा बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने प्रयासहरु पनि भएका छन् ।



## बालविवाह रोक्न घरघरै निक्तो कार्ड

### के हो बालमैत्री शासन ?

## प्रहरीले रोक्यो बालविवाह

कपिलवस्तु (कास)- प्रहरीले हस्तक्षेप गरेपछि बालविवाह रोकिएको छ। कपिलवस्तु १२ सौराहाको अकरवरपुर गाउँमा बालविवाह हुन लागेको सूचनापछि पुगेको प्रहरीको टोलीले विवाह रोकेको हो। गाउँका लक्ष्मण यादवले १४ वर्षीया छोरी सञ्जु यादवको कृष्णनगर १२ हथियागढका युवासँग विवाह तय गरेका थिए।

शुक्रबार दिउँसो प्रहरी पुग्दा विवाहको तयारी चल्दै थियो। ध्वजापताकाले घर सिँगारिएको थियो। माइकमा गीत बज्दै थियो। गाउँले नाचगान गर्दै रमाइलो गर्दै थिए। केटी पक्षकाले जन्तीका लागि खाना पकाउने र बस्नका लागि बिस्तरा र लत्ताकपडाको तयारी गर्दै थिए। त्यही बेला केटीको घरमा प्रहरी पुग्दा सबैले अचम्म माने।

बालविवाह गराएको आरोप लगाउँदै बाबुलाई प्रहरी निरीक्षक नवीन श्रेष्ठले नियन्त्रणमा लिए। उनलाई प्रहरी कार्यालय ल्याइयो। यो कुरा बेहुलासहित जन्तीले आधा बाटोबाटै थाहा पाएपछि उतै फर्किए र विवाह रद्द भयो। विवाह तयारी गरिरहेका छरछिमेक पनि प्रहरी देखेपछि भागेका थिए।

## वर्षमै दुई हजार बालविवाह

- बालविवाह गर्नेमा दलित, मधेसी र मुस्लिम समुदायका बालबालिका अगाडि।
- कतिपय मानिसले आफ्नो संस्कार र संस्कृतिलाई परिवर्तन गर्न चाहेका छैनन्।

## ३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनःएकीकरण

### ३.५.१ सञ्चार माध्यममा प्रकाशित घटनाहरुः

संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धिको धारा ६ ले बाँच्न पाउने प्रत्येक बालकको जन्मसिद्ध अधिकार हो भन्ने उल्लेख भएको छ र उक्त महासन्धिका पक्षधर राष्ट्रहरुले यसलाई सुनिश्चित गर्नु पर्दछ। आ.व. २०७३/०७४ मा विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका विभिन्न २ सय ५१ वटा घटनाहरुबाट ४ सय १२ जना बालबालिका प्रभावित भएको जानकारीमा आएको छ। यसमध्ये ४९ जना बालबालिका (२७ बालक र २२ बालिका) को हत्या भएको, ६४ जना बालबालिका (२३ बालक र ४१ बालिका) ले आत्महत्या गरेको, ९६ बालिकाको बलात्कार भएको जस्ता घटनाहरु सार्वजनिक भएका छन्। बलात्कार र हत्या जस्ता कुकृत्य र अबोध बालबालिकाले आत्महत्यासम्म गर्नुपर्ने स्थिति परिवार, विद्यालय तथा समाजमा विद्यमान हुनु वा सिर्जना हुनु भनेको बालबालिकाको बाँच्न पाउने अधिकारको हनन् हुन पुगेको स्थिति हो। यसप्रति सबै सरोकारवालाहरु संवेदनशील र जिम्मेवार हुन जरुरी छ। विस्तृत विवरण बुँदा नं १.८ मा दिइएको छ।

### ३.५.२ हराएका/फेला परेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना (बालबालिका खोजतलास समन्वय केन्द्र १०४)

प्रायः प्रत्येक हप्ता सञ्चार माध्यममा बालबालिका हराएको सूचना आउने गरेको छ। यस्ता घटनाबाट प्रभावित बालबालिकाको खोजतलास तथा व्यवस्थापनका लागि **बालबालिका खोजतलास समन्वय केन्द्र – निःशुल्क टेलिफोन नं.** १०४ एक दशकअघिदेखि नै सञ्चालनमा रहेको छ। यस केन्द्र सञ्चालनका लागि काठमाडौमा प्रहरी उपरीक्षकको नेतृत्वमा ११ जना नेपाल प्रहरीका र ९ जना केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरु कार्यरत रहेका छन्।

बालबालिका अपहरण र हराउने जस्ता बालअपराधका घटनाबाट बालबालिकामाथि हुने सबैप्रकारका अपराधको नियन्त्रण गर्न सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकासका साझेदार निकाय तथा नागरिक समाज सक्रिय रहेको छ। **बालबालिका खोजतलास समन्वय केन्द्र**ले आर्थिक वर्ष २०७३/०७४ मा पनि प्रभावकारी भूमिका निर्वाह गर्‍यो । उक्त फोन सेवा नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल प्रहरी, समाज कल्याण परिषद्, केन्द्रीय बालकल्याण समिति, नेपाल टेलिकम, एन सेललगायत विभिन्न निकाय एवम् संघसंस्थाको पहलमा सञ्चालन भइरहेको छ ।

हराएका बालबालिकाको खोजतलास, भेटिएका तथा बेवारिस फेला परेका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनजस्ता बालबालिकासम्बन्धी सूचना र सेवाको विस्तारका लागि यो सेवालाई ५६ जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्र समेतमा विस्तार गरी सेवा नियमित सञ्चालन गरिएको छ र यो सेवा सबै जिल्लामा पुर्‍याउने क्रम जारी छ ।




यस आ.व.मा हराएका बालबालिका २७७२ जना (बालक १०४७ र बालिका १७२५) रहेको सूचना प्रप्त भएको छ । हराएकामध्ये फेला परेका बालबालिका ७२० (बालक ३५३ र बालिका ३६७) जना रहेको अभिलेख गरिएको छ। कतिपय घटनामा हराएको सूचना दिने तर परिवार, समुदायमा नै फेला परेमा सोको सूचना बालबालिका खोजतलास समन्वय केन्द्र, १०४ मा नदिने गरिएका कारण फेला परेको संख्या कम रहेको पनि हुन सक्दछ भने हराएका बालबालिकाको खोजतलास कार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ । यस अतिरिक्त बेवारिस फेला परेका बालबालिका ४७९ जना (बालक ३२१ र बालिका १५८), बेवारिस फेला परेकामध्ये परिवारमा पुनर्मिलन गरिएका बालबालिका ३०७ (बालक २१६ र बालिका ९१), बेवारिस फेला परेकामध्ये घरपरिवार पत्ता लाग्न नसकेर बालगृहमा संरक्षणको लागि राखिएका बालबालिका १६० जना (बालक ९६ र बालिका ६४) रहेका छन् । यसरी हराएर फेला परेका र बेवारिस फेला परेका १०२७ जनालाई (बालक ५६९ र बालिका ४५८) परिवारमा पुनर्मिलन गरिएको छ । कूल लाभान्वित बालबालिका ११८७ जना (बालक ६६५ र बालिका ५२२) जना रहेका छन् । बालबालिका खोजतलास समन्वय केन्द्र १०४ बाट प्राप्त जानकारी निम्नानुसार रहेको छ ।

तालिका ६: बालबालिका हराएको, फेला परेको र खोजतलास जारी रहेको स्थिति, २०७३/०७४

| **विकास क्षेत्र** | | **हराएका** | | | **हराएका मध्ये फेला परेका** | | | **खोजतलास जारी** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | **जम्मा** | **बालक** | **बालिका** | **जम्मा** | **बालक** | **बालिका** | **जम्मा** |
| पूर्वाञ्चल | | १४९ | ३७० | ५१९ | १९ | ५५ | ७४ | १३० | ३१५ | ४४५ |
| मध्यमाञ्चल | उपत्यका | १८८ | १२३ | ३११ | १५० | ९५ | २४५ | ३८ | २८ | ६६ |
| | उपत्यका बाहेक | २०५ | ५३७ | ७४२ | ५७ | ९० | १४७ | १४८ | ४४७ | ५९५ |
| पश्चिमाञ्चल | | १०२ | २१० | ३१२ | १९ | ३७ | ५६ | ८३ | १७३ | २५६ |
| मध्य पश्चिमाञ्चल | | २७० | ३४६ | ६१६ | ६७ | ५८ | १२५ | २०३ | २८८ | ४९१ |
| सुदूर पश्चिमाञ्चल | | १३३ | १३९ | २७२ | ४१ | ३२ | ७३ | ९२ | १०७ | १९९ |
| **जम्मा** | | **१०४७** | **१७२५** | **२७७२** | **३५३** | **३६७** | **७२०** | **६९४** | **१३५८** | **२०५२** |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, केन्द्रीय बालकल्याण समिति, २०७४*

उपर्युक्त तालिकाबाट हराएका बालबालिकामध्ये करिब ३८ प्रतिशत (१०५३ जना) बालबालिका मध्यमाञ्चलबाट मात्र रहेको देखिन्छ भने सबभन्दा कम सुदूर पश्चिमाञ्चलबाट करिब १० प्रतिशत (२७२) हराएको देखिन्छ। उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या तल तालिकामा दिइएको छ।

तालिका ७: उमेर समूहको आधारमा हराएका बालबालिकाको संख्या

| **क्र.स.** | **उमेर समूह (वर्ष)** | **हराएका बालबालिका** | | |
|---|---|---|---|---|
| | | **बालक** | **बालिका** | **जम्मा** |
| १. | ० – ५ | २९ | ३५ | ६४ |
| २. | ६ – १० | १२० | ८२ | २०२ |
| ३. | ११ – १४ | ५४१ | ४९८ | १०३९ |
| ४. | १५ – १८ | ३५७ | ११९० | १४६७ |
| **जम्मा** | | **१०४७** | **१७२५** | **२७७२** |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, केन्द्रीय बालकल्याण समिति, २०७४*

हराएका बालबालिकामध्ये करिब ५३ प्रतिशत (१४६७ जना) १५ देखि १८ वर्षसम्मका रहेका छन् भने पाँच वर्षमूनिका २.३ प्रतिशत रहेका छन्। यसबाट १० वर्षमाथिका बालबालिका हराउने जोखिम अत्यधिक देखिएको छ।

तालिका ८: बेवारिस अवस्थामा फेला परेका तथा परिवारमा पुनःस्थापना गरिएको बालबालिकाको संख्या

| **जम्मा बेवारिस अवस्थामा फेला परेका** | | | **जम्मा परिवारमा पुनःस्थापना गरिएका** | | | **हाल बाँकी संरक्षण गृहमा रहेका** | | | **खसंरक्षण गृहबाट भागेका** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| ३२१ | १५८ | ४७९ | २१६ | ९१ | ३०७ | ९६ | ६४ | १६० | ९ | ३ | १२ |


*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, केन्द्रीय बालकल्याण समिति, २०७४*

बेवारिस अवस्थामा फेला परेकामध्ये ६७ प्रतिशत बालक रहेको पाइएको छ । बेवारिस फेला परेकाहरुमध्ये ६४ प्रतिशत बालबालिका परिवारमा पुनःस्थापना भइसकेको देखिन्छ भने बाँकी संरक्षण गृहमा रहेको पाइन्छ ।

### ३.५.३ हिंसा/जोखिममा रहेका बालबालिकाको उद्धार तथा पारिवारिक पुनःस्थापना (निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ – दश नौ आठ)

नेपालमा पहिलो पटक गैरसरकारी क्षेत्रबाट सिविन हेल्पलाइनले प्रारम्भ गरेको बालबालिकाको आपत्कालीन उद्धार सहयोग तथा परामर्श कार्यको अवधारणालाई बाल हेल्पलाइनमा परिणत गरी सन् २००७ बाट राज्यको संरचना भित्र ल्याइएको छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट **बाल हेल्पलाइन सञ्चालन कार्यविधि २०६४** जारी भई कार्यान्वयनमा रहेको छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको संयोजकत्वमा बाल हेल्पलाइन १०९८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेकोछ । नेपाल दूरसञ्चार प्राधिकरणमार्फत् विभिन्न दूरसञ्चार कम्पनीहरुबाट  बाल हेल्पलाइनलाई निःशुल्क फोन नम्बर १०९८ उपलब्ध गराइएको छ । बालबालिकासमेतका लागि सम्झन सजिलो होस् भन्नका लागि फोन नम्बर १०९८ को उच्चारण "**दश नौ आठ**" भनी गरिन्छ जुन दक्षिण एसियाका देशहरुको बाल हेल्पलाइनको साझा नम्बरका रुपमा क्रमशः स्थापित हुँदैछ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ मा बाल हेल्पलाइनका बारेमा स्पष्ट रुपमा "संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गरिनेछ । निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ लाई सबै जिल्लामा विस्तार गर्नुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरुका साझा निःशुल्क बाल हेल्पलाइनमा परिणत गर्ने समेत प्रयास गरिनेछ" भन्ने उल्लेख भएको छ। बालअधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बाल हेल्पलाइन हो । बाल हेल्पलाइन विश्वका १ सय ३४ भन्दा बढी देशहरुमा सञ्चालन भई बालसंरक्षण प्रणालीको एक महत्वपूर्ण अङ्गका रुपमा स्थापित भएको छ ।



केन्द्रीय बालकल्याण समितिको संयोजनमा विभिन्न सातवटा संघसंस्थाहरुको सहकार्यमा काठमाडौं, मोरङ, मकवानपुर, बाँके, कास्की, कैलाली, चितवन, उदयपुर, सुनसरी, दैलेख र सुर्खेत गरी देशका ११ जिल्लामा बाल हेल्पलाइन अर्थात निःशुल्क टेलिफोन नम्बर दश नौ आठ सञ्चालन भइरहेको छ । विगतमा झैं यो वर्ष पनि बालअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि बाल हेल्पलाइन प्रभावकारी सावित भएको छ । बाल हेल्पलाइनलाई अझ बढी प्रभावकारी बनाउने प्रयास जारी छ ।




बाल हेल्पलाइनबाट यस आ.व.मा जोखिमपूर्ण अवस्थामा रहेका २४१० जना बालबालिकाको उद्धार, राहत, मनोपरामर्श, पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गरिएको छ, जसमा बालक ११२५ र बालिका १२८५ रहेका छन् । सेवा प्राप्त गर्ने बालबालिकामध्ये तत्कालीन राहत ४६३, मनोविमर्श ११८९, पुनर्मिलन २८०, बाल गृह ७०, आवधिक संरक्षण २९७, बाल विवाह हुनबाट रोकिएको २४ जोडी, उपचार २८२, कानूनी तथा पारिवारिक परामर्श ९४३, शैक्षिक सहयोग १०१२, बालश्रमबाट उद्धार १२९, सडक बालबालिकाको उद्धार ३१, विभिन्न प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट उद्धार १६५ र बेचविखन तथा ओसारपसार हुनबाट बचाइएका १५ जना बालबालिका रहेका छन् । जिल्लागत रुपमा सेवा प्रदान गरिएको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ः बाल हेल्पलाइनामार्फत आ.व. २०७३/०७४ मा गरिएको सहयोग

| क्र.स. | जिल्ला | संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | काठमाडौं | ५०४ | ५३७ | १०४१ |
| २ | चितवन | ७६ | १५९ | २३५ |
| ३ | सुर्खेत | ३७ | ५० | ८७ |
| ४ | बाँके | ५३ | ७१ | १२४ |
| ५ | मोरङ | ६६ | १०७ | १७३ |
| ६ | कैलाली | ९९ | ९१ | १९० |
| ७ | मकवानपुर | ९९ | १०४ | २०३ |
| ८ | कास्की | ४० | ४० | ८० |
| ९ | सुनसरी | ८२ | २९ | १११ |
| १० | उदयपुर | १५ | ४ | १९ |
| ११ | दैलेख | ५४ | ९३ | १४७ |
| **जम्मा** | | **११२५** | **१२८५** | **२४१०** |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७४*

बालबालिकाविरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित बाल हेल्पलाइनलाई प्रहरी प्रशासन, जिल्ला बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानूनी सहयोग गर्ने सस्थाहरू, बालबालिका तथा मानवअधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, स्थानीय निकाय वा समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ र यसलाई अझ बढी व्यवहारिक बनाउदै स्थानीय तहबाट स्रोत विनियोजन समेतको व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक छ । बाल हेल्पलाइन सेवाले बालबालिका विरुद्धका अपराध नियन्त्रण गर्न तथा बालअधिकार हननूबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ । स्थानीय सरकारबाट आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ । यो सेवा आपतमा परेका बालबालिकाका निम्ति छिटोछरितो, बालअधिकारसम्मत, बालमैत्री संरक्षण प्रणालीका रुपमा रहेको छ । यसको प्रभावकारिताका लागि सम्बन्धित निकाय एवम् संघसंस्थाको सहकार्य वृद्धि गर्दे जानु पर्ने देखिन्छ ।

### ३.५.४ हिंसा, दुर्व्यवहार, अपहरण तथा बेचविखनबाट प्रभावित बालबालिका

बालअधिकार महासन्धिको धारा ६ मा बालबालिकाको जीउने अधिकार प्रत्याभूति गरिएको छ । तथापि, देशमा बालबालिकाको हत्या, हिंसा, अपहरण तथा बेचबिखन जस्ता कुकृत्यबाट बालबालिका पीडित भएका घटनाहरु जानकारीमा आउने गरेका छन् । नेपाल प्रहरीमा दर्ता भएका वा जानकारीमा आएका विविध घटनाहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

आर्थिक वर्ष २०७३/०७४ मा नेपाल प्रहरीमा दर्ता भएका जबरजस्ती करणीबाट पीडित बालबालिका (उमेर समूहका आधारमा) को विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १०: आ.व. २०७३/०७४ मा जबरजस्ती करणी अपराधबाट पीडित बालिकाको संख्या

| क्षेत्र | ०-१० वर्ष | ११-१६ वर्ष | १७-१८ वर्ष | जम्मा | मुद्दा संख्या |
|---|---|---|---|---|---|
| पूर्व क्षेत्र | ७० | १३४ | २९ | २३३ | ३५० |
| मध्यक्षेत्र | ४४ | ९० | ११ | १४५ | २१८ |
| पश्चिमक्षेत्र | ३८ | ७१ | १४ | १२३ | १८० |
| मध्यपश्चिमक्षेत्र | २६ | ७४ | १४ | ११४ | १८५ |
| सुदूरपश्चिमक्षेत्र | १० | १९ | ३ | ३२ | ६३ |
| उपत्यका | २३ | ५६ | १७ | ९६ | १३५ |
| **जम्मा** | २११ | ४४४ | ८८ | ७४३ | ११३१ |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७४ ।*

गत आर्थिक वर्षमा जबरजस्ती करणी अपराधबाट पीडित बालिकाको संख्या ६ सय ८१ (कूल मुद्दा संख्याको करिव ६२ प्रतिशत) रहेकोमा यस आर्थिक वर्ष २०७३/०७४ मा पीडित बालिकाको संख्या ६२ ले बढेर ७ सय ४३ (कूल मुद्दा संख्याको करिव ६६ प्रतिशत) पुगेको छ। जबरजस्ती करणी अपराधबाट १० वर्ष मूनीका समेत २११ जना (२८.३९ प्रतिशत) बालिका पीडित भएका छन्। उपर्युक्त घटनाहरुमध्ये सबभन्दा बढी पूर्व क्षेत्रमा र सोपछि मध्य र मध्यपश्चिम क्षेत्रमा देखिएको छ। यस्तो जघन्य अपराध नियन्त्रण गर्नु अति आवश्यक छ।

उपर्युक्त घटनाको अतिरिक्त बालबालिकामाथि जबरजस्ती करणीको प्रयासबिरुद्ध पनि ५ सय ३६ मुद्दा दायर भएको र यसबाट २७५ बालिका पीडित भएको देखिएको छ। यसको विवरण तलको तालिकामा दिइएको छ।

तालिकाः ११ आ.व. २०७३/०७४ मा जवरजस्ती करणी उद्योग अपराधबाट पीडित बालिकाको संख्या

| क्षेत्र | ०-१० वर्ष | ११-१६ वर्ष | १७-१८ वर्ष | जम्मा | मुद्दा संख्या |
|---|---|---|---|---|---|
| पूर्व क्षेत्र | १४ | ३३ | ८ | ५५ | १४३ |
| मध्यक्षेत्र | १९ | ४६ | ४ | ६९ | १३३ |
| पश्चिमक्षेत्र | ३२ | ३० | ६ | ६८ | १०८ |
| मध्यपश्चिमक्षेत्र | ९ | २९ | ६ | ४२ | ७८ |
| सुदुरपश्चिमक्षेत्र | ३ | ८ | २ | १३ | ३३ |
| उपत्यका | ८ | १४ | ६ | २८ | ४१ |
| **जम्मा** | **८५** | **१५८** | **३२** | **२७५** | **५३६** |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७४*

गत आर्थिक वर्षमा जबरजस्ती करणी उद्योग अपराधबाट पीडित बालिकाको संख्या २ सय ६६ (कूल मुद्दा संख्याको करिव ५९ प्रतिशत) रहेकोमा यस आर्थिक वर्ष २०७३/०७४ मा पीडित बालिकाको संख्या ९ ले बढेर २ सय ७५ (कूल मुद्दा संख्याको ५१.३ प्रतिशत) पुगेको छ। उपर्युक्त तालिकाबाट ११-१६ वर्ष उमेर समूहका १५८ जना बालबालिकामाथि जबरजस्ती करणीको प्रयास भएको देखिएको छ। जबरजस्ती करणी र करणी प्रयासविरुद्ध कानूनी प्रक्रियामा आएका घटनामात्र पनि ५३६ को संख्यामा रहेको देखिन्छ भने उजुरी वा कानूनी प्रक्रियामा नआएको निकै बढी हुन सक्ने अनुमान गर्न सकिन्छ।

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७२/०७३ मा मानव बेचबिखनबाट १ सय ९ जना बालिका (३१ प्रतिशत) बेचबिखनमा परेको देखिएको थियो भने आर्थिक वर्ष २०७३/७४ मा जम्मा ८९ बालबालिका बेचबिखनबाट पीडित भएको पाइएको छ। विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

**तालिका १२: बेचबिखनमा परेका बालबालिकाको विवरण**

| क्षेत्र | १० वर्षमूनि | ११-१६ वर्षसम्म | १७-१८ बर्षसम्म | बालबालिका संख्या | जम्मा मुद्दा संख्या |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १ | ८ | ४ | १७ | ३३ |
| मध्यमाञ्चल | ० | ११ | ९ | २० | ३९ |
| पश्चिमाञ्चल | ० | ६ | १२ | १८ | ३८ |
| मध्येपश्चिमाञ्चल | ० | ६ | ५ | ११ | ३१ |
| सुदुर पश्चिम | ० | ६ | २ | ८ | १९ |
| उपत्यका | ० | ४ | ११ | १५ | ६७ |
| **जम्मा** | **१** | **४१** | **४७** | **८९** | **२२७** |

*स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय, २०७४*

गत आर्थिक वर्षमा १०९ जना बालबालिका बेचबिखनबाट पीडित रहेकोमा यस आर्थिक वर्षमा ८९ जना बालबालिका पीडित भएको देखिन्छ । संख्याको हिसावले स्थितिमा केही सुधार भएर आएको देखिन्छ तापनि बेचबिखन बालहिंसाको क्रुर रुप हो । यसको निराकरणमा निकै प्रयास गर्नुपर्ने देखिन्छ ।

**अनलाइन मार्फत् बालबालिकामाथि हुने यौन दुर्व्यवहार**

सूचना प्रविधिसँगै इन्टरनेटको द्रुत विकास, विस्तार र पहुँचले बालबालिकामाथि हुनसक्ने अनलाइन यौन दुर्व्यवहारको सम्भावनालाई पनि बढाएको देखिन्छ । एकातर्फ प्रविधिको विकासले मानव जीवन छिटोछरितो भएको छ भने अर्कोतर्फ यसको दुरुपयोगले विकृति पनि भित्रिएको छ । यस्ता विकृतिबाट बालबालिकालाई संरक्षण गर्नुपर्ने चुनौती थपिएको छ ।

नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएकोले यस क्षेत्रमा बालबालिका यौन दुर्व्यवहारको उच्च जोखिममा रहेका हुन्छन् । कार्यव्यस्तताले आफ्ना सन्तानलाई प्रशस्त समय दिन नसक्ने तर मोबाइल, ट्याव, ल्यापटप आदि सजिलै किनिदिने र ती सामग्रीको सदुपयोगबारे चासो नराख्ने अभिभावकको प्रवृत्तिले गर्दा बालबालिका अनलाइनमार्फत् हुने यौन दुर्व्यवहारको उच्च जोखिममा रहन्छन् ।

बालबालिकाले विशेषगरी गृहकार्य गर्न, अनलाइन गेम खेल्न, च्याट गर्न, फेसबुक, भाइबर आदिजस्ता सामाजिक सञ्जाल चलाउन, संगित सुन्नका लागि इन्टरनेटको प्रयोग गर्ने गरेको पाइएको छ । केही बालबालिकाले अश्लील सामग्री हेर्नकै लागि पनि इन्टरनेटको प्रयोग गर्ने गरेको केही सर्भेक्षणले देखाएको छ ।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा ३९ मा बालबालिकाको हकको उपधारा ६ मा कुनै पनि बालबालिकालाई "कुनै पनि बालबालिकालाई ..... कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार,

उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।" भनी उल्लेख गरेको छ । त्यस्तै बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० ले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा प्रस्ट पारेको छ । तथापि अश्लील तस्बिर, अडियो, भिडियो, सन्देश आदि पठाएर बालबालिकामाथि यौनजन्य दुर्व्यवहार हुने गरेको छ ।

यस सम्बन्धमा हाल विस्तृत अध्ययन भएको पाइँदैन । तथापि, एक्प्याट लग्जमवर्गले २०१७ मा गरेको एक सर्वेक्षण अनुसार, काठमाडौं उपत्यकामा ४५२ जना बालबालिका बीच एक सर्भेक्षण गरेको पाइएको छ । जसमा २१२ जना (४७%) बालिका र २४० जना (५३%) बालक रहेका थिए भने ११-१२ वर्ष उमेर समूहका ५१ जना (११%), ५-७ वर्ष उमेर समूहका ८३ जना (१८%), ८-१० वर्ष उमेर समूहका ३१६ जना (७०%) र २ (१ %) जना बालबालिकाले उमेर नखुलाएका बालबालिका रहेका थिए ।


सहभागी धेरैजसो बालबालिकाले मोबाइल फोन र ल्यापटपबाट इन्टरनेट चलाउने गरेको बताएका छन् भने केही बालबालिकाले साइबर क्याफे, साथीको घर र स्कूलको कम्प्युटरबाट इन्टरनेट चलाउने खुलाएका छन् । साइबर क्याफेमा गएर इन्टरनेट चलाउनेमा ८० प्रतिशत बालक रहेका छन् ।

सर्भेक्षणअनुसार, ४१ प्रतिशत बालबालिकाले दैनिक ३० मिनेट इन्टरनेटको प्रयोग गर्छन् भने ३१ प्रतिशत बालबालिकाले दैनिक १ देखि २ घण्टा इन्टरनेट चलाउँछन् । १२ प्रतिशत बालबालिकाले ३ देखि ४ घण्टा दैनिक इन्टरनेट चलाउँछन् भने ६ प्रतिशत बालबालिका दिनमा ४ घण्टाभन्दा बढी इन्टरनेटमा रमाउँछन् । दैनिक ३ देखि ४ घण्टा इन्टरनेट चलाउनेमा ७३ प्रतिशत बालक रहेको पनि सर्वेक्षणले देखाएको छ ।

सर्भेक्षणअनुसार, २० प्रतिशत बालबालिकाले कम्तिमा एकपटक अश्लील सामग्री हेर्ने बताएका छन् । अश्लील सामग्री हेर्नेमा २० प्रतिशत बालिका रहेको पाइएको छ । इन्टरनेट चलाउने कूल बालबालिकाको संख्यामध्ये १३.७ प्रतिशत बालबालिका अनलाइन दुर्व्यवहारको शिकार हुने गरेको पाइएको छ । यसरी दुर्व्यवहारमा पर्नेमा ४७ प्रतिशत बालक रहेको देखिन्छ । यो एक गम्भीर सूचकका रुपमा रहेको छ ।

अनलाइन मार्फत् यौन दुर्व्यवहारमा परेका बालबालिकामा आत्मसम्मानमा कमी आउने गरेको उनीहरुले बताएका छन् । २१ प्रतिशत बालबालिकाले आफूलाई दुर्व्यवहार गर्ने व्यक्तिलाई ब्लक गर्ने गरेको पाइएको छ भने ११ प्रतिशत बालबालिकाले आफ्नो नजिकको साथीलाई सो घटनाबारे बताउने गरेको पाइएको छ । त्यस्तै ८ प्रतिशत बालबालिकाले प्रहरिमा उजुरी गरेको बताएका छन् । इन्टरनेट चलाउने बालबालिकामध्ये जम्मा २२ प्रतिशत बालबालिकालाई मात्रै अनलाईन मार्फत् हुने सम्भावित यौन दुर्व्यवहारबाट जोगिने उपायबारे जानकारी भएको बताएका छन् ।

बाल हेल्पलाइन १०९८ मा यस आ.व. मा १७ वटा अनलाइनमार्फत बाल यौन दुर्व्यवहार भएको घटना दर्ता भएका छन् । जसमा १३ वटा काठमाडौं, ३ वटा मोरङ र १ वटा कैलाली जिल्लाको रहेको छ । यी सवै घटनाबाट बालिकाहरु पीडित भएका छन् ।




*ग्राफः ५ अनलाइन मार्फत् यौन दुर्व्यवहार*

**<u>अपहरण</u>**

यस आर्थिक वर्षको अवधिमा १७ जना बालबालिका अपहरणमा परेका घटनाहरु विभिन्न सञ्चार माध्यमबाट प्रकाशमा आएका छन् । यसमध्ये दुई जनाको अपहरणपछि हत्या गरिएको, १४ जनाको अपहरणपछि मुक्त गरिएको र एक जनाको अवस्था अज्ञात रहेको जानकारीमा आएको छ । उमेर समूहको आधारमा सबभन्दा सानो पाँच वर्षको बालकलाई अपहरण गरी हत्या गरिएको समेत जानकारी भएको छ ।

## ३.६ विपद् र बालबालिका

### ३.६.१ भूकम्पबाट प्रभावित बालबालिका

२०७२ साल बैशाख १२ गते शनिबारको दिन ११:५६ बजे गोरखाको बारपाक केन्द्रबिन्दु भएको ७.८ म्याग्निच्यूडको भूकम्प र सो पश्चातका निरन्तर पराकम्पनबाट नेपालमा धेरै धनजनको क्षति पुगेको थियो । यसबाट करिब ५६ लाख मानिसलाई प्रभाव परेको, २८ लाख मानिस विस्थापित भएको, ८ हजार ६ सय १७ जना मानिसको ज्यान गएको र ४ लाख ७३ हजारभन्दा बढी घर भत्केको तथा क्षति पुगेको तथ्याङ्क रहेको छ । यसैगरी ११ लाख २१ हजारभन्दा बढी बालबालिका भूकम्पबाट प्रभावित भएको जानकारी प्राप्त भएको थियो । भूकम्पपश्चात बालबालिकालाई विभिन्न संकट वा समस्याबाट राहत प्रदान गर्न र सम्भावित विभिन्न किसिमका शोषण तथा हिंसाबाट संरक्षण गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिले केही नीतिगत निर्णयका साथै आवश्यक निर्देशिकाहरू जारी गरी जिल्ला प्रशासन कार्यालय, महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिमा परिपत्र गरेको थियो । विपद्पछिको अवस्थामा बालबालिकालाई परिवारबाट अलग्याउँदा आइपर्न सक्ने थप जोखिमलाई न्यूनीकरण गर्दै जोखिम परिस्थितिका बालबालिकालाई संरक्षण गर्न भूकम्पपश्चात तत्कालै अस्थाई बासस्थानहरुमा बालसंरक्षणका सन्दर्भमा आइपर्न सक्ने जोखिमहरुका बारेमा सबैलाई सचेत गर्न सार्वजनिक सूचना

प्रवाह गर्नुका साथै बालकेन्द्रित राहतका साथै बालसंरक्षणका विषयमा पनि सतर्कता अपनाइएको थियो । साथै, केन्द्रीय बालकल्याण समितिले तत्काल संरक्षण कार्य सञ्चालनका लागि दिग्दर्शन, २०७२ निर्माण गऱ्यो । यसै अनुरुप भूकम्पले बढी प्रभावित १४ जिल्लाहरुका बालबालिकालाई सहयोग पुऱ्याउन युनिसेफको समेत आर्थिक तथा प्राविधिक सहयोगमा कार्यक्रम सञ्चालन गरिएको छ ।

जिल्ला बालकल्याण समितिमार्फत सञ्चालनमा रहेको यस कार्यक्रमअन्तर्गत जिल्लामा समन्वय गर्ने, जोखिममा रहेका बालबालिकाको सूचना सङ्कलन र व्यवस्थापन गर्ने, उक्त सूचनाबाट सहयोग प्रदान गर्नुपर्ने बालबालिकाको सूचीको प्राथमिकीकरण गर्ने, शैक्षिक सहयोग गर्ने, बाल हिंसा र जोखिममा रहेका बालबालिकाका घटनाहरु व्यवस्थापन तथा सम्बोधन गर्ने, घटना व्यवस्थापनबारे छलफल तथा तालिम सञ्चालन गर्ने लगायतका कार्यहरु भइरहेका छन् ।

२०७४ साल असार मसान्तसम्म प्राप्त जानकारी अनुसार जोखिममा रहेका बालबालिकाको जिल्लागत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३: भूकम्प प्रभावित १४ जिल्लामा जोखिममा रहेका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सिन्धुलाल्चोक | २५८९ | २६४६ | ५२३५ |
| २ | दोलखा | ९९३ | ११०८ | २१०१ |
| ३ | काभ्रेपलाञ्चोक | १५०७ | १६१२ | ३११९ |
| ४ | रसुवा | ५३७ | ५४७ | १०८४ |
| ५ | नुवाकोट | १७१६ | १९३२ | ३६४८ |
| ६ | धादिङ | १२६० | १२६९ | २५२९ |
| ७ | गोरखा | २०५० | २२३५ | ४२८५ |
| ८ | मकवानपुर | १६७५ | १८५७ | ३५३२ |
| ९ | रामेछाप | ९१२ | ८८७ | १७९९ |
| १० | ओखलढुङ्गा | १८९२ | १९७८ | ३८७० |
| ११ | सिन्धुली | २२६८ | २४४० | ४७०८ |
| १२ | भक्तपुर | ९८६ | ११५६ | २१४२ |
| १३ | ललितपुर | १३६० | १२२० | २५८० |
| १४ | काठमाडौं | ३२४२ | ३६९६ | ६९३८ |
| | **जम्मा** | **२२,९८७** | **२४,५८३** | **४७,५७०** |

हालसम्म सङ्कलन गरिएका जम्मा ४७,५७० बालबालिकामध्ये ४८.३ प्रतिशत बालक र ५१.७ प्रतिशत बालिका रहेका छन् । यी बालबालिकाको स्थितिको अध्ययन र प्राथमिकीकरण गरी जिल्ला बालकल्याण समितिको निर्णयानुसार मूलतः शिक्षाका लागि सहयोग प्रदान गर्ने गरिएको छ भने सङ्कलित सूचनाको आधारमा र नयाँ जानकारीमा आउने घटनाहरुको व्यवस्थापन गरिएको छ ।

२०७४ साल असार मसान्तसम्ममा उपर्युक्त बमोजिमको प्राथमिकरण र निर्णयबमोजिम त्यस्ता घटनाहरु व्यवस्थित रुपमा व्यवस्थापन तथा सम्बोधन गर्ने, घटना व्यवस्थापनबारे छलफल तथा तालिम सञ्चालन गर्ने लगायतका कार्यहरु भइरहेका छन् । यस अवधिसम्म जिल्ला बालकल्याण समितिमार्फत जम्मा १५,०३४ जना बालबालिकालाई सहयोग प्रदान गरिएको थियो । विस्तृत विवरण अनुसूचि ६ मा दिइएको छ ।

तालिका १४: २०७४ असार मसान्तसम्म भूकम्प प्रभावित जि.बा.क.स.मार्फत सहयोग गरिएका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | ८३६ | ८९७ | १७३३ |
| २ | दोलखा | ५७४ | ५२८ | ११०२ |
| ३ | काभ्रेपलान्चोक | ५८५ | ६३० | १२१५ |
| ४ | रसुवा | ३१० | ३१७ | ६२७ |
| ५ | नुवाकोट | ५०६ | ५९९ | ११०५ |
| ६ | धादिङ | ६६१ | ६७५ | १३३६ |
| ७ | गोरखा | ५६१ | ५०९ | १०७० |
| ८ | मकवानपुर | ४३४ | ५४२ | ९७६ |
| ९ | रामेछाप | ५३१ | ४९० | १०२१ |
| १० | ओखलढुङ्गा | ४९४ | ५२१ | १०१५ |
| ११ | सिन्धुली | ४५० | ५२१ | ९७१ |
| १२ | भक्तपुर | २८० | ३२६ | ६०६ |
| १३ | ललितपुर | ४९३ | ६२६ | १११९ |
| १४ | काठमाडौ | ५२९ | ६०९ | ११३८ |
| | **जम्मा** | **७२४४** | **७७९०** | **१५०३४** |

उपर्युक्त तालिकाबाट कूल सहयोग प्रदान गरिएका बालबालिकामध्ये बालिका ५१.८ प्रतिशत रहेका छन् । यस अतिरिक्त विभिन्न विकासका साझेदार संस्थाहरुबाट ८,२२२ जना बालबालिकालाई सहयोग वितरण गरिएको थियो । यसरी जम्मा २३,२५६ जना बालबालिकालाई सहयोग प्रदान गरी बालसंरक्षणमा योगदान दिइएको छ । यसमध्ये पनि दुवै आर्थिक वर्षहरुमा सहयोग पाएका बालबालिकामा जिल्ला बालकल्याण समितिमार्फत् २,६५१ जना र विकासका साझेदार संस्थाहरुबाट १,५७९ जना गरी जम्मा ४,२३० जना बालबालिका रहेका छन् ।

यस अतिरिक्त आर्थिक वर्ष २०७३/०७४ मा केन्द्रीय बालकल्याण समितिले अनाथ, असहाय, अपाङ्गता भएका, गम्भीर प्रकृतिको रोगका कारण कठिन अवस्थामा रहेका बालबालिकालाई तोकिएको मापदण्डको आधारमा संरक्षणका निम्ति देशभरका विभिन्न जिल्लाका ६१ जना बालबालिका (बालक ३६ र बालिका २५) लाई आर्थिक लगायतको राहत सहयोग गरेको छ ।

### ३.६.२ बाढी तथा पहिरोबाट प्रभावित बालबालिका

२०७४ साल साउन २७ गते देशको विभिन्न भूभागमा परेको अविरल वर्षाका कारण सृजित बाढी, पहिरो र डुबानबाट ठूलो संख्यामा जनधनको क्षति हुनपुगेको विदितै छ । गृह मन्त्रालयले मिति २०७४ भदौ १२ गतेसम्ममा पुनर्पुष्टी गरे अनुसार मिति २०७४ श्रावण २७ गतेदेखिको निरन्तर वर्षाका कारण आएको बाढी, पहिरो तथा डुबानबाट प्रभावित ३६ जिल्लामा ४३ हजार ४ सय ३३ घर पूर्ण रुपमा र १ लाख ५८ हजार १ सय ९७ आंशिक रुपमा घर क्षति भएका छन् । बाढी पहिरोमा परेकामध्ये कूल १ लाख १० भन्दा बढी व्यक्तिलाई उद्धार गरिएको छ । त्यस्तै, बाढी पहिरोमा परी देशभरमा हालसम्म कूल १ सय ५९ जनाको ज्यान गइसकेको छ भने सो मध्ये ४४ जना बालबालिका रहेका छन् र बेपत्ता भएका कूल २५ जनामध्ये ७ जना बालबालिका रहेका छन् भने करीब ३८ हजार ३ सय ६८ बालबालिका प्रत्यक्षरुपमा उक्त विपद्‌बाट प्रभावित हुन पुगेका छन् ।



विभिन्न १६ जिल्लामा बाढी पहिरो र डुबानका कारण ४४ जना बालबालिकाले जीवन गुमाउन पुगेका छन् । देशका १६ वटा जिल्लाहरुमध्ये सबैभन्दा बढी रौतहट जिल्लामा ९ जना बालबालिकाको मृत्यु भएको छ । यसैगरी मकवानपुरमा ७ जना, बाँकेमा ५ जना, झापामा ४ जना, सिन्धुली र सुनसरीमा ३/३ जना, धनुषा, महोत्तरी र सुर्खेतमा २/२ जना तथा सप्तरी, सर्लाही, बारा, पर्सा, बाग्लुङ, उदयपुर र बर्दिया १/१ जना बालबालिकाको मृत्यु भएको छ । मृत्यु भएका बालबालिकामध्ये ४५ प्रतिशत (२० जना) बालक र ५५ प्रतिशत (२४ जना) बालिका रहेका छन् ।

यो विपद्‌को समयमा केन्द्रीय र स्थानीय सरकार, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाजदेखि समाजसेवी सबैले आ-आफ्नो तर्फबाट विभिन्न सहयोग पुऱ्याएका थिए भने सेना र प्रहरीले तत्काल उद्धार कार्यमा प्रसंशनीय कार्य गरेका थिए । प्रभावित जिल्लाहरुमा महिला बालबालिका कार्यालय तथा जिल्ला बालकल्याण समितिले विभिन्न निकाय, संघसंस्थासंगको समन्वयमा बालकेन्द्रित उद्धार, राहत सहयोग उपलब्ध गराएको थियो । केन्द्रीय बालकल्याण समितिको आयोजना, पर्सा जिल्ला बालकल्याण समिति तथा जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा आड्रा नेपाल तथा हिमालयन मेडिकल फाउन्डेसनको प्राविधिक सहयोगमा पर्सा जिल्लाको विभिन्न स्थानमा भाद्र १३ देखि १५ गतेसम्म बाढी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिएको थियो । जसबाट १ हजार ६ सय १८ जना व्यक्तिहरुमध्ये ५

सय ४५ जना (३३.७%) बालबालिका प्रत्यक्षरुपमा स्वास्थ्य जाँच सेवा प्राप्त गरे । विरामी जाँचको क्रममा अधिकांश विरामी छालासम्बन्धी रोगबाट प्रभावित थिए भने बाँकी अन्य रोगहरु जस्तै कान पाक्ने, आँखा पाक्ने, भाइरल ज्वरो, ढाँड तथा घुँडा दुख्ने रोग, दाँत दुख्ने, ग्यास्ट्रीक, श्वासप्रश्वास तथा मुटुसम्बन्धी रोगहरुबाट प्रभावित भएको पाइएको छ ।



सरकारले विपद् व्यवस्थापनका सबै पक्षहरुको समन्वयात्मक र प्रभावकारी व्यवस्थापन गर्न प्रचलित कानूनलाई संशोधन गर्दै विपद् व्यवस्थापन ऐन ल्याउने प्रक्रियामा रहेको छ । यसैगरी, प्राकृतिक र गैरप्राकृतिक विपद्प्रति संवेदनशील भएर यससम्बन्धी विषयबस्तुलाई शिक्षा मन्त्रालयले विद्यालयस्तरको पाठ्यपुस्तकमा समावेश गर्ने भएको छ ।

बाढीको समयमा बालबालिका उद्धार गरिएका सामाजिक सञ्जालमा प्रकाशित केही झलकहरु



### ३.७ सशस्त्र द्वन्द्व प्रभावित बालबालिका

बि.सं. २०५२ देखि एक दशक चलेको आन्तरिक द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सहयोग, पुनःस्थापना एवम् पुनर्एकीकरणका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६७ को कार्यान्वयनार्थ केन्द्रीय बालकल्याण समितिले २०७२ साल पुस महिनादेखि जिल्ला बालकल्याण समितिमार्फत २० जिल्लामा सञ्चालन गरेको परियोजना २०७४ साल असार मसान्तमा समापन भएको छ । जिल्लास्थित सम्बद्ध सरोकारवालाहरुसंगको समन्वय र खासगरी स्थानीय शान्ति

समितिको सक्रिय सहयोगमा कार्य गरिएको थियो । परियोजना सञ्चालन गरिएका २० जिल्लाहरुमा द्वन्द्व प्रभावित १८,६६५ बालबालिका पहिचान गरिएको थियो । यसको आधारमा परियोजना अवधिभर जम्मा १०,४९९ जना बालबालबालिका तथा निजका परिवारहरुलाई सहयोग प्रदान गरिएको छ । जसमध्ये ८,६७३ जनालाई शैक्षिक सहयोग, ७८० जनालाई मनोसामाजिक परामर्श, ७२३ जनालाई आयमूलक कार्यका लागि सहयोग गरेको छ (विस्तृत विवरण अनुसूचि ७ मा दिइएको छ) ।

यस कार्यक्रमको मुख्य कार्यकलापमा जिल्लास्तरमा समन्वय, छलफल, सहयोगका लागि सिफारिस एवम् सोको आधारमा पहिचान गरिएका बालबालिकाको प्राथमिकीकरण गरी तोकिएका बालबालिका तथा परिवारलाई सहयोग प्रदान र छलफल गर्ने गरिएको थियो । शिक्षा, स्वास्थ्य, आयमूलक कार्य, मनोसामाजिक परामर्श, बैकल्पिक स्याहार लगायत अन्य जोखिममा परेका बालबालिकालाई सहयोग प्रदान गरिएको थियो ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको आर्थिक सहयोगमा स्थानीय शान्ति समितिमार्फत गत आर्थिक वर्षसम्ममा द्वन्द्वपीडित परिवारका ६२० बालबालिकालाई विशेष छात्रवृत्ति तथा आर्थिक सहयोग प्रदान गर्दै आएकोमा २३० जना बालबालिका वयस्क भई यस छात्रवृत्ति कार्यक्रममा समावेश नगरिएको र यस आर्थिक वर्षमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा गठित पाँचौ कार्यदलबाट निर्णय भए अनुसार १३८ जना बालबालिका थप भई यस आर्थिक वर्ष २०७३/०७४ देखि द्वन्द्वपीडित परिवारका ५२८ बालबालिकाको विशेष छात्रवृत्ति तथा आर्थिक सहयोग प्रदान गर्ने गरेको छ ।


असोज १५ गते शनिबार
३
सेवा नक्साङ्कन बैठक
विकल्प समाचार
महेन्द्रनगर, १४ असोज
जिल्ला बाल कल्याण समितिले जिल्लामा बालबालिकाको ... कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरुको सेवा ...कन सम्बन्धी बैठक आयोजना गरेको छ । समितिले ... होटल स्वीट ड्रिममा नक्साङ्कन बैठक गरेको छ ।
... बनाउन कार्यक्रम गरिएको बताए ।

कञ्चनपुरमा सेवा नक्साङ्कनबारेको समाचार



रुकुमः समुदायमा छलफल र सहयोग वितरण

द्वन्द्व प्रभावित बालबालिकाको पुनर्स्थापनाका लागि सरकारी अनुदानबाट शहीद प्रतिष्ठानले पाँच विकासक्षेत्रको पाँच स्थानमा पाँचवटा आवासीय विद्यालयहरु सञ्चालन गरिरहेको छ । शहीद


रुकुमः समुदायमा छलफल र सह

प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा रही अध्ययन गरिरहेका बालबालिकाको संख्या तालिका १६ मा देखाइएको छ ।

तालिका १५ः शहीद प्रतिष्ठान अन्तर्गतका आवासीय विद्यालयमा रहेका बालबालिकाको संख्या

| क्रसं | जिल्ला | ०७२/०७३ | | | ०७३/०७४ | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | श्री शहीद स्मृति आवासीय मा.वि., सुनसरी | २०४ | १३३ | ३३७ | २०३ | १३६ | ३३९ |
| २ | श्री शहीद स्मृति आवासीय मा.वि., दोलखा | १२२ | ७२ | १९४ | १२४ | ७५ | १९९ |
| ३ | श्री शहीद स्मृति आवासीय मा.वि., कास्की | १५९ | ९९ | २५८ | १३६ | ८९ | २२५ |
| ४ | श्री शहीद स्मृति आवासीय मा.वि., दाङ | २५२ | १७१ | ४२३ | २७३ | १३४ | ४०७ |
| ५ | श्री शहीद स्मृति आवासीय मा.वि., डोटी | १५१ | ७२ | २२३ | १५३ | ७२ | २२५ |
| **जम्मा** | | **८८८** | **५४७** | **१४३५** | **८८९** | **५०६** | **१३९५** |

*स्रोतः शहीद प्रतिष्ठान नेपाल, २०७४*

शहीद प्रतिष्ठानबाट सञ्चालित उपर्युक्त आवासीय विद्यालयहरुमा प्रत्येक वर्ष केही बालबालिका थपिने र केही विदाई भएर जाने प्रक्रिया हुने हुँदा संख्यामा केही हेरफेर हुने गरेको छ । त्यसैले गत आर्थिक वर्ष भन्दा यस वर्ष ४० जना बालबालिका घटेको देखिन्छ ।

## ३.८ अल्पसंख्यक र आदिबासी बालबालिका

नेपालको संविधान २०७२ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १८ मा समानताको हक भित्र उपधारा २ मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख गरिएको छ । त्यसैगरी उपधारा ३ मा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विषेश व्यवस्थाको प्रावधान रहेको उल्लेख गरिएको छ । यस अतिरिक्त पनि अल्पसंख्यक बालबालिकाको संरक्षण हुने विभिन्न कानूनी प्रावधानहरु रहेका छन् ।



योग वितरण

अल्पसंख्यक र आदिबासी बालबालिकाको शिक्षामा पहुँचको सन्दर्भमा २०७२ सालमा प्रारम्भिक बालविकास केन्द्रमा जम्मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका भर्ना भएकोमा १७.९ प्रतिशत दलित बालबालिका (बालक १७.२ प्रतिशत र बालिका १८.६ प्रतिशत) र ३८.८ प्रतिशत जनजाति बालबालिका (बालक ३८.७ प्रतिशत र ३९.० प्रतिशत बालिका) रहेको थियो। २०७३ सालमा प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिकाको संख्या र प्रतिशतमा सामान्य फरक देखिएको छ। यसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १६: प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका दलित तथा जनजाति बालबालिका

| विद्यार्थी | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका | | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | जम्मा | दलित | जनजाति | दलित | जनजाति |
| बालिका | ४,५९,०६९ | ८२,१०३ | १,८०,२६९ | १७.९ | ३९.३ |
| बालक | ५,१४,३४४ | ८७,९१८ | १,९९,७२० | १७.१ | ३८.८ |
| **जम्मा** | **९,७३,४१३** | **१,७०,०२१** | **३,७९,९८९** | **१७१५** | **३९** |

*स्रोत: फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

२०७२ मा देशभर प्राथमिकतहमा जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ बालबालिका भर्ना भएकोमा दलित बालबालिकाको संख्या ८ लाख ४१ हजार ५ सय ४६ (१९.७ प्रतिशत) रहेको थियो भने निम्न माध्यमिकतहमा २ लाख ६८ हजार ८ सय ९३ (१४.४ प्रतिशत) र आधारभूत तहमा ११ लाख १० हजार ४ सय ३९ (१८.१ प्रतिशत) थियो। २०७३ सालमा यी तीनै तहमा बालबालिकाको भर्ना संख्या र प्रतिशत दुवै बढेको देखिएको छ। तलको तालिकामा यसलाई विस्तृतमा देखाइएको छ।

तालिका १७: प्राथमिक, निम्न माध्यमिक तथा आधारभूत तहमा दलित बालबालिका

| शैक्षिकतह | छात्रा | छात्र | जम्मा | भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ४,३१,२०२ | ४,२५,७५८ | ८,५६,९६० | २०.७ |
| निम्न माध्यमिक (६-८) | १,४५,७९६ | १,४३,१७६ | २,८८,९७२ | १५.५ |
| आधारभूत (१-८) | ५,७६,९९८ | ५,६८,९३४ | ११,४५,९३२ | १९.१ |

*स्रोत: फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

शैक्षिक सत्र २०७२ मा प्राथमिक तहमा भर्ना भएका जम्मा बालबालिकाको ३४.४ प्रतिशत बालबालिका जनजाति थिए भने निम्न माध्यमिक तहमा ३८.६ प्रतिशत र आधारभूत तहमा ३५.७ प्रतिशत बालबालिका जनजाति रहेको थियो । यस वर्ष यो प्रतिशतम केही बृद्धी भएको छ, जस्को विवरण तलको तालिकामा दिइएको छ ।

तालिका १८ः प्राथमिक, निम्न माध्यमिक तथा आधारभूततहमा जनजाति बालबालिका

| **शैक्षिकतह** | **छात्रा** | **छात्र** | **जम्मा** | **भर्ना प्रतिशत** |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | ७,५६,६३४ | ७,५७,४३३ | १५,१४,०६७ | ३६.६ |
| निम्न माध्यमिक (६-८) | ३,८७,३८२ | ३,७१,१५६ | ७,५८,५३८ | ४०.८ |
| **आधारभूत** (१–८) | ११,४४,०१६ | ११,२८,५८९ | २२,७२,६०५ | ३७.९ |

*स्रोतः फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

शैक्षिक वर्ष २०७२ भन्दा २०७३ मा प्राथमिक, निम्नमाध्यमिक र आधारभूत तहमा २.२ प्रतिशत विन्दुले जनजाति समूहका बालबालिकाको संख्या बढेको देखिएको छ। यसबाट शिक्षाप्रति जनचासो बढेको इंगित गर्दछ ।

### ३.९ अभिभावकसँगै कारागारमा रहेका बालबालिका

कानून विपरीतका विभिन्न बिज्याईँ गरेको आधारमा १८ वर्षमूनिका बालबालिकालाई अदालतबाट तोकिएको सजाय भुक्तान गर्न र बालमनोविज्ञानको आधारमा सुधार गरी सामान्य जीवनयापनमा सहयोग पुगोस् भन्नका लागि बाल सुधार गृहमा राख्ने गरिएको छ । तर कुनै पनि बिज्याईँ नगरेका र घरपरिवारमा लालनपालन गर्ने कोही नभएका साना बालबालिका बाबुआमा तथा अभिभावक विभिन्न कसुरमा सजाय पाएर कैदीबन्दीहरुको रुपमा रहँदा उनीहरुमा नै बालबालिका पनि आश्रित हुनुपर्ने बाध्यताले बाबु वा आमा वा अभिभावक कैदी भएका कारण बालबालिका पनि कारागारमा नै बस्नु पर्ने अवस्था रहेको छ ।

२०७३ साल साउन महिनादेखि यस वर्षको साउन महिनासम्म ३२ वटा कारागारमा जम्मा ७९ जना साना बालबालिका निजका बाबु, आमा वा अभिभावकसंगै रहेको जानकारीमा आएको छ भने गत आर्थिक वर्ष २०७२/०७३ मा ३४ वटा कारागारमा ९३ जना बालबालिका रहेका थिए ।

तालिका १९: २०७४ साउन मसान्तसम्म कारागारमा आश्रित बालबालिकाको संख्या

| **क्रसं** | **जिल्ला** | **आश्रित** |
|---|---|---|
| | पांचथर | २ |
| | इलाम | १ |
| | झापा | ४ |
| | तेह्रथुम | १ |
| | भोजपुर | १ |
| | धनकुटा | १ |
| | मोरङ | ४ |
| | ओखलढुङ्गा | १ |
| | खोटाङ्ग | ४ |
| | सप्तरी | १ |
| | सिराहा | २ |
| | महोत्तरी | ३ |
| | धादिङ्ग | ३ |
| | काठमाडौ (जगन्नाथदेवल) | १० |
| | पर्सा | ४ |
| | चितवन | ३ |
| | कास्की | ३ |
| | नवलपरासी | ४ |
| | पाल्पा | ५ |
| | गुल्मी | १ |
| | म्याग्दी | १ |
| | दाङ (तुलसीपुर) | २ |
| | रुकुम | १ |
| | सल्यान | २ |
| | प्युठान | १ |
| | रोल्पा | १ |
| | बर्दिया | १ |
| | दैलेख | ३ |
| | कालिकोट | १ |
| | डोटी | १ |
| | कैलाली | ३ |
| | कञ्चनपुर | ४ |
| **जम्मा** | | **७९** |

*स्रोतः कारागार व्यवस्थापन विभाग, २०७४ ।*

यस्ता बालबालिकालाई केही सामाजिक संस्थाहरुले कारागारबाट स्थानान्तरण गरी संस्थागत स्याहार उपलब्ध गराउँदै शिक्षा र संरक्षण प्रदान गर्ने गरेका छन् । जसबाट हाल जम्मा २७४ बालबालिका (बालक १३१ र बालिका १४३) ले सेवा प्राप्त गरेका छन् । जसमध्ये प्रारम्भिक बालकिास केन्द्रले ४३ (२४ बालिका) जना, नेपाल बाल संगठनले २३ जना (१३ बालिका), बन्दी सहायता नेपालले १७२ (९० बालिका), बन्दी सहायता नियोगले ३० (१३ बालिका) र पीडित सेवा संघले २३ (९ बालिका) लाई आवासीय संरक्षण प्रदान गरिरहेका छन् ।

### ३.१० जन्मदर्ता

नेपालमा व्यक्तिगत घटनाको व्यवस्थापनका लागि जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ लागू भएको पनि ४१ वर्ष भइसकेको छ । बालअधिकारसम्बन्धी महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र

राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ । देशका सबै गाउँ विकास समिति एवम् नगरपालिकामा रहेका स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट व्यक्तिगत घटना दर्तासम्बन्धी कामहरु हुँदै आएको थियो भने अब नवनिर्वाचित स्थानीय सरकारबाट जन्मदर्ताको कार्यमा थप प्रभावकारिता आउने आशा गर्न सकिन्छ । परिवार वा व्यक्तिगत घटना समय मै दर्ता गरी वैधानिकता दिनु प्रत्येक नागरिकको कर्तव्य हो । जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना गर्दा वा सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत बालसंरक्षण अनुदानका लागि लाभग्राहीको रुपमा दर्ता हुन लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा व्यक्तिगत घटना दर्ता गराउन जरुरी छ भन्ने चेतना बढ्दै गएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको बहुसूचक क्लस्टर सर्वेक्षण (सन् २०१४) ले जन्मदर्ता दर ५८.१ प्रतिशत (बालक ५९.२ र बालिका ५७.०) पुगेको देखिएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको केन्द्रीय पञ्जीकरण विभागको अभिलेख अनुसार आर्थिक वर्ष २०७३/०७४ मा जम्मा ७ लाख २१ हजार ३ सय २६ जना बालबालिकाको जन्मदर्ता भएको देखिएको छ भने गत आर्थिक वर्षमा जन्मदर्ता गर्नेको संख्या ६ लाख ७ सय ९६ रहेको थियो । यस विभागको वेबसाइटमा प्रत्येक दिन जन्मदर्ता भएका बालबालिकाको संख्या अद्यावधिक गर्ने गरेको छ । नेपाल सरकारले २०८० सालसम्म शतप्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको छ ।

नेपालमा खासगरी परित्यक्त भएका, अलपत्र परेका, पारिवारिक विखण्डन भएका, सडकमा रहेका लगायतका बालबालिकाको जन्मदर्तामा कठिनाइ उत्पन्न हुने गरेकोले उनीहरुको कानूनी पहिचानको समस्या रहने गरेको पाइन्छ ।

### ३.११ धर्मसन्तान

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २१ मा धर्मपुत्र/धर्मपुत्री लिन दिन पाउने कुरालाई मान्यता दिएको छ । साथै धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी कार्यलाई अझ व्यवस्थित गर्नका लागि अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी बालबालिकाको संरक्षण र सहयोगसम्बन्धी महासन्धि, २९ मे १९९३ समेत रहेको छ । विभिन्न कारणले परिवारविहीन हुन पुगेका र संरक्षणको आवश्यकता परेका बालबालिकाका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २२ मा बालकल्याण अधिकारीद्वारा संरक्षक तोकी बालबालिकाको संरक्षण गर्नसक्ने व्यवस्था गरेको छ । मुलुकी ऐनको व्यवस्थाको अतिरिक्त बालबालिकासम्बन्धी नियमावली, २०५१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्नदिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५

र अन्तरदेशीय धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७ मा बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी विभिन्न व्यवस्था गरिएका छन् ।

विदेशी नागरिकहरुले विगतमा निकै बालबालिकालाई धर्मसन्तानका रुपमा ग्रहण गर्ने गरेको भए पनि गत केही वर्षदेखि यो प्रक्रिया अति न्यून हुन पुगेको छ । अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री व्यवस्थापन विकास समितिबाट आर्थिक वर्ष २०७०/०७१ मा भारत, नर्वे र संयुक्त राज्य अमेरिकामा एक एक जना बालिका गरी जम्मा ३ जना बालिकामात्र र २०७२ साल चैत्र मसान्तसम्ममा अमेरिकामा २ जना बालिका र स्लोभानियामा एकजना गरी तीनजना बालिकामात्र धर्मसन्तानको रुपमा ग्रहण गर्न स्वीकृति दिइएको जानकारीमा आएको थियो भने यस आर्थिक वर्षमा कुनै पनि बालबालिका विदेशीबाट धर्मसन्तानको रुपमा ग्रहण नभएको जानकारी प्राप्त भएको छ ।

स्वदेशी नागरिकलाई धर्मसन्तान प्रदान गर्ने सन्दर्भमा मुलुकी ऐन, २०२० अनुसार धर्मपुत्र राख्दा आफू जन्मेको एकै भुँडीका सन्तानमा, त्यस्तो सन्तान नभए सौतेनी आमापट्टिको छोराको सन्तानमा, त्यस्तो सन्तान पनि नभए एक बाजेका सन्तानमा, एक बाजेका सन्तान पनि नभए छोरीहरुका छोरामा, छोरीहरुको छोरा पनि नभए जिज्यू बाज्येका सन्तानमा, त्यस्तो सन्तान पनि नभए दिदीबहिनीका छोरामा, दिदी बहिनीका छोरा पनि नभए आफ्ना गोत्रका दाजु भाइको छोरामा राख्नुपर्छ । त्यस्ता नातेदार भएसम्म अरु गोत्रका मानिस धर्मपुत्र राख्न नहुने प्रावधान रहेको छ । आफ्नो छोराछोरी भएका व्यक्तिबाहेक अन्यले लिखत गरी धर्मपुत्र वा धर्मपुत्री राख्न हुने प्रावधान गरिएको छ । तर, छोरा हुनेले धर्मपुत्र र छोरी हुनेले धर्मपुत्री राख्न नपाउने व्यवस्था गरिएको छ । धर्मसन्तानको लिखत आधिकारिक रुपमा सुरक्षित हुनुपर्ने भएकाले यो मालपोत कार्यालयमा दर्ता पास गरी राखिने गरिएकोमा नेपाल राजपत्रको भाग २ मिति २०७२ असोज १४ गतेको अतिरिक्ताङ्कको १५(घ) मा प्रकाशित नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन २०७२ अनुसार हाल सो कार्य जिल्ला अदालतबाट गरिने भएको छ ।

प्राप्त जानकारी अनुसार काठमाडौं जिल्लामा जम्मा १३ जना र भक्तपुर जिल्लामा दुई जना बालबालिकालाई धर्मपुत्र/धर्मपुत्री ग्रहण गरिएको देखिन्छ । यससम्बन्धी एकिकृत तथ्याङ्क उपलव्ध हुन सकेको छैन ।

### ३.१२ शरणार्थी बालबालिका

सामान्यतः भुटानी, तिब्बती बाहेक पाकिस्तान, म्यानमार, अफगानिस्तान, श्रीलंका, बंगलादेश र सोमालिया लगायतका देशबाट केही न केही शरणार्थीहरु नेपालमा रहेको अनुमान रहेको छ । पाकिस्तान, म्यानमार, अफगानिस्तान, श्रीलंका, बंगलादेश र सोमालियाका शरणार्थीहरुमध्ये ९५

जना बालक र ८९ जना बालिका गरी जम्मा १८४ बालबालिका गत वर्षसम्म रहेको अनौपचारिक स्रोतबाट देखिएकोमा यस वर्ष अद्यावधिक गर्न सकिएको देखिँदैन । भुटानभन्दा बाहेकका देशहरुबाट नेपालमा रहेका शरणार्थीहरुको औपचारिक एकिन सूचनाको व्यवस्थापन दुरुस्त भएको पाइँदैन । नेपालमा रहेका शरणार्थीहरुका लागि उनीहरुको मानवअधिकार तथा संरक्षणका पक्षमा संयुक्त राष्ट्र संघीय उच्चायोगले सहजीकरण र वकालत गर्दै आइरहेको छ ।

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ अनुसार शरणार्थी भएका वा शरणार्थी हुने अवस्थामा रहेका बालबालिकालाई पक्ष राष्ट्रले विशेष संरक्षण दिनुपर्ने र शरणार्थी बालबालिकाको पनि अरु बालबालिका सरहकै अधिकार उपभोगमा सुनिश्चितता गर्नुपर्ने व्यवस्था रहेको छ । शरणार्थीहरुमध्ये पनि बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ ।

गृह मन्त्रालयबाट प्राप्त तथ्याङ्कनुसार नेपालमा हाल बेलडाँगी र शनिश्चरेस्थित भुटानी शरणार्थीहरुको क्याम्प र सो बाहिर रहेका समेत गरी आ.व. २०७२/०७३ मा १७ वर्षसम्मका बालक ३ हजार १ सय ७५ र बालिका ३ हजार १७ गरी जम्मा ६ हजार १ सय ९२ जना भुटानी शरणार्थी बालबालिका रहेका थिए भने आ.व. २०७३/०७४ मा बालक १ हजार ७ सय ६९ र बालिका १ हजार ६ सय ६७ गरी जम्मा ३ हजार ४ सय ३६ जना बालबालिका रहेको पाइएको छ । यसबाट एक वर्षभित्र २ हजार ७ सय ५६ बालबालिका घटेको देखिन्छ । यस वर्ष भुटानी शरणार्थीहरुमध्ये ३४३६ जना बालबालिका रहेको देखिन्छन् । (विवरण तलको तालिकामा दिइएको छ) ।

तालिका २०: भुटानी शरणार्थी बालबालिकाको संख्या

| **शिविरको नाम** | **०-४** | | | **५-११** | | | **१२-१७** | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** | **बालक** | **जम्मा** | |
| बेलडाँगी | ३२२ | ३४१ | ६६३ | ५२९ | ५९९ | ११२८ | ४६६ | ४७८ | ९४४ | २७३५ |
| शनिश्चरे | ९७ | १०१ | १९८ | १३८ | १४४ | २८२ | ११२ | १०३ | २१५ | ६९५ |
| शिविर बाहिर | ० | १ | १ | १ | ० | १ | २ | २ | ४ | ६ |
| **जम्मा** | ४१९ | ४४३ | ८६२ | ६६८ | ७४३ | १४११ | ५८० | ५८३ | ११६३ | ३४३६ |

*स्रोतः गृह मन्त्रालय, जेठ २०७४*

नेपालमा रहेका ९ हजार ८ सय ४ जना भुटानी शरणार्थीमध्ये ३५.०४ प्रतिशत १७ वर्षसम्मका बालबालिका रहेका छन् । यो प्रतिशत गत वर्ष ३५.२६ रहेको थियो ।

### ३.१३ अपाङ्गता भएका बालबालिका

केन्द्रीय तथ्याङ्क विभागले २०१४ मा प्रकाशन गरेको पपुलेशन मोनाग्राफ भोलुम २ का अनुसार नेपालमा कूल जनसंख्याको ०.९९ प्रतिशत (९२,०१२ जना) ० देखि १४ वर्ष सम्मका बालबालिकामा कुनै

न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता ३६.१ प्रतिशत, दृष्टिविहीन १८.५ प्रतिशत, पूर्ण सुन्न नसक्ने १०.४ प्रतिशत, बोल्न नसक्ने १५.५ प्रतिशत, बहु अपाङ्गतामा ९.५ प्रतिशत, सुस्त मनस्थिति ४.५३ प्रतिशत, बौद्धिक अपाङ्गता ४.३ प्रतिशत र दृष्टि-श्रवण अपाङ्गता १.६ प्रतिशत रहको छ। अपाङ्गता भएका बालबालिकाको संरक्षण, विकासका निम्ति सरकारी तथा अन्य विकासका साझेदार संस्थाहरुबाट विभिन्न सेवा सुविधाहरु प्रदान हुँदै आएको छ।

नेपाल सरकार अपाङ्गता भएका बालबालबालिकाको अधिकार संरक्षणप्रति संवेदनशील रहँदै आएको छ। अपाङ्गता भएका बालबालिकालाई परिचय पत्रको व्यवस्था गरिएको छ। स्वास्थ्य सुविधा लगायत अपाङ्गताको प्रकृतिको आधारमा आवासीय तथा गैरआवासीय छात्रवृत्तिको व्यवस्था निरन्तर रहेको छ। नेपाल सरकारद्वारा सञ्चालित विशेष शिक्षा कार्यक्रम अन्तर्गत यस आ.व.मा कक्षा १ देखि ८ सम्मका जम्मा ६ हजार १ सय १३ जना अपाङ्गता भएका बालबालिकाले आवासीय तथा २१ हजार ९ सय २० जनाले गैरआवासीय छात्रवृति पाएका छन्। त्यसैगरी कक्षा ९ र १० मा अध्ययनरत जम्मा ३ सय ७६ जना बालबालिकाले आवासीय तथा ३ हजार ७ सय ५४ जनाले गैरआवासीय छात्रवृति पाएका छन्। यसैगरी अपाङ्गता भएका बालबालिकाको जीवन पद्धतिलाई गुणस्तरीय बनाउन सरकारी तथा गैरसरकारी संस्थाहरुबाट विविध सेवाहरु प्रवाहित भइरहेका छन्।

शिक्षा विभागको पछिल्लो प्रतिवेदन २०७३ अनुसार आधारभूत तहमा विभिन्न प्रकारका अपाङ्गता भएका ६४ हजार ६ सय ६० (३१ हजार १ सय ३५ बालिका) बालबालिका भर्ना भएको देखिन्छ जुन जम्मा भर्ना भएका बालबालिकाको १.०८ प्रतिशत हुन आँउछ। यो संख्या अघिल्लो वर्षको भन्दा १ हजार २ सय ६० ले बढी हो। यसैगरी माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) मा ९ हजार ७ सय ४६ (५ हजार ३३ बालिका) अपाङ्गता भएका बालबालिका भर्ना भएका छन् जुन कूल भर्नाको ०.६७ प्रतिशत हुन आउँछ र, यो संख्या पनि अघिल्लो वर्षभन्दा ३ सयले बढी हो। यसरी हेर्दा विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँचको अवस्थामा सामान्य बृद्धि भएको देखिन्छ।

यस्ता प्रयास हुँदाहुँदै पनि अपाङ्गता भएका सबै बालबालिकाको आधारभूत आवश्यकताको सुनिश्चितता गर्न सकिएको देखिएको छैन। खासगरी बौद्धिक अपाङ्गता र बहुअपाङ्गता भएका बालबालिकाका निम्ति सेवाहरु न्यून रहेको बुझिएको छ। अझ बेवारिस अवस्थामा फेला परेका बौद्धिक तथा बहुअपाङ्गता भएका बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहँदै आएको छ।

आ.व. २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १४३ मा अपाङ्गता भएका व्यक्तिका लागि आवश्यक सहयोगी सामग्रीहरुको आयात तथा उत्पादनमा दिँइदै आएको सहुलियत र अपाङ्ग पुनर्स्थापनाका लागि संघसंस्थाहरुमार्फत् जाने सहयोगलाई निरन्तरता दिने र अपाङ्गता भएका

व्यक्तिलाई रोजगारी उपलब्ध गराउने प्रतिष्ठानहरुलाई दिएको सहुलियत कायम राख्ने तथा सबै प्रकारका सार्वजनिक भौतिक संरचनाको निर्माण अपाङ्गमैत्री बनाइनेछ र दृष्टीविहीनहरुका लागि छुट्टै शिक्षालयमा शिक्षा दिने व्यवस्था मिलाइनेछ भन्ने उल्लेख भएको छ । यसबाट अपाङ्गता भएका बालबालिका लाभान्वित हुने देखिन्छ ।

## ३.१४ सडक दुर्घटना र बालबालिकाको अवस्था

सडक दुर्घटनाबाट बालबालिका लगायत निकै व्यक्तिहरुले ज्यान गुमाउनु पर्ने स्थिति रहेको छ । आ.व. २०७२/०७३ मा काठमाडौ उपत्यकाभित्र ५ हजार ६ सय ६८ सडक दुर्घटनाका कारण मृत्यु भएका १ सय ६६ जनामध्ये ७.९ प्रतिशत (१३ जना) बालबालिका (८ बालक र ५ बालिका) रहेको तथा गम्भीर घाइते भएका २ सय ७५ जना मध्ये ९.५ प्रतिशत बालबालिका (१९ बालक र सात बालिका) रहेको जानकारीमा आएको थियो । यस आर्थिक वर्षमा मृत्यु हुने बालबालिकाको संख्या १६ पुगेको छ, जुन कूल मृत्युको ८.८ प्रतिशत हुन आँउछ ।

विगत पाँच आर्थिक वर्षहरुमा काठमाडौं उपत्यकामा मात्र भएका सडक दुर्घटना र सोबाट प्रभावित बालबालिका समेतको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २१ सवारी दुर्घटनामा परेका उमेरगत मृत्य' भएका व्यक्तिको संख्या

| उमेर समुह | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०६९।७० | २०७०।०७१ | २०७१।०७२ | २०७२।०७३ | २०७३।०७४ |
| १६ वर्षमुनि | १३ | १४ | १३ | १२ | १६ |
| १७ देखि ३५ | ७८ | ७१ | ७२ | ९२ | ८६ |
| ३६ भन्दा माथि | ५७ | ५८ | ४८ | ६२ | ८० |
| **जम्मा** | **१४८** | **१४३** | **१३३** | **१६६** | **१८२** |

*स्रोतः स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा ((अन्वेषण योजना शाखा), २०७४*

उपर्युक्त तालिकाबाट आ.व. २०७३/०७४ मा सवारी दुर्घटनाबाट मृत्यु हुनेहरुमध्ये १६ वर्षभन्दा मुनिका १६ जना (८.८ प्रतिशत) बालबालिका रहेको देखिएको छ । सवारी दुर्घटनासम्बन्धी अन्य जानकारी अनुसूचि ८ मा दिइएको छ । सवारी दुर्घटना रोकथाम तथा नियन्त्रण गर्न महानगरीय ट्राफिक प्रहरी महाशाखाले सवारी तथा यातायात व्यवस्था ऐन/नियमको कडाइका साथ कार्यान्वयन, सवारी चालकहरूलाई सडक लेन अनुशासन पालनामा कडाई, मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकहरूलाई कारवाही, मोटरसाइकलमा ३ जना सवार गर्ने तथा छतमा यात्रा

गराउने सवारी चालक उपर कारवाही अभियान, सरोकारवाला निकायहरूसंग समन्वय गरी सडकका खाल्डाखुल्डीहरू पुर्ने तथा सडक सफा गर्ने कार्यको थालनी, स्कूल र कलेज लगायत विभिन्न संघसस्थाहरूमा ट्राफिक सचेतना सम्बन्धी कक्षा सञ्चालन, जथाभावी बाटो काट्ने पैदल यात्रुहरूलाई सम्झाई बुझाई तथा सडक सुरक्षासम्बन्धी सचेतना, ट्राफिक एफ.एम.लाई प्रभावकारी रुपमा सञ्चालन गरी जनचेतनामूलक कार्यक्रमहरु प्रसारण गर्ने जस्ता कार्यहरु गरिरहेको छ । यसबाट भविष्यमा सडक दुर्घटना कम भई बालबालिका पनि कम प्रभावित हुने आशा गर्न सकिन्छ ।

### ३.१५ सामाजिक सुरक्षा र बालबालिका

सामाजिक सुरक्षा (Social security) राज्यले नागरिकहरु र उनीहरुको आश्रित व्यक्तिहरुका लागि आधारभूत सेवा तथा आर्थिक सुरक्षा प्रदान गर्न गरेको सहयोग व्यवस्था हो । सामाजिक संरक्षण (Social protection) राज्य वा निजी क्षेत्रले नागरिकको भलाइका लागि समान उद्देश्यले सहयोग गर्न विकास गरिएको व्यवस्था तथा कार्यहरु हुन् - जस्तै, आपसी सामाजिक लाभ र पेशागत निवृत्तिभरणसम्बन्धी व्यवस्था समेत यस अन्तर्गत पर्दछन् । *संयुक्त राष्ट्रसंघको सामाजिक विकास अध्ययन केन्द्र*का अनुसार सामाजिक संरक्षणले बेरोजगार, बञ्चितीकरण, बिरामी, अपाङ्गता र बुढेसकालमा हुने सामाजिक तथा आर्थिक जोखिम व्यवस्थापन गर्न उनीहरुको क्षमता अभिबृद्धि गर्न, जोखिम कम गर्न र श्रम बजारको दक्षता अभिबृद्धि गर्न तर्जुमा गरिएको नीति तथा कार्यक्रमहरु समावेश हुन्छन् । सामाजिक संरक्षण पद्धति तथा कार्यक्रम राज्य र नागरिकबीचको सम्बन्ध बलियो बनाउने, प्रकोप व्यवस्थापन गर्ने, सामाजिक न्याय र समावेशी सुधार गर्ने, समाजका कमजोर व्यक्ति वा समूहका लागि आयको पुनर्वितरण गर्ने माध्यम पनि हो ।

नेपालको संविधान (२०७२) को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ । बालबालिकाको सामाजिक सुरक्षाका विषयवस्तुहरू तथा सेवासुविधाका विषयहरु विभिन्न स्वरुपका छन् र ऐन तथा निर्देशिकाहरुमा समेटिएका छन्, जस्तै - बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लगायत छात्रवृत्तिसम्बन्धी कार्यक्रमहरुको निर्देशिका, दिवा खाजा कार्यक्रम निर्देशिका, बालसंरक्षण अनुदान निर्देशिका २०६६ आदि रहेका छन् । बालबालिका लक्षित केही सामाजिक सुरक्षा जनित आर्थिक सहयोगका कार्यक्रमबाट प्रशस्तै बालबालिका लाभान्वित भएका छन् ।

सरकारले बालबालिका लक्षित सामाजिक सुरक्षासम्बन्धी प्रत्यक्ष र अप्रत्यक्ष एवम् नगद तथा जिन्सी हस्तान्तरण र सेवा प्रदान गर्ने जस्ता कार्यहरु गरेको पाइन्छ । स्वास्थ्य सेवा सुविधाअन्तर्गत

बाल पोषण नगद अनुदान, बहुक्षेत्रीय राष्ट्रिय पोषण कार्यक्रम सञ्चालन भएका २८ जिल्लामा ५ वर्षमूनिका सबै बालबालिकालाई पोषण सेवा, निःशुल्क स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य बीमा लगायत राष्ट्रिय खोप अभियान लगायत जेइ (जापानिज इन्सेफलाइटिस), दादुरा, रुवेला, पोलियो खोप, विशेष पोलियो खोप (जस्ता ११ किसिमका खोप सेवा), जुका र हात्तिपाइले रोग लगायतका निःशुल्क औषधी घरघर तथा विद्यालयहरुमा वितरण, कर्णालीका ५ जिल्ला र सोलुखुम्बु जिल्लाका ६ देखि २३ महिनासम्मका बालबालिकालाई पुरक पोषण सुविधा, १५ वर्षमूनिका बालबालिकालाई स्वास्थ्य उपचार सेवा निःशुल्क, गम्भीर रुपका कुपोषित बालबालिकाका लागि पोषण पुनर्स्थापना सेवा (केन्द्रदेखि जिल्लास्तरका सरकारी १६ वटा अस्पतालहरु ♦ र सुनाकोठीमा) लगायतका सेवासुविधाहरु सञ्चालनमा रहेका छन् । यसैगरी सरकारले बालबालिकाको शिक्षा पाउने अधिकारसंग सम्बन्धित निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक प्रदान, विभिन्न समूहका बालबालिकालाई विविध छात्रवृत्ति र केही जिल्ला तथा विद्यालयहरुमा विद्यालय खाजाजस्ता कार्यक्रमहरुबाट बालबालिका लाभान्वित भएका छन् (विस्तृत विवरण अनुसूचि २ मा दिइएको छ) । शिक्षाका लागि पाठ्यपुस्तक र छात्रवृत्ति गरी आ.व. २०७३/०७४ मा रु. ४ अर्व ३१ करोड, ९८ लाख १३ हजार खर्च भएको देखिन्छ ।

यसैगरी बालबालिकाको सामाजिक सुरक्षासम्बन्धित हुने स्वास्थ्य संस्थामा सुत्केरी गराए बापतको यातायात खर्च सुविधा, खोप कार्यक्रम, शिक्षाको लागि खाद्यान्न कार्यक्रम, आयोडिनयुक्त नुन वितरण, सबैको लागि शिक्षा कार्यक्रम, १५ वर्षमुनिको बालबालिकाको लागि डायलाइसिस, मुटुरोग र क्यान्सरसम्बन्धी निःशुल्क उपचारका कार्यक्रमहरू लागू गरिएका छन् । पूर्ण अपाङ्गता भएका बालबालिकालाई मासिक रु. २,००० र आंशिक अपाङ्गता भएका बालबालिकालाई मासिक रु. ६०० प्रदान गर्ने गरिएको छ । शहीदका परिवारलाई जीवनयापन गर्न मासिक रु. ५,०००। र १८ वर्षसम्मका ३ जनासम्मका बालबालिकालाई अध्ययन खर्च प्रदान गर्ने व्यवस्था छ । यसबाहेक लोपोन्मुख जातजातिका बालबालिकाले प्रत्येक महिना सरकारी भत्ता पाउने गरेको छ ।

आर्थिक वर्ष २०७३/०७४ मा संघीय तथा स्थानीय विकास मन्त्रालयबाट बालपोषण तथा दलित र अपाङ्गता भएका गरी जम्मा ४ लाख २७ हजार ४ सय २० जना बालबालिकाका लागि जम्मा रु. ७९ करोड ३३ लाख १२ हजार ७ सय ७३ विनियोजन गरिएको थियो (तालिका २४) ।

---

♦ काठमाडौं, जनकपुर, राजविराज, भरतपुर, दैलेख, बाग्लुङ, दाङ, बुटवल, नेपालगञ्ज, भद्रपुर, बिराटनगर, विरगञ्ज, कञ्चनपुर, धनगढी, पोखरा, सुर्खेत ।

तालिका २२: आर्थिक वर्ष २०७३/०७४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने बालबालिकाको संख्या

| क्रस | सामाजिक सुरक्षाको किसिम | लाभग्राहीको संख्या | रकम (रु) |
|---|---|---|---|
| | बालपोषण | ८१,३८७ | १३,०२,१९,२०० |
| | दलित बालबालिका | ३,०९,८६० | ४९,५७,७६,१२८ |
| | पूर्ण अपाङ्ग बालबालिका | १४,३७५* | ११,५०,०२,४४७ |
| | अति अशक्त अपाङ्ग बालबालिका | २१,७९८* | ५,२३,१४,९९८ |
| | **जम्मा** | ४,२७,४२० | ७९,३३,१२,७७३ |

*स्रोतः केन्द्रीय पञ्जीकरण विभाग, २०७४*

* *बालबालिकाको संख्या स्पष्ट नखुलेको हुँदा कूल जनसंख्याको ४४ प्रतिशत बालबालिकाको जनसंख्याको आधारमा अनुमान गरिएको ।*

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिबाट जोखिममा रहेका र विविध खाले हिंसा (यौन शोषण, शारीरिक हिंसा, बेवारिसे, बेचविखन, विपद् आदि) मा परेका बालबालिकालाई सहयोग, उद्धार, पुनर्स्थापना तथा पारिवारिक पुनएकीकरणको व्यवस्था गर्ने गरिएको छ ।

### ३.१६ बालन्याय

बालन्यायसम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा बालन्याय समन्वय समिति गठन भएको छ भने जिल्लाहरुमा पनि जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समन्वय समितिहरु गठन भएका छन् । बालबिजाइँमा संलग्न बालबालिकाका निम्ति अपनाइने बालन्याय प्रणालीका अतिरिक्त बालबालिकासँग सम्बन्धित विषयहरुमा अदालत संवेदनशील हुँदै आएको छ । कानूनले दण्डनीय ठानेको कार्य गरेका तर कम उमेर तथा शारीरिक तथा मानसिक अपरिपक्वताको कारण वयस्क सरह कानूनी कारवाही नगरिएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले भिन्दै पद्धति अवलम्बन गरेको छ । विश्वका प्रायः सबै देशले बालबालिकाको हकमा यस्तो भिन्न पद्धति अपनाउने गरेका छन् । बालबालिकालाई संरक्षण दिने, गल्ती सच्याउने र समाजप्रति जिम्मेवार बनाउदै कानूनको पालना गराउनका लागि सुधारात्मक उपाय अपनाउने गरिएको हो ।

आ.व. २०७३/०७४ मा बालबिजाइँसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका २३ः बालबिजाइँसम्बन्धी मुद्दाको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको विवरण

| मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | फैसलाको अवस्था | |
|---|---|---|---|
| | | फैसला भएको संख्या | फैसला हुन बाँकी संख्या |
| साधारण चोरी | २१ | २३ | ४ |
| नकवजनी चोरी | २५ | १४ | ११ |
| कर्तव्य ज्यान | ८ | ६ | २ |
| ज्यान मार्ने उद्योग | १० | ६ | ४ |
| जबरजस्ती करणी | ११५ | ८४ | ३१ |
| जबरजस्ती करणी उद्योग | १२ | ६ | ६ |
| केही सार्वजनिक अपराध | ६ | ५ | १ |
| लागूऔषध | १४ | ७ | ७ |
| सवारी ज्यान | २ | १ | १ |
| वनसम्बन्धी | २ | २ | ० |
| बाल यौनदुराचार | ७ | ३ | ४ |
| बालविवाह | ५ | ४ | १ |
| हाडनाता करणी | ३ | २ | १ |
| जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | ५ | ५ | ० |
| **जम्मा** | **२३५** | **१६८** | **७३** |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७४*

गत आर्थिक वर्ष २०७२/०७३ मा जम्मा १ सय ३८ वटा मुद्दामा १०२ मुद्दा (७३.९ प्रतिशत) फैसला भएका थिए भने यस आर्थिक वर्ष २०७३/०७४ मा जम्मा २ सय ३५ वटा बालबिजाइँसम्बन्धी मुद्दाहरुमध्ये १ सय ६८ (७१.४ प्रतिशत) मुद्दाहरु फैसला भइसकेका छन् भने बाँकी ६७ अर्थात् २८.६ प्रतिशत मुद्दाहरु चालु अवस्थामा रहेका छन् । यसर्थ, यस आ.व. मा गत वर्षको तुलनामा पाँच प्रतिशत बिन्दुले फैसला कम भएको देखिन्छ । यस आर्थिक वर्षमा बालबालिकाले गर्ने बिजाइँहरुमा सबभन्दा बढी जबरजस्ती करणीसम्बन्धी मुद्दाको संख्या ११५ देखिएको छ । त्यसपछि नकवजनी चोरीसम्बन्धी बालबिजाइँको संख्या २५ देखिन्छ ।

गत आर्थिक वर्ष २०७२/०७३ मा अदालतमा दर्ता भएका जम्मा १ सय ३८ वटा बालबिजाइँसम्बन्धी मुद्दाहरुमा प्रतिवादी बालबालिकाको संख्या १ सय ५६ रहेको थियो भने यस आ.व. मा २ सय ३५ वटा मुद्दामा प्रतिवादी बालबालिकाको संख्या ३४७ रहेको छ । यसबाट बालबिजाइँको संख्या बढ्दो क्रममा रहेको देखिन्छ । बालअधिकार संरक्षणको सन्दर्भमा यो राम्रो सङ्केत होइन । यस आ.व.

मा भएको कूल बालबिजाइँको मुद्दामा प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका २४ः प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत विवरण

| **मुद्दाको प्रकृति** | **जम्मा मुद्दा संख्या** | **जम्मा प्रतिवादी संख्या** | **लिङ्ग** | |
|---|---|---|---|---|
| | | | **बालक** | **बालिका** |
| साधारण चोरी | २१ | २३ | २३ | ० |
| नकवजनी चोरी | २५ | ५३ | ५३ | ० |
| कर्तव्य ज्यान | ८ | १७ | १६ | १ |
| ज्यान मार्ने उद्योग | १० | १६ | १६ | ० |
| जबरजस्ती करणी | ११५ | १४५ | १४५ | ० |
| जबरजस्ती करणी उद्योग | १२ | २४ | २४ | ० |
| केही सार्वजनिक अपराध | ६ | ११ | ११ | ० |
| लागूऔषध | १४ | २७ | २६ | १ |
| सवारी ज्यान | २ | २ | २ | ० |
| वनसम्बन्धी | २ | ८ | ७ | १ |
| बाल यौन दुराचार | ७ | ४ | ४ | ० |
| बालविवाह | ५ | ७ | ७ | ० |
| हाडनाता करणी | ३ | ३ | ३ | ० |
| जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | ५ | ७ | ७ | ० |
| **जम्मा** | **२३५** | **३४७** | **३४४** | **३** |

*स्रोतः बालन्याय समन्वय समिति सचिवालय, २०७४*

बालबिजाइँमा संलग्न कूल बालबालिकाको संख्या ३४१ मध्ये बालिका ३ जना मात्र रहेको देखिन्छ।

आर्थिक वर्ष २०७२/०७३ मा बालबिजाइँसम्बन्धी फैसला भएका १०२ मुद्दाहरुमध्ये ७८ वटा (७६.५ प्रतिशत) मुद्दाहरुमा बालबालिकालाई दोषी ठहर गरिएको थियो भने २३ (२२.५ प्रतिशत) मुद्दाहरुमा बालबालिकालाई सफाई दिइएको थियो । यस आ.व.मा फैसला भएका १६८ वटा मुद्दाहरुमा ११९ (७०.१ प्रतिशत) मुद्दाहरुमा बालबालिकालाई दोषी ठहर गरिएको छ । आ.व. २०७३/०७४ मा भएका बालबिजाइँसम्बन्धी फैसलाको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका २५ः बालबिजाइँका मुद्दाहरुमा फैसलासम्बन्धी विवरण

| मुद्दाको प्रकृति | मुद्दा संख्या | फैसला | | | |
|---|---|---|---|---|---|
| | | ठहर | सफाई | मुद्दा परिवर्तन | सजाय स्थगन |
| साधारण चोरी | १७ | १३ | ३ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| नकवजनी चोरी | १४ | ८ | ५ | ० | १ |
| कर्तव्य ज्यान | ६ | ५ | १ | ० | ० |
| ज्यान मार्ने उद्योग | ६ | ५ | ० | १ (कुटपिट) | ० |
| जबरजस्ती करणी | ८४ | ६४ | ७ | १ (जकउ) | १२ |
| जबरजस्ती करणी उद्योग | ६ | ४ | २ | ० | ० |
| केही सार्वजनिक अपराध | ५ | ३ | १ | ० | १ |
| लागूऔषध | ७ | ५ | १ | ० | १ |
| सवारी ज्यान | १ | १ | ० | ० | ० |
| वनसम्बन्धी | २ | १ | १ | ० | ० |
| बाल यौन दुराचार | ५ | २ | २ | ० | १ |
| बालविवाह | ४ | ४ | ० | ० | ० |
| हाडनाता करणी | २ | २ | ० | ० | ० |
| जबरजस्ती करणी (अप्राकृतिक मैथुन) | ३ | २ | ० | ० | १ |
| **जम्मा** | **१६२** | **११९** | **२३** | **२** | **१८** |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७४*

### ३.१७ बालसुधार गृह

कुनै पनि अपराधिक घटनामा अदालतबाट दोषी ठहरिएका बालबालिकालाई तोकिएको समयावधिका लागि सुधार गृहमा राख्ने गरिएको छ । हालसम्म भक्तपुर, मोरङ र कास्कीमा मात्र बालसुधारगृह सञ्चालनमा रहेका छन् भने बाँके जिल्लामा सञ्चालन हुने क्रममा रहेको छ । नेपाल सरकारको पूर्ण सहयोगमा सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालले यी सुधार गृहहरु सञ्चालन गरिरहेको छ । कारागार व्यवस्थापन विभागको तर्फबाट नियमानुसारको राशन तथा बन्दीलाई दिइने सुविधा प्रदान गरिनुका साथै आवश्यक सुरक्षाकर्मी खटाइएको छ । आ.व. २०७३/०७४ मा सुधार गृहमा रहेका बालबालिकाको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका २६ः बालसुधार गृहमा रहेका बालबालिकाको विवरण

| मुद्दा | भक्तपुर | | | कास्की | | | मोरङ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आएका | गएका | हाल रहेका | आएका | गएका | हाल रहेका | आएका | गएका | हाल रहेका |
| कर्तव्य ज्यान | १ | ० | १७ | १ | १ | १५ | १ | १ | १५ |
| जबरजस्ती करणी. | १३ | ८ | १०४ | ६ | २ | २२ | ४ | २ | ४३ |
| ज्यान मार्ने उद्योग | ४ | ५ | ३ | ० | ० | ० | ० | १ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मानव अपहरण | ० | ० | ३ | ० | ० | ० | ० | ० | १ |
| लागू औषध | २ | ५ | १४ | १ | १ | ६ | ३ | ० | ५ |
| डाँका | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| चोरी | २ | २ | ६ | ३ | ० | ५ | १ | ० | २ |
| सार्वजनिक अपराध | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सवारीज्यान/अङ्गभङ्ग | ० | १ | ० | ० | ० | ० | १ | ० | १ |
| अन्य | १ | ० | २ | ० | ० | २ | ० | ० | २ |
| **जम्मा** | **२३** | **२१** | **१४५** | **११** | **४** | **५०** | **१०** | **४** | **७२** |

*स्रोतः बालन्याय समन्वय समिति, २०७४*

उपर्युक्त तालिकाबाट एक वर्षमा जम्मा ४४ जना बालबालिका बालसुधार गृहमा आएको देखिएको छ भने २९ जना मात्र सजाय भुक्तान गरी गएको देखिन्छ । यसबाट बालबिजाइँ गरी सजाय पाउने बालबालिकाको संख्या बढ्दो क्रममा रहेको देखिन्छ ।

### ३.१८ बालबालिकाको स्याहार

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा आफ्ना बालबालिकाको लालनपालन र स्याहार गर्नु बाबुआमाको जिम्मेवारी हुने र बाबुआमा तथा अभिभावकको स्थिति दयनीय भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने प्रावधान रहेको छ। यसैगरी धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ। बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३४ मा नेपाल सरकारले आवश्यकताअनुसार देशभर बालकल्याण गृहको स्थापना र सञ्चालन गर्ने वा सञ्चालन गर्न अनुमति प्रदान गर्न सक्ने र दफा ३५ मा बेवारिस बालकलाई बालकल्याण गृहमा राख्ने व्यवस्था गर्ने उल्लेख गरिएको छ । दफा ४३ मा बावु, आमा नभएका अनाथ, अपाङ्ग वा सुस्त मनस्थितिका बालबालिकाको पालनपोषण तथा बासस्थानका निम्ति आवश्यकताअनुसार अनाथालय तथा सुस्त मनस्थिति केन्द्रको स्थापना गर्ने व्यवस्था गरिएको छ। सबै बालगृहमा बालबालिकाको हितको प्रत्याभूति गर्न आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ कार्यान्वयनमा रहेको छ । प्रचलित ऐन नियमअनुसार दर्ता भएका संस्थाले यस मापदण्ड अनुसार आवासीय बालगृह सञ्चालन गर्नुपर्ने हुन्छ।

आ.व. २०७४/०७५ को बजेट वक्तव्यको बुँदा नं. १४१ मा कामकाजी परिवारका बालबच्चाहरुको हेरचाहका लागि दिवा शिशु स्याहार केन्द्रहरु सञ्चालन गर्न स्थानीय तहलाई उत्प्रेरित गरिने छ भन्ने उल्लेख छ ।

### ३.१८.१ बालगृह

अनाथ, जोखिम र अति दयनीय अवस्थामा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २००९ मा काठमाडौंमा परोपकार अनाथालय स्थापना भएको थियो । यसैगरी अनाथ, परित्यक्त र अन्य जोखिममा रहेका बालबालिकाको लालनपालन तथा शिक्षादीक्षाका लागि २०२१ सालदेखि नेपाल बाल मन्दिर सञ्चालनमा रहेको छ । २०७३ असार मसान्तसम्म ४४ जिल्लामा जम्मा ५७७ वटा बालगृह सञ्चालनमा रहेकोमा साल २०७४ साल असार मसान्तसम्ममा विभिन्न ४६ जिल्लाहरुमा ५ सय ६७ आवसीय बालगृह सञ्चालनमा रहेका छन् । यी बालगृहहरुमा जम्मा १६,५३६ बालबालिका (बालक ८,३१८ र बालिका ८,२१८) रहेका छन् । सात प्रदेशमध्ये प्रदेश-१ मा सात जिल्लामा २७ वटा बालगृह सञ्चालनमा छन्, जसमा ५८६ जना बालबालिका संरक्षित छन् भने प्रदेश-२ मा आठ जिल्लामा १५ वटा, प्रदेश-३ मा ४१५ वटा, प्रदेश-४ मा ५५ वटा, प्रदेश-५ मा  ३० वटा, प्रदेश-६ मा १३ वटा र प्रदेश-७ मा १२ वटा बालगृहहरु सञ्चालनमा रहेका छन् । प्रदेश ३ मा मात्र ७३ प्रतिशत बालगृह केन्द्रित छन् । यसमध्ये पनि काठमाडौं जिल्लामा १९९ वटा र ललितपुर जिल्लामा १२६ बालगृहहरु सञ्चालनमा रहेका छन् भने कास्कीमा ४६ वटा बालगृहहरु छन् । २९ वटा जिल्लामा कुनै पनि बालगृह छैन भने १८ वटा जिल्लामा एक/एक वटा मात्र बालगृह सञ्चालनमा छ । प्रदेश अनुसारको बालगृह संख्या र बालबालिका संख्या निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २७: प्रदेशअन्तर्गतका बालगृह र बालबालिकाको विवरण

| प्रदेश नं | बालगृह संख्या | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | २७ | ३२८ | २५८ | ५८६ |
| २ | १५ | २५२ | ७२ | ३२४ |
| ३ | ४१५ | ५८२६ | ६०५६ | ११८८२ |
| ४ | ५५ | ७५३ | ८६६ | १६१९ |
| ५ | ३० | ७७८ | ५८२ | १३६० |
| ६ | १३ | २०७ | २५८ | ४६५ |
| ७ | १२ | १७४ | १२६ | ३०० |
| **जम्मा** | **५६७** | **८३१८** | **८२१८** | **१६५३६** |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७४*

(सात प्रदेशअर्न्तगतका जिल्लागत बालगृह र बालबालिकाको विवरण अनुसूचि ९ मा दिइएको छ । )

केन्द्रीय बालकल्याण समितिले बालगृह र आश्रित बालबालिकाको सूचना व्यवस्थित गर्ने उद्देश्यले सफ्टवेयर निर्माण गरी बालगृहको आधारभूत सूचनाहरु व्यवस्थित गर्ने कार्यको थालनी गरेको छ ।

यस क्रममा आ.व. २०७३/७४ मा ४ पटक गरी २५८ वटा बालगृहका सम्बन्धित कर्मचारीलाई सफ्टवेयर सम्बन्धी तालिम दिइसकेको छ। सोको आधारमा उक्त बालगृहहरुले संस्था र बालबालिकाको विवरण अद्यावधिक गर्दैछन् ।

आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ को आधारमा केन्द्रीय बालकल्याण समितिबाट उपत्यका र अन्य केही जिल्लामा गरी ६८ वटा बालगृहहरू र जिल्ला बालकल्याण समितिहरूबाट ३९ वटा जिल्लामा ३९४ बालगृह गरी जम्मा ४६२ वटा आवासीय बालगृहहरूको अनुगमन गरिएको छ । अनुगमनको क्रममा आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६९ अनुसार न्यूनतम् मापदण्ड नपुगेका, बालसंरक्षणको सवालमा संवेदनशील नरहेका र अति दयनीय अवस्थामा रहेका बालगृहहरुलाई सुधारका लागि सुझाव दिँदा पनि नसुधारिएका १२ वटा बालगृह सञ्चालन बन्द गर्न सिफारिस गरी सोमा रहेका ११४ (बालिका ५४ र बालक ६०) जना बालबालिकालाई उद्धार गरी उनीहरुको पारिवारिक पुनर्मिलन तथा पुर्नर्स्थापना गरिएको छ । आ.व. २०७३/०७४ मा केन्द्रीय बालकल्याण समितिबाट मात्रै मापदण्डको व्यवस्था अनुरुप ६३ वटा बालगृहहरू सञ्चालनार्थ अनुमति प्रदान गरिएको छ ।

### ३.१८.२ धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिका

धर्मको संरक्षण, सम्वर्द्धन गर्न तथा धर्मप्रति आस्था बढाउनका साथै शिक्षाको पहुँच सबै बालबालिकालाई पुर्‍याउने उद्देश्यले निजी वा गुठीको रुपमा सञ्चालन भएका विद्यालयहरुलाई धार्मिक विद्यालयको रुपमा लिएको पाइन्छ । यस्ता धार्मिक विद्यालयहरु विशेषगरी मदरसा, गुम्बा, विहार, गुरुकूल जस्ता धार्मिक संस्थाहरुले सञ्चालन गर्दै आएका छन् । शिक्षा विभागका अनुसार २०७२ सालमा धार्मिक विद्यालयहरुको स्तरअनुसारको विवरण प्राप्त भए अनुसार प्राथमिकस्तरदेखि उच्च माध्यमिक स्तरसम्म सञ्चालन भएका विद्यालयको संख्या मदरसा ७६५, गुम्बा र विहार ८२ तथा आश्रम र गुरुकूल ८३ गरी जम्मा ९३० रहेको थियो । यो संख्यामध्ये कति विद्यालयहरु आवासीय रुपमा सञ्चालनमा रहेका छन् भन्ने यकिन गर्न सकिएको छैन । केन्द्रीय बालकल्याण समितिले सबै धार्मिक शिक्षालयहरुमा आवासीय रुपमा रहेबसेका बालबालिकाको तथ्याङ्क एकीकृत रुपमा संग्रहित गर्ने प्रक्रिया आरम्भ गरेको छ । यस सम्बन्धमा व्यवस्थापिका संसदको महिला, बालबालिका, जेष्ठ नागरिक र समाज कल्याण समितिले "नेपालका बिभिन्न मठ मन्दिर, गुम्वा, पिठ, मदरसा आदि धार्मिक संघसंस्थामा के कति बालबालिका कुन अवस्थामा रहेका छन् र ती बालबालिका कहाँबाट त्यहाँ ल्याइएका हुन्? तिनको विस्तृत अध्ययन गरी सो को यथार्थ प्रतिवेदन तयार गरी यथासक्य चाँडो यस समिति समक्ष उपलब्ध गराउने" भन्नेबारेमा निर्देशन समेत जारी भएको अवस्था छ । यसको सिलसिलामा केन्द्रीय बालकल्याण समितिले आवासीय रुपमा धार्मिक संघसंस्थामा रही पठनपाठन गरिरहेका बालबालिकाको स्थिति र आवासीय रुपमा बालबालिका

राखी पठनपाठन गर्ने/गराउने धार्मिक संघसंस्थाको स्थिति र त्यस्ता संघसंस्थाहरुमा बालअधिकार संरक्षणको स्थितिबारे अध्ययन गरेको छ। अध्ययनमा काठमाडौं उपत्यका लगायत काभ्रे, चितवन र तनहुँमा रहेका केही धार्मिक आवासीय विद्यालय (मदरशा, गुरुकूल/आश्रम र गुम्बा तथा विहारमा) लाई समेटिएको छ।

गत वर्षको सूचना अनुसार ७५ जिल्लाहरुमध्ये ४५ जिल्लाबाट प्राप्त तथ्याङ्क अनुसार निम्नानुसारका २७ जिल्लाहरुमा आवासीय रुपमा हिन्दू धर्मसँग सम्बन्धित रहेका मन्दिर, धाम, गुरुकूल, विद्यापिठ, आश्रम र केन्द्रहरुको संख्या ४४, बौद्ध धर्मसँग सम्बन्धित गुम्बा र विहारहरुका संख्या ३१, इस्लाम धर्मसँग सम्बन्धित मदरसाहरुको संख्या ६१, र क्रिश्चियन धर्मसँग सम्बन्धित चर्चहरुको संख्या ११ गरी कूल १४७ वटा धार्मिक संस्थाहरुमा ५ हजार २ सय ३४ बालक र १ हजार ४ सय ५२ गरी ६ हजार ६ सय ८६ जना बालबालिका आवासीय रुपमा रहेको पाइएको छ। बौद्ध धर्मसँग सम्बन्धित धेरै गुम्बाहरुमा बालबालिका रहने गरेको भए पनि यससम्बन्धी एकीकृत तथ्याङ्क उपलब्ध हुन सकेको छैन। काठमाडौं लगायतका कतिपय जिल्लामा वौद्ध धर्मसँग सम्बन्धित गुम्बाहरुबाट बालबालिकासम्बन्धी विवरण प्राप्त हुन कठिनाइ रहेको छ। केन्द्रीय बालकल्याण समितिमा अद्यावधिक भएसम्मका धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिकाको जिल्लागत विवरण तलको तालिकामा दिइएको छ।

तालिका २८ः धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिका

| क्र.सं. | जिल्ला | धार्मिक संघ-संस्थाको संख्या | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | झापा | १७ | ४६९ | ० | ४६९ |
| २ | प्यूठान | १ | ७३ | ० | ७३ |
| ३ | पाँचथर | २ | २२ | ० | २२ |
| ४ | धादिङ | ५ | २७ | १० | ३७ |
| ५ | दैलेख | १ | २ | ० | २ |
| ६ | काठमाडौं | २७ | २४९८ | ३२ | २५३० |
| ७ | ओखलढुङ्गा | ३ | ६२ | ३६ | ९८ |
| ८ | कञ्चनपुर | १ | ८ | १ | ९ |
| ९ | भोजपुर | १ | २३ | ० | २३ |
| १० | मुगु | १ | २ | ० | २ |
| ११ | स्याङ्जा | ३ | ६७ | १ | ६८ |
| १२ | भक्तपुर | २ | ४१ | ० | ४१ |
| १३ | इलाम | ४ | १२३ | ० | १२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | मकवानपुर | ६ | ९७ | २३ | १२० |
| १५ | हुम्ला | ३ | ११४ | १०८ | २२२ |
| १६ | गोरखा | १३ | ५५६ | ० | ५५६ |
| १७ | रुपन्देही | ३ | १३५ | ० | १३५ |
| १८ | चितवन | १० | २१० | ८१ | २९१ |
| १९ | बागलुङ | १० | १७५ | ८४ | २५९ |
| २० | धनुषा | १३ | २७६ | ११६ | ३९२ |
| २१ | सुनसरी | २६ | १६१४ | ८९६ | २५१० |
| २२ | कैलाली | ४ | ८४ | ३ | ८७ |
| २३ | रुकुम | १ | २ | ० | २ |
| २४ | सिराहा | १ | ८५ | ० | ८५ |
| २५ | बर्दिया | २ | २६ | २६ | ५२ |
| २६ | सप्तरी | १ | ४१ | ० | ४१ |
| २७ | सर्लाही | १ | २५ | ० | २५ |
| २८ | काभ्रे | १ | २२ | ० | २२ |
| २९ | तनहुँ | १ | २२५ | ० | २२५ |
| **जम्मा** | | **१६४** | **७१०४** | **१४१७** | **८५२१** |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७३*

बौद्ध दर्शन तथा गुम्बा विकास समितिको पछिल्लो अभिलेख अनुसार नेपालमा हाल सम्म २५५५ गुम्बाहरु सरकारी तथ्याङ्कमा आबद्ध भए पनि अझै करिब २५०० गुम्बाहरु आधिकारिक सम्पर्कमा नआइसकेको बताइएको छ । ती गुम्बाहरुमध्ये बालबालिकाको औपचारिक तथा अनौपचारिक अध्ययन अध्यापन हुने गुम्बाहरुको भने यथार्थ तथ्याङ्क हालसम्म अभिलेख भएको पाइँदैन । यसैगरी देशभर सञ्चालनमा आएका मदरसा र गुरुकूलको पनि अद्यावधिक तथ्याङ्कको अभाव रहेको छ । यसबाट धार्मिक संस्थामा आवासीय रुपमा रहेका बालबालिकाको स्थिति अध्ययन राष्ट्रिय रुपमा नै गर्नुपर्ने जरुरी छ ।

केन्द्रीय बालकल्याण समितिले सञ्चालन गरेको एक संक्षिप्त अध्ययनबाट निम्नानुसारका निष्कर्ष र सुझावहरु दिएको छ ।

- गुरुकूल, मदरसा, गोन्पाजस्ता धार्मिक संस्थाहरु सरकारी संयन्त्रमा दर्ता भई वा नभईकन नै सञ्चालन भएको पाइएको छ । दर्ता भएका केही संस्थाहरुलाई सरकारको तर्फबाट केही अनुदान दिने गरेको देखिन्छ । दर्ता विना सञ्चालन भइरहेका संस्थाहरुलाई मूलप्रवाहीकरण गर्नुपर्ने देखिन्छ र किन दर्ता गर्दैनन् भन्ने सवालमा थप अध्ययन गर्न जरुरी देखिन्छ ।

- उक्त संस्थाहरुमा अधिकांश गरीब परिवारका, बाबुआमा दुवै वा एकजना गुमाएका अनाथ बालबालिका आश्रित रहेको देखिन्छ ।
- धार्मिक विद्यालय/संघसंस्थाहरुले बालबालिकालाई निःशुल्क पठनपाठन गराउँदा नेपाल सरकारको सबैको लागि शिक्षा अभियानमा टेवा पुग्न गएको साथै गरीब बालबालिकाले पनि आफ्नो विकासको अधिकार पाएको देखिन्छ ।
- शिक्षाको सम्बन्धमा सरकारी पाठ्यक्रम अनुसार र धार्मिक आस्था अनुसार पढाई हुने गरेको छ । नेपाल सरकारले नेपाली, गणित, अंग्रेजी लगायत विज्ञान विषयलाई प्रमुख विषयको रुपमा लिइएको भएता पनि धार्मिक संस्थाहरुले विज्ञान विषयलाई खासै प्राथमिकता दिएको पाइएन । तसर्थ विज्ञान जस्तो महत्वपूर्ण विषयलाई पनि समावेश गर्नु पर्ने देखिन्छ र साथै धार्मिक विद्यालयलाई पनि मूलप्रवाहमा ल्याउनुपर्ने देखिन्छ ।
- औपचारिक र अनौपचारिक गरी दुवै शिक्षा प्रदान गर्ने गरिएता पनि कतिपय संस्थाहरुमा विषयगत शिक्षक/शिक्षिकाहरुको अभाव देखिएकोले पर्याप्त शिक्षक/शिक्षिकाको व्यवस्थाका लागि पहल गर्नुपर्ने देखिन्छ ।
- अध्ययन गरिएको संस्थाहरुमा रहेका सबै बालबालिकाको जन्मदर्ता भएको पाइँदैन ।
- गुरुकूलमा ब्राह्मण जातिभन्दा बाहेक र बालिकालाई पनि समावेश गर्न लागिएको आधुनिक प्रयास सह्रानीय देखिन्छ ।
- बालबालिकाको स्वास्थ्य परीक्षण नियमित गर्नुपर्ने र शैक्षिक प्रतिवेदन तथा स्वास्थ्य प्रतिवेदनको अद्यावधिक गर्न जरुरी देखिन्छ ।
- बालअधिकारको सुनिश्चितता गर्न धार्मिक विद्यालय/संस्थाका शिक्षक, शिक्षिका तथा बालबालिकालाई बालअधिकारको बारेमा तालिम वा अभिमूखीकरण गर्न आवश्यक देखिन्छ ।
- बालबालिकामा निहित डर त्रास निर्मूल गर्न बालमैत्री शिक्षण सिकाइ विधि तथा बालमैत्री वातावरण प्रवर्द्धन गर्न आवश्यक देखिन्छ ।
- अध्ययनका लागि स्थानान्तरण गर्ने एवम् विदेश पठाउने प्रक्रियालाई नियमन गर्नुपर्ने देखिन्छ।
- धार्मिक शिक्षालयहरुको अनुगमन एवम् उपलब्ध सेवा, सेवाग्राही लगायतको विवरण दुरुस्त, पारदर्शी राख्ने कार्यलाई व्यवस्थित गरिनुपर्छ ।

### ३.१९ बालबालिकाको गोपनीयता

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा २८ मा गोपनीयताको हकको प्रत्याभूति गरिएको छ । संविधानको यो मर्म बालबालिकाको हकमा पनि लागू हुन्छ । बालअधिकार महासन्धिको धारा १६ मा बालबालिकाको गोपनीयताको संरक्षण गर्नुपर्ने प्रावधान रहेको छ । उक्त धारामा कुनै पनि बालबालिकाको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानूनी हस्तक्षेप गरिनेछैन, उनीहरुको प्रतिष्ठा तथा ख्यातीमा गैर कानूनी रुपमा आक्रमण गरिनेछैन भन्ने उल्लेख गरिएको छ ।

सर्वोच्च अदालतबाट २०६४/०९/१० मा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका जारी भएको छ । यसैगरी सञ्चार माध्यमलाई बालसंवेदनशील बनाउनका लागि प्रेस काउन्सिल नेपालबाट 'बालमैत्री सञ्चार निर्देशिका, २०७३' समेत जारी भएको छ । यसरी बालबालिकासम्बन्धी मुद्दा र घटनाहरुबाट बालबालिकाको गोपनीयताको हक संरक्षण गर्ने क्रम बढ्दो छ । सञ्चारको श्रव्य-दृष्य एवम् छापा माध्यममा हिंसा, शोषण वा दुर्व्यवहारमा परेका बालबालिकासम्बन्धी सूचना वा समाचारमा वास्तविक नाम नदिने र तस्वीर नचिने गरी दिने अभ्यास पनि बढ्दो क्रममा रहेको छ । बालबालिकाविरुद्ध भएका खासगरी यौनशोषण, दुर्व्यवहारलगायत बालबिजाइँका घटनाहरुमा अदालती कारवाहीका क्रममा लिखतहरुमा बालबालिकाको वास्तविक नाम उल्लेख नगरी साङ्केतिक नाम उल्लेख गर्ने व्यवस्था सबैतिर कार्यान्वयनमा रहेको छ । सामान्य अवस्थामा पनि बालबालिकाको गोपनीयतासम्बन्धी निम्न घटना एक उदाहरणका रुपमा रहेको छ :

२०७४ असार ६ गते मंगलबारको गोरखापत्र दैनिकको पेज १३ मा प्रकाशित फोटो क्याप्सन (गर्मी छल्न सामूहिक रुपमा नुहाउँदै गरेका सर्लाहीको हरिपुर नगरपालिका १०, जानकी नगरका बालबालिका) मा बालबालिकाको सर्वाङ्ग नाङ्गो फोटो प्रकाशन भएको थियो । यसबारे केन्द्रीय बालकल्याण समितिबाट गोरखापत्र दैनिकको ध्यानाकर्षण गरिएपछि असार ७ गते गोरखापत्र दैनिकमा क्षमायाचना गरिएको थियो ।

### ३.२० शारीरिक सजाय र हेपाई

खासगरी संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि बालअधिकार सम्बन्धी चेतना जागरण लगायत विविध प्रयास हुँदाहुँदै घरपरिवार, समुदाय, विद्यालय लगायत बालबालिका संलग्न हुने विभिन्न स्थानहरुमा बालबालिकामाथि अनेक किसिमका शारीरिक दुर्व्यवहार हुने गरेका घटनाहरु प्रकाशमा आउने गरेका छन् ।

**३.२०.१ शारीरिक तथा मानसिक दण्डसजाय :** बालबालिकामाथि हुने शारीरिक तथा मानसिक दण्ड सजायविरुद्ध राष्ट्रिय अभियान सञ्चालन गरी बालअधिकारको संरक्षण गर्ने प्रयास विगत वर्षहरुदेखि भएको  छ । तथापि, विभिन्न घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल तथा अन्य स्थानमा बालबालिका उपर शारीरिक, मानसिक सजाय वा यातना दिने, होच्याउने, गिज्याउने, अमानवीय वा अपमानजनक व्यवहार हुने गरेको घटनाहरु प्रकाशमा आइरहेका छन् ।


www.enayapatrika.com नयाँ पत्रिका

शिक्षकको कुटाइबाट विद्यार्थी घाइते


शिक्षकले कुटेर नीलडाम

कारवाहीको माग राखेर बालबालिका खोजतलास केन्द्रमा समेत उजुरी

काठमाडौं (कास)- नयाँ बानेश्वरमा रहेको एम्बिसन एकाडेमीका शिक्षकले विद्यार्थीको अनुहारमा नीलडाम हुने गरी कुटेका छन् ।

एलटीबी शिक्षक दावा मोक्तानले मुक्का हानेर ५ कक्षामा अध्ययनरत जेनिशा राईको देब्रे आँखाछेउ नीलडाम बनाएको अभिभावक मोहन राईले बताए । कैन्चबाट उठेर मसी भर्न बाहिर निस्कँदा मुक्का हानेको जेनिशाले बताए । छोराको अनुहारै सुन्निने गरी कुटपिट गरेपछि शिक्षकलाई कारवाही गर्न माग गरे पनि विद्यालय प्रशासनले उल्टै धर्काएर पठाएको मोहनले बताए ।

'मेरो छोरा कुट्ने शिक्षकलाई कारवाही हुनुपर्छ भनेर प्रिन्सिपललाई भन्दा उनले तपाईंले जे गर्न सक्नुहुन्छ गर्नुस् मेरो शिक्षकलाई केही गर्दिनँ भने,' मोहनले भने । कान्ति बाल अस्पतालमा छोराको जाँच गराउँदा आँखा र अन्य भागमा असर परेको हुन सक्ने चिकित्सकले जानकारी दिएपछि राई परिवार चिन्तित भएका छन् । उनले शिक्षकलाई कारवाहीको माग राखेर बालबालिका खोजतलास केन्द्रमा समेत उजुरी दिएका छन् ।

विद्यालयका प्रिन्सिपल विष्णु घिमिरेले शिक्षकको कमजोरी भएको स्वीकार गरे । 'शिक्षकले कुटेछन् । त्यस्तो गर्नु हुँदैनथ्यो,' उनले भने, 'कमजोरी भएको हो । गल्ती गर्ने शिक्षकलाई कारवाही गर्छौं ।'

वद्यालय तथा उच्च माध्यमिक विद्यालयहरूमा बालबालिकालाई उनीहरूको शैक्षिक एवम् नैतिक पक्ष सुधार्नका लागि अनुशासन कायम गर्नु पर्दछ भन्ने सोचले बालबालिकालाई शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । विद्यालयमा बालमैत्री शिक्षण पद्दतिबाट अध्ययन/अध्यापन गराइने उद्देश्यले शिक्षा मन्त्रालय/विभागबाट आवश्यक नीति तथा निर्देशिकाहरु जारी भएता पनि विद्यालयका कतिपय शिक्षक तथा कर्मचारीहरु बालअधिकारको सवालमा संवेदनशील नभएको कारण उनीहरूबाट बालबालिका शारीरिक तथा मानसिक सजायका पीडित हुन पुगेका घटनाहरू प्रकाशमा आउने गरेका छन् । विद्यालयमा बालबालिकालाई गम्भीर सजाय दिँदा टाउकोमा चोट लागी विद्यार्थी बेहोश भएपछि अस्पताल भर्ना गर्नुपरेको लगायत शरीरमा निलडाम हुनेगरी पिटेको घटनाहरु सार्वजनिक हुने गरेका छन् ।

आर्थिक वर्ष २०७३/०७४ मा विभिन्न सञ्चार माध्यममा १८ वटा शारिरीक सजाँयका घटनाहरू प्रकाशमा आएका छन् । समग्र घटना हेर्दा ८३ प्रतिशत (१५ जना) बालक र १७ प्रतिशत (३ जना) बालिका पीडित भएका छन् । विद्यालयमा दिइने शारीरिक

दण्ड सजाय कार्यमा संलग्न शिक्षकको लैङ्गिक प्रतिशत हेर्दा १६ प्रतिशत (३ जनालाई) महिला शिक्षकबाट बालबालिकाले सजाय पाएको देखिन्छ भने पुरुष शिक्षकबाट ८४ प्रतिशत (१५ जना) बालबालिका पीडित भएका छन् । प्रकाशमा आएका यी घटनाहरु केही उदाहरण मात्र हुन् र प्रकाशमा आउन नसकेका थुप्रै घटनाहरु हुने गरेको अनुमान गर्न सकिन्छ ।

### ३.२०.२ **हेपाई वा बुलिङ** (Bullying)

सामान्य जीवनमा प्रायः सबै उमेर समूहका मानिसहरुमाथि हेपाई वा बुलिङ हुने गरेको छ र प्रायः अधिकांश व्यक्तिहरुले यसको अनुभव पनि गरेका छन् । हेपाईबाट प्रभावित व्यक्ति तथा खासगरी बालबालिकामा यसको अल्पकालीन तथा दीर्घकालीन दुवै प्रभाव पर्दछ र व्यक्तिको व्यक्तिगत विकासमा नै नकारात्मक प्रभाव पर्दछ । यदाकदा पीडितले आत्महत्यासम्म गरेका घटनाहरु सुन्नमा आएका छन् । तथापि, यस विषयमा सरोकारवालाहरुको खासै ध्यान गएको देखिँदैन । तर घरपरिवार, खेल मैदान, छरछिमेक, समुदाय लगायत विद्यालयमा शारीरिक, बौद्धिक, आर्थिक वा अन्य कारणले बालबालिकालाई साथीहरूले तथा ठूलाहरूले हेप्ने, गिज्याउने, दुःख दिने जस्ता थुप्रै हेपाईका घटनाहरू हुने गरेका छन् । हेपाईले बालबालिकाको मानसिक तथा बौद्धिक विकासमा नकारात्मक असर पुऱ्याई उनीहरूको व्यक्तित्व विकासमा नै प्रभाव पार्ने हुनाले हेपाई हुने सम्भावित स्थलमा (खासगरी विद्यालयमा) विभिन्न कार्यहरू आवश्यक पर्दछ, जस्तै :

- हेपाई नगर्ने र नगराउनेबारे विभिन्न माध्यमबाट सचेतना
- हेपाई गर्नेलाई स्थान र घटनाको प्रकृतिको आधारमा सम्झाउने, बुझाउने तथा कानुनी कारवाही हुने देखिएमा सम्बन्धित अधिकारीको सहयोग लिने
- विद्यालयमा बाल संरक्षण तथा हेपाईविरुद्धको नीति निर्माण तथा कार्यान्वयन गर्ने
- पीडित बालबालिकालाई सहयोग गर्नुपर्ने देखिएमा बालकल्याण अधिकारीको अग्रसरतामा सामाजिक कार्यकर्ता तथा सेवा प्रदायक संस्थामार्फत् आवश्यक सेवा प्रवाह गर्नुपर्ने ।

समाजमा विद्यालय लगायत विभिन्न क्षेत्रमा हुने हेपाईसम्बन्धी विषयलाई सामान्य रुपमा लिने गरिएको पाइन्छ । तर यसले बालबालिकाको दिर्घकालीन विकासमा नकारात्मक असर पार्ने कुरा विभिन्न अध्ययनहरुबाट देखिएको छ । बालबालिकामाथि हुने हेपाईसम्बन्धी विषयमा सचेतना बढाउने लगायत रोकथाम गर्ने अभिप्रायले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिले बालबालिकामाथि हुने हेपाई विरुद्धको नीति निर्माणसम्बन्धी प्रारम्भिक छलफल शुरुवात गरेको छ ।

### ३.२१ बालबालिका र आत्महत्या

विभिन्न जिल्ला बालकल्याण समितिबाट प्राप्त अभिलेख अनुसार बालबालिकाका आत्महत्यासम्बन्धी घटनाहरु बढेको देखिन आएको छ । बालबालिकाले अशिक्षा, गरिबी, पढाईमा असफलता, प्रेम, मानसिक तनाव, निराशा, आवेश वा आक्रोश आदि विविध कारणहरुले आत्महत्या गरेको जानकारीमा आएको छ । गत आर्थिक वर्ष २०७२/०७३ मा ६ जिल्लामा २९ बालिका र ९ बालक गरी कूल ३८ जना बालबालिकाले आत्महत्या गरेको जानकारीमा आएकोमा यस आर्थिक वर्ष २०७३/०७४ मा ७ जिल्ला (दोलखा, बाँके, काठमाडौं, सिन्धुली, भक्तपुर, काभ्रे र गोरखा) मा १९ बालिका र १३ बालक गरी कूल ३२ जना बालबालिकाले आत्महत्या गरेको जिल्ला बालकल्याण समितिको अभिलेखबाट प्राप्त भएको छ । जसमा १० देखि १४ वर्ष उमेर समूहका ८ बालिका र २ बालक गरी १० जना, १५ देखि १६ वर्ष उमेर समूहका ४ बालिका र ७ बालक गरी ११ जना र १७ वर्षदेखि १८ वर्ष उमेर समूहका ७ बालिका र ४ बालक गरी जम्मा ११ जनाले आत्महत्या गरेको देखिन्छ । बालबालिकाले विविध कारणले आत्महत्या गर्ने गरेको घटनाहरु विभिन्न सञ्चार माध्यमबाट समेत प्रकासित हुने गरेको छ ।

### ३.२२ निर्वाचन र बालबालिका

निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचारसंहिता, २०७३ ले निरन्तरता दिएको निर्वाचन आचारसंहिता २०७२ बुँदा नं ४ (ड) मा "निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने," भनि उल्लेख भएको छ ।

नेपालको संविधान २०७२ अनुसार २०७४ साल बैशाख ३१ गते, असार १४ र असोज २ गते गरी तीन चरणमा स्थानीय निर्वाचन सम्पन्न भयो । उक्त निर्वाचनमा बालअधिकार संरक्षणको विषयलाई मध्यनजर राखी केन्द्रीय बालकल्याण समितिले बालबालिकाको दुरुपयोग नहोस् भन्नाका लागि विभिन्न प्रयास गरेको थियो । निर्वाचनमा बालअधिकार अनुगमनसम्बन्धी केन्द्रीय बालकल्याण समितिबाट भएका गतिविधिहरुः

- निर्वाचन आचारसंहितामा बालबालिकाको विषय समावेश गर्न एवम् सोको प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन आयोगलाई अनुरोध ।
- राजनीतिक गतिविधि तथा कार्यक्रमहरुमा बालबालिकालाई प्रयोग नगरिदिन आग्रह गर्दै विभिन्न राजनीतिक दलहरुलाई पत्र पठाइनुका साथै सार्वजनिक अपिल । विभिन्न सञ्चारमाध्यममा प्रकाशित निर्वाचनमा बालअधिकार उलंघनका घटनाहरुको अभिलेखीकरण गरि सो सँग सम्बन्धित दलहरुलाई त्यस्ता कार्य रोक्न पत्राचार ।

- निर्वाचनमा मावनअधिकार हननका घटनाहरुको अनुगमन गर्ने क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत अनुगमन गरिदिने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध ।
- निर्वाचन पर्यवेक्षण संस्थाहरूसँग अन्तरक्रियात्मक कार्यक्रम गर्नुका साथै समन्वय र सहकार्य ।
- निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् बालअधिकार अनुगमन तथा सूचना संकलन ।
- स्थानीय निर्वाचनलाई स्वतन्त्र, स्वच्छ र भयरहित ढंगबाट सम्पन्न गर्नका लागि निर्वाचन आयोगबाट जारी गरिएको आचारसंहिता परिच्छेद २ बुंदा नं. ४ (ड) मा निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्थाको कार्यान्वयनार्थ निर्वाचन अघि, निर्वाचनका दिन र निर्वाचनपछिको अवधिमा दलगत राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्ने बारे स्थानीय दलहरु लगायत संग अन्तरक्रिया गरी अनुगमन गर्न सबै जिल्ला बालकल्याण समितिहरुलाई परिपत्र ।
- निर्वाचनमा बालअधिकार अनुगमनका सन्दर्भमा सचेतना सामग्री निर्माण तथा वितरण गर्नुका साथै तत्काल सम्बोधन गर्नुपर्ने घटनाहरूमा निर्वाचन आयोग तथा राजनीतिक दलहरूसँग छलफल, भेटघाट तथा ध्यानकर्षण ।
- केन्द्रबाट काठमाडौं उपत्यका लगायत १३ वटा जिल्ला (नवलपरासी, कपिलवस्तु, अर्घाखाँची, दाङ, रोल्पा, प्यूठान, बर्दिया, कैलाली, कञ्चनपुर, डोटी, बैतडी, सुर्खेत र अछाम) मा अनुगमन तथा अन्य जिल्लाहरुमा स्थानीय रुपमा नै अनुगमन ।
- निर्वाचनका क्रममा बालअधिकार उल्लघंनका घटनाहरुलाई एकीकृत गर्नुका साथै निर्वाचनमा बालअधिकार अनुगमनसम्बन्धी सूचना प्रदान गर्ने उद्देश्यले केन्द्रीय बालकल्याण समितिले मोबाईल नं. ९८५१२१६१७४ प्रयोगमा ल्याइएको ।
- निर्वाचनमा बालबालिकाको प्रयोग गर्न नहुनेसम्बन्धी सूचना प्रसारण ।
- फेसबुक पेजमार्फत् निर्वाचन सम्बन्धी ३ वटा सन्देशमूलक सामग्री बुस्ट गरिएको । सो सन्देश २१ लाख फेसबुक प्रयोगकर्तासम्म पुगेको ।

**जिल्लास्तरीय अनुगमनः**

स्थानीय तह निर्वाचन अनुगमनका कार्यहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले सम्पन्न गर्नका लागि ४० जिल्ला बालकल्याण समितिको समन्वय तथा संयोजकत्वमा जिल्लास्तरीय निर्वाचन अनुगमन समितिको गठन गरी उक्त समितिका सदस्यहरुलाई अभिमुखिकरण गरिएको छ । पहिलो, दोस्रो र तेस्रो चरणमा सम्पन्न भएको स्थानीय तह निर्वाचनमा ४८ जिल्लामा जिल्ला बालकल्याण समितिको पहलमा जिल्लामा सक्रिय राजनीतिक दलले निर्वाचनमा बालबालिकालाई प्रयोग नगर्ने

प्रतिबद्धता सहित हस्ताक्षर गरेका छन् । स्थानीय तह निर्वाचनमा २६ जिल्ला बालकल्याण समितिले बालबालिकाको प्रयोग गरेका पार्टीलाई सम्बन्धित पाटी कार्यालयमा गई राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरुलाई ध्यानाकर्षण गराइएको छ  भने अन्य जिल्लामा सामूहिक छलफल भएका छन् । पहिलो, दोस्रो र तेस्रो चरणमा सम्पन्न भएको स्थानीय तह निर्वाचनका क्रममा ५७ जिल्ला बालकल्याण समितिबाट बालअधिकार अनुगमन भएको जानकारी प्राप्त भएको छ । सबै जिल्लामा स्थानीय तहको निर्वाचनमा बालबालिकाको प्रयोग नगरौ भन्ने सन्देशमुलक ब्रोसर निर्माण गरी छापिएको र विभिन्न राजनैतिक दलका सम्पर्क कार्यालय, स्थानीय तहहरुमा वितरण गरिएको छ ।

**स्थानीय तह निर्वाचनमा बालबालिकाको प्रयोगका घटनाहरुः**

केन्द्रीय बालकल्याण समिति तथा ५७ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण अनुसार पहिलो, दोस्रो र तेस्रो चरणमा सम्पन्न भएको निर्वाचनमा विभिन्न राजनीतिक दलका गतिविधिका क्रममा ५ सय ७९ वटा घटनामा बालबालिकाको प्रयोग भएको पाइएको छ । यो संख्या अनुगमन गरिएका स्थानहरुमा देखिएका घटनाहरु मात्रै हुन् । अतः यी सम्पुर्ण होईनन् र अनुगमनको पहुँच पुग्न नसकेका स्थानहरुमा यस्ता घटनाहरु भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । यी केही उदाहणहरु मात्र नै हुन् । अनुगमन गरिएका मध्ये ५३ प्रतिशत (१ सय ५३ वटा) पहिलो चरण, ४७ प्रतिशत (१ सय ३८ वटा) दोस्रो चरणमा र तेस्रो चरणमा सबैभन्दा बढी ५० प्रतिशत (२ सय ८८ वटा) बालबालिकालाई प्रयोग गरिएको घटना पाइएको छ ।  पहिलो चरण अन्तर्गत बालबालिकालाई प्रयोग गरिएका १ सय ५३ वटा घटनाहरुमध्ये निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात क्रमशः १ सय ४, ११ र ३८ वटा घटना सार्वजनिक भएका छन् । दोस्रो चरण अन्तर्गतका १ सय ३८ वटा घटनाहरु मध्ये निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात क्रमशः ९८, ६ र ३४ वटा घटना सार्वजनिक भएका छन् । त्यसैगरी तेस्रो चरणको निर्वाचन अन्तर्गतका २ सय ८८ घटनाहरु मध्ये निर्वाचन पूर्व र निर्वाचन पश्चात क्रमशः १ सय ७४ र १ सय १४ वटा घटनामा बालबालिकालाई प्रयोग गरिएको छ भने निर्वाचनको दिनमा बालबालिका प्रयोग गरिएको देखिदैन । तीनवटै चरणमा सम्पन्न भएको निर्वाचनका क्रममा बालबालिकालाई प्रयोग गरिएका कुल ५ सय ७९ घटना मध्ये निर्वाचन पूर्व ३ सय ७६, निर्वाचनको दिन १७ र निर्वाचन पश्चात १ सय ८६ घटनाहरु प्राप्त भएका छन् । निर्वाचनका क्रममा विभिन्न राजनैतिक दलले आमसभा, र्‍याली, मनोनयन दर्ता, घरदैलो कार्यक्रम, सांस्कृतिक कार्यक्रम, प्रचार सामग्री बोक्ने तथा टाँस्ने, टिसर्ट लगाउने लगायतका गतिविधिमा ६ हजार ६ सय ६१ जना बालबालिकालाई प्रयोग गरेको पाइएको छ ।


स्थानीय तह निर्वाचनको पहिलो चरण अन्तर्गत निर्वाचन सम्पन्न भएका ३४ जिल्ला मध्ये १९ वटा जिल्लामा बालबालिकालाई राजनीतिक दलहरुले निर्वाचनका विभिन्न गतिविधिमा प्रयोग गरेको

देखिन्छ । जसमा २ हजार ७ सय ४८ (५४ प्रतिशत) जना बालबालिका प्रयोग भएका छन् । त्यसैगरी दोस्रो चरणमा सम्पन्न भएका ३५ जिल्ला मध्ये १८ जिल्लामा २ हजार ३ सय ७१ (४६ प्रतिशत) बालबालिकालाई प्रयोग भएका छन् भने तेस्रो चरणमा सम्पन्न भएका ८ जिल्लामा १ हजार ५ सय ४२ जना बालबालिका प्रयोग भएको पाइएको छ। यसरी तीनै चरणमा भएको निर्वाचनका क्रममा निर्वाचन सम्पन्न भएका ७५ रै जिल्ला मध्ये ३६ वटा जिल्लामा कुल ५ हजार १ सय १९ जना बालबालिका प्रयोग भएका छन् ।

पहिलो चरणको निर्वाचनमा निर्वाचन पूर्व १ हजार ९ सय ३२, निर्वाचनको दिन ९६ र निर्वाचन पश्चात ७ सय २० जना बालबालिकालाई प्रयोग गरिएको छ । दोस्रो चरणको निर्वाचनमा दुबै चरणको निर्वाचनमा निर्वाचन पूर्व १ हजार ६ सय ७२, निर्वाचनको दिन ४३ र निर्वाचन पश्चात ६ सय ५६ जना बालबालिकालाई प्रयोग गरिएको छ। साथै तेस्रो चरणमा सम्पन्न भएको निर्वाचनका क्रममा निर्वाचन पूर्व १ हजार १ सय र निर्वाचन पश्चात ४ सय ४२ जना बालबालिकालाई प्रयोग भएको पाइएको छ भने निर्वाचनको दिन बालबालिकाको प्रयोग भएको पाइएको छ। यसरी तीनै चरणमा सम्पन्न भएको निर्वाचनमा निर्वाचन पूर्व ४ हजार ७ सय ४ जना, निर्वचनको दिन १ सय ३९ जना र निर्वाचन पश्चात १ हजार ८ सय १८ जना गरी कुल ६ हजार ६ सय ६१ जना बालबालिकाको प्रयोग भएको देखिन्छ।

**गतिविधिका आधारमा बालबालिकाको प्रयोग:**

निर्वाचनसंग सम्बन्धित विभिन्न गतिविधिमा ६ हजार ६ सय ६१ जना बालबालिका प्रयोग भएका छन् ।



सबैभन्दा बढी चुनावी प्रचारप्रसारका क्रममा जिप, ट्र्याक्टर, टिप्पर, ट्रक लगायतका सवारी साधनमा चढाई र्‍याली, आमसभा लगायत घरदैलो अभियानमा प्रयोग गरेको पाइएको छ । जस अन्तर्गत पहिलो चरणमा १ हजार ४ सय ६१, दोस्रो चरणमा १ हजार २ सय ३२ र तेस्रो चरणमा ५ सय १३ गरी ३ हजार २ सय ६ जना बालबालिका प्रयोग भएका छन् । त्यसैगरी राजनैतिक दलका विजय जुलुसहरुमा चुनाव चिन्ह अंकित टिसर्ट लगाई पहिलो चरणमा ६ सय १७ जना, दोस्रो चरणमा ५ सय ७२ र तेस्रो चरणमा १ सय ४२ जना गरी १ हजार ३ सय ३१ जना, बाजा बजाउने लगायत सास्कृतिक अभियानमा पहिलो चरणमा ३ सय ९९ जना, दोस्रो चरणमा २ सय ६६जना र तेस्रो चरणमा ३ सय ४० जना गरी १ हजार ५ जना, उम्मेदवार मनोनयन दर्ताका क्रममा पहिलो चरणमा १ सय ८१ जना, दोस्रो चरणमा २ सय ५२ जना र तेस्रो चरणमा ३ सय २० जना गरी ७ सय ५३ जना बालबालिकालाई प्रयोग गरेको पाइएको छ । निर्वाचनको दिन पहिलो चरणमा ९० जना र दोस्रो चरणमा ४९ गरी कूल १ सय ३९ जना बालबालिकालाई स्वयम् सेवकको रुपमा प्रयोग भएको पाइएको छ भने तेस्रो चरणमा बालबालिकाको प्रयोग भएको छैन । विशेषगरी मनोरञ्जन तथा सास्कृतिक क्रियाकलापमा बालबालिकाको प्रयोग बढी रुपमा नाच्ने गाउने गरी प्रयोग भएको छ ।

**राजनीतिक दलको आधारमा बालबालिकाको प्रयोगः**


स्थानीय तह निर्वाचन २०७४ को पहिलो चरण र दोस्रो चरणमा राजनीतिक दलहरुले बालबालिकालाई विगतमा भएका निर्वाचनमा भन्दा केही मात्रामा भएपनि कम प्रयोग गरेको देखिएको छ । केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति, विभिन्न संघसंस्था, सार्वजनिक सञ्चार माध्यम (छापा र अनलाईन) मार्फत् भएको अनुगमनबाट सूचना संकलन गरी यो प्रतिवेदन तयार गरिएको पहिले नै उल्लेख गरिसकिएको छ । कुन राजनीतिक दलले बढी र कसले कम प्रयोग गरे भन्ने प्रसंग भन्दा पनि प्रतिनिधिमूलक घटनाहरुलाई विश्लेषण गर्न खोजिएको छ । यसका साथै सबै जिल्ला बालकल्याण समितिबाट प्रतिवेदन प्राप्त नभएको तथा प्राप्त भएका प्रतिवेदनमा पनि उक्त केही जिल्लाका राजनीतिक दलको संगठन पहुँच भएको कारणले यो विश्लेषण तुलनात्मकरुपमा कम र बढी प्रयोग भएको देखिन गएको छ ।

निर्वाचन आयोगद्धारा जारी स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ मा रहेका बालबालिकासँग प्रत्यक्ष सम्बन्धित केही बुँदाहरु स्पष्टरुपमा उल्लेख गरेको छ । साथै प्रमुख राजनीतिक दलले आफ्ना घोषणा तथा प्रतिवद्धता पत्रमा बालअधिकार संरक्षणका सवाललाई प्रष्ट उल्लेख गरिएता पनि अनुगमन गरिएका घटनाहरुबाट प्राप्त प्रतिवेदन अनुसार ६ हजार ६ सय ६१ जना बालबालिकालाई विभिन्न राजनीतिक दलले कुनै न कुनै स्वरुपमा प्रयोग गरिएको पाइएको छ । विभिन्न जिल्लाबाट प्राप्त प्रतिवेदन अनुसार सबैभन्दा बढी नेपाली कांग्रेसले ३० प्रतिशत अर्थात् २ हजार २३ जना

बालबालिकालाई निर्वाचनका गतिविधिमा प्रयोग गरेको देखिन्छ भने दोस्रोमा ने.क.पा. माओवादी केन्द्रले २७ प्रतिशत ( १ हजार ८ सय १२) प्रयोग गरेको देखिन्छ । यसैगरी ने.क.पा. एमालेले २६ प्रतिशत (१ हजार ७ सय ११) , राष्ट्रिय जनता पार्टीले ६ प्रतिशत (४ सय १५), संघिय समाजबादी पार्टीले ६ प्रतिशत (३ सय ६७), रा.प्र.पा.ले ३ प्रतिशत (२ सय २०) , र अन्य ( नयाँ शक्ति नेपाल (संघीय समाजबादी फोरम), ने.म.कि.पा. र जनमोर्चा) ले २ प्रतिशत (१ सय १३) बालबालिकालाई प्रयोग गरेको देखिन्छ ।

**निर्वाचन घोषणा पत्र र बालबालिकाको विषयः**

स्थानीय तह निर्वाचन २०७४ का सन्दर्भमा विभिन्न राजनीतिक दलहरुबाट जारी गरिएका घोषणापत्रमा उल्लेख भएका बालबालिकासँग सम्बन्धित केही प्रमुख विषयहरुको संक्षिप्त विश्लेषण अनुसूचि ११ मा दिइएको छ ।



# परिच्छेदः ४

# बालविकास

## ४.१ परिचय

यस परिच्छेदमा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिमा उल्लेख बालबालिकाको शिक्षा (धारा २८ र २९), खेल तथा मनोरञ्जन (धारा ३१) जस्ता बालविकासमा सहयोग पुऱ्याउने विषयहरु समेटिएका छन् ।

## ४.२ प्रारम्भिक बालविकास

नेपालको संविधान (२०७२) ले प्रारम्भिक बालविकासलाई मौलिक हकमा नै उल्लेख गरेको छ । शिक्षा ऐन तथा शिक्षा नियमावलीलगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बालविकासलाई स्थान दिइएको छ । यसैक्रममा प्रारम्भिक बालविकास निर्देशिका, २०६३ तथा सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा बालविकासको सञ्चालन अझ व्यवस्थित गर्ने प्रयास उल्लेख भएको छ । प्रारम्भिक बालविकासलाई देशव्यापी बनाउने क्रममा आर्थिक वर्ष २०७२/७३ को शैक्षिक सत्रमा कूल ३५ हजार ९ सय ९१ प्रारम्भिक बालविकास केन्द्र रहेका थिए भने आर्थिक वर्ष २०७३/७४ को शैक्षिक सत्रमा समुदायमा आधारित बालविकास केन्द्र ३० हजार ४ सय ४८ र संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र ५ हजार ६ सय ४५ गरी जम्मा ३६ हजार ९३ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको पाइन्छ । विगत वर्षहरुदेखि बालविकास केन्द्रको संख्या क्रमशः बढ्दै गएको पाइन्छ । तलको तालिकामा २०७३ सालको प्रारम्भिक बालविकास केन्द्रको तथ्याङ्कसहित चार वर्षको संख्या दिइएको छ ।

तालिका २९ः प्रारम्भिक बाल विकास केन्द्र

| | २०६९ | २०७० | २०७१ | २०७२ | २०७३ |
|---|---|---|---|---|---|
| सामुदायिक विद्यालय र समुदायमा आधारित | २९२७३ | २९५३५ | ३००३४ | ३०,४४८ | ३०,४४८ |
| संस्थागत विद्यालयमा आधारित | ४९०१ | ५०८७ | ५०८७ | ५,५४३ | ५,६४५ |
| जम्मा | ३४१७४ | ३४६२२ | ३५१२१ | ३५,९९१ | ३६,०९३ |

*स्रोतः फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

शिक्षा विभागको २०७३/०७४ को तथ्याङ्क अनुसार प्रारम्भिक बालविकासको भर्नादर ८२.९ प्रतिशत (बालिका ८३.१ र बालक ८२.७) पुगेको छ जुन गत वर्ष ८१ प्रतिशत रहेको थियो । २०७२ सालमा ३५ हजार ९ सय ९१ बालविकास केन्द्रहरुमा जम्मा ९ लाख ७७ हजार ३ सय ६५ बालबालिका (बालिका ४ लाख ७० हजार ५ सय २० जना र बालक ५ लाख ६ हजार ८ सय ४५ जना) भर्ना भएकोमा २०७३ सालमा ३६ हजार ९३ बालविकास केन्द्रमा ९ लाख ७३ हजार ४१३ (बालिका ४ लाख ५९ हजार ६९ जना र बालक ५ लाख १४ हजार ३ सय ४४ जना) भर्ना भएको देखिन्छ। यसबाट अघिल्लो वर्षको तुलनामा २०७३ सालको शैक्षिक सत्रमा ३ हजार ९ सय ५२ जना बालबालिका घटेको देखिन्छ यद्यपि १०२ वटा बालविकास केन्द्र भने यो वर्ष थपिएका छन् । प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको संख्या र १ कक्षाका कूल विद्यार्थीमध्ये प्रारम्भिक बालविकासको अनुभव भएकाको प्रतिशत सबभन्दा बढी तराईमा देखिएको छ । जनसंख्याको हिसाबले यो अवस्था स्वभाविक नै हो ।

तालिका ३०: प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाको विवरण


| **भौगोलिक क्षेत्र** | **कक्षा १ मा नयाँ भर्ना संख्या** | | | **प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका कूल विद्यार्थीमा यसको प्रतिशत** | | |
|---|---|---|---|---|---|---|
| | **बालिका** | **बालक** | **जम्मा** | **बालिका** (%) | **बालक** (%) | **जम्मा** (%) |
| हिमाल | २२,५४८ | २३,४३६ | ४५,९८४ | ५८.२ | ६१.६ | ५९.९ |
| पहाड | ८९,९९३ | ९६,९१७ | १,८६,९१० | ५६.९ | ५९.८ | ५८.४ |
| काठमाडौं उपत्यका | १४,९०४ | १६,६५२ | ३१,५५६ | ६५.८ | ६१.२ | ६३.३ |
| तराइ | १,३९,३८५ | १,३७,३७६ | २,७६,७६१ | ७१.४ | ७०.६ | ७१.० |
| **जम्मा** | **२,६६,८३०** | **२,७४,३८१** | **५,४१,२११** | **६४.३** | **६५.०** | **६४.७** |

*स्रोत: फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा आएका बालबालिका र कूल विद्यार्थीमा यसको प्रतिशत भने गत शैक्षिक सत्रमा ६२.४ प्रतिशत रहेकोमा यस शैक्षिक सत्रमा ६४.७ प्रतिशत अथवा २.३ प्रतिशतले बढेको देखिन्छ ।

शिक्षा विभागको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७१/७२ मा कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी संख्या ९ लाख २२ हजार १ सय ४७ जना रहेकोमा शैक्षिक सत्र २०७२/७३ मा कूल ८ लाख ५४ हजार ७ सय २ जना विद्यार्थी मात्र भर्ना भएका थिए। शैक्षिक सत्र २०७३/७४ मा यो संख्या अझै घटेर ८ लाख ३६ हजार ४ सय ९८ जना हुन आएको छ। जन्मदरमा क्रमशः आएको कमीको असर स्वरुप प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुन आएका बालबालिकाको संख्यामा समेत कमी हुँदै आएको हुनसक्दछ। यसलाई निम्नानुसारको ग्राफमा पनि प्रस्तुत गरिएको छ।

ग्राफ ६: कक्षा १ मा भर्ना भएका कूल विद्यार्थी संख्या




## ४.३ विद्यालयस्तरको शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हकअन्तर्गत सुनिश्चित गरेको छ। सरकारी र गैरसरकारी क्षेत्रबाट गरिएको लगानी तथा व्यापक शैक्षिक चेतना जागरण कार्यक्रमको परिणामस्वरुप प्राथमिक शिक्षामा भर्नादर बढ्दै आएको छ। शिक्षा विभागको तथ्याङ्कअनुसार प्राथमिक विद्यालयमा खूद भर्नादर २०७१ सालमा ९६.२ प्रतिशत रहेकोमा २०७२ सालमा ९६.६ प्रतिशत हुँदै २०७३ सालमा ९६.९ प्रतिशत पुगेको देखिन्छ। निम्न माध्यमिकस्तरमा खूद भर्नादर ८०.९ प्रतिशत (गत वर्ष ७७.७) देखिन्छ भने माध्यमिक (कक्षा ९ र १०) स्तरमा ५९.८ (गत वर्ष ५८.६) प्रतिशत र उच्च माध्यमिकस्तरमा (कक्षा ११ र १२) मा १८.२ (गत वर्ष १६.४) प्रतिशत देखिन्छ। यसबाट सामान्यतः प्राथमिकस्तरभन्दा माथि कक्षा बढ्दै जाँदा खूद भर्नादर भने क्रमशः कम हुँदै गएको देखिन्छ।

विद्यार्थीको उही कक्षा दोहोऱ्याउने दरमा पनि क्रमिक रुपमा सुधार हुँदै आएको देखिएको छ। २०७२ मा कक्षा १ र कक्षा ८ मा दोहोऱ्याउने दर क्रमशः १३.९ प्रतिशत र ३.९ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७१ मा यो दर क्रमशः १५.२ प्रतिशत र ४.५ प्रतिशत रहेको थियो। शैक्षिक सत्र २०७३/०७४ मा भने यो दर क्रमशः १४.३ प्रतिशत र ४.३ प्रतिशत रहेको छ। तह अनुसार उत्तीर्ण, दाहोऱ्याउने तथा विद्यालय छाड्ने दर तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३१: उत्तीर्ण, दोहोऱ्याउने तथा विद्यालय छाड्ने दर

| कक्षा तह | कक्षा उत्तीर्ण दर | | | दोहोऱ्याउने दर | | | विद्यालय छाड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| आधारभूत (१-५) | ८८.४ | ८८ | ८८.२ | ७.७ | ७.९ | ७.८ | ३.९ | ४.१ | ४.० |
| आधारभूत (६-८) | ९१.० | ९०.४ | ९०.७ | ४.३ | ४.५ | ४.४ | ४.७ | ५.१ | ४.९ |
| माध्यमिक (९-१०) | ९१.४ | ९१.४ | ९१.४ | ३.२ | ३.२ | ३.२ | ५.४ | ५.३ | ५.४ |

*स्रोत : शिक्षा मन्त्रालय, २०७३*

२०७३ सालमा देशभरमा प्राथमिक तहमा २० लाख ८६ हजार १ सय ६५ छात्रा र २० लाख ४९ हजार ८८ जना छात्र गरी जम्मा ४१ लाख ३५ हजार २ सय ५३ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने २०७२ सालमा २१ लाख ६५ हजार ३ सय ८६ छात्रा र २० लाख ९९ हजार ५ सय ५६ छात्र गरी जम्मा ४२ लाख ६४ हजार ९ सय ४२ विद्यार्थी भर्ना भएका थिए भने २०७१ सालमा २२ लाख १ हजार ३ सय १३ छात्रा र २१ लाख ३४ हजार ४२ गरी जम्मा ४३ लाख ३५ हजार ३ सय ५५ विद्यार्थी भर्ना भएका थिए। यसबाट देशमा कूल जन्मदर क्रमशः घट्दै गएको परिणामस्वरुप प्राथमिकतहमा विद्यार्थी भर्ना संख्यामा कमी आउन थालेको सङ्केत हुनसक्ने देखिन्छ। विद्यार्थी भर्नाको अनुपात हेर्ने हो भने निम्न माध्यमिक र आधारभूत तहमा पनि छात्राको संख्या छात्रको तुलनामा उच्च रहेको पाइन्छ। तलको तालिकामा शैक्षिक सत्र २०७३/०७४ मा बालबालिकाको संख्या प्रस्तुत गरिएको छ।

तालिका ३२ः शैक्षिकतहका आधारमा विद्यार्थी संख्या, २०७३/०७४

| शैक्षिकतह/विद्यार्थी संख्या | छात्रा | छात्र | जम्मा | बालिका भर्ना प्रतिशत |
|---|---|---|---|---|
| प्राथमिक (१-५) | २०,८६,१६५ | २०,४९,०८८ | ४१,३५,२५३ | ५०.४ |
| निम्नमाध्यमिक (६-८) | ९,३९,२९२ | ९,२०,०६७ | १८,५९,३५९ | ५०.५ |
| आधारभूत (१-८) | ३०,२५,४५७ | २९,६९,१५५ | ५९,९४,६१२ | ५०.५ |
| कक्षा ९ - १० | ४,९६,३४७ | ४,६२,१५५ | ९,५८,५०२ | ५१.८ |
| कक्षा ११ - १२ | २,६८,७८५ | २,२४,१९९ | ४,९२,९८४ | ५४.५ |
| कक्षा ९ - १२ | ७,६५,१३२ | ६,८६,३५४ | १४,५१,४८६ | ५२.७ |
| कक्षा १ - १२ सम्म | ३७,९०,५८९ | ३६,५५,५०९ | ७४,४६,०९८ | ५०.९ |

*स्रोतः फ्लाश I प्रतिवेदन, शिक्षा विभाग, २०७३*

गत शैक्षिक सत्रमा (२०७२) माध्यमिकतहमा ९ लाख ३८ हजार ८ सय ९७, उच्च माध्यमिक तहमा ४ लाख ५० हजार ७ सय ५३ र माध्यमिकस्तर (कक्षा ९-१२) मा १३ लाख ८९ हजार ६ सय ५० विद्यार्थीहरु थिए भने यो शैक्षिक सत्रमा माध्यमिक तहमा ९ लाख ५८ हजार ५ सय २, उच्च माध्यमिक तहमा ४ लाख ९२ हजार ९ सय ८४ रहेको देखिन्छ। यसबाट विद्यालयको माथिल्लो कक्षाहरुमा भने विद्यार्थी भर्ना संख्या बढ्दो क्रममा रहेको देखिन्छ।

यो शैक्षिक सत्रमा प्राथमिकस्तरमा कूल भर्ना संख्या ४१ लाख ३५ हजार २ सय ५३ मध्ये छात्राको प्रतिशत ५०.४ र निम्न माध्यमिकस्तरमा (कक्षा ६-८) कूल भर्ना संख्या १८ लाख ५९ हजार ३ सय ५९ मध्ये छात्राको प्रतिशत ५०.५ रहेको छ। यसैगरी कक्षा ९-१२ सम्ममा कूल भर्ना संख्या १४ लाख ५१ हजार ४ सय ८६ मध्ये छात्राको प्रतिशत ५२.७ रहेको छ भने कक्षा ११ र १२ को कूल भर्ना संख्या ४ लाख ९२ हजार ९ सय ८४ मध्ये छात्राको प्रतिशत ५४.५ रहेको छ। यसबाट विद्यालय शिक्षामा बालकको भन्दा बालिकाको भर्नादर बढी हुँदै आएको देखिएको छ।


शिक्षामा पहुँचको बृद्धि सन्तोषजनक हुँदै गएको देखिएता पनि शिक्षाको गुणस्तर कायम गर्न भने चुनौतीपूर्ण रहेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रका अनुसार कक्षा ३ मा नेपाली विषयको विद्यार्थी सिकाई उपलब्धि राष्ट्रिय औसत सन् २०१२ मा ६३ प्रतिशत रहेकोमा सन् २०१५ मा ५२ मा झरेको छ भने गणितमा क्रमशः ६० बाट ४५ मा झरेको छ । यसैगरी कक्षा ५ को नेपालीमा सिकाई उपलब्धि सन् २०१२ मा ६० रहेकोमा २०१५ मा ४६, गणितमा क्रमशः ५३ र ४८ तथा अंग्रेजीमा ५४ र ४७ हुन आउनुले शिक्षाको गुणस्तर खस्कँदै गएको देखिन्छ । संस्थागतभन्दा सामुदायिक विद्यालयमा र शहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका विद्यालयमा सिकाई उपलब्धि तुलनात्मक रुपमा कमी रहको देखिन्छ ।

तालिका ३३: सिकाई उपलब्धि

| **सिकाई उपलब्धि** | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| कक्षा ५ | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-५३<br>नेपाली-६०<br>अंग्रेजी-५४ | गणित-४८<br>नेपाली-४६<br>अंग्रेजी-४७ |
| कक्षा ८ | गणित-४३<br>नेपाली-४९<br>सामाजिक-४९ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ | गणित-३५<br>नेपाली-४८<br>सामाजिक-४१ |

*स्रोत: आर्थिक सर्भेक्षण आ.व. २०७३/०७४, अर्थ मन्त्रालय ।*

ग्राफ ७: कक्षा ५ को सिकाई उपलब्धि





उपर्युक्त तालिकाबाट कक्षा ५ र ८ मा सिकाईको गुणस्तरबारे लिने गरेको परीक्षाको नतिजा खस्किँदै गएको देखिएको छ । कक्षा ५ का विद्यार्थीमा लिने गरिएको गणित, नेपाली र अंग्रजी तीनैवटा

विषयमा सिकाई उपलब्धि अधिल्लो तीन वर्षहरुमा समान रहेको देखिएको छ भने शैक्षिक सत्र २०७३/०७४ मा सबै विषयमा उल्लेख्य रुपमा सिकाई उपलब्धि घटेको देखिनुले शिक्षाको गुणस्तर घट्दै गएको स्पष्ट हुन आउँछ । यसैगरी कक्षा ८ का विद्यार्थीमा लिने गरिएको गणित, नेपाली र सामाजिक तीनवटा विषयहरुमध्ये गणित र नेपाली विषयहरुमा सिकाई उपलब्धि समान नै देखिएको छ भने सामाजिक विषयको सिकाई उपलब्धि खस्किएको देखिन्छ । विद्यालयस्तरको शिक्षाको गुणस्तरीयताका लागि यो नतिजा उत्साहवर्द्धक नरहेको स्थिति हो । यसबाट पाठ सिकेर आउँदो वर्षहरुमा विद्यालय शिक्षाको गुणस्तर बढाउन निकै प्रयास गर्नुपर्ने देखिन्छ ।

शिक्षा मन्त्रालयको २०७३ को *फ्ल्यास I प्रतिवेदन* अनुसार २०७२ साल बैशाखमा गएको भूकम्पका कारण ९ हजार ३ सय ५३ विद्यालयका २२ हजार ४ सय १ कक्षा कोठा पूर्ण रुपमा क्षति पुगेको, १४ हजार २४ कक्षाकोठा आंशिक रुपमा र १८ हजार ९ सय ४२ कक्षाकोठा सामान्य रुपमा क्षतिग्रस्त भएको कारणले पठनपाठनमा नकारात्मक असर पर्न गएकोले पनि विधार्थीहरुको सिकाइ उपलव्धिमा कमी आएको हुनसक्ने एवम् आर्थिक वर्ष २०७२/०७३ को अघोषित नाकाबन्दी र मधेश आन्दोलनबाट विद्यालय महिनौसम्म बन्द भई पठनपाठनमा नकारात्मक असर परेकोले समेत विद्यार्थीको सिकाइ उपलव्धिमा ह्रास आएको हुनसक्ने जनाइएको छ ।

ग्राफ ८: कक्षा ८ को सिकाई उपलब्धि




आर्थिक वर्ष २०७४/०७५ को बजेट बक्तव्यको बुँदा नं १२३ मा विद्यालय शिक्षालाई समतामूलक र गुणस्तरीय बनाउँदै विद्यालयहरुको व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्नेगरी विद्यालय क्षेत्र विकास

कार्यक्रम कार्यान्वयन गरिनेछ । आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षालाई क्रमशः निःशुल्क बनाइने नीति कायमै राखी पाठ्यक्रममा आधारित प्रविधिमैत्री शिक्षण सिकाई कार्यक्रमलाई निरन्तरता दिने भन्ने उल्लेख छ । यसबाट विद्यालयस्तरमा सिकाई उपलब्धि सुधार गर्न सघाउ पुग्ने आशा गर्न सकिन्छ ।

## ४.४ अनिवार्य र निःशुल्क शिक्षा

नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकअन्तर्गत बुँदा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ । यसबाट देशमा विद्यालय शिक्षा अनिवार्य र निःशुल्क हुने दिशातर्फ उन्मुख भइसकेको इङ्गित हुन्छ । यसक्रममा अनिवार्य र निःशुल्क शिक्षा प्राप्तिका लागि १७९ वटा वैकल्पिक सिकाई केन्द्र सञ्चालनमा रहेको छ । गत आर्थिक वर्ष २०७२/७३ मा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा पाँचथर, कास्की, मुस्ताङ, धनकुटा, सप्तरी, सिरहा, ललितपुर, भक्तपुर, पर्सा, रुपन्देही, स्याङ्जा, मनाङ, डोल्पा, हुम्ला, बर्दिया, सुर्खेत, जाजरकोट, डोटी, बैतडी, डडेल्धुरा र कञ्चनपुर गरी २१ जिल्लामा लागू गरिएको थियो । संविधानले मौलिक हकअन्तर्गत नै अनिवार्य शिक्षाबारे उल्लेख गरे पनि यसको कार्यान्वयनार्थ आवश्यक कानूनी, नीतिगत व्यवस्था स्पष्ट भइसकेको छैन भने सबै जिल्लामा शिक्षा अनिवार्य गर्ने सन्दर्भमा ठोस कार्यक्रम सञ्चालनमा आएको तथा सूचना अद्यावधिक भएको देखिदैन ।

आर्थिक वर्ष २०७४/०७५ को बजेट बक्तव्यको बुँदा नं. १२४ मा खुला तथा बैकल्पिक विद्यालयहरु मार्फत विद्यालयबाहिर रहेका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याई निरन्तर रुपमा शिक्षा हासिल गर्ने अवसरको सुनिश्चिता गरिनेछ भन्ने उल्लेख भएबाट विद्यालय शिक्षामा सरकारको थप ध्यान गएको बुझिन्छ ।

## ४.५ एस.इ.इ. परीक्षाको स्थिति

२०७२ सालदेखि एस.इ.इ.को परीक्षाफल ग्रेडका आधारमा प्रकाशित गर्न थालिएको छ । नयाँ व्यवस्थाअनुसार कुनै पनि विद्यार्थीलाई अनुत्तीर्ण घोषणा नगरिने व्यवस्था गरिएको छ । २०७२ सालको एस. इ. इ. परीक्षामा जम्मा ४ लाख ५६ हजार १ सय ३६ जना विद्यार्थीले परीक्षा फाराम भरे पनि ४ लाख ३७ हजार ३ सय २६ जना विद्यार्थी परीक्षामा सामेल भएका थिए । यो वर्ष जम्मा ४ लाख ४५ हजार ५ सय ६४ जना विद्यार्थीले परीक्षा दिएका थिए । दुवै वर्षको परीक्षाको स्थिति तल प्रस्तुत गरिएको छ ।

**क. २०७२ र २०७३ सालको एस.इ.इ. परीक्षाको नतिजा स्थिति**

| एस.इ.इ.२०७२, रेगुलर | | | २०७३ |
|---|---|---|---|
| क्र.स. | तह | विद्यार्थी संख्या | |
| | जम्मा सहभागी विद्यार्थी | ४३७३२६ | ४४५५६४ |
| १ | जिपिए ३.६ देखि ४.० सम्म | १६४५४ | १२२८४ |
| २ | जिपिए ३.२ देखि ३.६ सम्म | ४१५७७ | ४२४२७ |
| ३ | जिपिए २.८ देखि ३.२ सम्म | ४८६११ | ५०६४६ |
| ४ | जिपिए २.४ देखि २.८ सम्म | ६३१८१ | ६१९५५ |
| ५ | जिपिए २.० देखि २.४ सम्म | ९४७१६ | ९१३१४ |
| ६ | जिपिए १.६ देखि २.० सम्म | १०४२७८ | १०८४६४ |
| ७ | जिपिए १.२ देखि १.६ सम्म | ५६७६३ | ६४५७७ |
| ८ | जिपिए ०.८ देखि १.२ सम्म | ८००० | ११२८५ |
| ९ | जिपिए ०.० देखि ०.८ सम्म | ११ | १५ |
| १० | कम उमेरका सहभागी | १६ | २ |
| ११ | Theory छुटेका | १७३३ | १३२० |
| १२ | Practical छुटेका | १८०० | १०३८ |
| १३ | उत्तरपुस्तिका रद्द | १८८ | २१६ |
| १४ | ड्रपआउट | ६८७८ | ७६०४ |
| १५ | बहिस्कार | १ | ३ |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३*

२०७२ सालमा भन्दा २०७३ सालमा एस.इ.इ. परीक्षा दिने विद्यार्थीको संख्या ८ हजार २ सय ३८ जना बढेको देखिन्छ। तर जिपिए ३.६ देखि ४.० सम्मको तहमा उत्तीर्ण हुने विद्यार्थीको संख्या भने ४ हजार १ सय ७० जनाले कमी आएको देखिन्छ। कक्षा ५ र ८ मा सिकाई उपलब्धिमा देखिएको घट्दो गुणस्तर जस्तै एस.इ.इ. को उच्चतम श्रेणी ल्याउनेको गुणस्तर पनि खस्केको देखिएको छ। यसबाट समग्र रुपमा विद्यालयस्तरीय शिक्षामा गुणस्तर बढाउन प्रयास गर्नु पर्ने देखिएको छ।

| ख. एस.इ.इ.२०७२, एक्जाम्टेड | | | २०७३ |
|---|---|---|---|
| क्र.स. | तह | विद्यार्थी संख्या | |
| | जम्मा सहभागी विद्यार्थी | १५०८२६ | १६५७२ |
| १ | जिपिए ३.६ देखि ४.० सम्म | ४ | ० |
| २ | जिपिए ३.२ देखि ३.६ सम्म | ८ | २ |
| ३ | जिपिए २.८ देखि ३.२ सम्म | ९४ | २१ |
| ४ | जिपिए २.४ देखि २.८ सम्म | २९४३ | २२२ |
| ५ | जिपिए २.० देखि २.४ सम्म | २९७८० | १९६४ |
| ६ | जिपिए १.६ देखि २.० सम्म | ७५३४० | ७४७० |
| ७ | जिपिए १.२ देखि १.६ सम्म | ३७९३९ | ५७५८ |

| | | | |
|---|---|---|---|
| ८ | जिपिए ०.८ देखि १.२ सम्म | २४५२ | ६०५ |
| ९ | जिपिए ०.० देखि ०.८ सम्म | २ | १ |
| १० | कम उमेरका सहभागी | २७ | १ |
| ११ | Theory छुटेका | १०८१ | ४७१ |
| १२ | Practical छुटेका | ९५२ | २६ |
| १३ | उत्तरपुस्तिका रद्द | १९५ | ३१ |
| १४ | ड्रपआउट | ८६७५ | २४०२ |
| १५ | बहिस्कार | २ | ० |

*स्रोतः परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, २०७३ र २०७४*

### ४.६ विद्यालयको संख्या

शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार शैक्षिक सत्र २०७२ मा कूल विद्यालयको संख्या ३४ हजार ८ सय ३७ रहेकोमा २०७३ मा बन्द भएका वा गाभिएका विद्यालयहरुको कारण कूल विद्यालय संख्या जम्मा ३४ हजार ७ सय ३९ कायम हुन आई ९८ वटा विद्यालयहरु घटेको देखिन्छ । शैक्षिक सत्र २०७३/०७४ सम्म सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको तहगत/क्षेत्रगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३४: शैक्षिक सत्र २०७३/०७४ सम्म सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको तहगत/क्षेत्रगत विवरण**

| विकास क्षेत्र | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत कक्षा (१-५) | आधारभूत कक्षा (६-८) | मावि कक्षा (९-१२) | आधारभूत कक्षा (१-५) | आधारभूत कक्षा (६-८) | मावि कक्षा (९-१२) | आधारभूत कक्षा१-५) | आधारभूत कक्षा (६-८) | मावि कक्षा (९-१२) |
| पूर्वाञ्चल | ६४०७ | २४१२ | १२७७ | ११३१ | ७१७ | ५१९ | ७५३८ | ३१२९ | १७९६ |
| मध्यमाञ्चल | ७६१६ | २९७३ | १७३६ | २२२७ | १७६४ | १६०४ | ९८४३ | ४७३७ | ३३४० |
| पश्चिमाञ्चल | ६४६६ | २४४४ | १४१४ | १२८० | ८७४ | ७१० | ७७४६ | ३३१८ | २१७४ |
| मध्येपश्चिमाञ्चल | ४९८५ | १८८४ | ९०९ | ५९२ | ३४५ | २३० | ५५७७ | २२२९ | ११३९ |
| सुदुरपश्चिमाञ्चल | ३५७९ | १५३९ | ७८५ | ४५३ | २१८ | १४५ | ४०३२ | १७५७ | ९३० |
| **जम्मा** | **२९०५३** | **११२५२** | **६१७१** | **५६८३** | **३९१८** | **३२०८** | **३४७३९** | **१५१७०** | **९३७९** |

*स्रोतः शिक्षा विभाग, २०७३, आर्थिक सर्वेक्षण २०७३/७४*

देशभित्र विभिन्न परम्परागत वा धार्मिक विद्यालयहरु (मदरसा, गुम्बा/विहार, आश्रम/गुरुकूल) समेत सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७१ मा यो संख्या ८ सय ७५ रहेको थियो भने शैक्षिक सत्र २०७२ मा यस्ता विद्यालयको संख्या ९ सय ३० पुगेको थियो । यस वर्ष १५६ वटा विद्यालय थप

हुन पुगी जम्मा १ हजार ८६ पुगेको छ । धार्मिक विद्यालयको किसिम अनुसारको विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका ३५: धार्मिक विद्यालयहरुको संख्या**

| धार्मिक विद्यालय | तहगत विद्यालय | | | | |
|---|---|---|---|---|---|
| | प्राथमिक (१-५) | आधारभूत (६-८) | आधारभूत (१-८) | माध्यमिक (९-१२) | जम्मा (१-१२) |
| मदरसा | ८७८ | ३२ | ८७९ | १५ | ८७९ |
| गुम्बा र बिहार | १०८ | ११ | ११० | १ | ११० |
| आश्रम र गुरुकूल | ८० | ३० | ९७ | ११ | ९७ |
| **जम्मा** | **१०६६** | **७३** | **१०८६** | **२७** | **१०८६** |

*स्रोतः शिक्षा विभाग, फ्लास १ प्रतिवेदन, २०७३, आर्थिक सर्वेक्षण, २०७४*

# परिच्छेद: ५

# बालसहभागिता

## ५.१. परिचय

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका मानिसलाई बालबालिका भनी उल्लेख गरेको छ। यस अनुसार प्रत्येक बालबालिकालाई उनीहरुसँग सरोकार राख्ने बिषय तथा विकास प्रक्रिया र सुशासनका विभिन्न तहमा उमेर र क्षमताको आधारमा बालमैत्री ढङ्गमा जानकारी पाउनु, आफ्ना कुरा राख्न पाउनु र सोलाई उचित मान्यता दिई अर्थपूर्ण रुपमा सहभागी हुन पाउने अधिकार लगायत सङ्गठित हुन पाउने लगायतका विषयलाई बालसहभागिताको संज्ञा दिइएको छ। बालसहभागिता बालबालिकाको आधारभूत अधिकार हो। विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ। विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन्। बालबालिकाका यस्ता संस्थाहरूलाई कानूनी मान्यता दिन सर्वोच्च अदालतले सरकारका नाममा आदेशसमेत दिइसकेको छ। बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालअधिकारको संरक्षण (धारा ४), बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), विचार तथा धर्मको स्वतन्त्रता (धारा १४), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन्।

## ५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रताको स्थिति

नेपालको संविधान, २०७२ को धारा ३९(३) मा बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ। यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्त्रता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरु बालबालिकाको लागि पनि आकर्षित हुन्छन्। बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा योजना, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा बालसहभागिता उल्लेख्य रुपमा बृद्धि भइरहेको पाइन्छ।

एफएम रेडियो प्रसारणको क्षेत्रमा नेपालले विश्वमै उदाहरण प्रस्तुत गरेको छ। सूचना तथा सञ्चार मन्त्रालयबाट इजाजतपत्र प्राप्त कूल ७ सय ४० एफएम रेडियोहरुमध्ये ५ सय ९६ नियमित प्रसारणमा रहेको छ। सामुदायिक रेडियो सहयोग केन्द्र, नेपाल वातावरण पत्रकार समूहको अनुसार दैनिक अधिकतम २४ घण्टासम्म सञ्चालन भइरहेका यी एफएमहरुको सरदर दैनिक प्रसारण अवधि १४ घण्टा रहेको छ। एफएम रेडियो स्टेसनहरुमा प्रतिदिन सरदर १५ मिनेट बालबालिकाका लागि छुट्टयाइने गरेको अनुमान छ। यसैगरी कतिपय टेलिभिजन प्रसारणमा पनि केही समय बालबालिकासम्बन्धी तथा बालबालिकाको सहभागितामा कार्यक्रमहरु प्रसारण गर्ने गरेको पाइन्छ।

नेपालका ठूला राष्ट्रिय दैनिक अखबारहरुले केही बालकेन्द्रित सामग्री प्रकाशित गर्दै बालबालिकाका रचनाहरुलाई पनि स्थान दिने गरेको पाइन्छ। उदाहरणका लागि कान्तिपुर दैनिकले प्रत्येक आइतबार कोपिला नामक अतिरिक्त पृष्ठ प्रकाशन गर्दै आएको छ भने अन्नपूर्ण पोस्ट्ले आइतबार अंकुर, नागरिक दैनिकले शनिबार जुनकिरी शीर्षकको विशेष पृष्ठ र गोरखापत्रले हरेक शनिबारको अंकमा बालरचनालाई स्थान दिनुका साथै मुना मासिक पत्रिका प्रकाशन गर्दै आएको छ। यस अतिरिक्त नेपालका चर्चित प्रकाशन गृहहरुले बालबालिकाको विकाससंग सम्बन्धित पुस्तकहरु प्रकाशन गर्दै आइरहेका छन्। त्यसैगरी बालबालिका लक्षित गरी केही मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रकाशनहरु पनि हुँदै आएका छन्।

### ५.३ बालक्लब

बालबालिकाको सङ्गठित हुने अधिकारलाई स्थापित गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, नवलपरासीले जागृति बालक्लब दर्ता नगरिदिएपछि सो सम्बन्धमा परेको रिटमा सर्वोच्च अदालतबाट २०५८ साउन २५ गते उत्प्रेषणयुक्त परमादेश जारी गरी बालबालिकाको सङ्गठित हुन पाउने अधिकारलाई मान्यता दिइएको पाइन्छ। बालक्लब व्यवस्थित गर्ने केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बालकल्याण समितिहरूले बालक्लबहरूलाई आबद्धता दिने गरेका छन्।

उपलव्ध जानकारी अनुसार हालसम्म ७५ वटै जिल्लामा करिब २३ हजार बालक्लबहरु सञ्चालनमा रहेको जानकारी रहेको छ। बालक्लबहरु विद्यालय र समुदाय दुवैमा आधारित रहेका छन् भने जिल्ला बालकल्याण समिति वा जिल्ला विकास समिति वा दुवैमा आबद्ध हुने गरेको पाइएको छ। बिद्यालयमा सञ्चालनमा रहेका कतिपय बालक्लब जिल्ला बालकल्याण समिति वा जिल्ला विकास समितिमा आबद्ध नभएका पनि हुन सक्छन्। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हालै जारी गरेको बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन(नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ ले “समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन

भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचीकृत गर्नु पर्नेछ साथै विद्यालयमा गठन भएका बाल समूहको आवद्धता स्वयम् विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ" भन्ने स्पष्ट उल्लेख गरेको छ ।

गाउँ-गाउँमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रममा  जन्मदर्ता प्रचारात्मक अभियान, विद्यालय भर्ना अभियान, बालश्रम न्यूनीकरण कार्यक्रम, बालसहभागिता अभिवृद्धि कार्यक्रम, बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, निःशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम, भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, वातावरणीय सुधार कार्यक्रम, अभिभावक चेतना शिक्षा कार्यक्रम, बालविवाह उन्मूलनसम्बन्धी प्रचारात्मक लगायतका विविध कार्यक्रमहरु समेत गर्ने गरेको जानकारी रहेको छ ।

दोलखा, काभ्रे, कास्की, धादिङ, रामेछाप, गोरखा, ललितपुर, काठमाडौं, सिन्धुली, नुवाकोट, कञ्चनपुर, भक्तपुर, चितवन लगायतका जिल्लाको सूचनाको आधार उक्त १३ वटा जिल्लामा मात्र गत आर्थिक वर्षमा भन्दा आ.व. २०७३/०७४ मा ९७८ वटा बालक्लब थपिएको देखिएको छ । यसबाट जिल्ला-जिल्लामा बालक्लब सञ्चालन बढ्दो क्रममा रहेको देखिन्छ ।

# परिच्छेदः ६

## निष्कर्ष

नेपाल सरकार बालअधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको छ । बालअधिकारलाई संवैधानिक हकका रुपमा समेटिनुका साथै थुप्रै कानूनी एवम् नीतिगत व्यवस्थाहरु भएका छन् । वर्षैपिच्छे सुधार हुँदै आएको बालबालिकासम्बन्धी सूचकहरुबाट पनि बालबालिकाको हितसंरक्षण र विकासका निम्ति सरकार प्रयत्नशील रहेको स्पष्ट हुन्छ । तथापि, सबै बालबालिकाले बालअधिकार पूर्ण रुपमा उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न अझ थुप्रै कार्यहरु गर्न बाँकी देखिन्छ । बालबालिकाको शिक्षामा पहुँच, स्वास्थ्य, सहभागिता लगायतका केही क्षेत्रहरुमा प्रगति भएको देखिए पनि बालसंरक्षणसंग सम्बन्धित विषयहरुमा भने थुप्रै चुनौतिहरु रहेका छन् ।

गत वर्ष शुरु गरिएको "बालबालिका सडकमा बस्नु पर्दैन, सडकमा बस्नु हुँदैन" भन्ने आह्वानका साथ काठमाडौं उपत्यकामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिको नेतृत्वमा सडक बालबालिकाको उद्धार तथा पुनर्स्थापनाका लागि सञ्चालन गरिएको कार्य सफलतातर्फ उन्मुख रहेको देखिएको छ । समग्र बालअधिकारसम्बन्धी चेतना जागरण, बालश्रम लगायत बालविवाह विरुद्धको सचेतना, कठिन परिस्थितिमा रहेका बालबालिकाको उद्दार, संरक्षणलगायतका कार्यहरु अगाडि बढीरहेका छन् । यसबाट बालबालिकाको स्थितिमा क्रमशः सुधार गर्दै ल्याउन योगदान पुगिरहेको विदितै छ ।

शिक्षामा पहुँच बढ्दै गए पनि विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन भने सकिएको देखिँदैन । सामुदायिक विद्यालयको कक्षा ३, ५ र ८ को सिकाई उपलब्धि र एस.इ.इ. को नतिजाको गुणस्तर अघिल्लो वर्षभन्दा झन् खस्किएको देखिएको छ । यसैगरी बाल स्वास्थ्यका केही सूचकहरुमा क्रमिक सुधार देखिएता पनि पोषणको अवस्थामा उल्लेख्य प्रगति हुन अझै सकेको छैन ।

बालअधिकार संरक्षण र प्रवर्द्धनमा सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम, बालक्लब लगायत अन्य विकासका साझेदारहरु क्रियाशिल रहँदै आएका छन् । तथापि, बालअधिकार उल्लंघन र हननका प्रशस्तै घटनाहरु समाजमा भईरहेका छन् र यस्ता घटनाहरु बढ्दो क्रममा रहेको जानकारीमा आएको छ । यसप्रति सबै सरोकारवालाहरु अझ बढी क्रियाशिल र प्रभावकारी रुपमा लाग्नुपर्ने देखिन्छ ।

अनाथ बालबालिकाको अधिकार संरक्षणमा थप ध्यान पुऱ्याउनु पर्ने, बालविवाहको व्यापकता कायमै रहनु, बालबालिका परिलक्षित हिंसा, दुर्व्यवहारका घटनाहरु भइरहनु, विशेषतः बालयौन हिंसाका घटनाहरु प्रकाशमा आइरहनु, श्रममा संलग्न बालबालिका देखिइरहनु लगायतबाट बालसंरक्षणको क्षेत्रमा धेरै सुधार गर्नुपर्ने देखिन्छ भने यी विषयहरुमा संघीय, प्रादेशिक र स्थानीय सरकारबाट लगानी उल्लेख्य रुपमा बृद्धि गर्दै जानु जरुरी छ। हिंसा, शोषण लगायत जोखिममा परेका बालबालिकाको उद्दार, संर क्षण, पुनर्स्थापनाका लागि उचित व्यवस्था गर्ने थप लगानी गर्नुका साथै रोकथाममूलक कार्यक्रमहरुमा समेत विशेष ध्यान पुऱ्याउनु आवश्यक छ।

यस वर्ष सम्पन्न स्थानीय निर्वाचनमा राजनीतिक दलहरुबाट जारी घोषणापत्रमा बालबालिकासम्बन्धी केही विषयहरु समेटिनु सकारात्मक पक्षका रुपमा रहेको देखिन्छ। तर राजनीतिक दलहरुबाट विभिन्न कार्यकलापहरुमा बालबालिकाको दुरुपयोग भएको पनि पाइएको छ। यसर्थ आगामी दिनहरुमा हुने निर्वाचनका कार्यकलापहरु  लगायत दलगत राजनीतिक गतिविधिमा बालबालिकाको दुरुपयोग हुन नदिन र बालबालिका संलग्न हुने शैक्षिक संस्थाहरुमा दलगत राजनीतिक गतिविधि हुन नदिन सबै सरोकारवालाहरुको ध्यान जान जरुरी छ।

आपत् विपद्मा परेका बालबालिकालाई विभिन्न सरकारी संयन्त्रहरुबाट मानवीय सहयोग गर्ने कार्यहरु र बालबालिकाको निम्ति आपतकालिन उद्दार, सहयोग, संरक्षण गर्ने बालहेल्पलाइन-१०९८, बालबालिका खोजतलास समन्वय केन्द्र - १०४ जस्ता संरचनाबाट बालबालिकाको संरक्षणमा भएका कार्यहरु सह्रानीय देखिएको छ भने यी कार्यहरुको विस्तार तथा स्तरोन्नति गर्नु आवश्यक देखिएको छ।

बालबालिकासम्बन्धी कार्य गर्ने विभिन्न सरकारी संयन्त्रदेखि खेलकूल परिषद् जस्ता निकायहरुबाट बालबालिकासम्बन्धी सूचना अद्यावधिक गर्नु अति जरुरी रहेको छ। कानून, नीति र कार्यक्रम कार्यान्वयनको प्रभावकारी अनुगमन तथा बालअधिकारको विषयलाई अझबढी संवेदनशील बनाउँदै योजना र कार्यान्वयनमा सहजीकरण गर्नको लागि केन्द्रीय बालकल्याण समिति तथा जिल्ला बालकल्याण समितिको क्षमता अभिबृद्धि गर्नु आवश्यक छ। बालअधिकारको सुनिश्चितताका लागि गरिने प्रयासबाट जनसाधारण सबैले महसुस गर्ने गरी बालसंरक्षण पद्दतीको विकासमा सरोकारवालाहरु सबै अझबढी व्यवस्थित रुपमा लाग्नुपर्ने देखिएको छ।

समग्रमा, बालबालिकाको क्षेत्रमा भएका सुधारहरुलाई ध्यानमा राख्दै, राम्रा कार्यहरुलाई निरन्तरता दिँदै, आवश्यक नयाँ प्रयास गर्दै बालअधिकार सुनिश्चिततातर्फ संघीय, प्रादेशिक र स्थानीय सरकार अझ बढी संवेदनशील हुन र सबै पक्षहरुसँगको सहकार्य बढाउन आवश्यक छ।

# सन्दर्भ सामग्रीः

अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७३/०७४ ।

केन्द्रीय तथ्याङ्क विभाग, नेपाल जीवनस्तर सर्वेक्षण, सन् २०११ ।

केन्द्रीय तथ्याङ्क विभाग, पपुलेसन मोनोग्राफ २, सन् २०१४ ।

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८ ।

केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ, नेपाल बालश्रम प्रतिवेदन, २०१२ ।

केन्द्रीय बालकल्याण समिति, नेपालका बालबालिकाको स्थिति प्रतिवेदन, २०७३ ।

केन्द्रीय बालकल्याण समिति, बालबालिकासम्बन्धी कानून (राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख व्यवस्था), २०७१ ।

केन्द्रीय बालकल्याण समिति, बालबालिका खोजतलास तथा समन्वय केन्द्रको वार्षिक प्रतिवेदन, २०७३/०७४ ।

विभिन्न प्रकाशनहरु, केन्द्रीय बालकल्याण समिति, ललितपुर अभिलेख, २०७३ ।

गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, अभिलेख, २०७४ ।

नेपाल सरकार, नेपालको संविधान, २०७२ ।

प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय, अभिलेख, २०७४ ।

बालन्याय समन्वय समितिको सचिवालय, अभिलेख, २०७४ ।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप), नेपालको वजेटमा बाल संवेदनशीलता : एक विश्लेषण, २०१७ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ।

शिक्षा मन्त्रालय, शिक्षा विभाग, फ्लास रिपोर्ट - १, २०७३ ।

संघीय, मामला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय पञ्जीकरण विभाग, प्रतिवेदन र अभिलेख, २०७४ ।

स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७२/०७३ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल जनसङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, सन् २०१६, ।

Central Bureau of Statistics and UNICEF Nepal, Nepal Multiple Indicator Cluster Survey, 2014

Ecpat, Luxembourg, Assessing and understanding the risk: Sexual exploitation of children online in Nepal, 2017

United Nations Committee on the Rights of the Child, Concluding observations on the second periodic report of Nepal (CRC/C/65/Add.30), 2016

अनुसूचि १

## बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयन स्थितिसम्बन्धी नेपालको प्रतिवेदनमा संरासं बालअधिकार समितिको समापन टीप्पणी सारांशमा

**क) कार्यान्वयन विधि** (General measures of implementation)

- संविधानमा बालअधिकार, बालमैत्री स्थानीय शासनसम्बन्धी व्यवस्थालाई स्वागत गरेको ।
- राष्ट्रिय कार्य योजना पुनरावलोकन गरी सबै क्षेत्रगत योजनालाई समन्वय गर्ने रणनीति निर्माण एवम् कार्यान्वयनका लागि उचित मात्रामा मानवीय, प्राविधिक तथा आर्थिक स्रोत उपलब्धता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धि कार्यान्वयनको समन्वय, अनुगमन तथा मूल्यांकनका लागि एउटै अन्तर मन्त्रालय र अन्तर निकाय संयन्त्रको स्थापना बलियो कार्यादेश र पर्याप्त मानवीय, प्राविधिक र आर्थिक स्रोत उपलब्ध गराउनु पर्ने ।
- महासन्धिनुरुपका सूचकबमोजिमका खण्डीकृत तथ्याङ्क संकलन, सूचना जानकारी व्यवस्थापन गर्नुपर्ने ।
- बालबालिकाको अनुगमनका लागि राष्ट्रिय मानव अधिकार आयोग भित्र निश्चित संरचना हुनुपर्ने ।

**ख. बालबालिकाको परिभाषा**

- सम्पूर्ण कानुनहरू महासन्धि अनुरुप भएको सुनिश्चित गर्न र १८ वर्ष मुनिका सम्पूर्ण बालबालिकाले संरक्षणबाट प्राप्त गरेको सुनिश्चितता गर्नुपर्ने ।

**ग. सामान्य सिद्धान्तहरु**

- अभ्यासमा रहेका कुनै पनि किसिमका विभेदहरूलाई अन्त्य गर्नका लागि उपयुक्त उपाय अपनाउनु पर्ने ।
- सबै कानूनी व्यवस्था, निर्णय प्रक्रियामा बालबालिकाको उच्चतम हितलाई प्रष्टसंग मापदण्डका रूपमा समावेश गर्नुपर्ने ।
- बालबालिकालाई प्रभाव पार्ने समाजका हरेक गतिविधि तथा क्षेत्रहरू विशेषतः परिवार, विद्यालय र समुदायमा उनीहरूको सहभागिता सुनिश्चिता हुनुपर्ने ।

**घ. नागरिक अधिकार र स्वतन्त्रताः**

- समयमा नै प्रभावकारीरुपमा सबैको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने ।
- महासन्धिको धारा ७ र ८ अनुरुप गराउनका लागि सम्बन्धित कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने (व्यक्तिगत घटना दर्ता, नगरिकता ऐन) ।

**ङ. बालबालिकाका विरुद्धको हिंसाः**

- अनुशासनका नाममा दिइने दण्ड सजायलाई सबै क्षेत्रमा निषेध गर्नुपर्ने ।
- सबै अवस्थामा बालबालिकामाथि हुने दुर्व्यवहार र उपेक्षा परिभाषित गर्ने र प्रतिबन्ध लगाउने कानुनी व्यवस्थालाई क्रियाशील बनाउनु पर्ने ।

- बलात्कारका घटनामा ६ महिने हदम्यादको खारेजी र बालयौन दुर्व्यवहार र शोषणको घटनाको अनिवार्य रिपोर्टिङको निश्चितता गर्न संयन्त्र, प्रक्रिया र निर्देशिकाको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको शारीरिक र मनोवैज्ञानिक हितका लागि सम्पूर्ण परम्परागत हानिकारक अभ्यासहरू उन्मूलन गर्नुपर्ने ।
- बालबिबाहको अन्त्यसम्बन्धी क्रियाकलाप प्रभावकारी बनाउनु पर्ने ।
- अन्तरलिंगी बालबालिका विरुद्ध गरिने लान्छना र भेदभाव विरुद्ध जनचेतना अभिबृद्धि गर्नुपर्ने ।

**च.) पारिवारिक वातावरण र वैकल्पिक स्याहार**

- वैकल्पिक स्याहार सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गर्न र संस्थागत स्याहर न्यूनिकरण गर्न
- अन्तरदेशीय  धर्मपुत्र/पुत्री ग्रहणसम्बन्धी नीति र कानुनी व्यवस्थाहरू व्यवस्थित गर्दै धर्मपुत्र/पुत्री ग्रहणका लागि अभिभावकको गरिबीलाई आधार मान्न सकिने व्यवस्थाको खारेजी गर्न

**छ. अपाङ्गता भएका बालबालिका, आधारभूत स्वास्थ्य**

- अपाङ्गता भएका सम्पूर्ण बालबालिका (शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रियहरू ह्रास सहित) लाई समावेश गराउनका लागि विस्तृत रणनीति बनाउन, सेवामा पहुच सुनिश्चित गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवामा पहुँच र गुणस्तर सुधार गर्नका लागि तदरुकताका साथ थप मानवीय, प्राविधिक र आर्थिक स्रोतहरूको उपलब्धता गर्नुपर्ने ।

**ज. शिक्षाः**

- निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यामिक शिक्षाको निम्ति गरेको संवैधानिक व्यवस्थाको स्वागत गरेको ।
- शिक्षामा पहुँच र गुणस्तरीय कायमका लागि आवश्यक व्यवस्था गर्ने ।

**झ. विशेष संरक्षण**

- शरण खोजिरहेका र शरणार्थी बालबालिका लगायत सम्पूर्ण बालबालिकाको जन्मदर्ताको सुनिश्चितताका लागि कानुनी, प्रशासनिक तथा संस्थागत उपाय अपनाउनु पर्ने ।
- अनौपचारिक क्षेत्र तथा निकृष्ट प्रकारका बाल श्रमका क्षेत्रहरू लगायत समेट्ने गरी बालश्रम सम्बन्धित नीतिगत सुधार गर्नुपर्ने ।
- रोकथामका उपायहरूको अवलम्बन गर्दै श्रममा संलग्न बालबालिकालाई जोखिमपूर्ण कामबाट संरक्षित गरिनु पर्दछ र  उनीहरूको शिक्षामा पहुँचलाई निरन्तरता दिइनु पर्ने ।
- बालबालिकालाई अन्तिम उपाय स्वरुप सकेसम्म छोटो समयावधिका लागि गिरफ्तार गरिने प्रक्रिया र थुनाको अवस्थामा सुधार
- कानुनी विवादमा परेका बालबालिकाको घटना हेर्नका लागि प्रहरी कार्यालयहरूमा पनि छुट्टै इकाइहरूको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकाको बेचविखन, बाल बेश्यावृति र अश्लील चित्रणसम्बन्धी इच्छाधिन आलेख सिफारिसको कार्यान्वयन गर्नुपर्ने ।

**संरासं बालअधिकार समितिको टीप्पणी, सुझावहरु र सोसंग सम्बन्धित केही प्रमुख निकाय**

| **बालबालिकासम्बन्धी ऐन पारित गर्ने, अन्य संशोधन** | **सम्बन्धित मन्त्रालय, निकाय** |
|---|---|
| • बालबालिका ऐनको मस्यौदालाई एकीकृत तथा अधिकारमुखी दृष्टिकोणसहित समीक्षा गरी पारित, बालबालिकाको परिभाषा १८ वर्षमूनि<br>• कानुनी प्रक्रियाहरूमा बालबालिकाको सुनवाइलाई ध्यान दिने<br>• महासन्धिको धारा ७ र ८ को पूर्ण परिपालनाका लागि व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, नागरिकता ऐन<br>• यातना तथा सबै अमानवीय व्यवहारलाई अ.मापदण्डअनुरूप पूर्ण अपराधीकरण गर्न राष्ट्रिय कानुन<br>• परिवार, विद्यालय तथा अन्य संस्थामा हुने शारीरिक सजाय तथा अमानवीय व्यवहारलाई कानुनी तवरले पूर्णरूपमा निषेध गर्न (बालबालिका सम्बन्धी ऐन, मुलुकी ऐनको सम्बन्धित प्रावधान | • महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>• कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय<br>• शिक्षा मन्त्रालय,<br>• केन्द्रीय बालकल्याण समिति |
| **नीति तथा कानून कार्यान्वयन, कार्यविधि तर्जुमा** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • सबै स्वरूपका भेदभावहरूको अन्त्य एवं बालिकाहरूले पनि बालकहरूले जस्तै अधिकार उपभोग गर्न पाउन कानुनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता<br>• युद्धको समयमा तथा त्यसपश्चात् बालबालिकाउपर भएका यातना र अमानवीय व्यवहारको तीव्रगतिमा स्वतन्त्र जाँचबुझ संयन्त्रको स्थापना गर्न, पीडित बालबालिकाले शारीरिक तथा मनोवैज्ञानिक उपचार तथा पुनर्प्राप्ति सुनिश्चितता गर्न<br>• सबै क्षेत्रहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राख्ने मार्गदर्शनका लागि कार्यविधि तथा शर्तहरू तर्जुमा<br>• राष्ट्रिय कार्ययोजना मूल्याङ्कन तथा क्षेत्रगत योजनाहरूबीच तादम्यता हुनेगरी समन्वय गर्ने रणनीति<br>• बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणविरूद्धको इच्छाधीन आलेखका सबै प्रावधानहरूलाई समेट्दै समग्र बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना बनाउन<br>• सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको पुनर्स्थापनसम्बन्धी राष्ट्रिय कार्ययोजनाको मूल्याङ्कन गर्न<br>• बालबालिकाका लागि राष्ट्रिय कार्ययोजनाका लागि पर्याप्त मानवीय, प्राविधिक तथा आर्थिक स्रोतको सुनिश्चितता गर्न<br>• कार्ययोजनाको कार्यान्वयनसम्बन्धी प्रगति र चुनौतीहरूको लेखाजोखा तथा तिनको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी योजना निर्माण गर्न | • कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>• शान्ति तथा पुनर्स्थापना मन्त्रालय<br>• महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>• केन्द्रीय बालकल्याण समिति<br><br>• महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>• शान्ति तथा पुनर्स्थापना मन्त्रालय<br>• केन्द्रीय बालकल्याण समिति |

| **बालअधिकारको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय, प्रदेश तथा स्थानीय तहमा समन्वयसंयन्त्र स्थापना गर्ने** | **सम्बन्धित मन्त्रालय, निकाय** |
|---|---|
| • महासन्धिको कार्यान्वयनका सबै गतिविधिहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि अन्तर-मन्त्रालय तथा अन्तर-क्षेत्रगत एक संयन्त्र स्थापना गर्न<br>• विद्यमान बालबालिकासँग सम्बन्धित संयन्त्रहरूको संस्थागत पुनरावलोकन गरी तिनको अख्तियारी, जिम्मेवारी तथा जवाफदेहीतालाई प्रष्टसँग पुनर्व्याख्या, कामलाई सुदृढ तथा मार्गदर्शन गर्न आवश्यक स्रोत, मार्गनिर्देशिका, प्रोटोकल एवं कार्यविधिहरू बनाउन<br>• बाअको कार्यान्वयनलाई अधिकतम स्रोतहरूको उपलब्धता हुनेगरी अधिकारमुखी अवधारणाअनुरूप राज्यको बजेट विनियोजन गर्दा प्राथमिकता दिन<br>• बालबालिकाको सेवाहरूमा लक्षित स्रोतहरू कुशलतापूर्वक, प्रभावकारी तथा पारदर्शी ढङ्गले विनियोजन गर्न<br>• मबासकमन्त्रालयको समन्वयकारी भूमिकाको मूल्याङ्कन गर्ने तथा त्यसलाई सुदृढ गर्न पर्याप्त अख्तियार तथा मानवीय, आर्थिक एवं प्राविधिक स्रोत सुनिश्चित गर्न | • महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय<br>• राष्ट्रिय योजना आयोग,<br>• अर्थ मन्त्रालय, र<br>• अन्य विषयगत मन्त्रालयहरू<br>• केन्द्रीय बालकल्याण समिति |
| **विस्तृत तथा केन्द्रीकृत तथ्याक्त सक्तलन प्रणाली विकास** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • बालबालिकाको विस्तृत तथा खण्डीकृत तथ्याङ्क सङ्कलन तथा सूचकहरूको प्रणाली विकास गर्न, तथ्याङ्कको विश्लेषण गरी प्रगतिको लेखाजोखा | • राष्ट्रिय योजना आयोग<br>• मबाकस मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, गृह मन्त्रालय, अदालत<br>• केन्द्रीय तथा जिल्ला बालकल्याण समिति<br>• केन्द्रीय तथ्याङ्क विभाग, नेपाल प्रहरी |
| **सक्षम एवं स्वतन्त्र अनुगमन संयन्त्र स्थापना तथा विद्यमान संयन्त्रको सुदृढीकरण गर्न** | **सम्बन्धित मन्त्रालय, निकाय** |
| • बालबालिकाको अनुगमन तथा बालबालिकाको उजुरी ग्रहण, अनुसन्धान तथा सम्बोधन बालसंवेदी तरिकाले गर्न सक्षम संयन्त्र स्थापना गर्न<br>• राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता सुनिश्चित गर्न, आयोगकै रोहबरमा पीडितको गोपनीयता तथा संरक्षण सुनिश्चित गर्न | • प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय<br>• राष्ट्रिय मानवअधिकार आयोग<br>• कानून, न्याय तथा संसदीय मामला मन्त्रालय<br>• मबासक मन्त्रालय |

| **बालबालिका, अभिभावक, व्यावसायिक समूहबीच महासन्धिबारे सचेतना, तालिम, विद्यालय तहको पाठ्यक्रममा समावेश गर्ने,प्रहरी तथा सेनाको पाठ्यक्रममा समावेश** | **सम्बन्धित मन्त्रालय, निकाय** |
|---|---|
| • बालबालिकाको अनुगमन तथा बालबालिकाको उजुरी ग्रहण, अनुसन्धान तथा सम्बोधन बालसंवेदी तरिकाले गर्न सक्षम संयन्त्र स्थापना गर्ने<br>• राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता सुनिश्चित गर्ने, आयोगकै रोहबरमा पीडितको गोपनीयता तथा संरक्षण सुनिश्चित गर्ने | • मबासक मन्त्रालय<br>• राष्ट्रिय मानवअधिकार आयोग<br>• राष्ट्रिय न्यायिक प्रतिष्ठान<br>• नेपाल प्रशासनीक प्रशिक्षण प्रतिष्ठान,<br>• केन्द्रीय तथा जिल्ला बालकल्याण समिति संमास्थाविमं, शिक्षा मन्त्रालय<br>• कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, रक्षा मन्त्रालय<br>• नेपाली सेना<br>• सूचना तथा सञ्चार मन्त्रालय<br>• राष्ट्रिय दलित आयोग |

**अनुसूचि २**

## बालबालिका प्रत्यक्ष लाभान्वित हुने नगद तथा जिन्सी हस्तान्तरणका केही प्रमुख कार्यक्रमहरु

| क्रसं | सेवा सुविधा | नगद/जिन्सी/सेवा | लाभान्वित बालबालिका संख्या | जम्मा रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| | **शिक्षा मन्त्रालय** | | | |
| १ | कक्षा १-५ का लागि निःशुल्क पाठ्यपुस्तक | जिन्सी | २५२७४४१ | ६,४७,७४० |
| २ | कक्षा ६-८ का लागि निःशुल्क पाठ्यपुस्तक | जिन्सी | १३१९६३६ | ५,७२,८५६ |
| ३ | कक्षा ९-१० का लागि निःशुल्क पाठ्यपुस्तक | जिन्सी | ७२५३२८ | ४,०२,५४१ |
| ४ | कक्षा ११-१२ का लागि निःशुल्क पाठ्यपुस्तक | जिन्सी | ३५२२ | १,२५,०३९ |
| ५ | कक्षा १-८ सम्म दलित छात्रवृत्ति | नगद | ३९००३ | १५,५९२ |
| ६ | कक्षा १-८ सम्म दलित छात्रवृत्ति (गैरआवासीय) | नगद | ७१८४७१ | २,७८,५४६ |
| ७ | कक्षा ९-१० सम्म दलित छात्रवृत्ति | नगद | ९२२२९ | ४४,६२४ |
| ८ | आधारभूत तहमा सबै बालिकालाई छात्रवृत्ति (कर्णाली प्याकेजसहित) | नगद | ११३५१ | ४,५४० |
| ९ | लक्षित समूहका विद्यार्थीलाई आधारभूत तहका लागि छात्रवृत्ति | नगद | १००८४० | ४६,८९४ |
| १० | कक्षा १-८ सम्म बालिका छात्रवृत्ति (गैरआवासीय) | नगद | २१९३६९५ | ६,५२,०८८ |
| ११ | कक्षा १-८ सम्म अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति (गैरआवासीय) | नगद | २१९२० | ६७,९९० |
| १२ | कक्षा १-८ सम्म अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति (आवासीय) | नगद | ६११३ | १,८६,३८२ |
| १३ | कक्षा ९-१० सम्म अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति (गैरआवासीय) | नगद | ३७५४ | ११,६६६ |
| १४ | कक्षा ९-१० सम्म अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति | नगद | २९ | १,०५० |
| १५ | कक्षा ९-१० सम्म अपाङ्गता भएका बालबालिकालाई आवासीय छात्रवृत्ति | नगद | ३४७ | ४,५४६ |
| १६ | शहीदका छोराछोरीलाई छात्रवृत्ति | नगद | ६ | १२० |
| १७ | शहीदका छोराछोरीलाई छात्रवृत्ति (गैरआवासीय) | नगद | २० | ४४४ |
| १८ | कक्षा ९-१० का लागि माध्यमिक शिक्षा छात्रवृत्ति (गैर आवासीय) | नगद | १०३५२० | १,४१,४५९ |
| १९ | सीमान्तीकृत समूहका बालबालिकालाई छात्रवृत्ति | नगद | ११९७७ | ७,४६९ |
| २० | द्वन्द्व प्रभावित छात्रवृत्ति (गैरआवासीय) | नगद | ४७०४ | ६०,९५८ |
| २१ | मुक्त कमलरी छात्रवृत्ति | नगद | १६११ | ४,१३८ |

| | | | | |
|---|---|---|---|---|
| २२ | मुक्त कमलरी छात्रवृत्ति (गैरआवासीय) | नगद | ७०२ | २३१८ |
| २३ | रामनारायण मिश्र विशेष छात्रवृत्ति | नगद | १७४०७ | ४५,०२८ |
| २४ | एसइईमा समावेश भएका दलित छात्रछात्राका लागि ब्रिजकोर्ष तथा छोटो अवधिको सीप विकास तालिमका लागि प्रोत्साहन स्वरुप पटके छात्रवृत्ति | नगद | ३५०८ | ११,६३० |
| २५ | हिमाली भेकका होस्टेलका लागि आवासीय छात्रवृत्ति | नगद | ११० | ४,४०० |
| २६ | मुक्त कमलरी, हिमाली छात्रावास, फिडर छात्रावास, नमूना विद्यालय, हिमाली आवासीय र अति सीमान्तकृत समुदायका बालबालिकालाई आवासीय छात्रवृत्ति | नगद | २००६ | ७६,८८४ |
| २७ | आवासीय छात्रवृत्ति पाएका बालबालिकालाई होस्टेल सञ्चालन अनुदान | नगद | १५२७ | २२,३७३ |
| २८ | अति विपन्न वर्गबाट कक्षा ८ उत्तीर्ण भै कक्षा ९ मा भर्ना हुन नसकेर विद्यालय छोड्ने अवस्था भएका बालबालिकालाई Comprehensive School मा अध्ययनका लागि आवासीय छात्रवृत्ति | नगद | ३९ | १५६० |
| २९ | दिवा खाजा कार्यक्रम तोकिएका जिल्लामा | सेवा | २९५४३२ | ७,१३,७९८ |
| ३० | कर्णालीका ECD देखि कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजा कार्यक्रम | सेवा | ४८९२९ | १६५१३७ |

| | | |
|---|---|---|
| | **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय** | |
| १ | अछाम, सर्लाही तथा कर्णाली अञ्चलका पाँच वर्षमुनिका बालबालिका र देशभरीका दलित परिवारका बालबालिकालाई पोषण भत्ता | मासिक रु. ४०० का दरले |
| २ | देशभरीका रातो कार्ड पाएका पूर्ण अपाङ्गता भएका बालबालिकालाई | मासिक रु. २,००० का दरले |
| ३ | अति असक्त अपाङ्गता भत्ता (नीलो कार्ड पाएका) आंशिक अपाङ्गता भएकालाई | मासिक रु. ६०० का दरले |
| ४ | कर्णाली अञ्चलका सबै बालबालिका र देशभरीका दलित परिवारका बालबालिकालाई जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराए वापत | रु. १,००० का दरले भत्ता |
| | **केन्द्रीय बालकल्याण समिति** | |
| | सडक बालबालिका मुक्त अभियान कार्यक्रम | सेवा र नगद दुबै |
| | जोखिममा रहेका बालबालिकालाई आपलकालीन सहयोग | सेवा र नगद दुबै |
| | बाल हेल्पलाइन सञ्चालन तथा व्यवस्थापन (निःशुल्क टेलिफोन नं. १०९८) | सेवा |
| | बालबालिका खोजतलास तथा समन्वय केन्द्र सञ्चालन तथा व्यवस्थापन (निःशुल्क टेलिफोन नं. १०४) | सेवा |
| | **सामान्य प्रशासन मन्त्रालय** | |
| १ | निजामति कर्मचारीका सन्ततीका लागि छात्रवृत्ति कार्यक्रम | |

# बालसंरक्षण र बालसंवेदनशीलता अभिवृद्धि सम्बन्धी प्रदेश-१ का विभिन्न सरकारी निकायहरूको १० बुँदे विराटनगर घोषणापत्र

नेपाल सरकारले बालबालिकाको विकासका लागि योजनाबद्ध विकास योजनाको थालनी सँगै गरेका प्रयासहरुको स्मरण गर्दै र संयुक्त राष्ट्र संघको बालअधिकार सम्बन्धी महासन्धि, सन् १९८९ लाई अनुमोदन गरी बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि प्रतिबद्ध रही संविधान, कानून, नीति, योजना तथा संस्थागत संरचनामा गरिएको व्यवस्था एवम् विषयगत कार्यक्रममा गरिएको लगानीबाट बालबालिकाको स्थितिमा आएको सुधारोन्मुख सूचकलाई ध्यानमा राख्दै,

सरकारी निकायहरु बीच बालअधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि समन्वय तथा सहकार्य बढाउदै सबै तहमा प्राथमिकता दिन र बालसम्वेदनशीलता अभिवृद्धि गर्न प्रतिबद्धता जनाउँदै विशेषगरी बालबालिकामाथि हुने हिंसा, विभेद, शोषण, कठीन अवस्था र जोखिममा रहेका बालबालिकाको अधिकार सुनिश्चितताको अपरिहार्यता महसुस गरी यी विषयहरुमा एकीकृत प्रयास गर्न,

हामी बालसंरक्षण तथा बालसंवेदनशीलता विषयक गोष्ठी (५-६ पुस २०७३, विराटनगर)मा सहभागी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, बालन्याय समन्वय समिति, केन्द्रीय बालकल्याण समिति, प्रदेश - १ का विभिन्न जिल्ला अदालतका माननीय न्यायाधीश, प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला बालकल्याण समितिका अध्यक्ष/संरक्षक, जिल्ला प्रहरी प्रमुख, स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी, जिल्ला जनस्वास्थ्य प्रमुख, जिल्ला न्यायाधिवक्ता, महिला तथा बालबालिका कार्यालय प्रमुख एवं बालकल्याण अधिकारी तथा उल्लेखित निकायका प्रतिनिधिहरु बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि अझबढी संवेदनशील भई नीतिगत, योजना, कार्यक्रम, लगानी, समन्वय, सहकार्य, निगरानी जस्ता कार्यगत प्रक्रिया लगायतका सबै पक्षमा ध्यान दिन र भइरहेको सेवाहरुलाई अझ प्रभावकारी बनाउन देहायको प्रतिबद्धता घोषणा गर्दछौं ।

१) बालविवाह, बालयौनशोषण र बालबालिका प्रतिको दुर्व्यवहार, बालश्रम, सडक बालबालिका, राजनैतिक क्रियाकलाप लगायत कुनै पनि बहानामा हुने बालबालिकाको प्रयोग, सीमानामा सामान ओसार पसार कार्यमा बालबालिकाको प्रयोग, कुलत, अनुशासनका नाममा बालबालिकालाई दिइने सजाय, अभिभावक विहिन, पारिवारिक जोखिममा रहेका बालबालिका लगायतका बालसंरक्षण सम्बन्धी सरोकारका विषयहरुलाई नियन्त्रण, न्यूनीकरण तथा व्यवस्थापन गर्ने,

२) विभिन्न अवस्थाबाट पीडित, प्रभावित हुन पुगेका बालबालिकालाई तत्काल संरक्षण तथा बालमैत्री सेवा प्रवाह गर्ने,

३) बालबालिकाको उमेर अनुसारको संवेदनशीलताका अतिरिक्त बालिकाहरुको विशेष आवश्यकता, शारीरिक, मानसिक अपांगता भएका बालबालिकाको विशेष आवश्यकता, यौनिक अल्पसंख्यकहरुको विशेष आवश्यकतालाई ध्यान दिई सेवा प्रवाह गर्ने,

४) बालअधिकार प्रवर्द्धन तथा बालबालिका प्रति हुने हिंसा दुर्व्यवहार विरुद्ध अभिभावक तथा समुदायलाई बालबालिका प्रतिको दायित्व निर्वाह लगायतका सम्बन्धमा स्थानीय तहसम्म पुग्ने गरी स्थानीय भाषामा समेत सचेतना अभिवृद्धि अभियान संचालन गर्ने,

५) बालसंवेदनशीलता अभिवृद्धिका लागि सबैतहका निकायहरुमा सचेतना, क्षमता अभिवृद्धि, विद्यमान संरचनाहरुको सुदृढीकरण, बालबालिका परिलक्षित सेवासुविधाको प्रवाह, कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवम् योजना तर्जुमादेखि श्रोत विनियोजनसम्म बालसंवेदनशीलतालाई बढाउने,

६) जिल्लामा बालबालिकाको हित संरक्षणका लागि उपलब्ध सरकारी तथा गैरसरकारी श्रोतहरुको एकीकृत परिचालनका लागि आवश्यक समन्वय गर्ने,

७) बालबालिका प्रति सम्वेदनशिल भई बालअधिकारको संरक्षण प्रवर्द्धन गर्न गरिएका असल अभ्यासहरुलाई विस्तार गर्ने,

८) बालअधिकारका प्रवर्द्धन गर्नुका साथै कुनै पनि सार्वजनिक समाचार, टिप्पणीमा बालबालिकाको गोपनियताको अधिकारलाई उच्च प्राथमिकतामा राख्न सञ्चार माध्यमसँग सहकार्य गर्ने,

९) बालबालिका सम्बन्धी सूचना, तथ्यांक, जानकारीलाई एकीकृत र व्यवस्थित गर्ने,

१०) बालअधिकारको संरक्षणका लागि राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रको महत्वपूर्ण भूमिकालाई ध्यानमा राखी आ-आफ्नो क्षेत्रमा क्रियाशिल हुन आव्हान गर्ने ।

हस्ताक्षर



बिराटनगर
२०७३ साल पौष ६ गते बुधवार ।

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, ललितपुर

## बालबालिकासम्बन्धी ई–पोर्टल (www.childrights.gov.np)

### १. परिचय

केन्द्रीय बालकल्याण समितिले बालबालिकाका हरेक क्षेत्रसँग सम्बन्धित सूचना तथा जानकारी एकीकृत तथा व्यवस्थित गर्ने उद्देश्यले नेपालमा बालबालिकासम्बन्धी विविध तथ्य, प्रतिवेदन तथा जानकारीमूलक सूचना सामग्रीहरू समाविष्ट बालबालिकासम्बन्धी ई-पोर्टलको निर्माण गरेको छ। यस कार्यबाट बालबालिका सम्बन्धी जानकारीहरू प्राप्त गर्न तथा सम्बद्ध सबैको समन्वय, सहकार्य तथा अन्तरक्रियाबाट बालअधिकारको सम्बर्धन तथा प्रवर्धनमा मद्दत पुग्ने विश्वास लिइएको छ। यो सबैको साझा पोर्टल भएको हुँदा यसलाई जीवन्त बनाउन सबै निकाय, संघसंस्था तथा व्यक्तिहरूको सक्रिय सहभागिताका लागि अनुरोध छ।

### २. ई-पोर्टलमा समावेस गरिएका स्तम्भहरू




१. **हामी र ई–पोर्टल**
यस स्तम्भमा केन्द्रीय बालकल्याण समितिको परिचय तथा ई-पोर्टलसम्बन्धी संक्षिप्त जानकारी राखिएको छ।



२. **बालआवाज**
यस स्तम्भमा बालबालिका स्वयमले वा अभिभावक वा संरक्षकमार्फत पठाइएको बालबालिकाको आवाज राखिएको छ। यहाँ कुनै पनि किसिमको बालअधिकार हननका घटनाहरू, सूचनाहरूका अतिरिक्त बालबालिकाका उपलब्धिका सकारात्मक विषयहरू समेतका बारेमा बालबालिकाका भावनाहरू राख्न सकिने छ। बालबालिकालाई आफ्ना भावना व्यक्त गर्नका लागि प्रोत्साहन र सहयोग गर्न सबैलाई अनुरोध छ।



३. **चौतारी**
यो बालअधिकारका विषयमा खुल्ला छलफल गर्ने चौतारी हो। यहाँ बालअधिकार सम्बन्धी कुनै एक विषयमा केन्द्रित भई बृहत छलफल गरिने छ। यस स्तम्भमा बालअधिकारका विषयमा तपाइले छलफल गर्न चाहनु भएको विषय पठाउन सक्नुहनेछ। साथै छलफलका लागि प्रस्तुत गरिएका विषयमा आफ्ना सिर्जनात्मक विचारहरू राख्न सक्नुहुनेछ। छलफलबाट बहुक्षेत्रगत विचार तथा सुझावहरू प्राप्त हुने हुनाले बालअधिकार संरक्षण तथा प्रवर्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ। यसमा तपाईंको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं।



४. **बालसंरक्षणसम्बन्धी समस्या परेमा कहाँ सम्पर्क गर्ने?**
यस स्तम्भमा बालअधिकारका क्षेत्रमा कार्यरत सरोकारवालाहरूको सम्पर्क नम्बर विषयगत रुपमा राखिएको छ। यसबाट बालसंरक्षणसम्बन्धी जस्तोसुकै समस्या परेमा सम्पर्क गर्नका लागि सहज हुने विश्वास गरिएको छ।



५. **घटना, सूचना, जानकारी**
यस स्तम्भमा देशभरमा बालबालिका लक्षित भएका विभिन्न कार्यक्रम, सूचना तथा जानकारीमूलक विवरणहरू राखिनेछ। तपाईका वरपर भएका बालबालिका लक्षित कुनै पनि कार्यक्रम, सूचना वा जानकारी भएमा केन्द्रीय बालकल्याण समितिको इमेल contact@ccwb.gov.np मा पठाउन सक्नुहुनेछ। यस अतिरिक्त बालअधिकार उल्लंघनसम्बन्धी घटनाहरूसमेत पठाउन सकिनेछ। फोटो तथा भिडियो केन्द्रीय बालकल्याण समितिको Facebook Messenger (crmccwb@gmail.com) मा पठाउन सकिनेछ। प्राप्त जानकारीमूलक सूचना यस स्तम्भमा समावेश गरिनेछ। त्यसैले सूचना जानकारी पठाउनु हुन अनुरोध छ।



६. **समाचारमा बालबालिका**

यस स्तम्भमा विभिन्न सञ्चारमाध्यम (छापा, रेडियो, टेलिभिजन) मा प्रकाशित तथा प्रशारित बालबालिकासम्बन्धी समाचार दैनिक रुपमा अद्यावधिक गरी राखिनेछ । यसबाट विभिन्न सञ्चार माध्यममा आएका बालअधिकारका विषय एकीकृत रुपमा अध्ययन गर्न सहज हुने विश्वास गरिएको छ ।



७. **स्रोत सामग्री**

बालअधिकारसँग सम्बन्धित संवैधानिक एवम् कानूनी दस्तावेजहरू, राष्ट्रिय कार्ययोजना, वार्षिक प्रतिवेदन, विषयगत पुस्तकहरू, सूचना तथा सन्देशमूलक प्रकाशन, अध्ययन अनुसन्धानका प्रतिवेदनहरू लगायतका स्रोत सामग्री यस स्तम्भमा राखिएको छ । आफूलाइ आवश्यक भएको जुनसुकै किसिमको स्रोत सामग्री विषय, शिर्षक, प्रकाशक लगायतका आधारमा सहज रुपमा खोजी गरी प्राप्त गर्न सकिन्छ । तपाईसँग भएका स्रोत सामग्री हामीलाई contact@ccwb.gov.np मा इमेलमार्फत पठाउनु भएमा उक्त स्रोत सामग्री यस पोर्टलमा राखिनेछ । अतः आफ्नो स्रोत सामाग्री पठाउन ढिलो नगर्नुहोस् ।



८. **हेर्ने सुन्ने सामग्री**

यस स्तम्भमा बालअधिकारका विषयमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूद्वारा उत्पादित श्रव्य-दृष्य सामग्री राखिएको छ । बालअधिकारका विषयमा उत्पादित चेतनामूलक तथा प्रवर्धनात्मक सामग्री केन्द्रीय बालकल्याण समितिमा उपलव्ध भएसम्म यस स्तम्भमा राखिनेछ । आफूलाइ आवश्यक भएको जुनसुकै किसिमको श्रव्य-दृष्य सामग्री विषय, शिर्षक लगायतका आधारमा सहज रुपमा प्राप्त गर्न सकिन्छ । अतः आफ्ना उत्पादनहरू पठाइ बालअधिकारसम्बन्धी सचेतना बढाउन सहयोग गरौं ।

## बालअधिकार–सबैको सरोकार

**विचार तपाईसँग छ, व्यक्त गर्ने उपयुक्त माध्यम हामीसँग छ,**
**सामाग्री तपाईसँग छ, सबैका लागि उपलव्ध गराउने माध्यम हामी सँग छ,**
**सूचना, जानकारी तपाईसँग छ, बालबालिकाको हक-हितका लागि आवश्यक सम्बोधन गर्ने, गराउने माध्यम हामी सँग छ !**

**बालबालिकासम्बन्धी ई–पोर्टल : www.childrights.gov.np**

*सक्रिय सहभागिता जनाऔं, यसको उपयोग गरौं र सुझाव दिई अझ बढी प्रभावकारी बनाऔं ।*



# बाल संवेदनशील पत्रकारिता निर्देशिका, २०७२

बालबालिकाको हितलाई अक्षुण्ण राखी उनीहरुको सहभागिताको अधिकारको समेत सम्मान गर्दै नेपालमा छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यममा क्रियाशील पत्रकारहरु तथा प्रकाशन वा प्रसारण हुने समाचार माध्यमहरुलाई बालबालिकासम्बन्धी सूचनामूलक, सन्देशमूलक वा अन्य सामग्रीको उत्पादन, प्रकाशन वा प्रसारणका सन्दर्भमा नेपालको विद्यमान कानूनअनुसार सोह्र वर्ष उमेर नपुगेका बालबालिकाका सर्वोत्तम हितलाई सर्वोपरी ठान्दै उनीहरुको संरक्षण र सम्वर्धनमा विशेष ध्यान दिइ उनीहरुलाई हानि नपुगोस् र प्रकाशित वा प्रसारित सामग्रीले थप पीडित नबनाओस् भन्ने ध्येयका साथ उच्चतम व्यावसायिक अभ्यासका निम्ति पत्रकार र सञ्चार माध्यमलाई अझ अभिप्रेरित गर्न पत्रकार आचारसंहिता-२०६० (संशोधित तथा परिमार्जित-२०६४) को दफा ३ (१०) को अधिनमा रही बाल संवेदनशील पत्रकारिता निर्देशिका २०७२ जारी गरिएकोछ :

१. **बालबालिकाको पहुँचलाई प्राथमिकता:** सञ्चार माध्यमले सामाजिक उत्तरदायित्व वहन गर्दै बालबालिकाको विचार वा भावना अभिव्यक्तिको अधिकारको सम्मान गर्ने र उनीहरुको गतिविधिलगायत बालबालिकासँग सम्बन्धित सामग्री उनीहरुलाई सकारात्मक प्रभाव पार्ने गरी प्रकाशन तथा प्रसारण गर्नुका साथै आमसञ्चार माध्यमहरुमा उनीहरुको पहुँचलाई प्राथमिकता प्रदान गर्नु पर्दछ।

२. **बालबालिकालाई हानिबाट संरक्षण:** बालबालिकासँग सम्बन्धित सामग्री प्रकाशन वा प्रसारण गर्दा त्यस्ता सामग्रीबाट पर्नसक्ने दुष्प्रभावको आंकलन गरी उनीहरुलाई हानि नपुगोस् भन्ने सुनिश्चित गरिनु पर्दछ। बालबालिकासम्बन्धी सामग्रीमा तथ्यहरुको पुष्टि वा पुनर्पुष्टिका लागि विशेष ध्यान पुऱ्याउनु पर्दछ।

३. **बालबालिका अनुकुल सामग्री तथा समयको प्रवन्ध:** बालबालिकाको विचार वा भावनालाई कदर गर्दै सञ्चार माध्यममा उनीहरुको सहभागिता, उनीहरुका लागि उपयोगी सामग्री तथा उनीहरुको समयको अनुकुलतालाई उच्च प्राथमिकता प्रदान गर्नु पर्दछ। खासगरी टेलिभिजनमा बालबालिकाले हेर्ने समयमा प्रसारण हुने कार्यक्रममा बालमनोविज्ञानमा नकारात्मक असर पार्ने वा समाजिक नैतिकता प्रतिकूल सामग्री समावेश गर्नु हुँदैन। त्यसैगरी, अनलाइन माध्यममा बालबालिकालाई नकारात्मक असर पार्न सक्ने सामग्रीका विषयमा क्लिक गर्ने स्थानमै प्रष्ट जनाउ दिनु पर्नेछ। यससम्बान्धमा घरभित्र अभिभावक र विद्यालयमा शिक्षकहरुको निगरानी वान्छनीय हुन्छ।

४. **बालबालिकाको आत्मसम्मानको कदर**ः सञ्चार माध्यमहरुले कुनै पनि सामग्रीबाट बालबालिकाको आत्मसम्मान र गरीमामा चोट पुऱ्याउनु हुँदैन । विशेषतः अनलाइन माध्यममा प्रस्तुत सामग्रीमा बालसम्वेलनशीलता प्रतिकूल, अभद्र र अशोभनीय टिप्पणीहरु गरिएका छन् भने त्यस्ता सामग्रीलाई यथाशीघ्र हटाउनु पर्दछ ।

५. **गोपनीयताको सम्मान**ः सार्वजनिक हितका लागि आवश्यक रहेको र बालबालिकालाई हानि नगर्ने कुरा सुनिश्चित भएको अवस्थामा वाहेक बालबालिकाको परिचय सार्वजनिक गर्नु हुँदैन । बालबालिकाका निम्ति जोखिमपूर्ण नहुने वा उनीहरुमा तत्काल र दीर्घकालमा समेत नकारात्मक असर नपर्ने अवस्थामा उनीहरुको परिचय खुलाउन सकिनेछ । यौन हिंसा वा दुर्व्यवहारको शिकार भएका बालबालिकाको परिचय पूर्णतः गोप्य राखिनु पर्दछ । बालबालिका नातेदार सम्बन्धका व्यक्तिबाट त्यस्तो हिंसा वा दुर्व्यवहारको शिकार भएको अवस्थामा ती बालबालिकाको गोपनियताको संरक्षण गर्न अभियुक्तको परिचयसमेत खुलाउनु हुँदैन् । न्यायका याचक वा याचिकाबीच आत्मविश्वास र सुरक्षाको भावना विकसित गर्न उनीहरुको व्यक्तिगत परिचय वा अन्य सूचनासम्बन्धी गोपनियताको प्रत्याभूति गरिनु पर्दछ । बालबालिका दुष्कर्मको शिकार भएको घटनासमबन्धी समाचार वा समाचारमूलक सामग्री नाम परिवर्तन गरेर होइन संकेत मात्र उल्लेख गरेर तयार गरिनु पर्दछ (उदाहरणका लागि कालिमाटी क, ख वा ग) ।

६. **बाल विजाइँ वा अपराधका घटनामा बाल संवेदनशील व्यवहार** ः सञ्चार माध्यमले बालबालिकाले अपराध होइन, विज्याँई गर्न सक्दछन् वा उनीहरु कानूनको विवादमा पर्न सक्दछन् भन्ने बाल न्यायको सिध्दान्तलाई सधैं आत्मसात गर्नु पर्दछ बालबालिकालाई समाचार वा समाचारमूलक सामग्रीमा परिचय खुलाएर प्रस्तुत गर्नु हुँदैन् । बालबालिकालाई कुनै पनि अवस्थामा साक्षी वा अभियुक्तका रुपमा चिनाउनु हुँदैन । घटनाका बारेमा तयार गरिएको सामग्रीमा पनि बालबालिकालाई स्रोतका रुपमा प्रयोग गर्न वा उनीहरुको परिचय खुलाउन हुँदैन ।

७. **रेखाचित्र, तस्वीर र दृश्यको प्रयोगमा सजगता**ः सकारात्मक सन्देश प्रवाहित गर्ने अवस्थामा वाहेक बालबालिकाको व्यक्तिगत परिचय खुल्ने गरी रेखाचित्र, तस्वीर र श्रव्यदृष्यको प्रकाशन वा प्रसारण गरी उनीहरुलाई कुनै पनि किसिमको जोखिममा पार्नु हुँदैन । कुनै घटना विशेषको समाचार वा समाचारमूलक सामग्री प्रकाशन वा प्रसारण गर्न आवश्यक ठानिएको अवस्थामा समेत बालबालिकाका निम्ति हानिकारक छ भन्ने लागेमा बालबालिकाको पहिचान भने खुलाउनु हुँदैन । त्यस्तो अवस्थामा नचिनिने गरी बालबालिकाको रेखाचित्र, तस्वीर र श्रव्यदृश्य प्रयोग गर्न सकिन्छ । फरक प्रसंगमा खिंचिएका बालबालिकाका तस्वीर कुनै अर्को प्रसंगमा प्रयोग गर्दा विशेष सजगता अपनाउनु पर्दछ ।

८. **विभत्स सामग्रीबाट संरक्षण**: हिंसा, हत्या, आगजनी, प्राकृतिक विपत्‌लगायत कुनै पनि घटना वा दुर्घटनासम्बन्धी तस्वीर वा दृष्य प्रकाशन वा प्रसारण गर्दा बालबालिकामा नकारात्मक मनोवैज्ञानिक असर पर्न सक्ने वा दुष्परिणाम आउन सक्ने कुरामा विशेष सजगता अपनाउनु पर्छ। सञ्चार माध्यमले सूचनाका लागि अत्यावश्यक ठानेको कुनै तस्वीर, दृष्य वा सन्देशले बालमनोविज्ञानमा नकारात्मक असर पर्न सक्ने जोखिम रहेको अवस्थामा सावधानीको प्रष्ट जनाऊ दिएर मात्र प्रकासन वा समयमा प्रसारण गर्न सकिनेछ।

९. **बालबालिकासँगको अन्तरवार्तामा सर्तकता**: बालबालिलाई उत्साहित तुल्याउने वा सकारात्मक सन्देश प्रवाहित गर्ने अवस्थामा अन्तवार्ता लिएर प्रकाशन वा प्रसारण गर्नु पर्दछ । तर बालबालिकालाई हानि हुन सक्ने अवस्थामा उनीहरुसँग अन्तरवार्ता लिनु हुँदैन् । कुनै घटना विशेष या विषयमा बालबालिकाको अन्तरवार्ता लिनै पर्ने अवस्था आएमा अभिभावक, शिक्षक वा संरक्षकको समेत स्वीकृति लिएर र संरक्षकको उपस्थितिमा अन्तरवार्ता लिई उनीहरुको गोपनियताको कदर गर्दै स्वरसमेत परिवर्तन गरी प्रसार गर्न सकिन्छ ।

१०. **विज्ञापनमा बालबालिकाको प्रयोगमा सजगता**: बालबालिकाको हित र सुरक्षामा जोखिम हुने गरी निहित राजनीतिक वा व्यापारिक उद्देश्यकासाथ उनीहरुलाई गलत रुपमा प्रयोग गर्दै तयार गरिएको कुनै पनि उत्पादन, सेवा वा अभियानसँग सम्बन्धित विज्ञापनलाई छापा, रेडियो, टेलिभिजन र अनलाइन माध्यमले स्थान दिनु हुँदैन् ।

११. **अश्लिलताको निषेध र प्रस्तुतिमा सौम्यता**: बालबालिककालाई प्रयोग गरी तयार गरिएको अश्लिल सामग्री प्रकाशन र प्रसारण गर्नु हुँदैन । बालबालिकासँग सम्बन्धित कुनै पनि समाग्रीलाई सनसनीपूर्ण वा अतिरञ्जनापूर्ण रुपमा प्रस्तुत गर्नु हुँदैन ।

**अनुसूचि ६**

**केन्द्रीय बालकल्याण समितिबाट जिल्ला बालकल्याण समितिमार्फत जिल्लागत रुपमा भूकम्प प्रभावित बालबालिकाको घटना व्यवस्थापन र सहयोग (असार मसान्त २०७४)**

| क्रसं | जिल्ला | आपतकालीन कार्यक्रमबाट सहयोग | | | सरकारी स्रोतबाट सहयोग | | | जम्मा सहयोग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | सिन्धुलाल्चोक | ६०१ | ५८० | ११८१ | १०५ | १०७ | २१२ | ७०६ | ६८७ | १३९३ |
| २ | दोलखा | ५१९ | ४७६ | ९९५ | ५० | ५० | १०० | ५६९ | ५२६ | १०९५ |
| ३ | काभ्रेपलाञ्चोक | ४८३ | ५१७ | १००० | ६२ | ५८ | १२० | ५४५ | ५७५ | ११२० |
| ४ | रसुवा | २४८ | २५२ | ५०० | ५८ | ६२ | १२० | ३०६ | ३१४ | ६२० |
| ५ | नुवाकोट | ३३९ | ४६१ | ८०० | ६० | ६० | १२० | ३९९ | ५२१ | ९२० |
| ६ | धादिङ | ५३४ | ५३१ | १०६५ | ६० | ६० | १२० | ५९४ | ५९१ | ११८५ |
| ७ | गोरखा | ४५० | ४०० | ८५० | ६० | ६० | १२० | ५१० | ४६० | ९७० |
| ८ | मकवानपुर | ३६१ | ४४० | ८०१ | ४३ | ५७ | १०० | ४०४ | ४९७ | ९०१ |
| ९ | रामेछाप | ४४९ | ४०२ | ८५१ | ६० | ६० | १२० | ५०९ | ४६२ | ९७१ |
| १० | ओखलढुङ्गा | ४१५ | ४४० | ८५५ | ६० | ६० | १२० | ४७५ | ५०० | ९७५ |
| ११ | सिन्धुली | ४०० | ४५७ | ८५७ | ४२ | ५८ | १०० | ४४२ | ५१५ | ९५७ |
| १२ | भक्तपुर | २२८ | २५४ | ४८२ | ३८ | ६२ | १०० | २६६ | ३१६ | ५८२ |
| १३ | ललितपुर | ३८८ | ५१७ | ९०५ | ६० | ६० | १२० | ४४८ | ५७७ | १०२५ |
| १४ | काठमाडौं | ४१३ | ४८७ | ९०० | ५६ | ६४ | १२० | ४६९ | ५५१ | १०२० |
| | | ५८२८ | ६२१४ | १२०४२ | ८१४ | ८७८ | १६९२ | ६६४२ | ७०९२ | १३७३४ |

*नोटः यस अतिरिक्त जिल्ला बालकल्याण समितिसँगको समन्वयमा संग्रहित सूचि भित्र रहेका ८,२२२ जना बालबालिकालाई विकासका साझेदार संस्थाहरुबाट सहयोग प्रदान गरिएको जानकारी भएको ।*

## अनुसूचि ७

### सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाको संख्या र प्रदान गरिएका सेवाहरु

| क्रसं | जिल्ला | पुनः पुष्ट्याई | | | शिक्षा सहयोग | स्वाथ्य सहयोग | आमू[1] सहयोग | मसाप[2] | बैस्याहार[3] | लैङ्गिक र अन्य | कानून | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | | | | | | | | |
| १ | तेह्रथुम | ४३४ | २६९ | ७०३ | १०५ | ५ | ५ | ० | ० | ० | ० | ११५ |
| २ | सप्तरी | ९९१ | ७२५ | १७१६ | ४५५ | २ | ५६ | ० | ० | ० | ० | ५१३ |
| ३ | सिन्धुली | १४६ | ११९ | २६५ | ६३ | ५ | ४६ | ५० | ७ | ६ | ० | १७७ |
| ४ | धादिङ्ग | १०४ | १०८ | २१२ | २०१ | ० | ० | ० | ० | ० | ० | २०१ |
| ५ | रौतहट | ५६१ | ३१० | ८७१ | ३५४ | ० | ३० | ० | ६ | ९ | ० | ३९९ |
| ६ | मकवानपुर | १४३ | ११६ | २५९ | २८० | १६ | ३९ | ० | ६ | ० | १ | ३४२ |
| ७ | लमजुङ्ग | २०१ | १८६ | ३८७ | ३०५ | २ | ४७ | २४ | ० | ८ | ० | ३८६ |
| ८ | म्याग्दी | १२७ | ९२ | २१९ | २१३ | ६ | ० | ० | ० | ० | ० | २१९ |
| ९ | कपिलवस्तु | २५४ | १९८ | ४५२ | १७५ | ४ | ५ | ० | ० | ५ | ० | १८९ |
| १० | रोल्पा | ५९० | ४६७ | १०५७ | ४४३ | ० | ११० | ० | ० | ० | ० | ५५३ |
| ११ | रुकुम | २१५ | १४० | ३५५ | ३२७ | १० | १८ | ० | ३ | ० | ० | ३५८ |
| १२ | जुम्ला | ३५७ | १९१ | ५४८ | १५८ | ० | २२ | ० | ० | ० | ० | १८० |
| १३ | दैलेख | ६२३ | ५४० | ११६३ | ८२० | १ | ६५ | ४३ | ७४ | १३ | १६ | १,०३२ |
| १४ | सुर्खेत | ४५७ | ३७८ | ८३५ | ६०२ | ५ | १३ | ६२ | ८ | ५ | ११ | ७०६ |
| १५ | बर्दिया | ६०४ | ३९२ | ९९६ | ९७ | ० | ० | ० | ० | ० | ० | ९७ |
| १६ | बझाङ्ग | १०९५ | ८५२ | १९४७ | १२२७ | ३१ | ८१ | ३१ | ० | ० | ० | १,३७० |
| १७ | कञ्चनपुर | १३३२ | १०२१ | २३५३ | ९१३ | २२ | ५२ | ४९० | १८ | ० | ० | १,४९५ |
| १८ | तेह्रथुम | १२८६ | १०८१ | २३६७ | १,१०७ | १६ | ७६ | ८० | ० | ० | २ | १,२८१ |
| १९ | सप्तरी | ५९२ | ३३२ | ९२४ | ३१८ | ० | ५८ | ० | ० | ० | ० | ३७६ |
| २० | सिन्धुली | ६८२ | ३५४ | १०३६ | ५१० | ० | ० | ० | ० | ० | ० | ५१० |
| | Total | १०,७९४ | ७,८७१ | १८,६६५ | ८,६७३ | १२५ | ७२३ | ७८० | १२२ | ४६ | ३० | १०,४९९ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७४*

१ आमुः आयमूलक
२ मसापः मनोसामाजिक परामर्श
३ बैस्याहारः बैकल्पिक स्याहार

अनुसूचि ८

## क. काठमाडौं उपत्यकाको पाँच बर्षिय सवारी दुर्घटनाको विवरण

| आ.व. | दुर्घटना | मृत्यु | गम्भीर घाइते | सामान्य घाइते |
|---|---|---|---|---|
| २०६९।०७० | ४७७० | १४८ | २४६ | ३४३१ |
| २०७०।०७१ | ४६७२ | १४३ | २२९ | ३४८१ |
| २०७१।०७२ | ४९९९ | १३३ | २३३ | ३६४२ |
| २०७२।०७३ | ५६६८ | १६६ | २७५ | ३९०१ |
| २०७३।०७४ | ५५३० | १८२ | २०१ | ३९१४ |

*स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७४*

## खः काठमाडौं उपत्यकाको सवारी दुर्घटनामा मृत्यु हुने व्यक्ति र साधनको विवरण

| आर्थिक वर्ष | मृत्यू हुने पक्ष | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पैदल यात्रु | मो.सा. ⁄ स्कूटी | ट्रक | साईकल | बस | माईक्रो | टेम्पो ⁄ ट्याक्टर | कार | मृत्यू |
| २०६९ ⁄ ०७० | ६३ | ५५ | ८ | ८ | ६ | ३ | २ | ३ | १४८ |
| २०७० ⁄ ०७१ | ५३ | ६५ | ४ | २ | ८ | २ | ३ | ६ | १४३ |
| २०७१ ⁄ ०७२ | ५७ | ५५ | ५ | ६ | ८ | १ | १ | ० | १३३ |
| २०७२ ⁄ ०७३ | ६५ | ७५ | ६ | ८ | ८ | २ | २ | ० | १६६ |
| २०७३ ⁄ ०७४ | ७९ | ७७ | ५ | ४ | ७ | ० | १ | ९ | १८२ |

*स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७४*

## गः काठमाडौं उपत्यकाको सवारी दुर्घटनाको मुख्य कारणहरूको विवरण

| सि.नं. | कारण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | ०६९।०७० | ०७०।०७१ | ०७१।०७२ | ०७२।०७३ | ०७३।०७४ |
| १ | चालकको लापरवाही | ३७७० | ४०५६ | ४५४२ | ५२८१ | ५२०५ |
| २ | तिब्रगती | ४७१ | १५४ | ८१ | ४८ | ४१ |
| ३ | मा.प.से. | २३६ | १५६ | १५१ | १८३ | १६७ |
| ४ | यान्त्रीक गडबडी | १२१ | ११८ | ११४ | ७७ | ५० |
| ५ | ओभरटेक | १११ | १२६ | ७३ | ४६ | ३३ |
| ६ | पैदलयात्रूको लापरवाही | २० | १८ | १३ | ११ | ४ |
| ७ | तोडफोडबाट सवारी साधन क्षती | १८ | २१ | ५ | ० | २ |
| ८ | सडकको अवस्थाका कारण | १८ | १६ | १४ | १७ | २१ |
| ९ | अन्य (मौसम,चौपाया) | ५ | ७ | ६ | ५ | ७ |
| | जम्मा | ४,७७० | ४,६७२ | ४,९९९ | ५,६६८ | ५,५३० |

*स्रोतः गृह मन्त्रालय, महानगरीय ट्राफिक प्रहरी महाशाखा (अन्वेषण योजना शाखा), २०७४*

## प्रदेश अनुसार बालगृहहरुको संख्या

| प्रदेश नं | क्रस | जिल्ला | बालगृह संख्या | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ | संखुवासभा | ३ | ७ | १८ | २५ |
| | २ | ईलाम | २ | ८ | ८ | १६ |
| | ३ | उदयपुर | १ | ३ | २ | ५ |
| | ४ | झापा | ९ | ७५ | ६८ | १४३ |
| | ५ | मोरङ | ५ | १०९ | ६० | १६९ |
| | ६ | धनकुटा | १ | ७ | ७ | १४ |
| | ७ | सुनसरी | ६ | ११९ | ९५ | २१४ |
| | जम्मा | | २७ | ३२८ | २५८ | ५८६ |
| २ | १ | सप्तरी | १ | २४ | 0 | २४ |
| | २ | पर्सा | ४ | १२८ | 0 | १२८ |
| | ३ | सर्लाही | ५ | ५९ | ४६ | १०५ |
| | ४ | महोत्तरी | १ | १ | १ | २ |
| | ५ | बारा | १ | ११ | ६ | १७ |
| | ६ | रौतहट | १ | २३ | ३ | २६ |
| | ७ | सिराहा | १ | ४ | ९ | १३ |
| | ८ | धनुषा | १ | २ | ७ | ९ |
| | जम्मा | | १५ | २५२ | ७२ | ३२४ |
| ३ | १ | काठमाडौ | १९९ | २९५४ | ३२४२ | ६१९६ |
| | २ | ललितपुर | १२६ | १५२४ | १४५९ | २९८३ |
| | ३ | भक्तपुर | २१ | ३६0 | २८४ | ६४४ |
| | ४ | चितवन | ३१ | ५४८ | ५८८ | ११३६ |
| | ५ | दोलखा | १ | ११ | 0 | ११ |
| | ६ | सिन्धुली | १ | ३ | ५ | ८ |
| | ७ | धादिङ | ६ | ५६ | ६३ | ११९ |
| | ८ | सिन्धुपाल्चोक | ५ | ४९ | ४४ | ९३ |
| | ९ | मकवानपुर | १२ | १३१ | १६२ | २९३ |
| | १० | काभ्रे | ११ | १५३ | १९६ | ३४९ |
| | ११ | नुवाकोट | २ | ३७ | १३ | ५० |
| | | जम्मा | ४१५ | ५८२६ | ६०५६ | ११८८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | १ | लमजुङ | १ | ८ | १० | १८ |
| | २ | म्याग्दी | १ | ४ | ६ | १० |
| | ३ | तनहूँ | ६ | ५९ | ४० | ९९ |
| | ४ | कास्की | ४६ | ६८० | ८०४ | १४८४ |
| | ५ | गोरखा | १ | २ | ६ | ८ |
| | जम्मा | | ५५ | ७५३ | ८६६ | १६१९ |
| ५ | १ | पाल्पा | १ | १४ | १३ | २७ |
| | २ | कपिलवस्तु | १ | १६ | ४ | २० |
| | ३ | बाँके | ११ | १६६ | ८० | २४६ |
| | ४ | दाङ | ३ | २७५ | २७० | ५४५ |
| | ५ | नवलपरासी | ४ | ११५ | ९० | २०५ |
| | ६ | रूपन्देही | ८ | १७९ | ११८ | २९७ |
| | ७ | बर्दिया | २ | १३ | ७ | २० |
| | जम्मा | | ३० | ७७८ | ५८२ | १३६० |
| ६ | १ | सुर्खेत | ५ | १४३ | १३७ | २८० |
| | २ | दैलेख | १ | ३ | २ | ५ |
| | ३ | हुम्ला | ४ | ३६ | ८८ | १२४ |
| | ४ | जुम्ला | २ | २० | २९ | ४९ |
| | ५ | मुगु | १ | ५ | २ | ७ |
| | | जम्मा | १३ | २०७ | २५८ | ४६५ |
| ७ | १ | कैलाली | ६ | ९८ | ९३ | १९१ |
| | २ | अछाम | १ | ११ | ८ | १९ |
| | ३ | कञ्चनपुर | ५ | ६५ | २५ | ९० |
| | | जम्मा | १२ | १७४ | १२६ | ३०० |
| | | **जिल्लाः ४६** | ५६७ | ८३१८ | ८२१८ | १६५३६ |

*स्रोतः केन्द्रीय बालकल्याण समिति, २०७४*

**अनुसूचि १०**

**नेपालमा २०६३ सालपछि राष्ट्रिय बालदिवसका लागि तय गरिएका नाराहरु**

| वर्ष | नारा |
|---|---|
| **२०६४ र ६५** | सुनिश्चित बालअधिकारः नयाँ नेपालको पूर्वाधार |
| **२०६६ र ६७** | हामी सबैको सरोकारः नयाँ संविधानमा सुनिश्चित बालअधिकार |
| **२०६८ र ६९** | हामी सबैको सरोकारः शान्ति संविधान र सुनिश्चित बालअधिकार |
| **२०७० र ७१** | बालबालिकाका कुरा सुनौंः बालदुर्व्यवहार अन्त्य गरौं |
| **२०७२** | पुनर्निमाण र संविधानः बालअधिकारको संरक्षण हाम्रो अभियान |
| **२०७३** | सम्बर्द्धन बालअधिकारकोः कार्यान्वयन संविधानको |
| **२०७४** | बालमैत्री शासनः बालअधिकारको सम्मान |

अनुसूचि ११

## राजनीतिक दलको घोषणापत्र र बालअधिकार

नेपालको संघीय संरचनाअनुसार मिति २०७४ बैशाख ३१, असार १४ र असोज २ गते क्रमशः तीन चरणमा सम्पन्न स्थानीय निर्वाचनका सन्दर्भमा विभिन्न राजनैतिक दलहरुले जारी गरेको घोषणापत्रमा बालबालिका सम्बन्धी के कति विषयहरु समेटिएका छन भनी यहाँ एकसरो विश्लेषण गरिएको छ । घोषणापत्रले सम्बन्धित दलको सोच तथा प्राथमिकता प्रस्ट्याउने भएकाले नेपालका विभिन्न १२ वटा राजनैतिक दलका घोषणापत्रमा शिक्षा, स्वास्थ्य, बालसंरक्षण, बालसहभागिता लगायतका सन्दर्भमा के कति साझा विषय वा एजेण्डा उठाइएको छ र के कति दल विशेषका अलग विषय वा एजेण्डाहरु रहेका छन् भनि यहाँ संक्षिप्त विश्लेषण गरिएको छ । यस क्रममा घोषणापत्रमा भएका केही मूलभूत पक्षहरुलाई मात्र संक्षेपमा समेट्ने प्रयत्न गरिएको छ । विस्तृत जानकारकि लागि सम्बन्धित घोषणापत्र नै अध्ययन गर्नुपर्ने हुन्छ ।

### शिक्षाः

शिक्षा सम्बन्धी विषयमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नयाँ शक्ति नेपाल, राप्रपा, साझा, विवेकशील नेपाली पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा माले, नेपाल लोकतान्त्रिक फोरम र संघीय समाजवादी फोरम (१२ वटा दल) ले आफ्नो घोषणा पत्रमा उल्लेख गरेका छन् ।

उल्लेखित सबै दलले समावेश गरेका समान विषयहरुः

- प्रत्येक गाउँ र नगरपालिकामा माध्यमिक तहसम्म पूर्ण निशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइने । गाउँ र नगरपालिकाको कुल बजेटको केही प्रतिशत शिक्षालाई छुट्याइने ।
- आधुनिक पुस्तकालयको स्थापना गरिने ।
- प्राथमिक विद्यालयमा आ-आफ्नो मातृभाषामा शिक्षा दिन जोड दिने ।
- प्राविधिक, सीपमूलक र व्यवसायिक शिक्षामा जोड दिने ।

केही दल विशेषले मात्र समावेश गरेका विषयहरुः

- शैक्षिक क्षेत्रलाई राजनैतिक हस्तक्षेपमुक्त बनाइने । विद्यालय र बालबालिकालाई शान्तिक्षेत्र बनाइने । (एमाले, राप्रपा र राष्ट्रिय जनमोर्चा)
- एक टोलमा एक शिशु विकास केन्द्र कार्यक्रम ल्याइने । न्यून तथा मध्यम आयस्तर भएका परिवारका शिशुहरुको प्रारम्भिक शिक्षा सहज बनाइने । शौचालय, सुरक्षा एवं यातायातको अभावबाट छात्राहरुको अध्ययनमा असर पर्ने नदिन विशेष व्यवस्था गर्ने, छात्रछात्राबीचको विभेद अन्त्य गर्ने आदि । (नेपाली काँग्रेस)

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिलाई अनिवार्य गर्ने । गुरुकूल, बिहार, गुम्बा, मदरसा, खुला एवं बैकल्पिक शिक्षा कार्यलाई राष्ट्रिय शिक्षा प्रणलीसँग आवद्ध गरिने, दुई वर्षभित्र विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना हुने सुनिश्चितता गरिने । सार्वजनिक शिक्षामा व्यापक लगानी बृद्धि गर्ने र निजी लागानीलाई नियमन गर्ने । प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्म मातृ भाषामा अध्ययन अध्यापन गराउन आवश्यक प्रबन्ध गरिने आदि । (नेकपा एमाले)
- अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको व्यवस्था गर्नुका साथै दुर्गम क्षेत्रका विपन्न र विद्यालय टाढा भएका विद्यार्थीहरुका निम्ति आवसीय विद्यालय सञ्चाल गर्ने । (नेकपा एमाले र राप्रपा)
- शिक्षकहरुलाई राजनीतिक पार्टीको सदस्य बन्न नपाइने व्यवस्था गरिने । सामुदायिक र निजी विद्यालयका पाठ्यसामग्रीहरुबीच देखिएका भिन्नतालाई एकरुपता कायम गर्न पाठ्यपुस्तक परिमार्जन गरिने । (राप्रपा)
- नयाँ खोलिने विद्यालयहरु भूकम्प प्रतिरोधि हुनुपर्ने व्यवस्था ल्याउने । विद्यालयमा एउटै पाठ्यपुस्तक बनाउने र कक्षा ५ सम्म वार्षिक परीक्षा नलिई सिकाईको आधारमा ग्रेड दिने व्यवस्था बनाउने । साथै व्यवहारिक तथा नैतिक शिक्षालाई प्रोत्साहन गरिने । पढाइमा अब्बल विद्यार्थीहरुलाई सरकारी शिक्षक पेशामा ल्याउन प्रोत्साहन गर्ने । हरेक विद्यालय तथा कलेजका विद्यार्थीहरुलाई शैक्षिक, रोजगारीको परामर्श प्रदान गरिनुका साथै नैतिक शिक्षा प्रोत्साहन गराउने नीति ल्याउने । (विवेकशील नेपाली पार्टी)
- माध्यमिक तहमा विद्यार्थीको रुचिअनुसार स्वास्थ्य, विज्ञान तथा प्रविधि, व्यवस्थापन, औद्योगिक विकास, कृषि, पशुपालन, बागवानी जस्ता प्राविधिक विषयको कम्तीमा एक जना फोकल शिक्षक राखी व्यवहारिक सीप र तालिम प्रदान शिक्षालयको रुपमा विकास गर्ने । (नयाँ शक्ति)
- प्राविधिक सीपमूलक व्यवसायिक शिक्षामा मुक्त कमैया, कमलरी हलिया, हरुवा, चरुवाहरुको पहुँच सुनिश्चित गराइने । (नेपाल लोकतान्त्रिक फोरम)
- ग्रामीण क्षेत्रहरुमा गाउँपालिकाको तर्फबाट सुविधा सम्पन्न मोन्टेश्वरी कक्षाहरुको सञ्चालन गर्ने । (संघीय समाजवादी फोरम)

## स्वास्थ्यः

स्वास्थ्य सम्बन्धी विषयलाई ७ वटा दलहरु (कांग्रेस, एमाले, नयाँ शक्ति, राप्रपा, साझा, राष्ट्रिय जनमोर्चा र नेकपा माले)ले आफ्नो घोषणापत्रमा उल्लेख गरेका छन् ।

उल्लेखित सबै दलले समावेश गरेका समान विषयहरुः

- शिशु मृत्युदर घटाइने ।
- कुपोषण रोकथामका लागि पोषण कार्यक्रम सञ्चालन गरिने । पोषण भत्ता उपलब्ध गराइने ।

- बालबालिकालाई आधारभूत स्वाथ्य सेवा निशुल्क उपलब्ध गराइने । नवजात शिशुको निशुल्क उपचार ।
- टोल टोलमा शिशु स्याहार केन्द्रहरुको स्थापना गरिने ।
- सबै विद्यालयमा प्रत्येक महिना स्वास्थ्य जाँच र आधारभूत उपचारको व्यवस्था गरिने ।

केही दल विशेषले मात्र समावेश गरेका विषयहरुः

- प्रत्येक गाउँ/नगरपालिकाका सुविधा सम्पन्न अस्पताल निर्माण गरिने । (नेपाली काँग्रेस र नेकपा एमाले)
- प्रत्येक वडामा स्थानीय महिलाहरुलाई आवश्यक नर्सिङ्ग सेवाको तालिम दिई तलबी नर्स स्वयंसेवकको रुपमा काममा लगाई सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य उपचारको व्यवस्था गरिने, गर्भवती महिलाहरुको पोषणको लागि नियमित भत्ताको व्यवस्था गरिने । १० वर्षमा मलेरिया, कालाजार, डेंगु, हेपाटाइटिस लगायत पानीजन्य रोगहरुबाट कसैको पनि मृत्यु नहुने स्वास्थ्य नीति र संरचना बनाउनेछ । (नेपाली काँग्रेस)
- प्रत्येक वडामा दक्ष जनशक्ति, औषधी, उपकरण सहितका स्वास्थ्य चौकी, खोप सेवा, प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व एवं शिशु स्वास्थ्य सेवाहरु सञ्चालन गरिने । सरकारी अस्पतालमा जन्मिने शिशुको पोषण र न्यानो कपडाका लागि एकमुष्ठ ५ हजार भत्ता दिइने । पाँच वर्ष भित्र हरेक गाउँ, नगरलाई कुपोषण रहित बनाउने । (नेकपा एमाले)
- विपन्न परिवारका छोरा/छोरी जन्मनासाथ प्रति शिशु एकमुष्ठ रु. ५००० पोषण अनुदान दिइने (राप्रपा)
- मातृशिशुको स्वास्थ्य रक्षाको लागि शहरी स्वास्थ्य केन्द्रमा मनोबैज्ञानिक परामर्शदाताको व्यवस्था गरिने । (साझा पार्टी)
- बालबालिकालाई पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँ बस्तीलाई पायक पर्नेगरी बालअस्पतालहरुको स्थापना गरिने । (नेकपा माले)
- १५ वर्षमुनिका बालबालिकालाई निशुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्ने । (नयाँ शक्ति पार्टी)

**बालसंरक्षणः**

बालसंरक्षण सम्बन्धी विषयहरुलाई नौ वटा दलहरु (एमाले, माओवादी, नयाँ शक्ति, राप्रपा, साझा पार्टी, विवेकशील नेपाली पार्टी, नेमकिपा, राष्ट्रिय जनमोर्चा र नेकपा माले) ले समेटेका छन् ।

उल्लेखित सबै दलले समावेश गरेका समान विषयहरुः

- बालबालिका विरुद्ध हुने हिंसा, श्रमशोषण एवं बेचविखन पूर्ण रुपमा अन्त्य गरिने ।
- बालविवाह नियन्त्रण गरिने ।

केही दल विशेषले मात्र समावेश गरेका विषयहरुः

- बालमैत्री स्थानीय तह/बालमैत्री स्थानीय शासन निर्माण गरिने (नेकपा एमाले/राप्रपा) ।
- बालबालिकाको जन्मदर्ता, प्रारम्भिक बालविकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन् स्वास्थ्य तथा सर्वाङ्गीण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने, जोखिमपूर्ण बालश्रम, विभेद, यौनशोषण, बालविवाह, ओसारपसार तथा बेचबिखन नियन्त्रण गरिने । असहाय, बाबुआमा पहिचान नभएका, द्वन्द्वपीडित, बिस्थापित बालबालिकाको संरक्षण गरिने । (नेकपा एमाले)
- बालबालिकाको सामाजिक सुरक्षाको बन्दोबस्त गर्ने । (नेपाली कांग्रेस)
- गाउँ, नगरपलिका भित्र स्थायी वा अस्थायी रुपमा बस्ने बालबालिकाको जन्मदर्ता गर्ने व्यवस्था प्रभावकारी र अनिवार्य बनाउने । (राप्रपा)
- बालबालिकालाई धर्मपुत्र वा पुत्रीको नाममा विदेश पठाउने कार्यलाई हतोत्साहित गरिने । अभिभावकसँग कारागारमा बस्न बाध्य बालबालिका, अनाथ र सडक बालबालिकाको संरक्षण र समाजोपयोगी विकासका लागि बालसंरक्षण तथा सुधारगृहको स्थापना गरिने । (नेकपा माले)
- कामकाजी महिलाहरुको लागि कार्यस्थल नजिक पायक पर्ने स्थानहरुमा पर्याप्त शिशु स्याहार केन्द्रहरुको स्थापना गरी व्यवस्थित रुपले सञ्चालन गरिने । (राष्ट्रिय जनमोर्चा)
- छात्राहरुको निम्ति आत्मरक्षाको लागि शारीरिक शिक्षाको कार्यक्रम सञ्चालन गरिने । (माओवादी)
- १० वर्षमुनिका बालबालिकालाई एम्बुलेन्स र नगरभित्र चल्ने कुनै पनि यातायात सेवामा भाडा नलाग्ने व्यवस्था गर्ने । (नयाँ शक्ति)

## बालसहभागिताः

बालसहभागिताका सम्बन्धमा नेपाली काँग्रेस, नेकपा एमाले, नेमकिपा, राष्ट्रिय जनमोर्चा, विवेकशील नेपाली पार्टी, संघीय समाजवादी फोरमले सामान्यतयाः उद्यान तथा बालउद्यान स्थापना गरिने भनी उल्लेख गरेका छन् । नेकपा एमालेले भने बालबालिकाको खेलकूद, मनोरञ्जन लगायत सर्वाङ्गिण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने उल्लेख गरेको छ ।

## २०७३/०७४ मा गरिएका केही महत्वपुर्ण परिपत्र तथा विज्ञप्तिहरु

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
Central Child Welfare Board
हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति २०७३/१२/२५

अपिल

### निर्वाचनमा बालबालिकाको प्रयोग नगरियोस्

आगामी बैशाख ३१ का लागि देशभरि निर्वाचन सम्बन्धी गतिविधिहरु तीव्र रुपमा अघि बढिरहेको सर्वविदीतै छ । यसै सन्दर्भमा निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचारसंहिता, २०७२ को बुँदा नं ४(ड) मा **"निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने"** उल्लेख भएको छ । बालअधिकार संरक्षणका निम्ति नेपालको संविधान लगायत संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९, बालबालिका सम्बन्धी ऐन, २०४८, बालश्रम नियमित र निषेध गर्ने ऐन, २०५६ तथा विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा तथा कार्यान्वयन निर्देशिका, २०६८ लगायतका कानूनी दस्तावेजहरुमा उल्लेखित प्रावधानहरुको पालना गर्न र कुनै पनि बहानामा निर्वाचनका गतिविधिले सो उल्लंघन नहुने सुनिश्चित गर्न सबै राजनैतिक दल लगायत अन्य सरोकारवाला निकाय संघसंस्थाहरुको ध्यानाकर्षण गराउँदछौं ।

बालबालिकासंग सम्बन्धित विषयहरु बालअधिकार सम्मत ढंगले हुन सकुन् र कुनै पनि बहानामा कसैबाट पनि बालअधिकारको उल्लघंन नहोस् भन्नका लागि विभिन्न राजनीतिक दल, अभिभावक, संघ-संस्था, नागरिक समाज लगायत अन्य सरोकारवाला निकाय सचेत भई यस्ता कार्य रोक्नु सबैको दायित्व हो । बिगतको चुनावी अभियान तथा राजनीतिक कार्यक्रमबाट पाठ सिक्दै पहिले भएका कमी कमजोरीहरुलाई सच्याउँदै आगामी दिनका निर्वाचन र राजनीतिक गतिविधिहरुमा बालबालिकाको प्रयोग नगर्नुका साथै बालबालिकाको अधिकारप्रति अझ बढी संवेदनशील हुन सबैलाई आह्वान गर्दछौं ।

हालैका दिनहरुमा कतिपय जिल्लाहरुमा निर्वाचन सम्बन्धी राजनैतिक कार्यक्रममा बालबालिका र विद्यालय प्रयोग नगर्ने प्रतिवद्धताहरु जनाइएका सह्रानीय कार्यहरु पनि भइरहेका छन् । तर यससँगै ललितपुर जिल्लामा सत्ताधारी प्रमुख राजनैतिक दलमध्येबाट नै विद्यालयमा राजनैतिक सभा गरिएको भन्ने जस्तो अप्रिय समाचार प्रकाशमा आउनु दुःखद यर्थाथता बनेको छ ।

अतः निर्वाचनसँग सम्बन्धित कुनै पनि गतिविधिले कुनै पनि स्वरुपमा बालबालिका जोखिममा नपरुन्, उनीहरुको शारीरिक, मानसिक तथा संरक्षणमा आघात नपुगोस्, निहीत स्वार्थका लागि बालबालिकाको प्रयोग नहोस् र उनीहरुको विद्यालय शिक्षामा अवरोध नपुगोस् भन्ने लगायत संविधानले नै अंगिकार गरेको बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने मान्यतालाई आत्मसाथ गरी निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पछिका दिनहरुमा समेत प्रचार प्रसार लगायतका कार्यमा बालबालिकालाई प्रयोग नगर्न, विद्यालय र विद्यालय हाता भित्र आमसभा, माईकिङ लगायत निर्वाचन प्रचारका काम नगर्न नगराउन, कुनै पनि बहानामा विद्यालयको पढाईलाई अवरोध नगर्न नगराउन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा पोस्टर नटाँस्न, भित्ते लेखन नगर्न, नगराउन, विजय जुलुसमा बालबालिकालाई सहभागी नगर्न, नगराउन हुन हामी सबै राजनैतिक दलहरुलाई अपिल गर्दछौं ।

स्मरणीय छ, "विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्ने तथा विद्यालय बन्द नगराउने र बालबालिकालाई दलगत राजनीतिमा प्रयोग नगर्ने विषयमा राजनीतिक दलका प्रमुखहरुबाट नै प्रतिबद्धता समेत जनाईएको छ । केन्द्रीय बालकल्याण समितिले विभिन्न संघसंस्था, निकाय समेतको सहकार्यमा निर्वाचनमा बालअधिकार अनुगमन गर्ने कार्य प्रारम्भ गरेको छ ।

तारक धिताल
कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुलचोक, ललितपुर

पत्र संख्या : ०७३।७४
चलानी नं. : १६९३

मिति...२०७४।०३।०६

श्री अध्यक्षज्यू,

......................

**विषय– दोस्रो चरणको स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन सम्बन्धमा ।**

निर्वाचनलाई व्यवस्थित तथा मर्यादित ढंगबाट सम्पन्न गर्नका लागि निर्वाचन आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक संस्थाका प्रतिनिधिहरुबीच स्थानीय तह निर्वाचनमा बालअधिकार अनुगमन गरी निर्वाचनलाई बालसंवेदनशील बनाउने भन्ने सन्दर्भमा २०७४ बैशाख २५ गते सोमबार सम्पन्न अन्तर्क्रियामा सहकार्यका लागि अनुरोध गरेको विदितै छ र सोही आधारमा विभिन्न संस्थाबाट निर्वाचनमा पर्यवेक्षणको क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत अनुगमन गरी सोको प्रतिवेदन यस समितिमा पेश गर्नुभएकोमा आभार व्यक्त गर्दछौं ।

बिगतका निर्वाचनहरुमा भन्दा यसपटकको निर्वाचनमा राजनैतिक दलहरु बालबालिकाको विषयमा केही संवेदनशील भएको पाइएको छ । तथापि, निर्वाचन अनुगमनका क्रममा मुख्यतः निम्नलिखित स्वरुपमा बालअधिकार उल्लंघनका केही घटनाहरु देखिएकाले यही आषाढ १४ गते हुने गरी तोकिएको दोस्रो चरणको निर्वाचनमा त्यस्ता कार्य हुन नदिनका लागि अझ प्रभावकारी रुपमा बालअधिकार अनुगमन गरी बालअधिकार संरक्षण तथा सम्वर्द्धनमा सहयोग गर्नुहुन अनुरोध छ । साथै, पहिलो चरणको निर्वाचनमा गर्नुभएको बालअधिकार अनुगमनको प्रतिवेदन हालसम्म नबुझाउनु हुने संस्थाहरुले सो प्रतिवेदन यथाशक्य छिटो यस समितिमा पेश गर्नुहुन पनि हार्दिक अनुरोध छ ।

**प्रथम चरणको निर्वाचनका क्रममा देखिएका बालअधिकार उल्लघंनका केही स्वरुपहरुः**

- विभिन्न राजनीतिक दलको कार्यक्रम गर्न विद्यालयको कक्षाकोठा, प्राङ्गण प्रयोग भएको ।
- चुनाव प्रचार प्रसारका लागि विद्यालयको बस प्रयोग गरिएको ।
- जिप, ट्याक्टर, टिप्पर, ट्रक लगायतका सवारी साधनमा बालबालिकालाई राखी चुनाव प्रचार गर्न लगिएको ।
- बालबालिकालाई परम्परागत भेषभुष लगाइदिएर सांस्कृतिक कार्यक्रममा प्रयोग गरिएको ।
- चुनावी प्रचारप्रसारका क्रममा ऱ्याली, आमसभा लगायत घरदैलो अभियानमा बालबालिकालाई लगिएको ।
- ऱ्याली, आमसभा तथा कार्यक्रमहरुमा बालबालिकालाई बाजा बजाउन श्रमिकको रुपमा लगाइएको ।
- बालबालिकाको अनुहारमा चुनाव चिन्ह बनाई राजनीतिक कार्यक्रममा सहभागी गराइएको ।
- उम्मेदवार मनोनयनको क्रममा बालबालिकाको प्रयोग भएको ।
- निर्वाचनको दिन बालबालिकालाई स्वयंसेवकको रुपमा खटाइएको ।
- विजय जुलुसहरुमा चुनाव चिन्ह अंकित टिसर्ट लगाई बालबालिकालाई नारा लगाउँदै हिँडाइएको आदि ।

.....................
तारक धिताल
कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बालकल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या : 063168

चलानी नं. : १२८६

मिति २०७३/१२/२१

श्री जिल्ला बालकल्याण समिति

७५ जिल्ला ।

**विषयः– स्थानीय निर्वाचनमा बालअधिकार अनुगमन सम्वन्धमा ।**

यहि मिति २०७४ बैशाख ३१ गतेका लागि तोकिएको स्थानीय निर्वाचनको सन्दर्भमा हुने विविध राजनीतिक क्रियाकलापहरुलाई बालअधिकारको दृष्टिकोणबाट प्रभावकारी अनुगमन गर्ने सन्दर्भमा यो पत्र लेखिएको छ । निर्वाचन आचारसंहिता लगायत प्रचलित बालअधिकारका सिद्धान्त, मान्यता एवम् कानूनमा उल्लेखित व्यवस्थाहरुको उल्लंघन हुन नदिन राजनैतिक दल एवम् सरोकारवाला संघसंस्था, निकायहरु बीच समन्वय, सहकार्य गरी सामान्यतया निम्न प्रक्रियालाई आधार मानी आवश्यकता अनुसार परिमार्जन गर्नुपर्ने आवश्यक देखिए सो समेत गरी निर्वाचनमा बालअधिकार अनुगमन गर्नुहुन अनुरोध छ ।

१. जिल्ला बालकल्याण समितिको संयोजनमा बालअधिकारको क्षेत्रमा क्रियाशिल स्थानीय संघसंस्था, निकाय समेतको सहभागितामा छलफल गरी स्थानीय निर्वाचनमा बालअधिकार अनुगमन समूह गठन गरी अनुगमन गतिविधि व्यवस्थित गर्ने ।

२. निर्वाचन आचारसंहिता र बालअधिकारबारे राजनैतिक दल लगायतसँग छलफल गर्ने ।

३. मातहत निकाय एवम् संघसंस्थाका प्रतिनिधिहरु बीच अनुगमन गर्ने विषय, प्रक्रियाबारे छलफल गरी आ-आफ्ना नियमित कार्यक्रम, गतिविधि अन्तर्गत पनि अनुगमनको कार्य गर्ने ।

४.यसैसाथ संलग्न अनुगमनसम्वन्धी सहयोगी पुस्तिका अध्ययन गरी समबुझाई कायम गर्ने र सो को पालना गरी आवश्यकता अनुसार सो पुस्तिकामा उल्लेखित फारमहरु (फारम नं. १ देखि ८ सम्म) भरी नियमित विवरण केन्द्रीय बालकल्याण समितिमा पठाउने ।

तारक धिताल

कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११
Tel. : 5010045, 5010046, 5539211
फ्याक्स : ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ccwb.gov.np
Website : ccwb.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या : ०७३।७४
चलानी नं. : ९०९

मिति..........................
२०७३-४-१३ गते

जिल्ला बालकल्याण समिति
प्यूठान, गुल्मी, बाग्लुङ, अर्घाखाँची, पाल्पा, कास्की, रोल्पा, मकवानपुर, काठमाडौं, सिन्धुपाल्चोक, मोरङ, झापा, सुनसरी, सप्तरी, सर्लाही, पर्वत, उदयपुर, धनुषा, दोलखा, बाँके, दाङ, रुपन्देही, कपिलवस्तु, नवलपरासी ।

**विषय : बाढी, पहिरो पीडित बालबालिकाको संरक्षण सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा विगत केही दिनदेखि परिरहेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानका घटनाबाट तहां लगायत विभिन्न जिल्लाहरुमा ठूलो जनधनको क्षति हुन पुगेको छ । यस्ता दुःखद घटनाबाट विशेषतः गर्भवती महिला र बालबालिका बढी प्रभावित हुन पुग्दछन् । यस प्राकृतिक विपद्को समयमा तहां जिल्ला बालकल्याण समितिले अन्य संघसंस्था एवं निकायसंगको समन्वय तथा सहकार्यमा प्रभावित बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ संयोजन गर्नुहुन हार्दिक अनुरोध छ । साथै घटनाबाट प्रभावित बालबालिकाको अवस्था तथा तथ्यांक संकलन गरी उनीहरुको संरक्षणका लागि जिल्ला बालकल्याण समितिमा रहेको आपतकालीन बालउद्धार कोष लगायत अन्य श्रोत परिचालन गरी तत्काल आपतकालीन सहयोग उपलब्ध गराउनु हुनका साथै अति आवश्यक थप सहयोग गर्नुपर्ने अवस्था परेमा सोको विवरण सहित यस समितिमा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध छ ।

तारक धिताल
कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

## Central Child Welfare Board-CCWB

हरिहरभवन, ललितपुर

पत्र संख्या : ०७३।७४

चलानी नं. : १४९४

मिति २०७४/०३/१३

श्री जिल्ला बालकल्याण समिति

भोजपुर, धनकुटा, इलाम, झापा, खोटाङ्ग, मोरङ, सुनसरी, ओखलढुङ्गा, पाँचथर, संखुवासभा, ताप्लेजुङ, तेह्रथुम, उदयपुर, बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट, सप्तरी, सर्लाही, सिराहा, अर्घाखाँची, बाग्लुङ, बाँके, बर्दिया, दाङ, गुल्मी, कपिलबस्तु, नवलपरासी, पाल्पा, प्युठान, रोल्पा, रुकुम, रुपन्देही, अछाम, बैतडी, बझाङ, बाजुरा, डडेल्धुरा, दार्चुला, डोटी, कैलाली र कञ्चनपुर ।

**विषयः- निर्वाचनमा बालअधिकार अनुगमन सम्बन्धमा ।**

दास्रो चरणको स्थानीय तह निर्वाचन मिति २०७४ जेठ ३१ गते तहाँ जिल्लामा सफलताका साथ सम्पन्न हुने विश्वास गरिएको छ । स्थानीय निर्वाचनलाई शान्तिपूर्ण ढंगबाट सम्पन्न गर्नका लागि निर्वाचन आयोगबाट जारी गरिएको आचारसंहिताको परिच्छेद २ बुँदा नं. ४ (ड) मा **निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने** व्यवस्थाको कार्यान्वयनार्थ निर्वाचन अघि, निर्वाचनका दिन र निर्वाचनपछिको अवधिमा दलगत राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोग नगर्न केन्द्रीय बालकल्याण समिति एवं जिल्ला बालकल्याण समितिहरुको क्रियाशिलतामा सचेतना फैलाउने एवं बालअधिकार अनुगमन गर्ने लगायतका कार्यहरु पहिलो चरणको निर्वाचनको अनुभव समेतका आधारमा अझ बढी प्रभावकारी बनाउन अवसर मिलेको छ । पहिलो चरण निर्वाचनका क्रममा जिल्लाहरुमा जिल्ला बालकल्याण समितिले बालबालिकाको क्षेत्रमा क्रियाशिल संघसंस्था एवम् निकाय समेतको सहकार्यमा बालअधिकार अनुगमन समिति गठन, राजनीतिक दलहरुसँग छलफल, अन्तरक्रिया गरी लिखित प्रतिबद्धतामा हस्ताक्षर, नागरिक बहस, सन्देशमूलक पोस्टर, पम्पलेट प्रकाशन वितरण, रेडियो/एफएममार्फत् सूचना प्रसारण गर्नुका साथै नियमित अनुगमन लगायतका कार्यको सकारात्मक प्रभाव रहन गएको स्पष्ट छ । तथापि केन्द्रीय तथा जिल्ला बालकल्याण समितिहरुमार्फत् अनुगमन गर्ने क्रममा मुख्यतः निम्नलिखित स्वरुपमा बालअधिकार उल्लंघनका केही घटनाहरु देखिएकाले दोस्रो चरणको निर्वाचनमा त्यस्ता कार्य हुन नदिने तर्फ थप ध्यान दिई राजनैतिक दलहरुलाई अझ बढी बालसंवेदनशील बनाउने तर्फ क्रियाशिल हुँदै बालअधिकार अनुगमनलाई अझ व्यवस्थित बनाउनु हुन अनुरोध छ ।

**प्रथम चरणको निर्वाचनका क्रममा देखिएका बालअधिकार उल्लघंनका केही स्वरुपहरुः**

- विभिन्न राजनीतिक दलको कार्यक्रम गर्न विद्यालयको कक्षाकोठा, प्राङ्गण प्रयोग भएको ।
- चुनाव प्रचार प्रसारका लागि विद्यालयको बस प्रयोग गरिएको ।
- जिप, ट्याक्टर, टिप्पर, ट्रक लगायतका सवारी साधनमा बालबालिकालाई राखि चुनाव प्रचार गर्न लगिएको ।
- बालबालिकालाई परम्परागत भेषभुषा लगाइदिएर सांस्कृतिक कार्यक्रममा प्रयोग गरिएको ।
- चुनावी प्रचारप्रसारका क्रममा ऱ्याली, आमसभा लगायत घरदैलो अभियानमा बालबालिकालाई लगिएको ।
- ऱ्याली, आमसभा तथा कार्यक्रमहरुमा बालबालिकालाई बाजा बजाउन श्रमिकको रुपमा लगाइएको ।
- बालबालिकाको अनुहारमा चुनाव चिन्ह बनाई राजनीतिक कार्यक्रममा सहभागी गराइएको ।
- उम्मेदवार मनोनयनको क्रममा बालबालिकाको प्रयोग भएको
- निर्वाचनको दिन बालबालिकालाई स्वयसेवकको रुपमा खटाइएको ।
- विजय जुलुसहरुमा चुनाव चिन्ह अंकित टिसर्ट लगाई बालबालिकालाई नारा लगाउँदै हिँडाइको आदि ।

तारक धिताल

कार्यकारी निर्देशक

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np

Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

## "बालमैत्री शासन: बालअधिकारको सम्मान"

# नेपालको संविधान र बालअधिकार

**धारा ३९. बालबालिकाको हक**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित **नामकरण र जन्मदर्ता**को हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट **शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकास**को हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई **प्रारम्भिक बालविकास** तथा **बालसहभागिता**को हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य **जोखिमपूर्ण काममा लगाउन** पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई **बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न** पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई **सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न** वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा **प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न** पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य **जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन** पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई **बाल अनुकूल न्याय**को हक हुनेछ ।

९. **असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिका**लाई राज्यबाट **विशेष संरक्षण र सुविधा** पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम **दण्डनीय हुनेछन्** र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यस अतिरिक्त संविधानका तल उल्लेख भए लगायतका धाराहरु बालबालिकाका लागि पनि आर्कषित हुनेछन्:

धारा १८. समानताको हक:
धारा २०. न्याय सम्बन्धी हक:
धारा २१. अपराध पीडितको हक:
धारा २९. शोषण विरुद्धको हक:
धारा ३१. शिक्षा सम्बन्धी हक:
धारा ३५. स्वास्थ्य सम्बन्धी हक:
धारा ३८. महिलाको हक
धारा ४० दलितको हक:
धारा ४२ सामाजिक न्यायको हक:
धारा ४३. सामाजिक सुरक्षाको हक:
धारा ५१ : राज्यका नीतिहरू
धारा ५१: (झ) ३. बालश्रम लगायत श्रम शोषणका सबै रूपहरूको अन्त्य गर्ने,
धारा ५१:(ञ) ५. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,